# जवाफदेहिताको कसीमा

## नेपालमा दण्डहीनताविरुद्ध लड्न कानुन कार्यान्वयन गराउने

मंसिर २०६८

ADVOCACY FORUM
Loyer's Forum for Human Rights & Rule of Law

REDRESS
*Ending Torture. Seeking Justice for Survivors*

**जवाफदेहिताको कसीमा : नेपालमा दण्डहीनताविरुद्ध लड्न कानुन कार्यान्वयन गराउने**

पहिलो संस्करण २०६८ (सन् २०११)

*प्रकाशक*
एड्भोकेसी फोरम, नेपाल
गैरीधारा, काठमाडौं
पोस्ट बक्स नं.: २१७९८
टेलिफोन : +९७७-१-४००४००७/८
फ्याक्सः +९७७-१-४२६६९८
info@advocacyforum.org.np
www.advocacyforum.org

REDRESS
87 Vauxhall Walk
London, SE11 5HJ
United Kingdom
+44 20 7793 1777
www.redress.org

प्रतिलिपि अधिकार © एड्भोकेसी फोरम र रेड्रेस

*आवरण डिजाइन तथा ले-आउट*
किशोर प्रधान

काठमाडौँ, नेपालमा मुद्रित

# विषयसूची


| | | |
|---|---|---|
| १. | **कार्यकारी सारांश** | १ |
| २. | **परिचय** | ७ |
| ३. | **पृष्ठभूमि र सन्दर्भ : दण्डहीनताको संस्कार** | १३ |
| ४. | **अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनअर्न्तगत नेपालको दायित्व** | ३७ |
| ५. | **सेना र प्रहरीको नियन्त्रण र जवाफदेहीतासम्बन्धी कानुन** | ४५ |
| | क. सेना | ४६ |
| | ख. प्रहरी | ५४ |
| ६. | **राज्य पक्षबाट हुने मानवअधिकार उल्लंघनको परिस्थिति निर्माण गर्ने कानुन** | ५९ |
| | क. घातक बलको प्रयोग गर्न पाउने अधिकार | ५९ |
| | १. संकटकालीन अवस्थामा देख्नेबित्तिकै गोली हान्ने अधिकार | ६५ |
| | २. सामान्य अपराधमा प्रशासनिक अधिकारीले घातक बल प्रयोग गर्न सक्ने अधिकार | ६६ |
| | ३. बल प्रयोगबाट मृत्यु हुँदा दिइने उन्मुक्ति | ६८ |
| | ४. सकारात्मक सुरक्षाका उपायको अभाव | ६८ |
| | ख. पक्राउ गर्ने र थुनामा राख्ने व्यापक अधिकार | ६८ |
| | १. पक्राउ पुर्जी नदिइकन गरिने पक्राउ | ७० |

| | | | |
|---|---|---|---|
| | २. | धरौटीको पक्षमा सम्भाव्यताको कमी | ७२ |
| | ३. | निवारक नजरबन्द | ७४ |
| | ४. | अभियोगविनाको थुना | ७७ |
| | ५. | दमनकारी र व्यापक रूपले मस्यौदा तयार पारिएको फौजदारी कसुर | ८० |
| | ६. | हिरासतसम्बन्धी अपूर्ण सुरक्षाका उपाय | ८३ |
| | ग. | न्यायिक र कार्यकारी शाखाहरूलाई पृथक् गर्न असफल हुनु | ८४ |
| **७.** | **यातना तथा जबर्जस्ती बेपत्ता फौजदारी अपराधको रूपमा स्थापित नहुनु** | | ९३ |
| | क. | यातना | ९५ |
| | ख. | जबर्जस्ती बेपत्ता | १०४ |
| **८.** | **अनुसन्धान, कारबाही तथा कानुनी उपचार र परिपूरणसम्बन्धी कानुन** | | १११ |
| | क. | कानुनी उपचार तथा परिपूरणको अधिकार | ११२ |
| | ख. | सत्य जान्न पाउने अधिकार तथा अनुसन्धानको दायित्व | ११४ |
| | | अ. अन्तर्राष्ट्रिय मापदण्ड | ११४ |
| | | आ. अनुसन्धानलाई सञ्चालन गर्ने राष्ट्रिय कानुनी संरचना | ११९ |
| | | इ. कानुन तथा यसको कार्यान्वयनका समस्या | १२१ |
| | ग. | कारबाही गर्ने दायित्व | १३४ |
| | | अ. अन्तर्राष्ट्रिय मापदण्ड | १३४ |
| | | आ. कारबाहीसम्बन्धी राष्ट्रिय कानुनी संरचना | १४३ |
| | | इ. कानुन तथा यसको कार्यान्वयनमा भएका समस्या | १४५ |
| | घ. | न्याय तथा परिपूरणको अधिकार | १५५ |
| | | अ. अन्तर्राष्ट्रिय मापदण्ड | १५५ |
| | | आ. कारबाहीसम्बन्धी राष्ट्रिय कानुनी संरचना | १५८ |
| | | इ. कानुन तथा यसको कार्यान्वयनमा भएका समस्या | १६० |

| | | |
|---|---|---|
| ९. | **सिफारिस** | १६७ |
| | क. सरकारलाई | १६७ |
| | ख. राजनीतिक दललाई | १७१ |
| | ग. न्यायपालिकालाई | १७२ |
| | घ. राष्ट्रिय मानवअधिकार आयोगलाई | १७२ |
| | ङ. सेना तथा सशस्त्र प्रहरी बललाई | १७३ |
| | च. प्रहरी, सरकारी वकिल तथा महान्यायाधिवक्ताको कार्यालयलाई | १७३ |
| | छ. नेपालका दातृनिकाय तथा अन्तर्राष्ट्रिय समुदायलाई | १७५ |

| | |
|---|---|
| **आभार** | १७७ |
| **अनुसूची १ : छनोट गरिएका कानुनमा सान्दर्भिक रहेका सवालको विश्लेषण** | १७९ |

# १

## कार्यकारी सारांश

सशस्त्र द्वन्द्व र राज्य शक्तिको दुरुपयोग भएको चरणलाई पार गर्दै विधिको शासन र लोकतान्त्रिक परिपाटीतर्फ उन्मुख हुने क्रममा नेपाल अझै संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको छ । पाँच वर्षअघि गरिएको शान्ति सम्झौताले एक दशक लामो हिंसात्मक द्वन्द्वको अन्त्य गऱ्यो जसमा हजारौंका संख्यामा नागरिकलाई स्वेच्छाचारी ढङ्गले थुनामा राख्ने र पक्राउ गर्ने, जबर्जस्ती बेपत्ता पार्ने, गैरन्यायिक हत्या गर्ने, जबर्जस्ती करणी गर्ने र यातना दिनेजस्ता कार्य भएका थिए । त्यतिबेलादेखि नै लोकतन्त्र र मानवअधिकारका आधारभूत सिद्धान्तको कार्यान्वयन र प्रत्याभूतिका लागि संविधान र राज्यका निकायको सुधारका प्रयास गरिएको भए तापनि गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघनका घटनाले अझै निरन्तरता पाइरहेको छ र विगतका मानवअधिकारका पीडितलाई न्याय पाउनबाट वञ्चित गरिएका छन् ।

गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघनका घटनामा हुने दण्डहीनतालाई परास्त गर्न नेपालको कानुनमा रहेका अवरोधको साथै अवसरको पनि चित्रण प्रस्तुत प्रतिवेदनले गरेको छ । त्यस्ता कानुनी प्रावधानलाई यहाँ समीक्षा गरी सुधारका सिफारिस पनि गरिएको छ ।

केहि आँटिला व्यक्तिले आफू र आफ्ना परिवारजनमाथि गराइएका अपराधका विरुद्ध न्यायको खोजीकालागि कदम चालेका भए तापनि सेना, प्रहरी र सशस्त्र

समुहद्वारा भएका गम्भीर मानवअधिकार उल्लंघनमा दण्डहीनता यथावत नै रहेको छ। प्रहरीले अपराधको अनुसन्धानमा ढिलाइ गर्नेगरेको छ, मुद्दाउपर छिटोछरितो अनुसन्धान गरी सहयोग गर्नु भनी अदालतले गरेको आदेशको अवज्ञा भएको छ र सेना तथा केही उच्च तहका राजनीतिक हस्तीले न्यायलाई प्रवर्द्धन गर्नुको सट्टा झन् पीडितको न्याय प्राप्तिको मार्गमा तगारो हाल्ने काम भएको देखिन्छ।

जवाफदेहिता सुनिश्चित गर्नकालागि सरकारमा पुगेका सबै राजनीतिक दलमा इच्छाशक्तिको कमी भएको देखिन्छ। द्वन्द्वको अन्त्यपश्चात् गठित सरकारहरूले क्रमिक रूपमा अदालतमा विचाराधीन रहेका ज्यान मार्नेजस्तो जघन्य अपराधलगायतका फौजदारी मुद्दा फिर्ता लिन उनीहरूलाई अख्तियार दिएको कानुनको प्रयोग गर्नेगरेको र भविष्यमा गठन हुने संक्रमणकालीन न्यायका संयन्त्रको भरमा पीडितको न्याय पाउने अधिकारलाई निरन्तर मुल्तबीमा राखिएको छ। २०६८ मा केही प्रमुख राजनीतिक दलले माओवादी विद्रोह र अन्य "राजनीतिक" आन्दोलनका समयमा संलग्न भएका सम्पूर्ण व्यक्तिको आममाफीलाई समर्थन गरेको, मन्त्रिपरिषद्ले द्वन्द्वकालीन समयको अपराधमा दोषी प्रमाणित भएका एकमात्र व्यक्तिलाई (जसले सजायको केही समयमात्र भुक्तान गरेका थिए) आममाफीको सिफारिस गरेको र गम्भीर मानवअधिकार उल्लंघनमा दोषी ठहरिएका संविधानसभाका दुईजना सदस्यलाई सरकारको मन्त्रीपदमा नियुक्त गरेको घटनाले स्थितिलाई झन् बिगारेको छ। हालसम्म सरकारले सेना र प्रहरीलाई अनुसन्धान कार्य अगाडि बढाउन वा सो कार्यमा सहयोग गर्न वा अदालत र अन्तर्राष्ट्रिय निकायका निर्णय पालना गर्न र केहीनिश्चित मुद्दाको अनुसन्धानमा अवरोध हुनेगरी राजनीतिक हस्तक्षेप नगर्न भनी स्पष्ट रूपमा कुनै निर्देशन जारी गरेको छैन।

सेनालाई नागरिकको नियन्त्रणमा ल्याउँदै लोकतान्त्रीकरण गर्न कानुनको समीक्षा र सुधार गर्ने प्रयास भएको भए तापनि यसले लक्षीत उद्देश्य प्राप्त गर्न भने सकेको छैन र कानुनमा उल्लेखित सेनाको नियन्त्रणको कार्यान्वयनको व्यवहारिक पक्ष अतिनै त्रुटिपूर्ण छ। यसका अतिरिक्त गम्भीरखाले मानवअधिकार उल्लंघनमा सुरक्षा निकायका पदाधिकारीलाई पनि व्यक्तिगत रूपमा जवाफदेही बनाउन

सकिनेगरी कानुनमा सुधार गर्नु अपरिहार्य भएको छ र गम्भीर प्रकृतिको मानवअधिकार उल्लंघनमा दोषी ठहरिएकालाई सुरक्षाफौजबाट निलम्बन वा बर्खास्त गरिएको सुनिश्चित गर्नका लागि बृहत् मानवअधिकार उजुरी तथा छँटनी प्रक्रियाको विकास गर्नु अति जरुरी भएको छ । हालसम्म पनि आफ्नो कार्य सम्पादनका दौरान प्रहरी कार्यपालिकाबाट अक्षुण्ण रहनसकेको छैन न त उनीहरू कुनै स्वतन्त्र संयन्त्रको नियन्त्रणमा नै छन् जसले गर्दा अपराधउपर अनुसन्धान गर्ने दायित्व उनीहरूले पूरा गरेको वा आफैँद्वारा हुनसक्ने उल्लंघनको पनि पूर्ण रूपमा छानबिन भएको सुनिश्चित गर्न सकियोस् ।

यस्तो नियन्त्रणको अभावबाहेक राज्यका अधिकारी यस्तो कानुनी वातावरणमा कार्य गर्दछन् जसले उनीहरूलाई व्यापक अधिकार दिएको छ तर त्यही कानुनले सुरक्षाका उपाय भने सीमित पारिदिएको छ । मानवअधिकार उल्लंघनका घटनालाई झन् बढावा दिने खालको संरचना प्रदान गरेर विद्यमान कानुनले यस्ता उल्लंघनलाई वैधानिकता दिने र प्रोत्साहन गर्नेमात्र नगरी यस्ता उल्लंघन दण्डित पनि नहुने सुनिश्चित गर्दछ । यसअन्तर्गत सामान्य अपराध र संकटकालको समयमा गोली हान्न सक्ने जस्तो घातक बलको प्रयोग गर्न अधिकार दिएका कानुन र प्रशासनिक नजरबन्दलगायतका पक्राउ र थुनाको व्यापक अधिकारका कानुन पर्दछन् । स्वेच्छाचारी पक्राउ र थुनालाई अति सहज बनाउनेखालको कानुनलाई पनि यसले समावेश गरेको छ । यसअन्तर्गत दमनकारी र व्यापक रूपले प्रारूप तयार पारिएका फौजदारी कसुरका कानुन तथा फौजदारी कसुरमा कार्यपालिकाप्रति जवाफदेही रहने प्रमुख जिल्ला अधिकारी जस्तो प्रशासनिक अधिकारीले न्यायिक जाँच गर्नसक्ने छुट दिएका धेरै प्रावधान पर्दछन् ।

यातना र जबर्जस्ती बेपत्तालाई फौजदारी अपराधको रूपमा स्थापित नगरिनु नेपालको कानुनमा रहेको स्पष्ट दरार हो । यी गम्भीरखाले अन्तर्राष्ट्रिय अपराध हुन् जसको भरपाई केवल क्षतिपूर्ति र कहिलेकाहीँ मात्र हुने अनुशासनात्मक कारबाहीका प्रावधानले (जस्तो कि यातनाका मुद्दामा हाल गर्ने गरिन्छ) मात्र हुँदैन । यिनीहरूलाई फौजदारी अपराधको रूपमा स्थापित गर्दै उचित रूपमा दण्डनीय बनाउने कानुन पारित गर्नका लागि केही कदम चालिएको छ तर यी प्रस्तावित कानुनमा अझ सुधार गर्दै तिनलाई अविलम्ब लागू गरिनुपर्दछ ।

नेपालको फौजदारी न्याय प्रणालीमा रहेको संरचनागत कमजोरीका कारण यस्ता कार्यलाई अपराधको रूपमा स्थापित गर्ने कानुन रहेको र भइसकेको अपराधकालागि सजाय दिन कानुन रहेको भए तापनि न्याय प्राप्तिको मार्ग अति कठिन छ चाहे यस्ता कार्य राज्य पक्षले गरेको होस् चाहे गैरराज्य पक्षले ।अनुसन्धान, अभियोजन र कानुनी उपचार तथा परिपूरणका प्रावधानमा सम्पूर्ण प्रणालीनै असफल हुनु भनेको दण्डहीनता प्रबल रहनु हो । उजुरी दर्ता गरिएको र समयमा नै अनुसन्धान सुरु गरिएको अनि अनुसन्धानकर्ता राजनीतिक वा अन्य दबाबबाट सुरक्षित राखिएको सुनिश्चित गर्नका लागि विद्यमान कानुनलाई मजबुत बनाइनु पर्दछ । सेनाका अधिकृत र राजनीतिक दलबाट सहयोग हुने कुरा सुनिश्चित गर्नका लागि र राष्ट्रिय मानवअधिकार आयोग तथा तदर्थ छानबिन आयोगको अधिकारलाई मजबुत बनाउन कानुनमा व्यवस्था गर्न सकिन्छ । अनुसन्धानद्वारा गम्भीर अपराध भएको पुष्टि भई पीडकको विरुद्ध प्रमाण प्रस्तुत भएमा मुद्दालाई अभियोजनका लागि अगाडि बढाइनुपर्दछ र अभियोजनका दौरान देखापर्ने उन्मुक्ति र कम हदम्याद जस्ता अवरोधलाई हटाइनुपर्दछ ।

पीडितकालागि कानुनी उपचार र परिपूरणको हकमा विद्यमान कानुन विभिन्न विधान सम्मिलित खिचडीसरह छ जसले अधिकारका केही भाग समेटेको छ भने अधिकांश बिर्सेको छ र परिपूरणका केही स्वरूपलाई मात्र सम्बोधन गरेको छ भने अन्यलाई बेवास्ता गरेको छ । तसर्थ यस्ता कानुनको समीक्षा हुनु अति जरुरी छ र गम्भीर मानवअधिकार उल्लंघनका लागि अदालतमा परिपूरणको दाबी गर्नसकिने बृहत् प्रावधानको नियमन पनि गरिनुपर्दछ ।

नेपालमा व्याप्त दण्डहीनतालाई चुनौती दिनकालागि सेना र प्रहरीको नियन्त्रण, अधिकार दुरुपयोग विरुद्ध सुरक्षाका उपाय, गम्भीरखाले मानवअधिकार उल्लंघनलाई फौजदारी अपराधका रूपमा स्थापितगर्ने, अनुसन्धान र अभियोजनका प्रणाली (विशिष्ट एकाइको गठनलगायत) अनि पीडितका लागि परिपूरणजस्ता कुरालाई सम्बोधन गरिनुपर्दछ । कानुनमा सुधार यस्तो प्रक्रियाप्रतिको एक महत्वपूर्ण कदम भए तापनि यसैले मात्र सर्वोपरि परिवर्तन ल्याउन सक्दैन ।

## *मुख्य सिफारिस*

- शक्तिमा रहेकाहरूद्वारा अन्तर्राष्ट्रिय कानुनअन्र्तगत अपराध र गम्भीर मानवअधिकार उल्लंघनका घटनामा आममाफी, माफी तथा अन्य प्रकारका उन्मुक्ति दिने अधिकारलाई निषेध गर्ने कानुनको नियमन गर्ने र अब बन्ने नयाँ संविधानमा पनि यस्ता प्रावधान राखिने कुरा सुनिश्चित गर्ने

- उन्मुक्तिको प्रावधान र उजुरी दर्ता गर्दा लाग्ने कम हदम्याद लगायतका राज्यका अधिकारीलाई जवाफदेही बनाउनबाट रोक्ने प्रावधानहरू हटाउने वा संशोधन गर्ने

- नेपालले अनुमोदन गरेका सन्धिजनित र अन्तर्राष्ट्रिय कानुनअन्तर्गत यातना र जबर्जस्ती बेपत्तालाई फौजदारी अपराधको रूपमा स्थापितगरी यस्ता अपराधका पीडकलाई दण्डित गर्ने

- सैन्य न्याय प्रणालीको सुधारका सम्बन्धमा र अर्धन्यायिक अधिकारीमा निहित फौजदारी मुद्दा हेर्नसक्ने क्षेत्राधिकारलाई हटाउने सन्दर्भमा सर्वोच्च अदालतले दिएको आदेशलाई अविलम्ब लागू गर्ने

- सत्यनिरूपण आयोग र बेपत्ता छानबिन आयोगको कार्यादेश पूर्ण रूपमा अन्तर्राष्ट्रिय मापदण्ड र राम्रा अभ्यासअनुरूप रहेको र यसले विशेष गरेर सामान्य फौजदारी प्रणालीको पूरण गर्ने कुराको सुनिश्चितता गर्दै यस्ता आयोग शीघ्र स्थापना गर्ने

- घातक बलको प्रयोग गर्न र स्वेच्छाचारी ढङ्गले पक्राउ वा थुनामा राख्न छुट दिएका प्रावधानको पहिचान र संशोधन गर्नका लागि बृहत् रूपले कानुनको समीक्षा गरी त्यसलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल बनाउने

- कार्यविधिको पालना गराउन र गम्भीर मानवअधिकार उल्लंघनको घेराभित्र पर्नजाने कुनै पनि अपराधलाई उच्च तहका अधिकारी सम्मिलित विशेष छानबिन र अभियोजन इकाइलाई छानबिन गर्न दिन वा स्वार्थको द्वन्द्व रहेको अवस्थामा अनुसन्धान र अभियोजनसँग सम्बन्धित कानुनी प्रावधानको संशोधन गर्ने ।

- प्रहरी अधिकृतहरूको नियुक्ति, बढुवा, र सरुवा हेर्ने प्रहरी सेवा आयोग र एक स्वतन्त्र प्रहरी उजुरी निकायको स्थापनाका लागि विधेयक ल्याउने

- बढुवाका लागि, राष्ट्रसंघीय शान्ति कार्यका लाीग वा विदेशमा हुने विशेष तालिमका लागि प्रस्ताव गरिएका सुरक्षाफौजका सदस्यको छँटनी प्रक्रियालाई पुनर्निरीक्षण गर्ने र राज्यको सुरक्षाफौजमा समायोजनका लागि प्रस्तावित माओवादी जनमुक्ति सेनाका सदस्यका लागि पनि छँटनी प्रक्रियाको थालनी गर्ने

- सेनाको नागरिक नियन्त्रणसँग सम्बन्धित कानुनलाई गम्भीरतापूर्वक लिने र यसलाई व्यवहारमा उतार्न पर्याप्त स्रोत साधन प्रदान गर्ने ।

- निजामती अधिकृतहरूले गर्ने छानबिनमा वा अदालतको निर्णय कार्यान्वयनमा सेना र प्रहरीले सहयोग गर्ने र त्यस्ता निर्णयको अवज्ञा दण्डनीय हुनेजस्ता प्रावधान समावेश गर्नेगरी कानुनमा संशोधन गर्ने ।

- परिपूरण प्रदान गर्नकालागि बनेका विद्यमान संयन्त्रको औपचारिक समीक्षा गर्ने र गम्भीर मानवअधिकार उल्लंघनका पीडितले अदालतबाट नै परिपूरण दाबी गर्न सक्नेगरी बृहत् कानुनी व्यवस्थाको नियमन गर्ने ।

# १

# परिचय

मानवअधिकार उल्लंघनमा हुने दण्डहीनता नै नेपालको संक्रमणकालको मार्गमा देखापरेको प्रमुख अवरोध हो । दण्डहीनताको यो संस्कृति द्वन्द्वकालका मात्र नभई हालसम्मका मानवअधिकार उल्लंघनका घटनामा रहेको पाइन्छ । द्वन्द्वकालका दौरान भएका त्रासदीपूर्ण अपराधका कुनै पनि पीडकलाई नागरिक अदालतमार्फत उचित तवरले अभियोजन गरिएको छैन ।[1]

[1] One person, UCPN-Maoist Constituent Assembly member Bal Krishna Dhungel, has been convicted of a murder committed during the conflict, and his conviction upheld by the Supreme Court. Although he served some time in prison before his conviction was initially overturned on appeal, he has not been rearrested since the Supreme Court decision to serve the remainder of his sentence and attempts have been made to grant him a pardon, while he remains an active member of the Constituent Assembly: see Anil Giri, 'Impunity watch: Cases against Maoists being fast withdrawn', Kathmandu Post, 17 May 2011, http://www.ekantipur.com/the-kathmandu-post/2011/05/17/top-story/impunity-watch-cases-against-maoists-being-fast-withdrawn/221795.html; Advocacy Forum, 'Evading Accountability by Hook or by Crook: The issue of amnesties in post-conflict Nepal' (June 2011) pp. 2 and 8, available at: http://www.advocacyforum.org/downloads/pdf/publications/evading-accountability-by-hook-or-by-crook.pdf and República, 'Victim's Kin Condemns Proposal to Pardon Maoist Lawmaker', Républica, 3 October 2011, http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=36828; Kiran Chapagain, 'PM, AG solicit President

अन्तर्राष्ट्रिय र राष्ट्रिय कानुनअन्तर्गत दण्डहीनतालाई सम्बोधन गर्नु नेपालको दायित्व हो । यो नै संक्रमणबाट लोकतन्त्रतर्फ सफलतापूर्वक अगाडि बढ्ने आधारशीला पनि हो । मानवअधिकारको सम्मान तथा त्यसको सुनिश्चिततका लागि अधिकार उल्लंघन गर्न सक्ने व्यक्तिहरूलाई त्यसको परिणाम बारेमा थाहा हुनु जरुरी हुन्छ । यस्ता घटनाका पीडकलाई जवाफदेही बनाउन नसकिएमा अधिकार सम्पन्न व्यक्तिले मनमानी गर्नसक्ने खालको वातावरण सिर्जना हुनजान्छ । यस्तो अवस्थामा न्याय नपाएका र पीडा नसुनिइएका व्यक्तिको घाउलाई कहिल्यै निको पार्न सकिँदैन ।

दण्डहीनतालाई सम्बोधन गर्ने यी दायित्वलाई नेपाल सरकारले सतही रूपमा भएपनि स्वीकारेको छ । मानवअधिकार परिषद्ले सन् २०११ को जनवरीमा विश्वव्यापी आवधिक समीक्षामार्फत नेपालमा मानवअधिकारको स्थितिबारे समीक्षा गर्दा चालु दण्डहीनतालाई मुख्य रूपमा उठाएको थियो । गम्भीरखाले मानवअधिकार उल्लंघनका पीडकलाई जवाफदेही बनाउन नेपाल सरकार असफल रहेको र यसले कानुनी राज्यको स्थायित्वमा पारेको असरप्रति धेरै राष्ट्रले गहिरो चिन्ता व्यक्त गरेका थिए ।[2] नेपाल सरकारले अन्य सिफारिसको अलावा "द्वन्द्वका दौरान र द्वन्द्वपश्चात् राज्य र गैरराज्य पक्षबाट भएका मानवअधिकार उल्लंघनउपर अनुसन्धान र अभियोजन गर्दै नेपाली सेनालगायत अन्य निकायविरुद्ध अदालतको

---

of pardon Dhungel', Républica, 7 November 2011, http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=37996.

[2] See Human Rights Council, Seventeenth session, Universal Periodic Review, 'Report of the Working Group on the Universal Periodic Review: Nepal', A/HRC/17/5, 8 March 2011, concerns expressed by Hungary (para. 32), Switzerland (para. 34), United Kingdom (para. 66), New Zealand (para. 77), Netherlands (para. 78) and Denmark (para. 80). See also the government's responses to the recommendations in para. 108 of the report in: 'Views on conclusions and/or recommendations, voluntary commitments and replies presented by the State under review', A/HRC/17/5/Add.1, 1 June 2011. Note in particular the response to recommendation 108.17, where the government states that it brings any official found responsible for extrajudicial killings or enforced disappearances to 'justice'.

निर्णयलाई कार्यान्वयन गरी राजनीतिक हस्तक्षेपको अन्त्य गर्दै दण्डहीनताको अन्त्य गर्नुपर्ने" र "सरकार र सेनाका अधिकारीलाई उन्मुक्ति दिने प्रावधान हटाउन कानुनको समीक्षा गरी आवश्यक देखिएमा संशोधन गर्नुपर्ने" भनी सहभागी राष्ट्रले गरेको सिफारिसलाई स्वीकार गऱ्यो ।[3] यद्यपि धेरै मुद्दामा उक्त सिफारिसको उल्टो कार्यान्वयन भएको कुरा प्रस्तुत प्रतिवेदनमा देखाइएको छ ।

विशेष रूपले संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको राष्ट्रमा दण्डहीनताको अन्त्य गरी मानवअधिकारको सम्मानको सुनिश्चितता गर्नु अति जटिल हुन्छ तर यस्तो सुनिश्चितता गरिनु अत्यावश्यक हुन्छ । न्याय प्राप्तिमा कठिनाइ सिर्जना गर्नेकानुनमा परिवर्तन गरेर मात्र यस्तो उद्देश्य प्राप्ति हुँदैन । यसकोलागि त सैद्धान्तिक र व्यवहारिक रूपमा दण्डहीनतालाई टेवा दिने कानुन, संस्था र अभ्यासलाई सम्बोधन गर्ने सर्वोपरि पद्धतिको आवश्यकता पर्दछ ।

एड्भोकेसी फोरमले नेपालमा जारी दण्डहीनतालाई टेवा दिने कानुन, संस्था र अभ्यासमा रहेका समस्याको बारेमा विस्तृत रूपले अध्ययन गरी प्रतिवेदन प्रकाशित गरेको छ ।[4] उल्लेखित पक्षमध्येको एक पक्ष अर्थात कानुनको बारेमा अझ विस्तृत रूपमा यो प्रतिवेदन केन्द्रित रहेको छ । यसले गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघनमा हुने दण्डहीनतालाई रोक्न विद्यमान कानुनमा रहेका अवरोधका साथै अवसरहरूको पनि पहिचान गरेको छ । एड्भोकेसी फोरम र गम्भीर मानवअधिकार उल्लंघनका पीडितका लागि काम गर्ने संस्था **रिड्रेस**ले प्रस्तुत प्रतिवेदनमा उठाइएका मुद्दाको निरन्तर सामना गरेको थियो । यस प्रतिवेदनले ती पीडित र पीडितका परिवारको अनुभवलाई आवाज दिने प्रयत्न गरेको छ ।

---

[3] *Ibid.*, paras. 106.38, 107.3.

[4] See Advocacy Forum and Human Rights Watch, 'Waiting for Justice: Unpunished Crimes from Nepal's Armed Conflict' (September 2008) available at: http://www.hrw.org/reports/2008/09/11/waiting-justice-0 (Waiting for Justice); 'Still Waiting for Justice: No End to Impunity in Nepal' (October 2009) available at: http://www.hrw.org/reports/2009/10/15/still-waiting-justice-0 (Still Waiting for Justice); and 'Indifference to Duty: Impunity for Crimes Committed in Nepal' (December 2010) available at http://www.hrw.org/reports/2010/12/14/indifference-duty-0 (Indifference to Duty).

विद्यमान कानुनमा रहेका मुख्य समस्याप्रति आफ्नो ध्यान आकृष्ट गर्दै यो प्रतिवेदनले कानुनको समीक्षा र सुधारको सिफरिस गर्नुका साथै दण्डहीनतालाई परास्त गर्न संस्थागत सुधारको कार्यमा प्रचलित कानुनलाई सकारात्मक तरिकाले प्रयोग गर्नसकिने मार्ग पनि देखाएकोछ । संसद, राजनीतिक दल र विस्तृत रूपमा विधेयक समीक्षाको थालनी गर्ने हेतुले कानुनको समीक्षा गर्न संलग्न रहेका सबैका लागि प्रस्तुत प्रतिवेदन एक उपयोगी आधारस्तम्भ हुने र दण्डहीनतालाई चुनौती दिने आफ्नो प्रतिबद्धता प्रति सरकारलाई जवाफदेही बनाउन नागरिक समाज र अन्तर्राष्ट्रिय दातृ निकायका लागि यो प्रतिवेदन सन्दर्भ सामग्री हुने आशा राखिएको छ ।

## कार्यपद्धति

यो प्रतिवेदन अन्तर्राष्ट्रिय मानवअधिकारको मापदण्ड र नेपालको संबैधानिक कानुनको प्रतिकूल रहेका नेपालमा हाल प्रचलित २० वटा कानुनको अध्ययनमा आधारित छ (अनुसूचीमा सूचीबद्ध गरिएको) । यी कानुनले विगत र हाल भएका गम्भीर मानवअधिकार उल्लंघनमा हुने दण्डहीनतालाई कसरी प्रोत्साहन गरिरहेको भन्ने कुरा प्रस्तुत प्रतिवेदनमार्फत देखाउन खोजिएको छ । यो प्रतिवेदन विशेष गरेर स्वेच्छाचारी पक्राउ र थुना, जबर्जस्ती बेपत्ता, गैरन्यायिक हत्या, जबर्जस्ती करणी र यातनाजस्ता जघन्य अपराधमा केन्द्रित रहेको छ । उल्लेखित अपराध द्वन्द्वकालमा व्यापक रूपमा घटाइएका र हाल पनि थोरै धैरै मात्रामा हुने गरेका छन् ।

कानुनी दण्डहीनताका सन्दर्भमा प्रस्तुत प्रतिवेदनले निम्नलिखित प्रावधानहरूको समीक्षा गरेको छ :

क) राज्य तथा अन्य पक्षबाट भएका गम्भीर प्रकृतिका मानवअधिकार उल्लंघनका घटना घटाउने परिस्थिति निर्माण गर्ने कानुनी प्रावधान

ख) मानवअधिकार उल्लंघनका पीडकलाई उन्मुक्ति वा आममाफी प्रदान गर्ने कानुनी प्रावधान

ग) यस्ता अपराधको अनुसन्धान र अभियोजनमा अवरोध खडा गर्ने प्रावधान र पीडितका लागि परिपूरणको प्रावधान

घ) माथि उल्लेखित गम्भीरखाले मानवअधिकार उल्लंघनलाई अपराधको रूपमा स्थापित गर्ने कानुनको अभाव

व्यवहारिक दण्डहीनताका हकमा निम्नलिखित प्रावधानको समीक्षा गरिएको छ :

क) सेना र प्रहरीको जवाफदेहिता र नियन्त्रणको निर्धारण गर्ने कानुनको सीमा

ख) गम्भीरखाले मानवअधिकार वा मानवीय कानुन उल्लंघनमा विश्वसनीय आधारसहित आरोपीत सरकार, सेना, प्रहरी कर्मचारी र सशस्त्र समूहलाई प्रभावकारी छँटनीको (vetting) निर्धारण गर्ने कानुनको हद

ग) माथि पहिचान गरिएका मानवअधिकार उल्लंघनको प्रभावकारी अनुसन्धान, अभियोजन र पीडितलाई कानुनी उपचार प्रदान गर्न संलग्न रहेका संस्थालाई उचित कार्यसहितको अधिकार निर्धारण गरेको कानुनको सीमा

प्रत्येक कानुनमा उठाइएका सान्दर्भिक विषयको दफावार विश्लेषण र प्रत्येक समस्याग्रस्त प्रावधानका हकमा प्रदान गरिएका सुझाव यसै प्रतिवेदनको अनुसूचीमा दिइएको छ । यो प्रतिवेदन केही विशेष कानुनी प्रावधानको समीक्षामा मात्र केन्द्रित रहेको छ र यसले विधेयकको प्रत्येक भागमा रहेको मानवअधिकारको विषयलाई समेटेको छैन ।

## ३

# पृष्ठभूमि र सन्दर्भ : दण्डहीनताको संस्कार

सेना, प्रहरी र सशस्त्र समुहबाट भएका र हुनेगरेका गम्भीर मानवअधिकार उल्लंघनमा हुने दण्डहीनता नेपाली जीवनशैलीको लामो समयदेखि स्थापित मुख्य स्वरूप हो जसले यस्ता निन्दनीय व्यवहारलाई निरन्तरता दिई झन् फैलाउन मद्दत गरिरहेको छ ।[5]

दसवर्षे जनयुद्धपश्चात् हाल नेपाल लोकतान्त्रिक राज्यलाई विधिको शासनतर्फ स्थापित गर्ने प्रक्रियामा छ । यद्यपि द्वन्द्वकालमा घटाइएका अपराधलाई हालसम्म पनि सम्बोधन गर्न असफल रहनुले कानुनी राज्यको अवधारणा र शक्ति पृथकीकरणलाई कमजोर बनाइरहेको छ । यस्तो असफलताले नेपालमा अझै

[5] For further detail, see 'Waiting for Justice', ibid. pp. 15-21. After visits to Nepal in 2005 and 2006, the UN Special Rapporteur on Torture and UN Working Group on Enforced Disappearances both expressed deep concern at the "culture of impunity" existing in Nepal: see Report by the Special Rapporteur on torture and other cruel, inhuman or degrading treatment or punishment, Manfred Nowak, Mission to Nepal, E/CN.4/2006/6/Add.5 (9 January 2006) available at: http://daccess-ods.un.org/TMP/4839534.html; Report of the Working Group on Enforced or Involuntary Disappearances on its visit to Nepal, E/CN.4/2005/65/Add.1 (2004) available at: http://daccess-ods.un.org/TMP/6563128.html.

पनि शक्तिशालीहरू जवाफदेही हुनुनपर्ने खालको पुराना कानुन प्रचलित छन् भन्ने कुरा स्पष्ट हुन्छ। यस्तो वातावरणमा मानवअधिकारप्रति कटिबद्ध रहने भनेर व्यक्त गरिएका प्रतिबद्धताको आधार अति कमजोर हुने र यो नै मानवअधिकार उल्लंघनको संवाहक हुने देखिन्छ।

प्रतिवेदनको यो भागले द्वन्द्वकालमा भएका उल्लंघनका घटनाको छानबिन गर्दै त्यस्ता अपराधउपर जवाफदेहिता सिर्जना गर्ने कार्यमा बाधा अवरोध खडा गर्ने शक्तिको चलखेलको पनि छानबिन गरेको छ। प्रतिवेदनका अन्य भागभन्दा भिन्न यो भाग विधानका शब्दमा केन्द्रित नरही व्यवहारमा दण्डहीनता कसरी मौलाएको छ भन्ने कुरामा केन्द्रित रहेको छ। कानुनद्वारा नै दण्डहीनतालाई सम्बोधन गरिनका लागि यी पक्षको मनन गरी यसको समाधान खोजिनुपर्दछ। यस्ता अपराधमा जवाफदेहिता नभएकै कारण मानवअधिकारको बहाली हुन नसकेको हो र यसले भविष्यमा पनि यस्तै उल्लंघन हुनसक्ने वातावरणको सिर्जना गर्दछ।

## उल्लंघनको इतिहास

वि.स. २०५२ सालमा नेकपा माओवादीले राजसंस्था (जसको परम्परागत रूपमा सेनासँग नजिकको सम्बन्ध रहेको थियो) र नेपालका राजनीतिक दलप्रति लक्षित गर्दै शासक वर्गविरुद्ध घोषणा गरेको "जनयुद्ध"भन्दा पनि पहिला नेपालमा मानवअधिकार उल्लंघनका घटना हुनेगरेको इतिहास छ। वि.सं २०५२ देखि २०६२ का बीच नेपाल सरकारी सुरक्षाफौज र माओवादी विद्रोहीबीचको भयंकर द्वन्द्वको चपेटामा पऱ्यो र यस अवधिभर व्यापक र केही मुद्दामा योजनबद्ध तरिकाले गरिएका मानवअधिकार उल्लंघनका घटना भए।[6]

द्वन्द्वको सुरुवाती वर्षमा माओवादीविरुद्ध लड्ने जिम्मा मुख्य रूपले नेपाल प्रहरीमा रह्यो। सयौं प्रहरीले आफ्नो प्राणको आहुती दिए भने देशभरका धेरै प्रहरी चौकी

[6] For a detailed explanation of the history of the conflict, see 'Waiting for Justice' (2008), (above n. 4), pp. 9-14.

बन्द भए । वि.सं. २०५८ सालमा देशभर संकटकाल लागू गरी माओवादी विद्रोहलाई दबाउन "आतंकारी क्रियाकलाप" भनी व्याख्या गरिएका कार्यमा संलग्न जोकोहीलाई पनि पक्राउ गर्न सक्ने व्यापक अधिकारसहित तत्कालीन शाही नेपाली सेना (हाल नेपाली सेना) परिचालन गरियो । २०६० सालमा प्रहरी र अर्धसैन्य बलको रूपमा गठित सशस्त्र प्रहरी बललाई संयुक्त सुरक्षा बलअन्तर्गत राखियो ।

संकटकालको घोषणा र नयाँ आतंकवाद विरोधी विधेयकले सुरक्षाफौजलाई झन् व्यापक अधिकार प्रदान गऱ्यो जसको कारणले प्रहरी, सशस्त्र प्रहरी, सेना र माओवादी कार्यकर्ताबाट सर्वसाधारणमाथि हुने ज्यादतीलाई झन् चर्को रूपमा बढायो । यो अवधिभर गैरन्यायिक हत्या, स्वेच्छाचारी पक्राउ र थुना, यातना, जबर्जस्ती बेपत्ता र करणीजस्ता अपराध व्यवस्थित रूपमा रहेको विभिन्न प्रतिवेदनले देखाउँदछन् ।[7] ब्यारेक बाहिर आफ्नो स्थिति कायम राख्न नसकेपछि सेनाले विशेषगरेर माओवादी आक्रमणको प्रत्युत्तरमा माओवादी क्रियाकलाप हुने स्थानमा नियमित रूपले गस्ती र खोजतलासका कार्य गर्न थाल्यो । यस्तो खोजतलास सर्वसाधारणप्रति लक्षित हुन्थे किनकि अधिकांश घटनामा सेना आइपुग्नुभन्दा अगावै जनमुक्ति सेना सो क्षेत्रबाट गइसकेका हुन्थे ।

२०६१ माघमा राजाले देशको सम्पूर्ण कार्यकारी अधिकार लिए । हजारौं राजनीतिक कार्यकर्ता, पत्रकार र मानवअधिकारकर्मीलाई थुनामा राख्ने आदेश दिइयो अनि नागरिक स्वतन्त्रतामाथि प्रतिबन्ध लगाउदै निषेधाज्ञा र कर्फ्यू लागु गरियो ।

---

[7] See for instance: Amnesty International, generally on Nepal, http://www.amnesty.org/en/region/nepal; 'Nepal: A Spiralling Human Rights Crisis', 3 April 2002, available at: http://www.amnesty.org/en/library/info/ASA31/016/2002/en; 'Nepal: A Deepening Human Rights Crisis', 19 December 2002, available at: http://www.amnesty.org/en/library/info/ASA31/072/2002 and Human Rights Watch, generally on Nepal, http://www.hrw.org/asia/nepal; 'Between a Rock and a Hard Place: Civilians Struggle to Survive in Nepal's Civil War', 6 October 2004, available at: http://www.hrw.org/en/reports/2004/10/06/between-rock-and-hard-place.

२०६२ मंसिरमा संसदवादी दल र नेकपा माओवादीले शान्ति तथा लोकतन्त्रको लागि समझदारीको एक सम्झौतापत्रमा सहमति जनाए जसले संविधानसभाको चुनावमार्फत शान्तिपूर्ण निकासको प्रस्ताव अघि सार्दै माओवादीलाई बहुदलीय प्रजातन्त्र, मानवअधिकार र विधिको शासनको सम्मानप्रति प्रतिबद्ध हुनुपर्ने बनायो । २०६२/०६३ को व्यापक सडक आन्दोलनपश्चात् राजाले प्रतिनिधिसभाको पुनर्बहालीको घोषणा गरेलगत्तै नेपाली कांग्रेसको नेतृत्वमा सरकार गठन भयो ।

सरकार र नेकपा माओवादी वीच भएका कठिन वार्ताका चरणपश्चात विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गर्दै २०६३ मंसिरमा औपचारिक रूपमा द्वन्द्वको अन्त्य भयो । २०६३ सालमा नयाँ अन्तरिम संविधान जारी भयो[8] र २०६७ जेष्ठभित्र नयाँ संविधान बनाउने समय सीमा तोकियो ।

द्वन्द्वको अन्त्य भए तापनि सुरक्षाफौज, माओवादी कार्यकर्ता र अन्य सशस्त्र समूहबाट २०६७ सालभर सर्वसाधारणको हत्या अनि प्रहरी र सशस्त्र प्रहरीद्वारा आन्दोलनका दौरान अत्यधिक बल प्रयोग गरी हत्या गर्ने लगायतका मानवअधिकार उल्लंघनका कार्य भइरहे ।[9]

२०६५ चैत्रमा चुनाव सम्पन्न भयो : कुनै पनि दलको स्पष्ट बहुमत आउन नसके तापनि सो चुनावमा नेकपा माओवादीले सर्वाधिक मत प्राप्त गऱ्यो । त्यसबेलादेखि नै राजनीतिक खिचातानीको कारणले गर्दा लामो समयसम्म सरकारमा गतिरोध उत्पन्न भएको छ । २०६७ जेष्ठमा संविधानको मस्यौदा तयार पार्ने समयसीमाको अन्त्य भएपछि १ वर्षको समयावधि थप गरी २०६८ जेष्ठसम्म संविधानको मस्यौदा तयार पार्नुपार्ने अन्तिम समय सीमा तोकियो । उक्त समय र त्यसपछि पुनः थप गरिएको ३ महिना अर्थात भाद्र २०६८ को समयावधि पनि अन्त्य भएकोले संविधान निर्माणकालागि २०६८ मंसिरको नयाँ समय सीमा तोकिएको छ ।

---

[8] Interim Constitution of Nepal 2063 (2007).

[9] Human Rights Council, 'Report of the High Commissioner for Human Rights on the human rights situation and activities of her office, including technical cooperation in Nepal' (18 February 2008) A/HRC/7/68, available at: http://nepal.ohchr.org/en/resources/Documents/English/reports/HC/2008_03_14_HRC_Report.pdf.

प्रस्तुत प्रतिवेदन प्रकाशनको लागि छापाखानामा जाँदाको बखतसम्म संविधान निर्माणका लागि तोकिएको मंसिरको समय सीमा नजिकिदैं गरेको र यो अवधिमा पनि संविधान बन्न नसक्ने निश्चित भइसकेको अवस्थामा प्रमुख राजनीतिक दलले सात बुँदे सम्झौता गरे जसलाई शान्ति प्रक्रिया निष्कर्षमा पुऱ्याउने, संविधान लेखनको कार्य पूरा गर्ने र राष्ट्रिय सहमतिको सरकार बनाउन कडीको रूप लिइएको छ । अन्य कुराका अलावा यो सहमतिले माओवादीका पूर्व लडाकुको नेपाली सेनामा समायोजन गर्ने, संक्रमणकालीन न्यायका संयन्त्रको गठन गर्ने, द्वन्द्वपीडितका लागि "राहतको प्याकेज" र संविधान निर्माणका सन्दर्भमा सहमति हुन बाँकी रहेका मुद्दा समाधान गर्नका लागि उच्चस्तरीय राजनीतिक संयन्त्रको गठन गर्नेजस्ता कुरालाई संबोधन गरेको छ ।[10]

"द्वन्द्वकालका कानुनी मुद्दालाई बृहत् शान्ति सम्झौता र नेपालको अन्तरिम संविधान २०६३ को भावनाअनुसार हेरिने" भन्ने कुरा मात्र व्यक्त गर्दै यस सम्झौताले द्वन्द्वकालका दौरान भएका अपराधमा न्याय प्रदान गर्ने प्रश्नलाई प्रत्यक्ष रूपमा संबोधन गरेको छैन । वर्तमान सरकारले द्वन्द्वकालका अपराधमा हुनुपर्ने जवाफदेहिताबाट उम्कन चालेको कदमले नेपालमा लामो समयदेखि व्याप्त दण्डहीनतालाई बढावा दिन मार्ग प्रशस्त गर्ने चिन्ता व्यक्त गरिएको छ ।

## *अनुसन्धान र दण्डहीनता*

२०६८ सालमा सरकारद्वारा गठित आधिकारिक कार्यदलले द्वन्द्वका कारण करिब १७,२६५ ले ज्यान गुमाउनुपरेको र १३२७ मानिसहरू बेपत्ता पारिएको निष्कर्ष निकाल्यो ।[11]

---

[10] See Republica, 'The Seven Point Agreement', 2 November 2011, available at: http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=37799.

[11] As reported by the Ministry for Peace and Reconstruction on 29 March 2011, using figures compiled by an official taskforce responsible for ascertaining the loss of life and property during the conflict: see report by 'Nepal Monitor' at http://www.nepalmonitor.com/2011/07/recording_nepal_conf.html.

यद्यपि यी उल्लेखित उल्लंघनका घटनामा अनुसन्धान र जवाफदेहिताको अभाव नै दसवर्षे द्वन्द्वको मुख्य स्वरूप थियो। २०५६ फागुनको नेपाल भ्रमणपश्चात् गैरन्यायिक वा स्वेच्छाचारी हत्याविरुद्ध राष्ट्रसंघीय विशेष प्रतिवेदक (UN Special Rapporteur on Extrajudicial, Summary or Arbitrary Executions) ले *"प्रहरी अथवा राज्यका अन्य पक्षद्वारा हुने गैरन्यायिक हत्या र बेपत्तालगायतका मानवअधिकार हननका मुद्दाउपर अनुसन्धान र अभियोजन गर्नका लागि मजबुत, स्वतन्त्र र विश्वसनीय संयन्त्रको स्थापना गर्न"* नेपाल सरकारलाई आग्रह गरेको थियो।[12] यसैगरी नेपालमा व्याप्त "दण्डहीनताको संस्कार"प्रति अस्वेच्छिक र जबर्जस्ती बेपत्तासम्बन्धी कार्यदल (Working Group on Involuntary and Enforced Disappearance) र यातनाविरुद्ध राष्ट्रसंघीय विशेष प्रतिवेदक (the UN Special Rapporteur on Torture) ले पनि आफ्नो २०६१ र २०६२ को नेपाल भ्रमणका दौरान गहिरो चासो व्यक्त गरेका थिए।[13]

द्वन्द्वपश्चात् त्यस्ता अपराधको अनुसन्धान र संबोधन हुने केही राजनीतिक प्रतिबद्धता आए। विस्तृत शान्ति सम्झौताले मानवअधिकारको सम्मान, द्वन्द्वका दौरान बेपत्ता पारिएकाको स्थिति सार्वजनिक र उच्चस्तरीय सत्य निरूपण तथा मेलमिलाप आयोग गठन गर्ने सम्बन्धमा यसको हस्ताक्षरकर्ताहरूलाई प्रतिबद्ध बनायो। यी प्रतिबद्धतालाई राज्यले वहन गर्नुपर्ने दायित्वको रूपमा अन्तरिम संविधानमा पनि उल्लेख गरिएको छ।[14] यसका अतिरिक्त शान्ति सम्झौताले ६० दिनभित्र बेपत्ता पारिएका व्यक्तिको स्थिति सार्वजनिक गर्नुपर्ने उल्लेख गरेको छ[15] र

---

[12] Report of the Special Rapporteur on extrajudicial, summary or arbitrary executions (9 August 2000), E/CN.4/2001/9/Add.2, para. 20.

[13] 'Report of the Working Group on Enforced or Involuntary Disappearances on its visit to Nepal' (28 January 2005), E/CN.4/2005/65/Add.1; Report by the Special Rapporteur on torture and other cruel, inhuman and degrading treatment or punishment, Manfred Nowak, Mission to Nepal' (9 January 2006), E/CN.4/2006/6/Add.5.

[14] Interim Constitution 2063 (2007), See Article 33 (c), (m), (q), (s).

[15] Comprehensive Peace Agreement (21 November 2006), Article 5.2.3.

८ पौष २०६४को सम्झौताले तत्कालीन सरकारलाई एक महिनाभित्र आयोग गठन गर्न प्रतिबद्ध बनायो ।[16]

सत्य निरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग स्थापनाका लागि तयार पारिएको विधेयक धेरै वर्षदेखि विचाराधीन रहेको भए तापनि अझैसम्म यस्ता संयन्त्रको स्थापना हुनसकेको छैन ।

विस्तृत संक्रमणकालीन न्यायका संयन्त्रको अभावमा द्वन्द्वकालीन अपराधको अनुसन्धान विभिन्न निकायमा भए तर यसको कुनै ठोस नतिजा भने आउन सकेन । हालसम्म पनि सेना, प्रहरी, सशस्त्र प्रहरी वा नेकपा माओवादीका एक जनालाई पनि द्वन्द्वको समयमा गरेको अपराध बापत नागरिक अदालतमा उभ्याई उचित तवरले कारबाही गरिएको छैन ।[17]

## *फौजदारी न्याय प्रणाली भन्दा बाहिरको अनुसन्धान*

द्वन्द्वको अन्त्यतिर र त्यसपछि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दबाबका कारण सरकारले हत्या, वेपत्ता, र द्वन्द्वको समयमा अत्याधिक बल प्रयोग गरेको घटनाको तदर्थ छानवीन तथा अनुसन्धान गर्‍यो । यी छानवीनले फौजदारी अभियोजनका लागि सार्वजनिक सिफारिस गरेता पनि कसैलाई पनि अभियोजन गरिएन ।[18]

नेपालमा अवस्थित मानवअधिकारसम्बन्धी उच्च आयुक्तको कार्यालय (ओएचसिएचआर) ले पनि गैरन्यायिक हत्या र वेपत्ता सम्बन्धी केही विशेष

---

[16] Point 6 of the 23-point agreement of 23 December 2007 between the government and the CPN-M, which committed the parties the government to establish the Disappearances Commission, Truth and Reconciliation Commission, State Reconstruction Commission, Study and Recommendation Commission for Scientific Land Reform, a High Level Peace Commission and a High Level Committee to Monitor the Effective Implementation of the Comprehensive Peace Accord and other Agreements, none of which have been established to date.

[17] In relation to the case of Bal Krishna Dhungel, see fn. 1.

[18] See 'Waiting for Justice' (2008), (above n.4), pp. 19-21.

मुद्दामा धेरै अनुसन्धान गरेको छ ।[19] यसको साथै उक्त कार्यालयले बर्दिया जिल्लामा वेपत्ता पारिएको जस्ता अन्य उल्लंघनका प्रवृत्तिको पनि व्यापक अनुसन्धान गरेको छ ।[20]

अन्तरिम संविधानले संवैधानिक अङ्गको रूपमा पहिचान गरेको राष्ट्रिय मानवअधिकार आयोग[21] ले पनि द्वन्द्वका दौरान र द्वन्द्वपश्चात् भएका अपराधका पीडित र पीडित परिवारले ल्याएको धेरै मुद्दामा अनुसन्धान गरेको छ ।[22] आयोगले आफ्नै पहलमा वा उजुरी पाएको अवस्थामा अथवा सरकारको निर्देशनमा मानवअधिकार हननका मुद्दाउपर अनुसन्धान तथा छानवीन गर्न सक्ने अधिकार पाएको छ ।[23] वेपत्ताको हकमा मात्र आयोगलाई कुल १,६१९ व्यक्तिहरूलाई वेपत्ता पारिएको प्रतिवेदन दिइएको छ (यसमध्ये सुरक्षा फौजद्वारा १,२३४, माओवादीद्वारा ३३१ र अज्ञात समुहबाट ५४ वेपत्ता पारिएको तथ्याङ्क छ) ।[24]

[19] See the various reports of the United Nations High Commissioner for Human Rights on the human rights situation and the activities of her Office, including technical cooperation in Nepal, 2006-2011, available at: http://www.ohchr.org/EN/Countries/AsiaRegion/Pages/NPIndex.aspx.

[20] See, for example, the 2008 report into disappearances in the Bardiya District, following investigation of 156 cases of disappearances by both state agents and the CPN-M: OHCHR, 'Conflict Related Disappearances in Bardiya District' (December 2008) available at: http://www2.ohchr.org/SPdocs/Countries/OHCHRReportBardiyaDistrict.doc.

[21] See Interim Constitution 2063 (2007), Article 131.

[22] For a breakdown of the recommendations made over the period 2000-2010, see NHRC, 'Summary Report of NHRC Recommendations upon Complaints in a Decade (2000-2010)' (November 2010) available at: http://www.nhrcnepal.org///publication/doc/reports/Sum-Report-NHRC-Recommendation.pdf. This shows that up to November 2010 the NHRC had received 10,507 complaints, of which 2,872 had been 'settled' either by the making of recommendations by the NHRC or by dismissal, while 7,635 remained under investigation (pp. 8-9).

[23] Human Rights Commission Act 2053 (1997), Sections 9(a) and (b).

[24] 'Waiting for Justice' (2008), (above n.4), p. 10.

आयोगले यी धेरै मुद्दामा छानवीन गरी पीडकलाई अनुशासनात्मक कारबाही र/अथवा अभियोजनका लागि सिफारिस गरेका छ तर आयोगले आफ्नै पहलमा यी अपराधका पीडकलाई अभियोजन गरेको छैन् ।

### *फौजदारी न्याय प्रणालीद्वारा अनुसन्धानको प्रयास*

यस्ता अनुसन्धानबाट कुनै ठोस कारबाही हुन नसकेपछि पीडितहरूले विद्यमान सामान्य फौजदारी न्याय प्रणालीको मार्ग रोजे तापनि केही मुद्दाहरूमा यसबाट पनि न्याय पाउन नसकेपछि उल्लंघनका दोषीहरूको छानवीन र अभियोजनका लागि संयुक्तराष्ट्र संघीय मानवअधिकार समितिलाई गुहारे । यद्यपि प्रहरी अनुसन्धान अत्यन्त ढिलो र अस्तित्वहीन छ । सेना, प्रहरी र सशस्त्र समूहद्वारा अदालतको आदेशको अवज्ञा भएको छ र सरकार तथा राजनीतिक दलहरूले अदालती प्रक्रियाको समर्थनका लागि सकारात्मक कार्य गर्न असफल मात्र भएका छैनन् बरु केहि मुद्दामा त्यस्ता प्रक्रियालाई कमजोरसमेत बनाइएको छ (यससम्बन्धमा थप छलफल तल गरिएको छ) । यसका अतिरिक्त नेपालका मुद्दाको सन्दर्भमा मानवअधिकार समितिले सिफारिस गरेको धारणालाई पनि सरकारले लागू गर्न सकेको छैन ।

## *संस्थागत निकायहरूको जवाफ*

### *सरकारी निष्क्रियता र अवरोध*

सेनाको शक्ति, द्वन्द्वकालीन समयमा माओवादीका उच्चपदस्थ अधिकारीको विभिन्न अपराधमा संलग्नता र नेपालका कमजोर संस्थालाई हेरेर दण्डहीनतालाई संबोधन गर्नका लागि जस्तोसुकै स्वरूपको सरकार गठन भए तापनि दीर्घकालीन रूपमा राजनीतिक प्रतिबद्धता हुनुपर्दछ ।

२०६७ माघमा मानवअधिकार परिषद्मा नेपालको मानवअधिकारको स्थितिको सन्दर्भमा भएको विश्वव्यापी आवधिक समीक्षाका दौरान नेपाल सरकारले "असुरक्षालाई हटाउँदै दण्डहीनताको संबोधन गर्नका साथै शान्ति प्रक्रियालाई सकारात्मक निष्कर्ष प्रदान गर्न एवं मानवअधिकार, असल शासन र कानुनी

राज्यको अवधारणाको प्रत्याभूति गर्दै संवैधानिक सर्वोच्चता स्थापना गर्न आफू पूर्ण रूपमा प्रतिबद्ध रहेको" कुरा व्यक्त गरेको थियो । यसै सन्दर्भमा अगाडि भनिएको थियो "दण्डहीनतालाई संबोधन गर्नका लागि विगतलाई संबोधन गर्दै वर्तमानमा विधिको शासन कायम गरिनु अपरिहार्य हुन्छ । नेपाल यी दुवै कुरालाई पूरा गर्न पूर्ण रूपमा प्रतिबद्ध छ" ।[25]

यद्यपि सरकारको यो प्रतिबद्धता कार्यान्वयन भएन । जस्तोसुकै पृष्ठभूमि भएको सरकार गठन भए तापनि दण्डहीनतालाई संबोधन गर्न राजनीतिक इच्छाशक्ति प्रदर्शन गर्नेसवालमा उनीहरू असफल मात्र भएका छैनन् बरु केही मुद्दामा दण्डहीनतालाई झन् मजबुत बनाउने कदम उनीहरूले चालेको देखिन्छ ।

पहिलो, द्वन्द्वपश्चात् गठित एकपछि अर्को सरकारले अदालतमा विचाराधीन रहेका हत्या र जबर्जस्ती करणी लगायतका फौजदारी अभियोगका मुद्दा फिर्तालाई आधिकारिकता प्रदान गर्न कार्यकारी अधिकार प्रयोग गरेका छन् । दुईवटा मन्त्रिपरिषदको निर्णयका कारण मात्र ६०० भन्दा बढी मुद्दा फिर्ता भएका छन्– पहिलो मुद्दा फिर्ता माओवादीको नेतृत्वमा गठित सरकारले २०६५ कार्तिकमा लिएको थियो भने नेकपा एमालेको नेतृत्वमा गठित सरकारले २०६६ मंसिरमा दोस्रो पटक मुद्दा फिर्ता लिएको थियो ।[26] त्यसपछि झलनाथ खनालको नेतृत्वमा गठित अर्को सरकारले पनि २०६८ आषाढमा यही कार्यको अनुसरण गर्ने योजना रहेको घोषणा गर्‍यो ।[27] तर राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दबाबका कारण उक्त योजना पूरा हुन भने सकेन । हालसम्म फिर्ता लिइएका मुद्दामा द्वन्द्वकालका दौरान भएका साथै बृहत् शान्ति सम्झौताको हस्ताक्षरपश्चात् भएका घटनामा

---

[25] Draft report of the Working Group on the Universal Periodic Review (28 January 2010) A/HRC/WG.6/10/L.3 para. 51, available at: http://lib.ohchr.org/HRBodies/UPR/Documents/Session10/NP/Nepal-A_HRC_WG.6_10_L.3-eng.pdf.

[26] Advocacy Forum, 'Evading Accountability by Hook or by Crook' (2011), (above n.1), p.10.

[27] Republica, 'Mahara indicates withdrawal of cases against Sapkota, others', 20 May 2011, <http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=31508> accessed 19 May 2011.

राज्यका निकायद्वारा दर्ता गरिएका मुद्दा छन् जुन अधिकांश माओवादी नेता र कार्यकर्ताविरुद्ध रहेका छन् ।[28] आममाफीको मुद्दालाई तल उल्लेखित अध्याय ८ मा अझ विस्तृत रूपमा संबोधन गरिएको छ ।

उच्चस्तरीय सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग गठन गर्नेलगायत बृहत् शान्ति सम्झौता र अन्तरिम संविधानमा उल्लेख भएअनुसार विगतका अपराधलाई संबोधन गर्न सरकारले सकारात्मक कदम चाल्नसकेको छैन । सर्वोच्च अदालतको भाषामा भन्नु पर्दा "संक्रमणकालीन न्याय प्रणाली लागू गर्ने कुरा सरकार, संसद र राजनीतिक दलको प्राथमिकतामा अझै नपर्नु विरोधाभासपूर्ण छ" ।[29] २०६८ मंसिरमा प्रमुख राजनीतिक दलबीच भएको सम्झौताले यी संयन्त्रको शीघ्र गठन गर्ने कुरामा पुनः सहमति जनाएपनि विधेयक पारित गरी लागू गर्न थप काम गर्नुपर्ने र यसका लागि अझ समय लाग्ने देखिन्छ ।

२०६८ मा यस सन्दर्भमा प्रगति हुनुपर्नेमा स्थितिझन् खराब भएको छ । २०६८ भाद्र अन्तिमतिर संविधानको मस्यौदा तयार पार्ने अर्को समयसीमा बिना कुनै ठोस निष्कर्ष सकिएपछि माओवादी र संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले नयाँ सरकार गठन गऱ्यो । उनीहरूको गठबन्धन चारबुँदे समझदारीमा आधारित थियो जसको दोस्रो बुँदाले माओवादी विद्रोह, मधेश आन्दोलन, जनजाति, थारु, दलित र पिछडावर्गका आन्दोलनमा संलग्न सबै व्यक्तिका अदालती मुद्दालाई आममाफी दिने भनिएको छ । यसको ठीक उल्टो उक्त सम्झौताको तेस्रो बुँदाले अन्य मूल्य र मान्यताका साथै "विश्वव्यापी मौलिक अधिकार, संवैधानिक सर्वोच्चता

---

[28] Advocacy Forum, 'Evading Accountability by Hook or by Crook' (2011), (above n.1), p.10.

[29] See Gani Ansari, Maoists, Madhesis Ink Four Point Deal', Republica, 28 August 2011, available at: http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=35296. See also the open letter from Advocacy Forum and other human rights organisations to the Prime Minister, Dr Baburam Bhattarai, dated 2 September 2011 expressing serious concern about the plans, available at: http://www.advocacyforum.org/downloads/pdf/press-statement/open-letter-to-pm-september-2-2011.pdf.

र विधिको शासनलाई समर्थन गर्ने" कुरा व्यक्त गरेको छ।[30] सरकारले २०६८ कार्तिकमा द्वन्द्वकालमा भएको अपराधमा दोषी प्रमाणित भएका एकमात्र व्यक्ति एकीकृत नेकपा माओवादीका सभासद बालकृष्ण ढुङ्गेललाई आममाफीका लागि सिफारिस गऱ्यो र अपहरण तथा हत्याको मुद्दामा पक्राउ पुर्जी जारी भएको अर्को सभासदलाई मन्त्री पदमा बढुवा गऱ्यो।[31] आममाफीका यस्ता मुद्दाको थप चर्चा तलको अध्याय ८ मा गरिएको छ।

यसैगरी द्वन्द्वकालका सम्पूर्ण मुद्दा भविष्यमा गठन हुने सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोगले हेर्ने भन्ने तर्क गर्दै द्वन्द्वका दौरान भएका अपराधउपर राज्यका निकायले अनुसन्धान गरी दोषीलाई अभियोजन गर्ने कुरा सुनिश्चित गर्न सरकार असफल भएको छ र यस्ता प्रक्रियामा सेनाले सहयोग गर्ने कुराको प्रत्याभूति गर्न पनि सरकारले सकिरहेको छैन जसको कारणले गर्दा अन्तर्राष्ट्रिय सन्धि निकाय र अदालतका आदेशको उपहास भएको छ। उदाहरणका लागि २०६५ कार्तिकमा मानवअधिकार समितिले सूर्य प्रसाद शर्माको बेपत्तासम्बन्धी मुद्दाको छानबिन गर्दा नेपालले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धका धेरै अधिकारको उल्लंघन गरेको ठहर गऱ्यो। उक्त मुद्दाउपर छानबिन नहुनु र पीडितलाई न्यायिक उपचार प्रदान नगरिनुले अनुबन्धको थप उल्लंघन भएको समितिको ठहर थियो।[32] समितिले सिफारिस गरेको तीन वर्ष भन्दा बढी समय बितिसक्दा पनि सरकारले अनुसन्धानमा कुनै ठोस कदम चाल्नसकेको छैन र समितिलाई दिएको जवाफमा यो मुद्दालाई भविष्यमा गठन हुने संक्रमणकालीन न्यायका संयन्त्रले हेर्ने बताइएको छ।

[30] The member, Suryaman Dong, who was appointed State Minister of Energy, faces an arrest warrant for the abduction and murder of Arjun Lama in Kavre on 29 April 2005 (see fn. 52).

[31] Decision of the Nepal Supreme Court in Writ No. 1094/2068 concerning stay order, 21 June 2011.

[32] *Sharma v Nepal*, Communication No. 1469/2006, U.N. Doc. CCPR/C/94/D/1469/2006 (28 October 2008) para.7.

## सेनाको अवरुद्ध सुधार

द्वन्द्वको अन्त्यपश्चात् सेनाको ज्यादती रोक्नका लागि सेनाको राजनीतिक नियन्त्रणलाई मजबुत गरिनुपर्ने थियो रसेनाका अधिकारीले कानुनअनुकूल कार्य गरेको र कानुनअन्तर्गत नै जवाफदेही रहेको कुरा सुनिश्चित गर्नका लागि आवश्यक कदम चालिनुपर्ने कुरा स्पष्ट थियो । २०६३ को प्रतिवेदनले निम्नलिखित कुरा व्यक्त गर्‍यो :

> सेनाको राजनीतिक नियन्त्रण लामो समयसम्म कमजोर रहेको छ। अदालतले प्रभावकारी रूपमा बन्दीप्रत्यक्षीकरण जस्तो संवैधानिक उपचार लागू गर्न सकिरहेको छैन र स्वेच्छाचारी ढङ्गले थुनामा राखिएकालाई रिहा गर्न आफूले दिएको आदेशको अवज्ञा गरेको अवस्थामा सेनालाई जवाफदेही पनि बनाउन सकेको छैन । अभियोजन भएका केही मुद्दा अत्यन्त गम्भीर भए तापनि यस्ता मुद्दामा अनुचित र अपेक्षाकृत सानो अभियोग लगाई नागरिक अदालतबाट नभई सैनिक अदालतबाट अपर्याप्त सजाय दिइएको छ ।[33]

राजालाई सशस्त्र बलको प्रमुखको पदबाट हटाई नेपाली सेनाको लोकतान्त्रीकरण गर्दै नागरिकको अधीनमा ल्याउनु र सेनामा जवाफदेहिता सिर्जना गर्नु द्वन्द्वपश्चात् गठित सरकारको मुख्य प्राथमिकता थियो । २०६३ सालमा गठित नयाँ सरकारले पारित गरेको पहिलो विधेयक सैनिक ऐन थियो ।[34] जसले केही हदसम्म यी उद्देश्यलाई वैधानिकता दिएको थियो । यो ऐनलाई तल उल्लेखित अध्याय ५ मा अझ विस्तृत रूपमा छलफल गरिएको छ ।

२०६३ सालमा अनुमोदन गरिएको अन्तरिम संविधानमा पनि सेनाको लोकतान्त्रीकरणको प्रावधान राखिएको छ। सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन कार्यपालिकाका सदस्य सम्मिलित राष्ट्रिय सुरक्षा परिषद्को सिफारिसमा मन्त्रिपरिषदले गर्ने कुरा संविधानमा उल्लेख भएको छ। संविधानले नेपाली

---

[33] International Commission of Jurists, 'Nepal: Recommendations for Amendments to the Draft Army Act' (September 2006) p. 7, available at: http://www.icj.org/IMG/ICJ_report.pdf.

[34] Army Act 2063 (2006).

सेनाको लोकतान्त्रीकरणकालागि मन्त्रिपरिषदले बृहत् कार्ययोजना तर्जुमा गरी लागू गर्नुपर्ने कुरा उल्लेख गरेको छ ।[35]

अन्तरिम संविधान र २०६३ को सैनिक ऐनअन्तर्गत सेनालाई लोकतान्त्रिक बनाउन र जवाफदेही बनाउनसकिने सम्भावना रहेको भए तापनि सुरक्षाफौजको सुधारका लागि नगण्य मात्रामा कदम चालियो र नागरिक न्याय प्रणालीलाई कुनै सहयोग गरिएन ।[36] "सेनाको उच्च तहका अधिकारीलाई कारबाही गर्न वा सेनामाथि नागरिक नियन्त्रणलाई चरितार्थ गर्ने क्षमता अभिवृद्धि गर्नकालागि" आवश्यक पर्ने राजनीतिक इच्छाशक्तिको कुनै संकेत देखिएको छैन ।"यी दुवै कुरा लोकतान्त्रिक राज्यकालागि अत्यावश्यक आधार हुन् ।"[37]

सेनालाई नागरिकप्रति जवाफदेही बनाउने अन्तरिम संविधान र सैनिक ऐनका सकारात्मक पक्ष (तल व्याख्या गरिएको)राजनीतिक इच्छाशक्ति वा प्रशासनिक क्षमतासँग मेल खाएको छैन (विस्तृत जानकारीका लागि अध्याय ४ हेर्नुहोस्) ।

यसका अतिरिक्त अदालतले सेनाका अधिकारीलाई जवाफदेही बनाउने प्रयास गर्दा र यसमा सेनाको सहयोग माग्दा सेनाले त्यस्तो सहयोग गर्न अस्वीकार गरेको छ । दुईवटा मुद्दामा सर्वोच्च अदालतको फैसलालगायत निरन्तरको दवाबका कारण सेनामा कार्यरत अधिकारीका विरुद्ध पक्राउ पुर्जी जारी भयो तर सेनाले सैनिक अदालतद्वारा उनीहरू विरुद्ध कारबाही भइसकेको भनी आरोपीलाई प्रहरीसमक्ष बुझाएन ।[38] यी दुवै मुद्दा द्वन्द्वकालका दौरान दुई बालिकाको हत्याका

---

[35] Interim Constitution 2063 (2007), Article 144.

[36] See, eg. International Crisis Group, 'Nepal's Fitful Peace Process', *Crisis Group Asia Briefing No. 120* (Kathmandu/Brussels: 2011), p. 17, available at: http://www.crisisgroup.org/~/media/Files/asia/south-asia/nepal/B120-Nepals%20Fitful%20Peace%20Process.pdf. 'Indifference to Duty' (2010) (above n.4), pp. 9-10.

[37] Sam Cowan, "The Lost Battles of Khara and Pili", Himal magazine, Vol 21, No. 9 (September 2008) pp. 25-30.

[38] Advocacy Forum, 'Separating Fact from Fiction. Maina Sunuwar', (February 2010), pp. 3-4, available at: http://www.advocacyforum.org/downloads/pdf/publications/maina-english.pdf, concerning the arrest warrant issued for Maj.

सम्बन्धमा रहेको छ । उक्त बालिकामध्ये पहिली रिना रसाइली हुन् जसलाई पक्रेपछि उनकै गाउँमा हत्या गरिएको थियो भने दोस्रो बालिका मैना सुनुवार हुन् जसलाई निरन्तरको यातनापश्चात् सैनिक हिरासतमा नै हत्या गरिएको थियो ।[39] यस घटनामा संलग्न दुवै सैनिक अधिकारी सरोज बस्नेत र निरञ्जन बस्नेत आफ्नो पदमा कार्यरत छन् । दुवै मुद्दामा सैनिक अदालतको निर्णय गम्भीर रूपले त्रुटिपूर्ण थियो । आरोपीमाथि अत्यन्त सानो र असान्दर्भिक आरोप लगाई थोरैमात्र सजाय दिइएको थियो ।[40] रिना रसाइलीको मुद्दामा एक जना पूर्व सैनिकलाई पक्राउ गरिएको छ र सेनाले निजलाई सैनिक अदालतले नै कारबाही गर्ने भन्दै निजको बन्दीप्रत्यक्षीकरणको निवेदनलाई समर्थन पनि गरेको थियो (जसलाई सर्वोच्च अदालतले २०६८ भाद्रमा अस्वीकार गरिसकेको छ) । सैनिक अदालतले निजलाई पहिला नै कारबाही गर्ने अवसर पाएको भए तापनि निजउपर कुनै कारबाही भएको थिएन ।[41]

---

Niranjan Basnet [Maina Sunuwar case]; Letter from Nepal Army Human Rights Unit to Kavre District Court, February 2011, concerning the arrest warrant issued for Lt. Saroj Basnet (copy on file with author) [Reena Rasaili case].

[39] See, in relation to Maina Sunuwar's case, 'Waiting for Justice' (2008), (above n.4), pp. 32-33, and 'Indifference to Duty' (2010) (above n.4), p. 9. In relation to Reena Rasaili, see 'Waiting for Justice' (2008), (above n.4), pp. 79-80 and Advocacy Forum, 'SC orders to continue custody of Kaji Karki to advance investigation', 15 August 2011, http://www.advocacyforum.org/news/2011/08/sc-orders-to-continue-custody-of-kaji-karki-to-advance-investigation.php.

[40] In Maina Sunuwar's case the Supreme Court, after having reviewed the court martial findings, has specifically ruled that the case is admissible in the civilian courts: See 'Indifference to Duty' (2010) (above n.4), p. 9. In both cases, Advocacy Forum has been able to obtain unofficial copies of certain documents relating to the court martials. In Reena Rasaili's case, the organisation only became aware of the court martial proceedings in 2011, when it unofficially obtained a copy of the court martial decision dated 28 August 2005 (without any documents annexed to it).

[41] See the Nepal Army's submission in support of Kaji Karki's habeas corpus petition dated 15 March 2011 (copy on file with author), which shows that he was held in army custody for 46 days for desertion after the court martial.

सैनिक ऐनमा सेनाका अधिकारीको नियुक्तिका लागि लोकसेवा आयोगको अध्यक्ष पनि रहनुपर्ने स्पष्ट प्रावधान हुँदाहुँदै पनि सेनाले गम्भीर मानवअधिकार उल्लंघनमा संलग्न रहेका सैनिकलाई सेनाको उच्च तहमा बढुवा गर्न थालेको छ। उदाहरणकालागि २०६१ मा जबर्जस्ती बेपत्ता र हिरासतभित्र यातना दिएको आरोप लागेको १० नं. वाहिनीपतिका रूपमा कार्यरत उपरथी तोरण बहादुर सिंहलाई सहायक रथीमा बढुवा गरी कार्यवाहक प्रधानसेनापतिको रूपमा नियुक्त गरियो।[42] त्यसैगरी १० नं. वाहिनीद्वारा २०६१ मा मानवअधिकार हनन भएको घटनामा संलग्न रहेको आरोप लागेको उपरथी भिक्टर राणालाई ओएचसिएचआरको विरोधका बावजुद सहायक रथीको पदमा बढुवा गरियो।[43]

## प्रहरीको असफलता

प्रहरी ऐनअन्तर्गत कुनै पनि अपराधउपर अनुसन्धान गर्नु प्रहरीको सामान्य कर्तव्य हुन्छ[44] भने प्रमाणहरूको संरक्षण गर्नु र अपराधको उजुरी (जसलाई जाहेरी दरखास्त भनेर चिनिन्छ) पर्नासाथ यथाशक्य चाँडो छानबिन गरी प्रमाण संकलन गर्नु उसको मुख्य दायित्व हुन्छ।[45] प्रहरीले कुनै माध्यमद्वारा अपराध भएको भन्ने जानकारी पाएमा पनि त्यसउपर छानबिन गर्नु उसको कर्तव्य हुन्छ।[46]

प्रहरीका यी दायित्वलाई हेर्दा द्वन्द्वकालका अपराधउपर अनुसन्धान गर्न प्रहरी गम्भीर रूपले असफल रहेको देखिन्छ। पहिलाका प्रतिवेदनमा देखाइएजस्तै जाहेरी दरखास्त दर्ता गर्ने कानुनी बाध्यता हुँदाहुँदै पनि धेरै मुद्दामा प्रहरीले दर्ता

---

[42] See 'Indifference to Duty' (2010) (above n.4), p. 10.

[43] OHCHR-Nepal, 'OHCHR calls for comprehensive vetting as part of peace process", 28 August 2009, http://nepal.ohchr.org/en/resources/Documents/English/pressreleases/Year%202009/August2009/2009_08_28_PR_Meeting_withCoAS_E.pdf

[44] Police Act 2012 (1955), Section 15(d).

[45] *Ibid.*, Sections 4 and 7. The State Cases Act 2049 (1992) applies to cases where the government is the plaintiff (including crimes such as rape and homicide) or the defendant.

[46] State Cases Rules 2055 (1999), Rule 3.

गर्न अस्वीकार गरेको छ । जाहेरी दरखास्त दर्ता नभइकन अभियोजन प्रक्रिया अगाडि बढाउन असंभव हुन्छ । द्वन्द्वकालका घटना "राजनीतिकमुद्दा" भएको र यसलाई सामान्य फौजदारी प्रणालीले नभई भविष्यमा गठन हुने संक्रमणकालीन न्यायका संयन्त्रले हेर्ने भन्दै प्रहरीले जाहेरी दर्ता नगर्नुको औचित्य पुष्टि गर्दै आइरहेको छ ।[47] अपराध भएको प्रत्यक्ष र प्रस्ट प्रमाणहरू पेश गर्दा र पीडकको नाम स्पष्ट रूपले उल्लेख गर्दापनि बयान लिएर, घटनास्थलको भ्रमण गरेर वा भौतिक प्रमाण संकलन गरेर छानबिन प्रक्रियालाई अगाडि बढाई प्रमाण संकलन गर्न प्रहरी असफल भएको छ वा प्रक्रिया अगाडि बढाएपनि अत्यन्त ढिलो हुने गरेको छ ।[48]

द्वन्द्वकालका अपराधउपर प्रहरीले कारबाही प्रक्रिया अगाडि नबढाउनुको पछाडि संयुक्त संरचनामा हुँदाखेरि नै प्रहरीको सेनासँग रहेको गहिरो सम्बन्ध र समूह एकता (भ्रातृभाव), द्वन्द्वकालका केही अपराधमा प्रहरी आफैँको संलग्नता, सेनासँगको डर, केही सरकारी अधिकारीबाट हुने राजनीतिक दबाब, अनुसन्धान गर्ने जिम्मेवारी

[47] See 'Waiting for Justice' (2008), (above n.4), pp. 25-27. For example, in the case of Arjun Bahadur Lama, both the Chief District Officer and the Nepal Police refused to register an FIR and, in a written statement, police cited insufficient evidence and that the case would fall under the jurisdiction of the TRC as the grounds for refusal.

[48] See, for example, the case of the extrajudicial execution of Arjun Lama, where despite a Supreme Court order mandating the filing of an FIR, investigations went little further than trying to find the home addresses of those accused, one of whom was a prominent politician.

In a decision issued on 21 June 2011, the Supreme Court said: "Therefore, in the context of all elements including the government and police having a responsibility to abide by all rules and regulations in order to establish the rule of law, the undue delay, intentional or unintentional, in crime investigation conducted in response to an FIR filed by an order of mandamus issued by the court should be taken as an indicator of the level of performance, expertise and impartiality of the police. There is no point to disagree that the investigations or inquiries carried out so far into it are disappointing".

पाएका तल्लो तहका प्रहरी अधिकारी, अपराधमा मुछिएका उच्च तहका सेनाका अधिकृत र राजनीतिकर्मीका बीच रहेको ओहदाको उल्लेखनीय भिन्नता लगायतका धेरै कारण छन् ।[49] दण्डहीनतालाई परास्त गर्नकालागि यी मुद्दालाई व्यवस्थापन तह र राजनीतिक समर्थनद्वारा नै संबोधन गरिनुपर्दछ ।

सेनाले जस्तै प्रहरीले पनि द्वन्द्वकालका दौरान गम्भीर खाले अन्तर्राष्ट्रिय अपराधका आरोपित प्रहरी अधिकारीको बढुवा गरेको छ । उदाहरणका लागि २०६८ आषाढमा पाँच जना विद्यार्थीको बेपत्ता र हत्या (जसलाई "धनुषा घटना" भनि चिनिन्छ) मा संलग्न रहेको भनी शंका गरिएका एक जना प्रहरी अधिकारीलाई राष्ट्रिय मानवअधिकार आयोगले अभियोजनका लागि सिफारिस गर्दागर्दै पनि उनलाई प्रहरी अतिरिक्त महानिरीक्षकको पदमा बढुवा गरियो । २०६३ देखि नै उक्त अपराधसँग सम्बन्धित जाहेरी दरखास्तमा उनको नाम परेको छ । अनुसन्धानमा अत्यधिक ढिलाइ भएपछि २०६४सालमा सर्वोच्च अदालतले अनुसन्धानको विस्तृत प्रतिवेदन पेश गर्न प्रहरीलाई आदेश दियो । अरु थप ढिलाइपछि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दबाबका कारण २०६७ असोज र २०६८ फागुनमा बल्ल ती विद्यार्थीहरूको शव उत्खनन गरियो । यद्यपि यस घटनामा संलग्न रहेका कुनै पनि आरोपीमाथि न त कुनै अभियोग लगाइयो न उनीहरूरुलाई पक्राउ वा कारबाही नै गरियो ।

### एकीकृत नेकपा माओवादीको अवरोध

द्वन्द्वकालका दौरान भएका गम्भीर अपराधमा एकीकृत नेकपा माओवादीका धेरै कार्यकर्ता मुछिएका छन् ।[50] यद्यपि माओवादीको नेतृत्व तहले त्यस्ता अपराधका

[49] 'Still Waiting for Justice, (2009) (above n.4), p. 9.

[50] Note that in 2009 the CPN-M officially merged with the Communist Party of Nepal (Unity Centre-Masal), to become the Unified Communist Party of Nepal (Maoist) ("UCPN-M").

आरोपीलाई उनीहरूकै ओहदाभित्र बढुवा र संरक्षण गर्ने गरेका र फौजदारी अनुसन्धानमा सहयोग गर्न अस्वीकार गरेका छन् ।[51]

माओवादी नेतृत्वको सरकारले माओवादीका दुई सदस्यलाई २०६८ जेष्ठ र २०६८ कार्तिकमा मन्त्री पदमा बढुवा गर्नु यसका मुख्य उदाहरण हुन् । मन्त्रीद्वय अग्नि सापकोटा(सूचना तथा संचार मन्त्रीको रूपमा २०६८ जेष्ठमा नियुक्त) र सूर्यमान दोङ (उर्जा राज्यमन्त्रीको रूपमा २०६८ कार्तिकमा नियुक्त) र माओवादीका अन्य कार्यकर्तालाई द्वन्द्वकालका दौरान अर्जुन लामाको हत्या गरेको आरोप छ ।[52] २०६५ मा सर्वोच्च अदालतको आदेशपश्चात् यो मुद्दाको जाहेरी दर्ता गरिएको थियो । यद्यपि माओवादीका अधिकारीले अनुसन्धानमा सहयोग नगरेपछि आरोपीहरू पता लगाउन नसकेको भनी मुद्दा रोकियो ।[53]

२०६७ सालमा “विद्रोहका दौरान सापकोटा गम्भीर खाले मानवअधिकार उल्लंघनमा संलग्न रहेको” भन्दै अस्ट्रेलिया र अमेरिकाले प्रवेशाज्ञा दिन अस्वीकार गर्‍यो ।[54]

---

[51] See Human Rights Council, ‘Report of the United Nations High Commissioner for Human Rights on the human rights situation and the activities of her office, including technical cooperation, in Nepal’, A/HRC/13/73, 5 February 2010, para. 31, available at: http://nepal.ohchr.org/en/resources/publications/2010_HRC_Report_E.pdf. See also in relation to the case of UCPN-M Constituent Assembly member Bal Krishna Dhungel, who has been convicted of murder, above n.1.

[52] Arjun Bahadur Lama, a member of a royalist organization, Rashtriya Ekta Parishad, living in Kavre District, was abducted by members of the CPN-M in April 2005. According to witnesses, the cadre marched him through various villages in Kavre District. In late June 2005, they took him to Buddhakani Village Development Committee (VDC), where he was allegedly killed. The CPN-M claimed that he was killed on the same day he was taken during a clash with security forces but other sources which subsequently saw Lama believe he was killed after the abduction.

[53] See the decision of the Nepal Supreme Court in Writ No. 1094/2068 concerning stay order, 21 June 2011.

[54] See ‘Indifference to Duty’ (2010) (above n.4), p. 10.

यद्यपि यी आरोपले सापकोटा र दोङलाई सरकारको एक जिम्मेवार र अति महत्वपूर्ण पदमा नियुक्त हुनबाट रोकेन जसको विरोध मानवअधिकार समूह र कानुन व्यवसायीहरूले सर्वत्र गरे ।[55]

आफ्नै सदस्यद्वारा भएको गलत कार्यउपर अनुसन्धानमा सहयोग नहुनुले ने.क.पा माओवादीकै हातमा शासनको बागडोर हुँदालगायत द्वन्द्वपश्चात्का अपराधका घटनालाई झन् बढाएको छ ।[56]

## संक्रमण र समायोजनका समस्या

जफावदेहिताको अभाव र मानवअधिकार हननका आरोपीले सार्वजनिक पद धारण गर्नु संक्रमणकालीन न्यायका थुप्रै सन्र्दभमा अनुभव गरिएका समस्या हुन् । माथि छलफल गरिएका संस्थाले पूर्ण रूपमा संबोधन गर्न नसकेको एक प्रमुख समस्या भनेको देशलाई हिंसात्मक द्वन्द्वको अवस्थाबाट विधिद्वारा शासित भएको एक लोकतान्त्रिक राज्यको रूपमा रूपान्तरण गर्नु हो । माओवादीका पूर्व लडाकुलाई सेनामा समायोजन गर्ने, पहिला अनुत्तरदायी रहेका सेनाका अधिकृतलाई लोकतान्त्रिक सेनामा रुपान्तरण गर्ने र माओवादी कार्यकर्तालाई सरकार अधीनस्थ

---

[55] Sapkota's appointment was challenged in the Supreme Court, and although the Court expressed its disapproval at the unreasonable delay in investigation by the police, and stated that Sapkota had a moral and legal responsibility to cooperate with the police investigation, it did not find that he should be suspended unless and until charges were filed. The court ordered the police to continue the investigation and to report to the court every 15 days on its progress: Nepal Supreme Court in Writ No. 1094/2068 concerning stay order, 21 June 2011. Sapkota is no longer in the position of Minister, after a reshuffle in early August 2011.

[56] Human Rights Council, 'Report of the United Nations High Commissioner for Human Rights on the human rights situation and the activities of her office, including technical cooperation, in Nepal', A/HRC/16/23, 16 February 2011, Para. 14, available at: http://daccess-dds-ny.un.org/doc/UNDOC/GEN/G11/107/67/PDF/G1110767.pdf?OpenElement.

वैधानिक राजनीतिक दलमा परिवर्तन गर्नेजस्ता समायोजन र रूपान्तरणका मुद्दा जटिल चुनौतीका रूपमा रहेका छन्। अपराधमा संलग्न रहेकाहरूले जवाफदेहिता सिर्जनाका प्रयास विफल पार्ने वात्यस्ता अपराध पुनः दोहोऱ्याउन सक्ने गरी शक्तिशाली स्थानमा नहुने सुनिश्चित गर्नकालागि सेना, प्रहरी, सरकारका मन्त्री र राजनीतिक दलगायतका प्रमुख निकायका लागि केहि प्रकारको छँटनी प्रक्रिया लागू गरिनु अति जरुरी छ।[57]

## न्यायपालिकाको भूमिका

अभियोजन र परिपूरणकालागि पीडितहरू अदालतसमक्ष पुग्दा न्यायपालिका - विशेषगरेर सर्वोच्च अदालत- उनीहरूलाई अधिकार प्रदान गर्ने सन्दर्भमा अपेक्षाकृत रूपमा दृढ रहेको पाइएको छ। यातना तथा जबर्जस्ती बेपत्तालाई फौजदारी अपराधको रूपमा स्थापना गर्ने कानुन बनाउन सरकारलाई आह्वान गर्दै सर्वोच्च अदालतले महत्वपूर्ण निर्णयहरू गरेको छ (थप जानकारीका लागि तल उल्लेखित अध्याय ७ हेर्नुहोस्) र द्वन्द्वकालका अपराधमा सेना र राजनीतिकर्मीलाई प्रहरीलाई सहयोग गर्न र द्वन्द्वको समयका त्यस्ता घटनामा जाहेरी दरखास्त दर्ता गर्न अनि त्यसमा अनुसन्धान गर्न प्रहरीलाई आदेशसमेत दिएको छ। द्वन्द्वकालका अपराधलाई विद्यमान सामान्य फौजदारी प्रणालीले हेर्न नहुने भन्ने सरकार र माओवादीको अभिव्यक्तिप्रति हालसालै सर्वोच्च अदालतले गहिरो आलोचना गऱ्यो। अदालतले भनेको छ :

> संक्रमणकालीन न्याय प्रणाली नभएको विद्यमान अवस्थामा सामान्य न्याय प्रणालीले नै गति लिन्छ। लोकतान्त्रिक राज्यमा कानुन र न्याय प्रणाली कहिले पनि निष्क्रिय हुँदैनन्; कानुन कहिलै रित्तो हुँदैन। फौजदारी अनुसन्धान प्रक्रियालाई विद्यमान सरकारी मुद्दासम्बन्धी ऐन २०४९ र सरकारी मुद्दासम्बन्धी नियमावली

[57] On the considerations involved in implementing such a programme see: OHCHR, Rule of Law Tools for Post-Conflict States: Vetting: an operational framework', available at: http://www.ohchr.org/Documents/Publications/RuleoflawVettingen.pdf.

> २०५५ को आधारमा नै पूरा गरिनुपर्दछ । यी ऐन र नियमावलीले ज्यानसम्बन्धी मुद्दामा जाहेरी दरखास्त परेको अवस्थामा सामान्य न्याय प्रणालीलाई पनि संलग्न गराउँदछ । भविष्यमा संक्रमणकालीन न्याय प्रणालीको स्थापना भएपछि अनुसन्धान भएका, हुँदै गरेका र विद्यमान कानुनअन्तर्गत दर्ता भएका सबै मुद्दालाई सम्बन्धित कानुनले निर्धारण गरेमा परिवर्तित क्षेत्राधिकारअन्तर्गत हेर्न सकिन्छ ।[58]

यद्यपि माथि उल्लेख गरिएजस्तै यसको पनि महत्वपूर्ण सवाल भनेको कार्यान्वयनको पक्ष हो । अदालतका आदेश बेवास्ता गरिएका अथवा अत्यन्त ढिलो कार्यान्वयन भएका छन् भने अदालत आफैँले पनि आफ्नो आदेशको अवज्ञा गर्ने कुनै पनि अधिकारीलाई हालसम्म जवाफदेही बनाएको छैन । यसले अदालतको अधिकार र विधिको शासनलाई कमजोर बनाउँदछ ।

## *निष्कर्ष*

द्वन्द्वकालमा भएका उल्लंघनमा जवाफदेहिता सिर्जना गर्नु दिगो शान्ति र नेपालमा लोकतान्त्रिक संस्था तथा विधिको शासनलाई सङ्गठित गर्नकालागि अपरिहार्य छ । ओएचसिएचआर नेपालले यस सम्बन्धमा दिएको चेतावनी यस प्रकारको छ :

> मानवअधिकार उल्लंघनमा भइरहको दण्डहीनताले विधिको शासन र राज्यका संस्थामा विनाशकारी असर पार्नुका साथै यसले उनीहरूको विश्वसनीयतामा ठुलो आँच पुऱ्याएको छ । दण्डहीनताले सर्वसाधारणमा हिंसाका पीडकलाई कुनै कारबाही नहुने भन्ने खालको सूचना प्रवाह गर्दै प्रत्यक्ष रूपमा नागरिक सुरक्षामा व्यापक खलल पैदा गरेको छ । नेपालमा तुलनात्मक रूपले कानुनी शासनको अवधारणा रहेका स्वतन्त्र निकाय रहेको भए तापनि उनीहरू राजनीतिक दबाब र चालबाजीको शिकार हुने गरेकोले उनीहरूलाई प्रवर्द्धन गरिनुपर्दछ ।[59]

---

[58] Decision of the Nepal Supreme Court in Writ No. 1094/2068 concerning stay order, 21 June 2011.

[59] Human Rights Council, 'Report of the United Nations High Commissioner for Human Rights on the human rights situation and the activities of her office, including technical cooperation, in Nepal' (2010) (above n.51), para. 27.

विगतका उल्लंघनका घटनालाई संबोधन गर्न असफल भएमा र न्यायिक प्रक्रियालाई जानीजानी समर्थन र सहयोग नगरिएमा नेपालको शान्ति प्रक्रिया अति कमजोर धरातलमा उभिनेछ। उल्लंघनका घटनालाई रोक्न र दोषीलाई कारबाही गर्नका निम्ति उचित कानुन तर्जुमामात्र होइन त्यस्तो कानुनको पालना समेत गर्नुपर्दछ।

यस प्रतिवेदनको बाँकी अंश माथि उल्लेखित सन्दर्भको आधारमा लेखिएको छ। मानवअधिकार उल्लंघनका दोषीलाई जवाफदेही बनाउन कानुन मजबुत रहेको र शक्तिको आडमा न्यायबाट उम्कनका लागि यसलाई साधनको रूपमा प्रयोग गर्न नसकिने कुरा सुनिश्चित गर्नका लागि विद्यमान कानुनमा आवश्यक परिवर्तन गरिनुपर्दछ। कानुनको समर्थन गर्न जिम्मेवार रहेकाहरूले यसअन्तर्गतका दायित्वको पालना गरेको सुनिश्चित गर्नका लागि संयन्त्रको विकास गर्न कानुनलाई सकारात्मक तरिकाबाट प्रयोग गर्नुपर्दछ तर त्यस्ता संयन्त्रलाई वास्तविक राजनीतिक इच्छाशक्तिद्वारा समर्थन गरिनुपर्दछ।

# ४

# अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कानुनअन्तर्गत नेपालको दायित्व

## *अन्तर्राष्ट्रिय कानुनअन्तर्गत नेपालको दायित्व*

सन्धिजनित तथा प्रथाजनित अन्तर्राष्ट्रिय कानुनअन्तर्गत मानवअधिकारको सम्मान, संरक्षण र प्रत्याभूति गर्नु राज्यका दायित्व हुन्छन् ।राज्यले यी दायित्व असल नियतले पालना गर्नुपर्ने हुन्छ र ऊ यसलाई राष्ट्रिय कानुन तथा अभ्यासमार्फत कार्यान्वयन गर्न कानुनी रूपमा बाध्य हुन्छ ।

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (आइसिसिपिआर) आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय विरुद्धको महासन्धि (CAT), महिलाविरुद्ध सबैखाले भेदभाव अन्त्यसम्बन्धी महासन्धि (CEDAW) सबैखाले जातीय भेदभाव अन्त्यसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CERD), र बालअधिकारसम्बन्धी महासन्धि (CRC) लगायतका अधिकांश मुख्य अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिको नेपाल पक्षराष्ट्र हो । अन्तर्राष्ट्रिय मानवीय कानुनअन्तर्गत अन्तर्राष्ट्रिय तथा राष्ट्रिय सशस्त्र द्वन्द्वका दौरान राज्यको दायित्व तोकेको जेनेभा महासन्धिको पनि नेपाल पक्षराष्ट्र हो ।

आफ्नो अन्तर्राष्ट्रिय सन्धिजनित कानुनका दायित्वको अतिरिक्त अन्य राष्ट्रसरह नेपालपनि प्रथाजनित अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका दायित्व पालना गर्न बाध्य छ । अन्तर्राष्ट्रिय मानवअधिकार कानुनका धेरैजसो मौलिक प्रावधानले प्रथाजनित

हैसियत प्राप्त गरेको कुरामा कुनै विवाद छैन र अहिले त्यही प्रावधान सामान्य अन्तर्राष्ट्रिय कानुनको भागको रूपमा रहेको छ। पहिचान भएका प्रथाजनित अन्तर्राष्ट्रिय कानुनअन्तर्गत जातीय विभेद,[60] दासप्रथा,[61] यातना तथा क्रूर अमानवीय वा अपामानजनक व्यवहार वा सजाय,[62] जबर्जस्ती बेपत्ता,[63] लामो समयसम्म गरिएको स्वेच्छाचारी थुना[64] पर्दछन्। त्यसैगरी युद्ध अपराध र मानवताविरोधी अपराध (जबर्जस्ती करणी) लगायतका अन्तर्राष्ट्रिय मानवीय कानुनको मौलिक प्रावधानलाई पनि प्रथाजनित अन्तर्राष्ट्रिय कानुनको भागको रूपमा पहिचान गरिएको छ जसलाई सम्पूर्ण राष्ट्रले मान्नैपर्दछ।

## *अन्तर्राष्ट्रिय दायित्वलाई राष्ट्रिय कानुनअन्तर्गत समाविष्ट गर्ने*

मानवअधिकारका सन्धिलगायत नेपाल पक्ष रहेका सन्धिजनित प्रावधानलाई नेपालको राष्ट्रिय कानुनमा समाविष्ट गरी विशेषगरेर सन्धि ऐनअन्तर्गत कार्यान्वयन

---

[60] International Court of Justice, Barcelona Traction, Light and Power Company, Limited (Belgium v. Spain), Judgment of 5 February 1970, at para. 34.

[61] *Ibid.*

[62] See: International Criminal Tribunal for the Former Yugoslavia, Prosecutor v. Anto Furund•ija, Trial Judgment of 10 December 1998, at paras. 147 and 160 (with further authorities); ECtHR [GC], Al-Adsani v. the United Kingdom (no. 35769/97), Judgment of 21 November 2001, at para. 61; Declaration on the Protection of All Persons from Being Subjected to Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment, UN General Assembly Resolution 3452 (XXX) of 9 December 1975, Article 2.

[63] American Law Institute, Restatement of the Law: Third Restatement of the US Foreign Relations Law (1987), at para. 702.

[64] Body of Principles for the Protection of All Persons under Any Form of Detention or Imprisonment, adopted by UN General Assembly Resolution 43/173 of 9 December 1988 (Body of Principles on Detention); American Law Institute, Restatement of the Law: Third Restatement of the US Foreign Relations Law (1987), at para. 702.

गरिनु पर्ने हुन्छ ।[65] २०६४ मा पारित नेपालको अन्तरिम संविधानले पनि राष्ट्रिय कानुनमा मानवअधिकारको सम्मान गर्ने कुरालाई महत्व दिएको छ । यसको प्रस्तावनाले मानवअधिकारप्रति देशको पूर्ण निष्ठा हुने कुरा व्यक्त गरेको छ र यसका धाराले मानवअधिकारको सम्मानका सम्बन्धमा सरकारलाई केही निश्चित दायित्व सुम्पेका छन् । विश्वव्यापी रूपमा स्वीकार गरिएका मौलिक मानवअधिकारका अवधारणा, विधिको शासन र दण्डहीनताको उन्मूलनजस्ता कुराहरूको पूर्ण रूपले पालना गर्ने खालको राजनीतिक प्रणालीको विकास गर्न सरकार जिम्मेवार हुन्छ ।[66] नेपाल पक्ष रहेको अन्तर्राष्ट्रिय सन्धिहरूको प्रभावकारी ढङ्गले कार्यान्वयन गराउन पनि सरकार नै जिम्मेवार हुन्छ[67] र साथै मानवअधिकारको संरक्षण र प्रवर्द्धनका लागि प्रावधानहरू बनाएर सार्वजनिक सुरक्षाको सम्वर्द्धन गर्नु नै उसको एउटा मुख्य उद्देश्य हुनुपर्दछ ।[68]

स्वेच्छाचारी पक्राउ र थुनाविरुद्धको अधिकार,[69] , मत व्यक्त गर्नपाउने, शान्तिपूर्वक भेला हुनपाउने, संघ संगठन खोल्नपाउने र हिँडडुल गर्नपाउने अधिकार,[70] कानुनको नजरमा समानता र अभेदभावको अधिकार,[71] धर्म मान्नपाउने अधिकार,[72] स्वच्छ सुनुवाइको अधिकार,[73] यातनाविरुद्धको अधिकार,[74] यस्ता अधिकार कार्यान्वयनका लागि संवैधानिक उपचारको हक[75] लगायतका नागरिक तथा राजनीतिक अधिकारजस्ता विशिष्ट मानवअधिकारको प्रत्याभूति अन्तरिम

[65] Treaty Act 2047 (1990), Section 9.

[66] Interim Constitution 2063 (2007), Article 33(c).

[67] *Ibid.*, Article 33(m).

[68] *Ibid.*, Article 34(2).

[69] *Ibid.*, Articles 13(2), 24(1)-(3) and 25.

[70] *Ibid.*, Article 13(3).

[71] *Ibid.*, Articles 13, 14 and 20.

[72] *Ibid.*, Article 23.

[73] *Ibid.*, Article 24(4)-(10).

[74] *Ibid.*, Article 26.

[75] *Ibid.*, Article 32.

संविधानद्वारा नै भएको छ । यस्ता केही मौलिक अधिकारको प्रत्याभूति नागरिक अधिकार ऐनले पनि गरेको छ ।[76]

## अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत मानवअधिकारको सम्मान, संरक्षण र पूरा गर्नुपर्ने नेपालको दायित्व

अन्तर्राष्ट्रिय मानवअधिकारका दस्तावेजअन्तर्गत राज्य दायित्व वहन गर्ने वाहक हुन मानवअधिकारका सन्धिहरूको पक्ष बनेर नेपालले प्रत्याभूति गरिएका प्रत्येक अधिकारको सम्बन्धमा तीन तहको दायित्वलाई स्वीकारेको छ : सम्मान गर्ने, संरक्षण गर्ने र यी अधिकार पूरा गर्ने दायित्व ।[77]

- **सम्मान** गर्नुपर्ने दायित्व भन्नाले कुनै पनि अधिकार उपभोगका दौरान हुने हस्तक्षेपलाई नेपालले रोक्नुपर्दछ र ती अधिकारमाथि हुने कुनै पनि प्रतिबन्धलाई महासन्धिले हेर्नुपर्दछ र यसको वैधानिक उद्देश्य प्राप्तिका लागि यो आवश्यक र सापेक्ष हुनुपर्ने ।[78]

---

[76] Civil Rights Act 2012 (1955).

[77] See, for example, ICCPR, Article 2: "(1) Each State Party to the present Covenant undertakes to respect and to ensure to all individuals within its territory and subject to its jurisdiction the rights recognised in the present Covenant… (2) Where not already provided for by existing legislative or other measures, each State Party to the present Covenant undertakes to take the necessary steps, in accordance with its constitutional processes and with the provisions of the present Covenant, to adopt such laws or other measures as may be necessary to give effect to the rights recognised in the present Covenant … (3) Each State Party to the present Covenant undertakes: (a) To ensure that any person whose rights or freedoms as herein recognised are violated shall have an effective remedy…".

[78] HRCtee, General Comment No. 31, Nature of the General Legal Obligation on States Parties to the Covenant, U.N. Doc. CCPR/C/21/Rev.1/Add.13 (29 March 2004), para.6.

- **संरक्षण** गर्ने दायित्व भन्नाले राज्यका निकायका साथै निजी संस्था वा व्यक्तिद्वारा हुने मानवअधिकार हननविरुद्ध नेपालले व्यक्ति र समूहको संरक्षण गर्नुपर्ने दायित्व भन्ने बुझिन्छ ।[79]
- **पूरा गर्नुपर्ने दायित्व** भन्नाले सर्वसाधारणलाई उनीहरूको मानवअधिकारको उपभोग गर्न सक्षम बनाउनका लागि संस्था र कार्यविधिको तर्जुमा गर्न नेपालले अवलम्बन गर्नुपर्ने सकारात्मक कार्य भन्ने बुझिन्छ ।[80]

नेपालले आफ्ना यी दायित्वलाई राष्ट्रिय कानुन र अभ्यासमा राख्नुपर्दछ । मानवअधिकार उल्लंघन गर्नेहरूलाई छुट दिने खालको कानुन नबनाइने ।[81] र उल्लंघनका घटनाहरू आपराधिक प्रकृतिका भएमा दण्डनीय हुनुपर्ने र त्यस्ता उल्लंघनलाई अपराधको रूपमा स्थापित गरिएको सुनिश्चित गर्नका लागि नेपालले आफ्नो विधानमा आवश्यक परिवर्तन गर्नुपर्दछ ।[82] राज्य तथा गैरराज्य पक्षबाट हुने मानवअधिकारको उल्लंघनबाट सर्वसाधारणलाई जोगाउन नेपालले आफ्नो कानुनमा संरक्षणका सकारात्मक सुरक्षा उपायहरू नियमन गर्नुपर्दछ ।[83] प्रभावकारी अधिकार प्रदान गर्नका लागि नेपालले सर्वसाधारण व्यक्तिहरूसँग पहुँचयोग्य र प्रभावकारी कानुनी उपचार रहेको कुरा निश्चित गर्नुपर्दछ जसको कारणले उनीहरूका अधिकार उल्लंघन भएमा उनीहरूले यसलाई स्थापित गर्न सकून् ।[84] मानवअधिकार उल्लंघनका दोषीलाई जवाफदेही बनाइन्छ भन्ने कुराको सुनिश्चितता पनि नेपालले नै गर्नुपर्दछ ।[85]

---

[79] *Ibid.*, para.8.

[80] *Ibid.*, para.7.

[81] See, for exampleICCPR Article 2(2).

[82] HRCtee, General Comment No. 31 (above n.78), para. 18.

[83] *Ibid.*

[84] ICCPR Article 2(3).

[85] HRCtee, General Comment No. 31 (above n.78), para. 16. See further, Section VIII.

माथि उल्लेखित अन्तिम पक्षले मानवअधिकारको सम्मान र उक्त सम्मानको प्रत्याभूतिका लागि विगतका उल्लंघनहरूको संबोधन हुनुपर्दछ भन्ने कुराको पहिचान गरेको छ । गम्भीरखाले मानवअधिकार उल्लंघनको घटना भएमा राज्यले नै त्यसको शीघ्र, विस्तृत, स्वतन्त्र तथा निष्पक्ष छानबिन गर्दै गम्भीर अपराधमा संलग्नहरू अभियोजीत भएको र उचित सजाय पाएको सुनिश्चित गर्दै पीडकहरूलाई कारबाही गर्ने सही कदम चाल्नुपर्दछ ।[86] के भएको हो भन्ने कुराको पहिचान राज्यद्वारा नै हुनुपर्दछ[87] र उल्लंघन गर्ने जो कोहीले पनि यसको परिणाम भोग्नु पर्दछ भन्ने कुराको सुनिश्चितता गर्नुपर्दछ । भविष्यमा हुनसक्ने उल्लंघनलाई रोक्न र पीडितलाई कानुनी उपचार प्रदान गर्नका लागि यो अति महत्वपूर्ण छ ।

मानवअधिकारको प्रत्याभूति गर्ने राज्यको सकारात्मक दायित्व केवल राज्य पक्षबाट भएका उल्लंघन विरुद्ध नागरिकलाई संरक्षण दिएर मात्र हुँदैन बरु यसको पूर्ण प्रत्याभूतिका लागि राज्यले निजी क्षेत्र तथा व्यक्तिगत रूपमा हुने उल्लंघनमा पनि नागरिकको संरक्षण गर्नुपर्दछ । गैरराज्य पक्षबाट हुने उल्लंघनका अपराध रोक्न, त्यस्ता अपराधउपर तहकिकात गर्न, पीडकलाई अभियोजन तथा दण्डीत गरी पीडितलाई न्याय प्रदान गर्न राज्यले तदारुकतापूर्वक कार्य गर्नुपर्दछ । यस्तो गर्न नसकिएमा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गतका उसका दायित्वको उल्लंघन हुनेछ ।[88]

यस्तो नभएमा देशमा दण्डहीनताको अवस्था रहनेछ जसलाई यसरी व्याख्या गरिएको छ :

> दण्डहीनता भन्नाले फौजदारी, नागरिक, प्रशासनिक अथवा अनुशासनात्मक कारबाहीमा उल्लंघनका पीडकलाई जवाफदेही बनाउन कानुनी वा व्यवहारिक रूपमा असंभव हुने किनकि कुनै घटनामा उनीहरू पक्राउ, थुना र दोषी प्रमाणित

---

[86] *Ibid.,* General Comment No. 31, paras.16 and 18.; UN Human Rights Commission, 'Updated set of principles for the protection and promotion of human rights through action to combat impunity' (E/CN.4/2005/102/Add.1) ("Draft Impunity Principles").

[87] *Ibid.,* Draft Impunity Principles.

[88] HRCtee, General Comment No. 31 (above n.78), para. 8.

भएमा उचित सजाय दिँदै पीडितलाई परिपूरण दिनुपर्नेमा उनीहरू अनुसन्धानको दायरामा नपर्ने भन्ने कुरालाई बुझाउँछ।[89]

मानवअधिकार समितिले जोड दिएजस्तै "मानवअधिकारको उल्लंघनमा पीडकलाई हुने दण्डहीनताले मानवअधिकारको सम्मानलाई कमजोर बनाउँछ"[90] किनकि दण्डहीनताले "अनुबन्धका थप अधिकारको पनि उल्लंघन हुन्छ"।[91] मानवअधिकारका अन्तर्राष्ट्रिय संयन्त्रले दण्डहीनतालाई परास्त गर्ने राज्यको दायित्वका बारेमा बारम्बार जोड दिएका छन्।[92] प्रस्तुत प्रतिवेदनले नेपालको कानुन यो उद्देश्य प्राप्तिका लागि कसरी बाधक एवं सहायक छ भन्ने कुराको चित्रण गरेको छ।

---

[89] *Question of the Impunity of Perpetrators of Human Rights Violations (Civil and Political)* U.N. Commission on Human Rights, U.N. Doc. E/CN.4/Sub.2/1997/20 (1997), atAnnex II, Definitions, A (hereinafter "UN Impunity Guidelines").

[90] HRCtee, Comments on Argentina (1995), CCPR/C/79/Add.46, para. 10.

[91] HRCtee, Concluding Observations: Nigeria (1996), CCPR/C/79/Add.65, para. 32.

[92] See, for example, UN Commission on Human Rights, Resolution 2005/81: Impunity, 21 April 2005, E/CN.4/RES/2005/81, available at: http://www.unhcr.org/refworld/docid/45377c930.html; Commission on Human Rights resolution 2002/79: Impunity, 25 April 2002, E/CN.4/2002/200, available at: http://www.unhchr.ch/Huridocda/Huridoca.nsf/TestFrame/cd893dbd5bbd5ed7c1256bab0051565d?Opendocument.

# ५

# सेना र प्रहरीको नियन्त्रण र जवाफदेहितासम्बन्धी कानुन

विश्वका लगभग हरेक मुलुकमा नागरिकहरूमाथि त्यहाँको सेना र प्रहरीको उल्लेख्य नियन्त्रण रहेको हुन्छ र वैधानिक तवरले बल प्रयोग गर्नका लागि उनीहरूसँग लगभग एकाधिकार नै हुन्छ। त्यसकारणले गर्दा यी निकायले कानुन र अन्तर्राष्ट्रिय मानवअधिकार अनुरूप कार्य गर्न अति जरुरी हुन्छ। यस्तो भएको सुनिश्चित गर्नका लागि मानवअधिकारको आधारभूत सिद्धान्त र जवाफदेहिताप्रति आन्तरिक रूपले प्रतिबद्ध र नैतिकवान रहने, यस्ता सिद्धान्त पालना गरिएको सुनिश्चित गर्नका लागि आन्तरिक संयन्त्रको निर्माण गर्ने र अवज्ञा भएमा तत्काल संबोधन हुने सुनिश्चितताका लागि बाह्य सुरक्षाका उपाय अवलम्बन गरिनुपर्दछ।

प्रतिवेदनको यस भागले अन्तर्राष्ट्रिय मापदण्डको आधारमा सेना र प्रहरीसम्बन्धी नेपालका प्रचलित कानुनको संक्षिप्त समीक्षा गरेको छ। यसले विशेष गरेर कानुन भित्रका कुन संयन्त्रले सेना र प्रहरीमा मात्र निहित शक्तिलाई सरकार र अदालतमार्फत सर्वसाधारणसम्म पुर्‍याई शक्ति सन्तुलन गर्नसकिन्छ भन्ने कुराको अवलोकन गरेको छ। यस्तो अधिकारले सेना र प्रहरीद्वारा प्रयोग गरिँदै आएका शक्तिलाई निर्देशित गर्ने र यी संस्था र यसमा कार्यरत व्यक्तिलाई जवाफदेही बनाउनलाई क्षमता मिल्दछ। दण्डहीनताको मुद्दासँग सम्बन्धित कानुनका अन्य

प्रावधानहरू (उदाहरणका लागि प्रहरीको अधिकारको दायरा) लाई प्रतिवेदनको पछिल्लो भागमा संबोधन गरिएको छ ।

## क. सेना

### *सेनाको पर्यवेक्षण र सेनामाथि नागरिक नियन्त्रणको अन्तर्राष्ट्रिय मापदण्ड*

लोकतान्त्रिक सिद्धान्त (जसले सरकारको कुनै पनि क्षेत्र निर्वाचित प्रतिनिधिहरूको नियन्त्रणभन्दा बाहिर हुनुहुँदैन भन्ने विश्वास राख्दछ)[93] को रूपमा, विधिको शासन पालना गर्नका लागि र मानवअधिकारका दायित्वलाई सेनाले पालना गरेको सुनिश्चित गर्नका लागि पनि सेनाको पर्यवेक्षण र नागरिक नियन्त्रण महत्वपूर्ण रहेको कुरा पहिचान भएको छ :

> लोकतन्त्रका लागि नागरिक नियन्त्रण अर्थात् जननिर्वाचित प्रतिनिधिद्वारा सेनाको नियन्त्रण हुनुपर्ने कुरा महत्वपूर्ण छ । सेनाको नागरिक नियन्त्रणले गर्दा एउटा राष्ट्रले आफ्नो मूल्य र उद्देश्य, आफ्ना संस्था र अभ्यास आन्तरिक आदेश र बाह्य सुरक्षामा मात्र केन्द्रित रहने सेनाका अधिकृतको इच्छाबाट भन्दा पनि जनचाहनाअनुसार सञ्चालन गर्नसक्दछ ।
>
> मानव इतिहासमा सवैभन्दा कम लोकतान्त्रिक संस्थाको रूपमा सेना पर्दछ ; लोकतान्त्रिक समाजमा उच्च मूल्यमा हेरिएको व्यक्तिगत र नागरिक स्वतन्त्रता सामरिक प्रथा र प्रक्रियासँग स्वभावतः संघर्षमा रहन्छ ।[94]

---

[93] See, for example, Thomas C Bruneau, 'Civil-Military Relations in Latin America: The hedgehog and the fox revisited', Revista Fuerzas Armadas y Sociedad, 19 (2005), 111-31, p. 120.

[94] Military Police Complaints Commission (Canada), 'International Standards for Police Oversight', http://www.mpcc-cppm.gc.ca/300/3600/3602-eng.aspx.

वास्तविक रूपमा शक्ति बाँडफाँड गरेर, बजेटमाथि नियन्त्रण गरेर र सेनाको पर्यवेक्षण गरेरमात्र सेनामाथि नागरिक नियन्त्रण गर्नसकिन्छ ।[95] यी पक्षलाई संविधानमा नै उल्लेख गरी विधेयकमार्फत कार्यान्वयन गरिनुपर्दछ ।

आन्तरिक तथा बाह्य रूपमा सैन्यबलको प्रयोग गर्दा सेनाका पदाधिकारी नागरिकप्रति जवाफदेही रहनुपर्दछ ।[96] सुरक्षा निकायका पदाधिकारीद्वारा हुने शक्तिको दुरुपयोग र अन्य दुर्व्यवहारका लागि सजाय दिन न्यायपालिकाको भूमिका र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको उल्लंघनमा सुरक्षा निकायका पदाधिकारीलाई व्यक्तिगत रूपमा अदालतप्रति जवाफदेही बनाउने सिद्धान्त यस्तो जवाफदेहिताको केन्द्रमा रहेका हुन्छन् ।[97] सैनिक अदालतको क्षेत्राधिकार सेनाका कर्मचारीद्वारा हुने नितान्त आन्तरिक र सैन्य प्रकृतिको अपराधमा मात्र सीमित गरिनुपर्दछ जसको अर्थ आन्तरिक अनुशासनात्मक उपाय भन्ने हुन्छ ।[98]

सुरक्षा र रक्षाजस्ता विषय राष्ट्रिय संप्रभुतामा पर्ने कुरा परम्परागत रूपमा मानिएकाले लोकतान्त्रिक र संसदीय व्यवस्थाका क्षेत्रमा यससम्बन्धमा अन्तर्राष्ट्रिय

---

[95] Bruneau, 'Civil-Military Relations in Latin America: The hedgehog and the fox revisited' p. 124 (above n.93).

[96] Hans Born and Cecilia Lazzarini, 'Preliminary Report on Civilian Command Authority over the Armed Forces in their National and International Operations' (CDL-DEM(2006)003, Council of Europe, European Commission for Democracy Through Law (VeniceCommission), 2006), available at: http://www.venice.coe.int/docs/ 2006/CDL-DEM(2006)003-e.pdf, p. 7, citing 'Understanding and Supporting Security Sector Reform', DFID Issues, 2003, UK Department for International Development, available online at: http://www.dfid.gov.uk/pubs/files/supportingsecurity.pdf#search=%22understanding%20and%20supporting%20security%20sector%20reforms%22.

[97] *Ibid.*, pp. 12-13; IPU-DCAF, Handbook on Parliamentary Oversight of the Security Sector, ed. by Hans Born (Geneva: IPU-DCAF, 2003), p. 23-24.

[98] Draft Principles Governing the Administration of Justice through Military Tribunals, adopted by the United Nations Sub-Commission on Human Rights and forwarded to the Human Rights Council, E/CN.4/2006/58, Principle No. 7. See alsoAkwanga v Cameroon, Communication No. , 1813/2008, 22 March 2011, individual opinion of Mr Fabián Omar Salvioli, para. 8.

रूपमा सहमति गरिएका कुनै पनि मापदण्ड छैनन् ।[99] यद्यपि जवाफदेहिता र पर्यवेक्षणका सामान्य सिद्धान्तलाई अङ्गीकार गर्दै सेना र प्रहरीको सम्बन्धमा क्षेत्रीय मापदण्ड र सिद्धान्तको विकास भने गरिएको छ । यससम्बन्धमा रहेको मुख्य दस्तावेज भनेको सन् १९९४को सुरक्षाका राजनीतिक तथा सैन्य पक्षको आचारसंहिता (OSCE Code of Conduct on Politico-Military Aspects of Security) हो जसले सेना, गुप्तचर सेवा, अर्धसैन्य र प्रहरी सम्मिलित आन्तरिक बलको व्यापक अवधारणा अङ्गीकार गरेको छ । यस मापदण्डमा राज्यले देहायबमोजिमका कर्तव्य पूरा गर्नुपर्ने उल्लेख गरिएको छ :

- ☞ सुरक्षा बललाई लोकतान्त्रिक वैधता प्राप्त संवैधानिक निकायको प्रभावकारी नियन्त्रणमा ल्याउने(अनुच्छेद २० र २१);
- ☞ रक्षा बजेट खर्च गर्ने सन्दर्भमा कानुनी सहमति हुनुपर्ने र बजेट पारदर्शी हुनुपर्ने अनि सशस्त्र बलसँग सम्बन्धित सूचनामा सर्वसाधारणको पहुँच हुनुपर्ने (अनुच्छेद २२);
- ☞ सशस्त्र बलका पदाधिकारीलाई अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लंघनका लागि व्यक्तिगत रूपमा जवाफदेही बनाउन सकिन्छ भन्ने सुनिश्चित गर्ने (अनुच्छेद ३१);
- ☞ सशस्त्र बललाई अन्तर्राष्ट्रिय कानुनका प्रावधानअनुरूप निर्देशित, सञ्चालित, प्रशिक्षित र सुसज्जित गरिएको सुनिश्चित गर्ने (अनुच्छेद ३४);
- ☞ आन्तरिक सुरक्षा मिसनका लागि अपनाइएको बलको प्रयोग सो कार्यको आवश्यकताअनुरूप नै रहेको सुनिश्चित गर्ने र सशस्त्र सुरक्षा बलले सर्वसाधारण र उनीहरूको सम्पत्तिमाथि आघात नपुऱ्याउने कुराको पनि सुनिश्चित गर्ने (अनुच्छेद ३६);

---

[99] IPU-DCAF, Handbook on Parliamentary Oversight of the Security Sector, (2003), p. 149 (above n.97).

☞ सर्वसाधारणको मानव तथा नागरिक अधिकारको शान्त तथा कानुनी उपभोगमा खलल हुनेगरी सुरक्षाफौजलाई प्रयोग नगरिने कुरा सुनिश्चित गर्ने (अनुच्छेद ३७) ।[100]

## *सेनालाई नियन्त्रण गर्ने कानुन*

२०६३ मा लागू गरिएको **अन्तरिम संविधान** र **सैनिक ऐन**का प्रावधानद्वारा सेना निर्देशित छ ।[101] माथि छोटकरीमा भनिएझैं नेपालको अन्तरिम संविधानले सेनाको लोकतान्त्रीकरणका लागि मौलक आधारहरू प्रस्तुत गरेको छ । सेनालाई राजाको मातहतमा मात्र राखिएको सन् १९५९ को सेनासम्बन्धी ऐनलाई प्रतिस्थापन गर्न बनाइएको सैनिक ऐन २०६३ ले सेनाका सम्बन्धमा अझ विशिष्ट प्रावधानहरू तोकेको छ । सेनालाई सरकारको मातहतमा ल्याउन, दण्डहीनताका केही प्रणालीगत कारण हटाउन र मानवअधिकार उल्लंघनका घटना कम गर्दै लैजानका लागि यो नयाँ ऐन तयार पारिएको थियो । यसलाई देशमा भएको शक्ति परिवर्तन लगत्तै ल्याइएको थियो र बृहत् लोकतान्त्रिक परामर्शबिना नै संसदबाट अति हतारले पारित गरिएकोले त्यतिबेला नागरिक समाजले यसको चौतर्फी विरोध गरेको थियो ।[102] यसको प्रारम्भिक मस्यौदामा भएको आलोचनाको कारणले यस ऐनमा केही संशोधन गरिएको भए तापनि यसमा अझै पनि उल्लेख्य मात्रामा त्रुटिहरू रहेका छन् ।

---

[100] Organization for Security and Co-operation in Europe, (1994) Code of Conduct on Politico-Military Aspects of Security, available at: http://www.osce.org/fsc/41355.

[101] Laws in Nepal are dated using the Bikram Sambat Calendar, which is 56.7 years ahead of the Gregorian (Western) Calendar.

[102] See International Commission of Jurists, 'Nepal: Recommendations for Amendments to the Draft Army Act' (September 2006) p. 3, available at: http://www.icj.org/dwn/database/ICJ_report.pdf.

## लोकतान्त्रिक नियन्त्रण र जवाफदेहिता

कार्यपालिकाका सदस्य सम्मिलित राष्ट्रिय सुरक्षा परिषद्को सुझावमा मन्त्रिपरिषद्ले नेपाली सेनाको नियन्त्रण, परिचालन र व्यवस्थापन गर्ने नेपालको अन्तरिम संविधानमा स्पष्ट प्रावधान रहेको छ ।[103] यो लोकतान्त्रिक पर्यवेक्षण प्राप्तिका लागि बृहत् संस्थागत सुधार हुनुपर्ने कुराको पहिचान पनि संविधानले गरेको छ जसअन्तर्गत नेपाली सेनाको लोकतान्त्रीकरणका लागि मन्त्रिपरिषद्ले विस्तृत कार्ययोजना बनाई लागू गर्नुपर्ने हुन्छ ।[104] सैनिक ऐनले नीति निर्माण, नेपाली सेनाको परिचालन, सञ्चालन र प्रयोगका सम्बन्धमा योजना र कार्यक्रम तय गर्ने अनि सेनाको व्यस्थापनमा सरकारलाई सुझाव दिनेलगायतका राष्ट्रिय सुरक्षा परिषद्को अन्य अधिकार र कार्यहरू निर्दिष्ट गरेको छ ।[105]

ऐनका अन्य प्रावधानले सिद्धान्ततः सेना लोकतान्त्रिक रूपले जवाफदेही हुनुपर्ने व्यवस्था गरेको छ । ऐनको दफा ९ अन्तर्गत प्रधानसेनापति हालआएर नेपाल सरकारप्रति जवाफदेही रहनुपर्ने र सेनाका सम्पूर्ण अधिकृतले नेपालको संप्रभुता र राज्य शक्ति नेपाली जनतामा मात्र निहित रहने कुरालाई हृदयंगम गरी आफ्नो पदको शपथग्रहण लिनुपर्ने प्रावधान रहेको छ । प्रधानसेनापतिले सरकार समक्ष वार्षिक प्रतिवेदन पेश गर्नुपर्दछ जसलाई संसदमा पेश गरिन्छ[106] र मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले प्रधानसेनापति हटाउन सक्दछ ।[107]

## लोकतान्त्रिक नियन्त्रण र जवाफदेहिताको अभ्यास

यद्यपि राजनीतिक इच्छाशक्तिकोअभाव र सेनाको पर्यवेक्षण गर्न जिम्मेवार रहेका लोकतान्त्रिक संस्थाको कमजोरीका कारण वास्तवमा सेना उल्लेखित संयन्त्रको अधीनस्थ हुनसकेको छैन । राष्ट्रिय सुरक्षा परिषद्द्वारा प्रदान गरिएको नियन्त्रणको

---

[103] Interim Constitution 2063 (2007), Article 144 and 145.

[104] *Ibid.*, Article 144.

[105] Army Act 2063 (2006), Section 6.

[106] *Ibid.*, Section 10.

[107] *Ibid.*, Section 11.

तह अत्यन्त कमजोर रहेको छ र सेनाका जर्नेलमाथि यसको प्रभावको दायरा पनि सीमित छ । उदाहरणका लागि राष्ट्रिय सुरक्षा परिषद्बाट विकास गरिएको सेनाको लोकतान्त्रीकरणका लागि विस्तृत कार्ययोजना निम्नलिखित कारणले गर्दा आलोचित बन्न पुग्यो :

> कार्ययोजनाले दण्डहीनताका विभिन्न आरोप र लोकतान्त्रीकरणको प्रतिबद्धतासँग सम्बन्धित सेनाको नागरिक नियन्त्रणको कुनै प्रसङ्ग दिएको छैन .... यसले सेनाको व्यवस्थापन र प्रशिक्षणमा संसदीय नियन्त्रणलाई बढाउने छुट दिएको भए तापनि सैनिक रणनीति र कारबाहीका विवरण गोप्य राख्नुपर्ने भनेको छ जुन लोकतान्त्रिक रूपले नियन्त्रण गरिएको सशस्त्र बलमा सूचना आदानप्रदानका लागि अन्तर्राष्ट्रिय मापदण्ड र निर्णय प्रक्रियाका लागि आवश्यक पर्ने जवाफदेहिताको विपरीत रहेको छ । यसले न त सैनिक अदालतको सुधार गर्ने न गैरसैनिक अनुसन्धान निकाय र न्यायालयसँगको सम्बन्ध निर्धारण गर्नुपर्ने आवश्यकता नै उल्लेख गरेको छ । अत्यधिक पारदर्शिता हुनुपर्ने अधिकांश क्षेत्रलाई यो कार्ययोजनाले ढाकछोप गरेको छ ।[108]

त्यसैगरी राष्ट्रिय सुरक्षा परिषद्ले विकास गरेको सुरक्षा नीतिलाई पनि त्यही आलोचकले "एक फिक्का दस्तावेज" भनी आलोचना गरेको छ जुन दस्तावेजले "विध्वंसात्मक क्रियाकलाप रोक्नेलगायतका कुनै पनि परिस्थितिमा नेपाली सेनालाई परिचालन गर्नसकिने भनी स्पष्ट पारेको छ" ।[109] आर्थिक पारदर्शितालाई सीमित पारिएको छ र "शान्ति सुव्यवस्थाका लागि प्राप्त हुने आयव्ययको लेखाजोखा रक्षा मन्त्रालय कमजोर भएको कारणले गर्दा सेनाभन्दा बाहिरका निकायको पर्यवेक्षणमा परेको छैन"।[110]

नेपालको कानुनी संरचना सेनाको लोकतान्त्रिक नियन्त्रणको पक्षमा उभिएको छ र यसलाई प्रभावकारी रूपले व्यवहारमा उतार्न विधेयक अन्तर्गतका

---

[108] International Crisis Group, 'Nepal's Fitful Peace Process' (above n.36), p. 17, referring to the Nepali Senako Lokantrikaranka Lagi Bistrit Karyayojana, 2 August 2010.

[109] *Ibid.*, p. 18.

[110] *Ibid.*, p. 17.

नीति नियमलाई उल्लेख्य रूपले सुधार्दै रक्षा मन्त्रालयको क्षमता अभिवृद्धि गराइनुपर्दछ ।[111]

**नियुक्ति र छँटनी** (vetting)

अधिकृत तहको पदनियुक्ति लोकसेवा आयोगको अध्यक्षको अध्यक्षतामा गठित एक समितिले गर्दछ ।[112] मानवअधिकार उल्लंघनको अपराधमा दोषी ठहरिएकाहरू यस्ता पदमा नियुक्त हुनका लागि अयोग्य हुन्छन् ।[113] ऐनअन्तर्गत सेनामा कार्यरत कुनै पनि व्यक्तिलाई हटाउने वा पदच्यूत गर्ने अन्तिम अख्तियार केवल सरकारसँग हुन्छ ।[114]

यद्यपि गम्भीर मानवअधिकार उल्लंघनको आरोप लागेको सेनाको कुनै पनि कर्मचारीलाई हालसम्म अभियोजन नगरिएकाले यस्ता प्रावधानको कुनै औचित्य छैन र त्यस्तो गम्भीर उल्लंघनका आरोपीलाई उच्च तहमा बढुवा नगरिने सुनिश्चितता गर्ने आधार पनि रहेको छैन । त्यसकारण कानुन वा नीतिमार्फत विस्तृत मानवअधिकार उजुरी तथा छँटनी प्रक्रियाको विकास गरिनु नितान्त जरुरी भइसकेको छ जसलेगर्दा गम्भीर मानवअधिकार उल्लंघनका आरोप लागेकाहरूलाई उनीहरू विरुद्ध परेको मुद्दाको सुनुवाइ नभएसम्मका लागि निलम्बन गरिएको सुनिश्चित गर्न सकियोस् ।[115]

[111] Such strengthening should be carried out and achieved by civilian actors, not by military actors.

[112] Army Act 2063 (2006), Section 12.

[113] *Ibid.,* Section 13.

[114] *Ibid.,* Section 18.

[115] On the considerations involved in implementing such a programme see: OHCHR, 'Rule of Law Tools for Post-Conflict States: Vetting: an operational framework'(2006), available at: http://www.ohchr.org/Documents/Publications/RuleoflawVettingen.pdf.

## अपराधका लागि व्यक्तिगत जवाफदेहिता

ज्यान मारेको र जबर्जस्ती करणीको आरोप लागेको सेनाको कर्मचारीको मुद्दा नागरिक अदालतद्वारा नै सुनुवाइ गरिनुपर्ने प्रावधान दिएर गम्भीर मानवअधिकारमा जवाफदेहिताका लागि सेनासम्बन्धी ऐनले सानो कदम चालेको छ ।[116] मुद्दालाई सैनिक अदालत वा नागरिक अदालत कुनमा दर्ता गर्ने भन्ने विषयमा विवाद रहेकामा ऐनले त्यस्तो मुद्दा नागरिक अदालतमा दर्ता गर्नुपर्ने र सेवाबाट निलम्बित आरोपीलाई अदालतमा उभ्याउनुपर्ने प्रावधान तोकेको छ ।[117]

यद्यपि स्वेच्छाचारी पक्राउ, यातना र जबर्जस्ती बेपत्तालगायतका सैन्य प्रकृतिका नभएका धेरै अपराधलाई नागरिक अदालत प्रणालीभन्दा बाहिर सुनुवाइ गरिन्छ । यातना र जबर्जस्ती बेपत्ताजस्ता अपराधको सुनुवाइ उपमहान्यायाधिवक्ता (नेपाल सरकारद्वारा नियुक्त गरिएको), रक्षा मन्त्रालयको कानुन विभागको प्रमुख र सेनाको प्राड विवाक (Judge Advocate General) को प्रतिनिधि सम्मिलित एक विशेष समितिले गर्ने व्यवस्था ऐनले गरेको छ ।[118] स्वेच्छाचारी पक्राउ र थुनालगायतका अन्य अपराधको सुनुवाइ भने सामान्य सैन्य अदालतले गर्ने प्रावधान ऐनमा रहेको छ ।[119]

असल नियतले कार्य गर्दा मृत्यु हुनजाने केही अपराधमा हुने उन्मुक्तिको प्रावधान[120] र सैनिक अदालतबाट सजाय पाएको वा विभागीय कारबाहीमा परेको व्यक्तिलाई सोही अपराधमा सजाय गर्नबाट रोक्ने दोहोरो खतराको प्रावधान[121] लगायत अन्य केही अपराधको अभियोजनमा ऐनले नागरिक वा सैन्य प्रणालीअन्तर्गत उल्लेख्य तगारो खडा गरेको छ । विगतका दिनमा यी उल्लेखित प्रावधानको दुरुपयोग गरिएको थियो जसअन्तर्गत सेनाका अधिकारीलाई उल्लेखित प्रावधानकै

---

[116] Army Act 2063 (2006), Section 66.

[117] *Ibid.*, Section 69.

[118] *Ibid.*, Section 62.

[119] *Ibid.*, See Section 68 in conjunction with Section 61.

[120] *Ibid.*, Section 22 (Although it excludes this immunity for homicide, rape, torture and enforced disappearance).

[121] *Ibid.*, Section 70.

आधारमा सामान्य र असान्दर्भिक अपराधका लागि मात्र कारबाही र सजाय गरिएको थियो ।[122] ऐनका यी अवरोधलाई यसै प्रतिवेदनको अध्याय ७ मा छलफल गरिएको छ ।

सैन्य न्यायप्रणाली स्वतन्त्र न्यायपालिका वा सैन्य न्यायसँग सम्बन्धित अन्तर्राष्ट्रिय अभ्यासअनुकूल नरहेको कुरा पहिचान गर्दै २०६८ आषाढमा सर्वोच्च अदालतले सम्पूर्ण सैन्य न्यायप्रणाली त्रुटिपूर्ण ठहर गऱ्यो र त्यसमा सुधार गर्न एउटा कार्यदल गठन गर्दै त्यसको सिफारिस कार्यान्वयन गर्न सरकारलाई आदेश दियो ।[123]

## *ख. प्रहरी*

### *प्रहरीको स्वतन्त्र पर्यवेक्षणको अन्तर्राष्ट्रिय मापदण्ड*

नागरिकमाथि विशेष अधिकारको प्रयोग गर्दै समाजलाई जोगाउने दायित्व प्रहरीसँग रहेको हुन्छ । विधिको शासनस्थापित गर्न वा कायम राख्न चाहने कुनै पनि राष्ट्रमा विशेष अधिकार सम्पन्न व्यक्तिले अर्काको व्यक्तिगत स्वतन्त्रतामा प्रत्यक्ष असर पर्ने अधिकारको प्रयोग गर्दा विशेष किसिमको जवाफदेहिता वहन गर्नुपर्ने हुन्छ ।[124]

प्रहरीको नियन्त्रण गर्ने निकायको सम्बन्धमा विशेष मापदण्डको विकास गरिएको छ जसले प्रहरीको आन्तरिक अनुशासनका प्रणालीको अलावा बाह्य नियन्त्रण र

---

[122] See, in relation to the case of Maina Sunuwar, Advocacy Forum, 'Separating Fact from Fiction. Maina Sunuwar'(above n.38) p.23; in relation to the case of Reena Rasaili see Letter from Nepal Army Human Rights Unit to Kavre District Court, February 2011, concerning the arrest warrant issued for Lt. Saroj Basnet (copy on file with author).

[123] Judgment of Chief Justice Khil Raj Regmi, Justices Kalyan Shrestha and Krishna Prasad Upadhaya in case brought by Bhuwan Niraula, Prem Chandra Rai and Bhakti Shah, 30 June 2011, reported in República, 'Reform Entire Military Justice System: SC to Govt', 1 July 2011, available at http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=32972.

[124] Military Police Complaints Commission (Canada), 'International Standards for Police Oversight', http://www.mpcc-cppm.gc.ca/300/3600/3602-eng.aspx.

पर्यवेक्षणकालागि स्वतन्त्र एवं प्रभावकारी संयन्त्रको आवश्यकतामा जोड दिएको छ ।[125] उदाहरणका लागि The European Code of Police Ethics ले “प्रहरी राज्य, नागरिक र उनीहरूका प्रतिनिधिप्रति जवाफदेही रहनु पर्ने र प्रहरीमाथि कुशल बाह्य नियन्त्रण हुनुपर्ने” कुरा व्यक्त गरेको छ ।[126] यसको धारामा व्यक्त गरिएका टिप्पणीले प्रहरी राज्यप्रति जवाफदेही हुनुपर्ने आवश्यकताको अलावा प्रहरीलाई जनताप्रति पनि प्रभावकारी रूपले जवाफदेही बनाउनका लागि एक बाह्य सार्वजनिक निकाय हुनुपर्ने कुरा निर्दिष्ट गरेको छ ।

प्रहरीमाथि पर्यवेक्षण गर्ने निकायलाई उजुरीउपर अनुसन्धान गर्नका लागि पर्याप्त अधिकार दिनुपर्छ र यसो गर्दा छानबिनका क्रममा प्रहरीसँग भएका सबै सान्दर्भिक सूचनामा उक्त निकायको पहुँच हुनुपर्छ भन्नेमात्र नभई[127] यस्ता निकायले उजुरीउपर प्रहरीका आन्तरिक प्रतिक्रियालाई प्रभावकारी रूपमा पर्यवेक्षण गर्ने अनि उजुरीकर्ताले उठाएका विशिष्ट सवालभन्दा पर जान सक्ने गहन प्रणालीगत विषयसँग सम्बन्धित छानबिन गर्ने अधिकारसमेत पाउनुपर्दछ भनी असल अभ्यासले पहिचान गरेका छन् ।[128]

---

[125] UN Guidelines for the Effective Implementation of the Code of Conduct for Law Enforcement Officials, endorsed by the UN General Assembly in Resolution 44/162 of December 15, 1989.

[126] European Code of Police Ethics, Recommendation Rec (2001)10 adopted by the Committee of Ministers of the Council of Europe on 19 September 2001, Article 59, available at: http://www.dcaf.ch/Publications/Publication-Detail?lng=en&id=95671.

[127] See for example, European Code of Police Ethics, Commentary to Article 59, p.42.

[128] Military Police Complaints Commission (Canada), 'International Standards for Police Oversight', available at: http://www.mpcc-cppm.gc.ca/300/3600/3602-eng.aspx. See also REDRESS, ‘Taking Complaints of Torture Seriously: Rights of Victims and Responsibilities of Authorities’ (September 2004) pp. 41-47, available at: http://www.redress.org/downloads/publications/Police Complaints.pdf.

यद्यपि सरकार र सरकारद्वारा निर्देशित सामान्य प्राथमिकताप्रति जवाफदेही भए तापनि आफूलाई तोकिएको कार्यसम्पादन गर्ने सन्दर्भमा प्रहरी राज्यका निकायबाट स्वतन्त्र हुनुपर्दछ ।[129]

सबै तहका प्रहरी कर्मचारी आफ्नो कार्य वा त्रुटि वा आदेशका लागि व्यक्तिगत रूपले आफ्नो मातहतको कर्मचारी प्रति जिम्मेवार र जवाफदेही रहनुपर्दछ ।[130]

## *प्रहरी ऐन*

प्रहरी ऐनले[131] यस्ता केही संयन्त्रहरू तोकेको छ जसअनुसार प्रहरी बल र प्रहरीका अधिकारी सरकार प्रति जवाफदेही बनाइएका छन् र आफ्नो दायित्व पूरा गर्न असफल रहेमा उनीहरूलाई नै जिम्मेवार बनाइएको छ । यस ऐनले प्रहरी बल नेपाल सरकारको अधीनस्थ हुने र प्रहरीलाई निर्देशन गर्ने अधिकार सरकारसँग नै हुने व्यवस्था गरेको छ ।[132] प्रहरीको प्रशासनिक व्यवस्थापनको जिम्मेवारी प्रहरी महानिरीक्षक र उनको मातहतका प्रहरीले पूरा गर्नुपर्ने ऐनमा उल्लेख गरिएको छ ।[133] प्रहरी महानिरीक्षकलगायत अन्य उच्च तहका प्रहरी अधिकृतलाई सरकारले बर्खास्त गर्नसक्ने छ ।[134]

यद्यपि प्रहरीले आफ्नो तोकिएको कार्य सम्पादन गर्दा उनीहरूको सञ्चालनसम्बन्धी कार्य नियन्त्रण गरिएको सुनिश्चित गर्ने कुनै पनि प्रावधान ऐनमा उल्लेख गरिएको छैन । जिल्लाका प्रहरी कर्मचारी प्रमुख जिल्ला अधिकारीको नियन्त्रण र निर्देशनमा हुन्छन् (जो आफै एउटा सरकारी कर्मचारी हुन्छ) र प्रजिअले दिएको

---

[129] See for example, Article 15 and the commentary to Article 60 of the European Code of Police Ethics (above n.126).

[130] See for example, Article 16 of the European Code of Police Ethics (above n.126).

[131] Police Act 2021 (1955).

[132] *Ibid.,* Section 4.

[133] *Ibid.*, Sections 5 and 6.

[134] *Ibid.*, Section 9(3).

आदेश तिनले मान्नैपर्दछ ।[135] निहित राजनीतिक स्वार्थ परिपूर्तिका लागि प्रहरी बलको दुरुपयोग गरिनु नेपालमा सुरक्षा बलको पेशागत स्वतन्त्रताका लागि ठूलो समस्याको रूपमा देखा पर्नुका साथै विशेष गरेर राजनीतिक स्वार्थद्वारा प्रभावित मुद्दामा हुने दण्डहीनतालाई संबोधन गर्न अवरोध पुगेको छ ।[136]

यसका अतिरिक्त सर्वसाधारणले उजुरी गर्न सक्ने खालको प्रहरीको विशेष पर्यवेक्षण गर्ने एउटा छुट्टै र स्वतन्त्र संयन्त्र पनि छैन । स्थानीय प्रशासन ऐनले प्रहरी कर्मचारी उपर लागेको उजुरीको छानबिन प्रजिअले गर्ने भनेको छ तर प्रजिअ आफैं पनि स्वतन्त्र हुँदैन किनकि जिल्लाको प्रहरी बल उसकै अधीनमा हुन्छ र प्रजिअ आफैं नै प्रहरीलाई निर्देशन दिन जिम्मेवार रहन्छ ।[137] प्रहरी आफैंले अधिकारको दुरुपयोग गर्दा वा अनुसन्धान प्रक्रिया अगाडि नबढाउँदा पीडितहरू न्यायका लागि राष्ट्रिय मानवअधिकार आयोग वा अदालतसमक्ष पुग्नुपर्दछ ।[138] प्रहरीको आचरणका सम्बन्धमा परेको थुप्रै उजुरीउपर राष्ट्रिय मानवअधिकार आयोगले छानबिन गरी धेरै मुद्दामा अनुशासनात्मक कारबाही वा फौजदारी

---

[135] *Ibid.*, Section 8.

[136] See Advocacy Forum, 'Torture and Extrajudicial Executions amid Widespread Violence in the Terai' (January 2010) p. 3, available at: http://www.advocacy forum.org/downloads/pdf/terai-report-english.pdf.

[137] Local Administration Act 2028 (1971), Section 7.

[138] Note also the existence of the 'Commission for the Investigation of the Abuse of Authority', also established under the Interim Constitution 2063 (2007) (Article 120). Its functions include investigating improper conduct or corruption by a person holding any public office (but excluding any official to be prosecuted under the Army Act). If its investigations reveal corruption it may initiate prosecution and/or sue the perpetrator in the courts. Where there is a finding that a person has misused his or her authority or by improper conduct it may recommend action by the relevant authorities. Most civil society organizations believed the CIAA is not an effective commission. The Commission itself claimed a 75 percent success rate concerning corruption cases it filed, but some cases involving politicians were not filed or were defeated in court. See http://www.state.gov/documents/organization/160061.pdf.

अभियोजनका सिफारिस गरे तापनि आयोगको सिफारिस समान रूपले कार्यान्वयन भएको छैन (यसका बारेमा तल बिस्तृत छलफल गरिएको छ) । प्रहरीलाई जाहेरी दर्ता गर्न र प्रत्यक्ष प्रमाण रहेको अवस्थामा अनुसन्धान अगाडि बढाउने आदेश दिन अदालत अपेक्षाकृत रूपले सक्रिय रहँदै आएको छ ।[139] यद्यपि यस्ता उपाय अवलम्बन गर्दा धेरै समय लाग्नसक्ने हुन्छ र अनुसन्धान अगाडि बढाउने आदेश आए तापनि प्रहरीले अदालतको त्यस्तो आदेशको पालना गर्दागर्दै धेरै मुद्दामा अत्यन्त ढिलो अनुसन्धान गर्ने गरेको पाइएको छ ।[140] यसका साथै उजुरीकर्ताको व्यक्तिगत चासोभन्दा पनि गहन मानिएको प्रणालीगत मुद्दाहरूलाई एक स्वतन्त्र पर्यवेक्षण संयन्त्रले जस्तो अदालतले हेर्न सक्दैन ।

प्रहरीले आफ्नो कर्तव्य निर्वाह नगरेमा वा अनुचित व्यवहार गरेमा अनुशासनात्मक कारबाही गर्न सकिने संयन्त्र प्रहरी ऐनले खडा गरेको भए तापनि उजुरी दर्ता नगरेको वा अनुसन्धान प्रक्रिया अगाडि नबढाएको कारण कुनै पनि प्रहरी अधिकृतलाई हालसम्म जवाफदेही बनाइएको छैन । अनुशासनात्मक कारबाही प्रहरीद्वारा हुने यातनाका आरोपलाई संबोधन गर्नका लागि संयन्त्रको विकल्पको रूपमा मात्र प्रयोग गरिएको छ जसको विस्तृत छलफल तल गरिएको छ ।

---

[139] 'Indifference to Duty' (2010) (above n.4), p. 28 – 33.

[140] See, for example, the case of Arjun Lama, referred to above at n.52; the case of Subhadra Chaulagain (described in 'Waiting for Justice' (2008), (above n.4), pp. 80-81): on 14 December 2009 the Supreme Court ordered the police and Attorney General's office to conduct a prompt investigation (Writ no. 064 WO 0339) but in the nearly two years following the only action taken has been recording depositions of three witnesses and a visit to the site (which was more than a year after the issuance of the order); and the case of Reena Rasaili: Advocacy Forum, 'AF raises concern to AG about lacklustre investigation into Reena murder case', http://www.advocacyforum.org/news/2011/07/af-raises-concern-to-ag-over-lackluster-investigation-in-reena-murder-case.php (see also the letter to the Attorney General of 5 July 2011 on Reena's case: http://www.advocacyforum.org/downloads/pdf/press-statement/letter-to-attorney-general-reena-english.pdf).

## ६

# राज्य पक्षबाट हुने मानवअधिकार उल्लंघनको परिस्थिति निर्माण गर्ने कानुन

यस भागले राज्यका निकायलाई व्यापक अधिकार दिएको कानुनको अवलोकन गरेको छ जसको प्रयोग भएको खण्डमा मानवअधिकारको उल्लंघन हुनजान्छ। मानवअधिकार उल्लंघनलाई स्वीकृति दिने खालको संरचना प्रदान गरेर यी कानुनले यस्ता उल्लंघनका घटनालाई वैधानिकता दिने र प्रोत्साहन गर्नेमात्र गरेको छैन बरु यस्ता अपराध अदण्डनीय हुने कुरा पनि सुनिश्चित गरेको छ।

यो समीक्षाले प्रस्तुत प्रतिवेदनको सीमासँग सान्दर्भिक विधेयकको दुई मुख्य क्षेत्रमा रहेको गम्भीर समस्यालाई देखाएको छ। विधेयकका ती दुई क्षेत्र हुन् : घातक बलको प्रयोग तथा स्वेच्छाचारी पक्राउ र थुना।

## *क. घातक बलको प्रयोग गर्नपाउने अधिकार*

गैरन्यायिक हत्या नेपालको गम्भीर समस्याका रूपमा रहेको छ। नेपाल अवस्थित मानवअधिकार उच्चायुक्तको कार्यालयले सन् २००८ जनवरी र २०१० जुनको बीचमा "३९ वटा घटनाको प्रतिवेदन प्राप्त गऱ्यो जसमा ५७ व्यक्तिको मृत्यु भएको थियो र जसमा गैरकानुनी ढङ्गले घातक बलको प्रयोग गरिएको आरोप छ।"[141]

[141] OHCHR-Nepal, 'Investigating Allegations of Extra-Judicial Killings in the Terai. OHCHR-Nepal Summary of Concerns' (July 2010) available at: http://nepal.

द्वन्द्वकालमा भएका यस्ता अभ्यासलाई सम्झँदा केही घटनालाई सुरक्षाफौज र सशस्त्र समूहका तथाकथित सदस्यबीचको "मुठभेड" भनिएको थियो जसमा पीडितहरू दोहोरो भिडन्तमा मारिन्थे ।[142] यस्ता मुद्दामा अन्तर्राष्ट्रिय मापदण्डको विरुद्ध बलको प्रयोग गरिएको प्रमाण हुन्छ (यसको विस्तृत व्याख्या तल गरिएको छ) तर शीघ्र, निष्पक्ष तथा स्वतन्त्र अनुसन्धान गर्ने निश्चित प्रावधानको अभावमा यस्ता हत्या दण्डहीनतापूर्वक गरिएको भन्ने ठहर हुन्छ ।[143]

अब्दुल उपनाम गरेको सहिद उल्लाह देवानलाई २०६६ कार्तिक ८ गते तीनजना प्रहरीले दिनदहाडै गोली हानेको मुद्दा यसको दृष्टान्त हो । प्रहरीले पीडित देवान मुठभेडमा मारिएको र आफूले प्रतिरक्षाको लागि गोली चलाएको दाबी गऱ्यो । यद्यपि त्यहाँ उपस्थित कयौं प्रत्यक्षदर्शीका अनुसार पीडित देवान निःशस्त्र थिए र उनको क्रूरतापूर्वक अनि सुनियोजित तवरले हत्या गरिएको थियो । प्रहरीले लासको वरिपरि पेस्तोल राखेको देखेको प्रत्यक्षदर्शीले बताए । सुरुमा जिल्ला प्रहरी कार्यालयले जाहेरी दरखास्त लिन मानेन र पुनरावेदन अदालतले जाहेरी दर्ता गरी अनुसन्धान अगाडि बढाउन आदेश दिएपश्चात् मात्र प्रहरीले जाहेरी दर्ता गऱ्यो । २०६६ पौष २१ को अदालतको आदेशदेखि नै हालसम्म यसमा कुनै अनुसन्धान भएको छैन ।[144] जिल्ला सरकारी वकिलले "अपर्याप्त मिसिल" (सम्भवतः जाहेरी दरखास्त र प्रहरीको सुरुवाती अनुसन्धान प्रतिवेदन) भन्दै बारम्बार यो मुद्दालाई अभियोजन गर्न अस्वीकार गऱ्यो । यो मुद्दालाई पुनरावेदन अदालतको महान्यायाधिवक्ताको कार्यालयमा लगेपछि उक्त कार्यालयले मुद्दा अदालतमा दर्ता गरी कारवाही अगाडि बढाउन जिल्ला सरकारी वकिललाई निर्देशन दियो । यो आदेशको सिधै अवज्ञा गर्दै

---

ohchr.org/en/resources/Documents/English/reports/HCR/Investigating%20Allegations%20of%20Extra-Judicial%20Killings%20in%20the%20Terai.pdf.

[142] See Advocacy Forum, 'Torture and Extrajudicial Executions amid widespread violence in the Terai', (above n.136), pp. 23-27.

[143] Advocacy Forum and Asian Human Rights Commission, 'Review of the UPR Recommendations-2 Extrajudicial Killings' (2 June 2011) available at: http://www.advocacyforum.org/news/2011/06/review-of-the-upr-recommendations-2-extrajudicial-killings.php.

[144] *Ibid.*

जिल्ला सरकारी वकिलले कारबाही प्रक्रिया सुरु नगर्ने स्वीकृति लिन महान्यायाधिवक्ताको कार्यालयमा पठाए। यसैबखत पीडितका बाबुलाई हत्यामा संलग्न भनी शंका गरिएको प्रहरी अधिकारीहरूले धम्क्याए। त्यसपछि २०६७ पौष ११ गते उनले प्रधानमन्त्रीसहित अन्य ११ वटा संघ संस्थामा उजुरी गरे। त्यसको लगत्तै प्रहरी सहायक निरीक्षकलाई रुपन्देही जिल्लाबाट सरुवा गरियो र विभागीय कारबाहीको प्रक्रिया सुरु भएको बताइयो तर अझै पनि न्यायिक अभियोजन हुने कुनै संकेत देखिएको छैन। अन्ततः २०६८ कार्तिक १ मा जिल्ला सरकारी वकीलले आफुलाई महान्यायाधिवक्ताको कार्यालयबाट अनुसन्धान अगाडि बढाउने निर्देशन प्राप्त भएको र जिल्ला प्रहरी कार्यालय रुपन्देहीलाई सोही अनुसार जानकारी दिएको बताए। हालसम्म पनि पीडितको परिवार मुद्दाको अभियोजन हुने बारेमा विश्वस्त नभएको बताउँछन्।

हत्याका अन्य घटना विधेयकद्वारा नै प्रदत्त घातक बलको प्रयोग गर्न पाउने व्यापक अधिकारबाट हुने गर्दछ जुन मानवअधिकार मापदण्ड र विशेषगरेर नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको विरुद्धमा रहेको छ। द्वन्द्वकालका दौरान र २०६२/०६३ को जनआन्दोलन नियन्त्रण गर्नका लागि यो अधिकारको व्यापक दुरुपयोग गरिएको थियो[145] तर हाल पनि अन्तर्राष्ट्रिय मापदण्डको स्पष्ट उल्लंघन गर्दै यस्ता अधिकारको दुरुपयोगको घटनाले निरन्तरता पाइरहेको छ। यस्तो दुरुपयोग विशेषगरेर तराई प्रदेशमा हुने गरेको छ जहाँ अल्पसंख्यक जातिहरूले उल्लेख्य रूपमा अशान्ति र विद्रोह मच्चाइरहेका छन्।

उदाहरणका लागि २०६६ श्रावण २ गते सप्तरी जिल्ला इटहरी गाविस ४ विष्णुपुरमा प्रर्दशनकारीहरूमाथि गोली चलाउँदा सशस्त्र प्रहरी बलका प्रहरी कर्मचारीले अखिलेन्द्र यादवलाई गोली हानी हत्या गर्‍यो र अन्य तीनजनालाई घाइते बनायो। प्रर्दशनकारीहरूले आफ्नो हतियार खोस्न लाग्दा गोली चलाउनु

[145] OHCHR-NEPAL, 'The April Protests. Democratic Rights and the Excessive Use of Force. Findings of OHCHR Nepal's Monitoring and Investigations' (September 2006), available at: http://nepal.ohchr.org/en/resources/Documents/English/reports/IR/Year2006/2006_09_21_OHCHR-Nepal.Report%20on%20The%20April%20Protests.pdf.

परेको दाबी सशस्त्र प्रहरी बलले गऱ्यो । तर यो कुराको खण्डन प्रदर्शनकारी र प्रत्यक्षदर्शीले गरेका छन् ।[146]

२०६५सालमा मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसिएचआर) ले तराई आन्दोलनका दौरान मारिएका ६ जना सर्वसाधारण (जसमा सबै पुरुष थिए) को मृत्युको अनुसन्धान गऱ्यो ।[147] सो घटनामा ५ जना व्यक्तिप्रहरीको गोली लागी र एक जना लट्ठीले हिर्काएर घाइते भएपश्चात् मृत्यु भएको कार्यालयको निष्कर्ष छ । प्रहरीको गोली लागी हत्या भएको धेरै मुद्दामा घातक बलको प्रयोगको औचित्य सिद्ध नभएको ओएचसिएचआरको प्रारम्भिक निष्कर्ष रहेको छ । प्रहरीको गोलीबाट घाइते भएका कम्तीमा पनि ३० जना सर्वसाधारणलाई अस्पतालमा उपचार गरिएको थियो र अधिकांश घाइतेहरूलाई घुँडाभन्दा माथि गोली लागेको थियो ।[148]

## *अन्तर्राष्ट्रिय मापदण्ड*

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा ६ ले बाँच्न पाउने अधिकारको प्रत्याभूति गरेको छ जसअनुसार "कुनै पनि व्यक्तिलाई स्वेच्छाचारी ढङ्गले उसको बाँच्न पाउने अधिकारबाट वञ्चित गरिने छैन" ।[149] अनुबन्धको धारा ६ को दायित्वलाई मानवअधिकार समितिले निम्नलिखित तरिकाले व्याख्या गरेको छ :

> आपराधिक कार्यबाट व्यक्तिको जीवनको अधिकारमा खलल पुऱ्याउने कार्यलाई रोक्नु र त्यस्तो कार्य गर्नेलाई सजाय दिनका लागि उपायहरू अवलम्बन गर्नेमात्र नभई पक्षराष्ट्रले आफ्नै सुरक्षा फौजबाट हुने स्वेच्छाचारी हत्यालाई पनि रोक्ने

---

[146] OHCHR-Nepal, 'Summary of the Human Rights Concerns Arising from the Terai Protests of 13-29 February 2008' (27 March 2008), available at: http://nepal.ohchr.org/en/resources/Documents/English/reports/HCR/2008_03_27_Terai_Protest_E.pdf.

[147] *Ibid.*: In Nepalgunj on 17 February, Siraha district on 19 February, Saptari district on 25 February (two persons), Nawalparasi district on 26 February and Sunsari district on 27 February.

[148] Advocacy Forum and Asian Human Rights Commission, 'Review of the UPR Recommendations-2 Extrajudicial Killings' (2011) (above n.143).

[149] ICCPR, Article 6(1).

> कदम चाल्नुपर्दछ। व्यक्तिलाई जीवनको अधिकारबाट राज्यका अधिकारीले नै वञ्चित गर्नु अति गम्भीर विषय हो। तसर्थ व्यक्तिलाई बाँच्नबाट वञ्चित गराउने परिस्थितिहरूलाई कानुनले कठोरतापूर्वक नियन्त्रण र सीमित पार्नुपर्दछ।[150]

प्रतिरोधका अन्य साधन प्रभावहीन भएमा वा आफ्नो अभीष्ट पूरा गर्ने कुनै मनसाय नराखिकन कानुन कार्यान्वयन गराउने कर्मचारीहरूलाई हतियार प्रयोग गर्ने अधिकार हुने कुरा अन्तर्राष्ट्रिय रूपमा स्वीकार गरिएको छ।[151] यद्यपि यस्तो अवस्था हतियार प्रयोग गर्दा उनीहरूले संयमता अपनाई समान ढङ्गले यसको प्रयोग गर्नुपर्दछ र त्यसको प्रयोगबाट हुने क्षति र आघातलाई न्यूनीकरण गर्दै घाइतेलाई चिकित्सा सेवा प्रदान र आवश्यक भएमा तत्काल उनीहरूको आफन्त वा साथीहरूलाई खबर गर्नुपर्दछ।[152] विशेष गरेर कानुन कार्यान्वयन गराउने अधिकारीहरूसँग मुठभेडको स्थिति रहेमा यसमा संलग्न व्यक्तिहरूलाई उचित चेतावनी दिई आत्मसमर्पण गर्ने अवसर दिनुपर्दछ वा उनीहरूलाई

---

[150]HRCtee, General Comment No. 6, Article 6, U.N. Doc. HRI/GEN/1/Rev.6 (2003). See also HRCtee, Husband of Maria Fanny Suarez de Guerrero v. Colombia, Communication No. R.11/45, U.N. Doc. Supp. No. 40 (A/37/40) at 137 (1982), para. 13.1.

[151] Basic Principles on the Use of Force and Firearms by Law Enforcement Officials, adopted by the 8th UN Congress on the Prevention of Crime and the Treatment of Offenders (1990), (Basic Principles on Use of Force and Firearms) at para. 4.

[152] Ibid., Principle 5. See also Article 3 and the Commentary to Article 3 of the UN Code of Conduct for Law Enforcement Officials. Adopted by General Assembly resolution 34/169 of 17 December 1979. Available at: http://www2.ohchr.org/english/law/codeofconduct.htm

Like Principle 5, Article 3 and the commentary emphasises that the use of force by law enforcement personnel should be reasonably necessary under the circumstances and must be proportionate. On proportionality, see also Communication No. 960/2000, ICCPR, A/58/40 vol. II (31 July 2003) 261 (CCPR/C/78/D/960/2000). Para. 9.4. Available at: http://www.bayefsky.com/html/germany_t5_iccpr_960_2000.php.

स्पष्टीकरण दिइनुपर्दछ ।[153] आन्तरिक राजनीतिक अस्थिरता वा अन्य आपतकालीन अवस्थाजस्ता असामान्य परिस्थितिलाई माथि उल्लेखित नियम र अभ्यासहरूको उल्लंघन हुनेगरी बल प्रयोगको औचित्य साबित गर्ने बहानाको रूपमा लिइनुहुँदैन ।[154]

हातहतियार प्रयोग गरिएको कुनै पनि घटनाको स्वतन्त्र रूपले समीक्षा गरिनुपर्दछ र यसको प्रयोगबाट कोही हताहत भएमा वा गम्भीर घाइते भएमा वा अन्य गम्भीर परिणाम भएमा घटनाको प्रशासनिक समीक्षा र न्यायिक नियन्त्रणका लागि यसको विस्तृत प्रतिवेदन तत्काल सम्बन्धित अधिकारीलाई पठाउनुपर्दछ ।[155] परिवारजन र विश्वसनीय प्रतिवेदनका आधारमा परेको उजुरीलगायत गैरन्यायिक हत्याका सम्पूर्ण शंकास्पद मुद्दाहरूको "विस्तृत, शीघ्र एवं निष्पक्ष" ढङ्गले छानबिन हुनुपर्दछ ।[156] यस्तो अनुसन्धानले मृत्युको कारण, कस्तो ढङ्गले मारिएको हो र कुन समयमा मारिएको हो, को जिम्मेवार छ र मार्नका लागि प्रयोग गरिएको कुनै अन्य तरिका वा प्रवृत्ति अपनाइएको भए त्यस्ता प्रवृत्तिहरू पत्ता लगाउनुपर्दछ ।[157] यसका अतिरिक्त यस्ता अनुसन्धानले शव परीक्षणको प्रतिवेदन, सम्पूर्ण भौतिक एवं कागजी प्रमाणको संकलन र विश्लेषण तथा साक्षीहरूको बयानजस्ता सम्पूर्ण प्रमाणहरू संलग्न गर्नुपर्दछ ।[158] पीडित र/वा उनीहरूको कानुनी सल्लाहकारलाई सम्बन्धित प्रशासनिक र न्यायिक कारबाहीमा सहज पहुँच प्रदान गर्नुपर्दछ ।[159]

---

[153] HRCtee, De Guerrero v. Colombia (above n.150), para. 13.2.

[154] Basic Principles on Use of Force and Firearms (above n.151), para. 8; UN Code of Conduct for Law Enforcement Officials, Articles 3, 5;ICCPR, Article 4; HRCtee, General Comment No. 29, States of Emergency,U.N. doc. CCPR/C/21/Rev.1/Add.11 (31 August 2001).

[155] *Ibid.,* at para. 22.

[156] *Ibid.,* para. 9.

[157] *Ibid.*

[158] *Ibid.* See also the 'Manual on the Effective Prevention and Investigation of Extra-Legal, Arbitrary and Summary Executions' adopted by the Economic and Social Council in its resolution 1989/65 of 24 May 1989, (known as the 'Minnesota Protocol') available at: http://www1.umn.edu/humanrts/instree/execution investigation-91.html.

[159] *Ibid.,* para. 23.

कानुन कार्यान्वयन गराउने अधिकारीहरूले स्वेच्छाचारी ढङ्गले बल र हातहतियारको प्रयोग गरेमा राष्ट्रिय कानुनअन्तर्गत त्यो फौजदारी अपराध हुने कुराको सुनिश्चितता राज्यले गर्नुपर्दछ ।[160]

## *विधेयकमा रहेका समस्या*

नेपालका अधिकांश कानुनले प्रहरी र अन्य अधिकारीलाई घातक बल प्रयोग गर्नसक्ने व्यापक अधिकार दिएको छ । माथि उल्लेखित अन्तर्राष्ट्रिय मापदण्ड अन्तर्गत यस्ता प्रावधानले धेरै समस्या खडा गरेको छ । यस्ता प्रावधानसँग सम्बन्धित विधेयकको अनुसूचीमा विस्तारपूर्वक छलफल गरिएको छ ।

### १. संकटकालीन अवस्थामा देख्नेबित्तिकै गोली हान्ने अधिकार

**स्थानीय प्रशासन ऐन**[161] अन्तर्गत केही निश्चित संकटकालीन अवस्थामा प्रहरीलाई सर्वसाधारण व्यक्तिलाई देख्ने बित्तिकै गोली हान्नसक्ने व्यापक अधिकार रहेको हुन्छ जुन अन्तर्राष्ट्रिय कानुनको विरुद्धमा छ किनकि अन्तर्राष्ट्रिय कानुनले त्यस्ता "असामान्य परिस्थिति" मा हातहतियारको प्रयोगसम्बन्धी सामान्य मापदण्डलाई उल्लंघन गर्ने कुनै प्रकारको छुट प्रदान गरेको छैन । कर्फ्यु लागेको अवस्थामा प्रजिअ (जसले जिल्लाको प्रहरी बललाई नियन्त्रण गर्दछ) ले "हिंसक प्रवृत्तिले कर्फ्यु उल्लंघन गर्ने जोकोहीलाई पनि" देख्नेबित्तिकै गोली हान्ने आदेश दिन सक्दछ ।[162] त्यसैगरी प्रजिअले कुनै पनि क्षेत्रलाई "दङ्गाप्रभावित क्षेत्र"भनी तोकेमा "उक्त क्षेत्रमा लुटमार गर्ने, घर वा पसल जलाउने वा सार्वजनिक सम्पत्ति नष्ट गर्ने वा अन्य प्रकारको हिंसात्मक वा विध्वंसकारी कार्य गर्ने" जो कोहीलाई पनि देख्नेबित्तिकै गोली हान्ने आदेश दिनसक्दछ ।[163] यी प्रावधानलाई

---

[160] *Ibid.,* para. 7.

[161] Local Administration Act 2028 (1971).

[162] *Ibid.,* Section 6A(4) (Curfew may be imposed).

[163] *Ibid.,* Section 6B(1)(b)(To declare a riot affected area).

चेतावनी दिने र गोली हान्नुपूर्व सामान्य बलको प्रयोग गर्ने र (चेतावनी दिएपश्चात् बलको प्रयोग गरिएमा) घुँडाभन्दा तल गोली हान्ने जस्ता ऐनका अन्य प्रावधानसँग तुलना गर्न सकिन्छ ।

यस्ता अधिकारले व्यक्तिको बाँच्न पाउने अधिकारको उल्लंघन गर्दछ । उदाहरणका लागि २०६४ फाल्गुण ५ गते बाँके जिल्लाका प्रजिअले दिएको कर्फ्युको आदेशले "सुरक्षार्थ खटिएका सुरक्षा फौजले कुनै पनि व्यक्तिलाई हिँडडुल गरेको देखेमा गोलीसमेत हान्न सक्ने" भन्ने कुरा व्यक्त गरेको थियो । त्यहि दिन गुल्जार खान नाम गरेको २४ वर्षीय मजदुरलाई नेपालगञ्जको गहसमणी क्षेत्रमा कर्फ्युको दौरान निधारमा गोलीहानी हत्या गरियो ।[164]

### २. सामान्य अपराधमा प्रशासनिक अधिकारीले घातक बल प्रयोग गर्न सक्ने अधिकार

घातक बलको प्रयोग गर्ने अधिकार केवल हिंसात्मक र विध्वंसकारी कार्य रोक्नका लागि मात्र सीमित रहेको छैन न त यो अधिकार प्रहरी अधिकृतहरूमा मात्र सीमित छ । **वन ऐन**ले जिल्ला वन अधिकृत र वन विभागका अन्य कर्मचारीलाई वन ऐनअन्तर्गतका कसुर (जो वनजङ्गलको संरक्षण र व्यवस्थापनसँग सम्बन्धित छ र जसले घाँस दाउरा संकलन गर्ने जस्ता कार्यलाई अपराधको रूपमा मानेको छ) रोक्नका लागि "आवश्यक बल" प्रयोग गर्न सक्ने अधिकार दिएको छ ।[165] ऐनअन्तर्गतको अपराधमा परेका आरोपीले पक्राउमा बाधा खडा गरेमा वा भाग्न खोजेमा वा वन अधिकारीहरूले आफ्नै प्राण जोखिममा रहेको महसुस गरेमा वन अधिकृतले निजलाई घुँडाभन्दा तल गोली हान्ने आदेश दिनसक्दछ ।[166] त्यसैगरी **राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तुसम्बन्धी ऐन**अन्तर्गत राष्ट्रिय निकुञ्ज तथा

---

[164] OHCHR-Nepal, 'Summary of human rights concerns arising from the Terai protests of 13 – 29 February 2008', (2008) p.5 (above n.146).

[165] Forest Act 2049 (1993), Section 55 (Necessary Action to be Taken to Prevent Offences). See also Section 15 (Force May be Used).

[166] *Ibid.*, Section 56 (Special Powers).

वन्यजन्तु आरक्षणका अधिकृतले पक्राउमा बाधा खडा गर्ने वा भाग्नखोज्ने आरोपीलाई गोली हान्न सक्दछन् र "यदि गोली लागी अपराधीको मृत्यु भएमा त्यसलाई अपराध मानिने छैन" ।[167]

उल्लेखित ऐनअन्तर्गतका कसुरमा अपराधीलाई भाग्नबाट रोक्न हातहतियारको प्रयोग गर्दा असङ्गत ढङ्गले बलको प्रयोग हुनसक्दछ । निषेधित क्षेत्रमा घाँसदाउरा संकलनजस्तो नितान्त हिंसारहित कार्यलाई पनि यस्ता कसुर मानिन्छन् । प्रहरी प्रशिक्षण र पर्यवेक्षणको संरचनाअन्तर्गत नपर्ने राज्यका यी अधिकारीलाई यस्तो अधिकार प्रदान गरिनु पनि आफैँमा समस्याग्रस्त छ र वन कार्यालयहरू ग्रामीण भेगमा हुने यथार्थलाई हेर्दा यस्ता अधिकारको दुरुपयोग हुने जोखिम झनै बढी हुन्छ । यस्ता चासोका विषय २०६६ फाल्गुणमा भएको एउटा घटनापछि बाहिर आयो जुन घटनामा ३ जना व्यक्ति (दुईजना महिला र एकजना १२ वर्षीया बालिका) लाई समूहगत रूपमा काउलो संकलन गर्न जाँदा बर्दिया राष्ट्रिय निकुञ्जमा वन र सेनाका अधिकारीले गोली प्रहार गरे । सेनाले उक्त समूह सशस्त्र भएको र अवैध सिकारमा संलग्न रहेको भने तापनि राष्ट्रिय मानवअधिकार आयोगको अनुसन्धानले ती तीनैजना महिलालाई टाढाबाट ढाडमा गोली हानिएको निष्कर्ष निकाल्यो ।[168] आयोगले यस घटनामा संलग्न १५ जना सेनाका कर्मचारीलगायत वन कार्यालयका सम्पूर्ण अधिकारीलाई कानुनी कारबाहीको सिफारिस गऱ्यो । यसमा संलग्न सेना र वन अधिकारीउपर कुनै अभियोग लगाइएको छैन बरु त्यो समूहमा रहेका अन्य व्यक्तिउपर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तुसम्बन्धी ऐनअन्तर्गत कसुरको अभियोग लगाइएको छ ।

[167] National Parks and Wildlife Conservation Act 2029 (1973), section 24(2).

[168] United States Bureau of Democracy, Human Rights and Labor, '2010 Human Rights Report: Nepal', 8 April 2011, available at: http://www.state.gov/g/drl/rls/hrrpt/2010/sca/154484.htm.

### ३. बल प्रयोगबाट मृत्यु हुँदा दिइने उन्मुक्ति

**राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तुसम्बन्धी ऐन** (माथि उल्लेख गरिएको)[169] र **आवश्यक वस्तु संरक्षण ऐन**[170] अन्तर्गतका प्रावधानले प्रदान गरेको अधिकारहरूको प्रयोग गर्दा कुनै व्यक्तिको मृत्यु भएमा यस्ता ऐनले अधिकार प्रयोग गर्ने अधिकारीहरूलाई विशेष उन्मुक्ति प्रदान गरेको छ। यसको विस्तृत छलफल अध्याय ८ मा गरिएको छ।

### ४. सकारात्मक सुरक्षाका उपायको अभाव

विधेयकमा केही सुरक्षाका उपाय प्रदान गरिएको भए तापनि (जस्तो कि **स्थानीय प्रशासन ऐन**मा उल्लेखित चेतावनी दिने र अघातक बलको प्रयोग गर्ने)[171] संलग्न सबैपक्षले त्यस्ता चेतावनी सुनेको र बुझेको सुनिश्चित गर्न राज्यका निकायले कुन उपाय अवलम्बन गर्ने भन्ने सम्बन्धमा विधेयकले केही भनेको छैन।

यससँग सम्बन्धित प्रावधानले घातक बलको प्रयोगसम्बन्धी प्रत्येक मुद्दाको बारेमा स्वतः जानकारी हुने कुनै प्रावधान राखेको छैन जसले गर्दा पीडितको सबैभन्दा नजिकको व्यक्तिलाई त्यस्तो अवस्थामा पीडितलाई सहयोग प्रदान गर्ने अवसर र घटनाको परिस्थितिबारे छानबिन गर्नबाट वञ्चित गरेको छ।

घातक बलको प्रयोग भएका सम्पूर्ण मुद्दामा शीघ्र, स्वतन्त्र एवं प्रभावकारी अनुसन्धान हुनुपर्ने कुनै स्पष्ट प्रावधान रहेको छैन। यसका अतिरिक्त विधेयकमा रहेका उन्मुक्तिका प्रावधानले यस्ता घटनामा यदि कुनै अनुसन्धान भएपनि त्यस्तो अनुसन्धानलाई पूर्णतः अर्थहीन बनाउँदछ।

## *ख. पक्राउ गर्ने र थुनामा राख्ने व्यापक अधिकार*

नेपालमा स्वेच्छाचारी पक्राउ र थुना व्यापक रूपमा हुनेगर्दछ र यसलाई रोक्ने कानुनी प्रावधानहरूको पालना गरिँदैन। तल उल्लेख गरिएअनुसार एड्भोकेसी

---

[169] National Parks and Wildlife Conservation Act 2029 (1973), Section 24(2).

[170] Essential Goods Protection Act 2012 (1955), Section 6.

[171] Local Administration Act 2028 (1971), For example, section 6(1).

फोरमले पक्राउ गरेको कारणको जानकारी नदिई व्यक्तिलाई पक्राउ गरेको धेरै मुद्दाको अभिलेखीकरण गरेको छ जसमा आरोपीलाई २४ घण्टाभित्र न्यायाधीशसमक्ष उपस्थित नगराई लामो समयसम्म पर्याप्त आधार नदिइकन पूर्पक्षका लागि थुनामा राख्ने गरिएको छ। एड्भोकेसी फोरमले सार्वजनिक अपराधमा पक्राउ परेका र वैधानिक राजनीतिक अधिकार उपभोग गर्नबाट रोक्नका लागि प्रशासनिक नजरबन्दमा परेका व्यक्तिका मुद्दाको अभिलेखीकरण गरेको छ। अनौपचारिक थुनास्थल लगायतका स्थानमा व्यक्तिहरूलाई सम्पर्कविहीन बनाएर थुन्ने बढ्दो प्रवृत्तिको बारेमा पनि एड्भोकेसी फोरमलाई जानकारी रहेको छ।

नेपालका धेरै ऐनले राज्यका निकायलाई पक्राउ र थुनाको व्यापक अधिकार प्रदान गरेको छ। यस्ता ऐनले अन्तर्राष्ट्रिय मानवअधिकारका मापदण्डले चाहेजस्तो कुनै सुरक्षाका उपाय प्रदान गरेको छैन। व्यक्तिलाई स्वेच्छाचारी ढङ्गले पक्राउ गर्न छुट दिएको प्रावधान मुख्य रूपले आइसिसिपिआरको धारा ९ को विरुद्ध छ।

## *अन्तर्राष्ट्रिय मापदण्ड*

आइसिसिपिआरको धारा ९ ले स्वेच्छाचारी पक्राउ र थुनाविरुद्धको अधिकार प्रदान गरेको छ। स्वतन्त्रता र सुरक्षाको अधिकारको प्रत्याभूति गरिएको भए तापनि आइसिसिपिआरको धारा ९ ले “कानुनद्वारा स्थापित कार्यविधिअनुसार र त्यस्तो आधारमा बाहेक कुनै पनि व्यक्तिलाई उसको स्वतन्त्रताबाट वञ्चित गरिनेछैन” भन्ने कुरा व्यक्त गरेको छ।[172]

आइसिसिपिआरको धारा ९(१) अन्तर्गत स्वेच्छाचारिताको निषेध कानुनसंगत ढङ्गले थुन्नुपर्ने प्रावधान भन्दा पनि व्यापक र विस्तृत छ। मानवअधिकार समितिले आइसिसिपिआरको यो धाराको व्याख्या व्यापक रूपमा गरिनुपर्ने कुरामा जोड दिएको छ जसमा अनुकूलता, “पूर्वकथनीयता र अपराध अनुसारको सजाय” जस्ता तत्व पनि समावेश होस्।[173] अर्को शब्दमा भन्नु पर्दा पक्राउ र हिरासतमा

---

[172] Local Administration Act 2028 (1971), For example, section 6(1).

[173] HRCtee, Mukong v. Cameroon, no. 458/1991, CCPR/C/51/D/458/1991 (21 July 1994), para. 9.8.

थुन्ने कार्यलाई स्वेच्छाचारी हुन नदिन यस्ता कार्य कानुनसंगत मात्र नभई परिस्थितिअनुसार आवश्यक र मुनासिब पनि हुनुपर्दछ ।[174]

स्वेच्छाचारी थुनासम्बन्धी कार्यदल (the Working Group on Arbitrary Detention) ले स्वेच्छाचारी थुनालाई तीन भागमा व्याख्या गरेको छ : १. स्वतन्त्रताबाट वञ्चित गरिएको पुष्टि गर्ने कुनै कानुनी आधार नभएमा २. वञ्चित पारिएको यस्तो अवस्था मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र र आइसिसिपिआरअन्तर्गत प्रत्याभूत गरिएका अधिकारको उपभोग गर्दा हुन गएमा वा ३. स्वतन्त्रताबाट वञ्चित पारिएको स्थिति स्वच्छ सुनुवाइको अधिकारअन्तर्गतको अन्तर्राष्ट्रिय मापदण्डको पूर्ण वा आंशिक रूपले पालना नगरिएको कारणले हुन गएमा ।[175]

## *विधेयकमा रहेका समस्या*

### १. पक्राउ पुर्जी नदिइकन गरिने पक्राउ

नेपालका धेरै कानुनले विना पक्राउ पुर्जी पक्राउ गर्नसक्ने व्यापक अधिकार प्रदान गरेको छ ।[176] उदाहरणका लागि**प्रहरी ऐन**ले थप सर्तविना नै प्रहरीलाई "कर्फ्युको समयमा शंकास्पद ढङ्गले हिड्ने व्यक्तिलाई" पक्राउ गर्ने छुट दिएको छ ।[177] केही परिस्थितिमा प्रहरी अधिकारीले कुनै व्यक्तिलाई पुर्जीविना नै पक्राउ गर्न उचित देखे तापनि अधिकारको दुरुपयोग हुनबाट रोक्नका निम्ति अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले केही निश्चित सुरक्षाका उपायको पालना गर्नुपर्ने दायित्व निर्धारण गरेको छ । उदाहरणका लागि पक्राउ गर्ने कारण उचित र आवश्यक

---

[174] HRCtee, Marinich v. Belarus, no. 1502/2006, CCPR/C/99/D/1502/2006 (16 July 2010), para. 10.4.

[175] See Working Group on Arbitrary Detention, Fact Sheet No.26, available at: http://www.ohchr.org/EN/PUBLICATIONSRESOURCES/Pages/FactSheets.aspx.

[176] See for example, Arms and Ammunition Act 2019 (1962), Section 5(2); Forest Act 2049 (1993), Section 59.

[177] Police Act 2012 (1955), Section 17(c) (Power of Police to Arrest without a Warrant).

रहेको सुनिश्चित गर्नका लागिव्यक्तिले अपराध गरेको वा गर्नलागेको भन्ने शंका गर्ने "मुनासिब" आधार हुनुपर्दछ ।

"पक्राउ गर्ने आधारको रूपमा रहनुपर्ने शंकाको "औचित्य" ले स्वेच्छाचारी पक्राउ र थुनाका विरुद्ध सुरक्षाको एक आवश्यक भागको निर्माण गर्दछ भन्ने ठहर युरोपेली अदालतको रहेको छ । शंकाको मुनासिब आधार देखाउनका लागि तथ्य वा सूचना हुनुपर्दछ जसले एक निष्पक्ष पर्यवेक्षकलाई सम्बन्धित व्यक्तिले अपराध गरेको हुनसक्ने कुराको चित्त बुझाउन सकोस्"। यद्यपि "जे कुरालाई "औचित्य" भनिएको छ त्यो सम्पूर्ण परिस्थितिमा भर पर्दछ" ।[178] **हातहतियार तथा खरखजाना ऐन,**[179] **स्थानीय प्रशासन ऐन,**[180] **वन ऐन,**[181] **राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन**[182] र **प्रहरी ऐन**[183] लगायतका विना पुर्जी पक्राउ गर्ने छुट दिने नेपाली कानुनले विना पुर्जी गरिने पक्राउ मुनासिब शंकाको आधारमा हुनुपर्दछ भन्ने उल्लेख गरेको छैन । न त यी कानुनले त्यस्तो पक्राउ परिस्थितिको आधारमा "आवश्यक"(उदाहरणका लागि कुनै अपराधमा संलग्न भनी शंका गरिएको व्यक्ति भाग्न सक्ने भन्ने मुनासिब आधार भएमा वा अपराध हुनबाट रोक्नका लागि) हुने कुरालाई नै उल्लेख गरेको छ ।[184]

आइसिसिपिआरको धारा ९ ले कार्यविधिगत सुरक्षा उपायको एउटा सूची प्रदान गरेको छ जसमा कुनै पनि स्वतन्त्रताबाट वञ्चित पारिएको कुराहरू पनि जोड्नुपर्दछ जसले गर्दा सो सूची आइसिसिपिआरअनुरूप हुनसकोस् । कुनै पनि

---

[178] ECtHR, Case of Fox, Campbell and Hartley v. the United Kingdom, (1991) 13 EHRR 157, [1990] ECHR 18, 13 EHRR 157, para. 32.

[179] Arms and Ammunition Act 2019 (1962), Sections 5(2) and 6(1).

[180] Local Administration Act 2028 (1971), Section 6B(1)(a).

[181] Forest Act 2049 (1993), Section 59.

[182] National Parks and Wildlife Conservation Act 2029 (1973), Section 24.

[183] Police Act 2012 (1955), Section 17 (Powers to Arrest without a warrant).

[184] See for example, the first requirement as set out in the Forest Act (section 59) and National Parks and Wildlife Act (section 17).

थुनुवालाई के कति कारणले र कुन अभियोगमा पक्राउ गरिएको भन्ने कुराको शीघ्र जानकारी दिइनुपर्दछ र निजलाई न्यायाधीशसमक्ष ल्याइनुपर्दछ ।[185]

## २. धरौटीको पक्षमा सम्भाव्यताको कमी

नेपालको कानुनले धरौटीको पक्षमा सामान्य पनि सम्भाव्यता प्रदान गरेको छैन् बरु यस्ता केही अपराध तोकेको छ जसको सम्भाव्यता कैद सजायँको पक्षमा छ ।[186] आरोपीलाई धरौटी प्रदान गर्न नेपालका अधिकारी अक्षम रहनुले (अदालत अनुसन्धानबाट सन्तुष्ट हुन्छ भन्ने मान्यता रहेकोले) अपराधमा आरोपित कुनै पनि व्यक्तिले हिरासतमा समय बिताउनैपर्ने हुन्छ । पूर्पक्षका लागि थुनामा बस्नैपर्ने कानुनी बाध्यता कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय विरुद्ध कमलेश द्विवेदीको मुद्दामा नेपालको सर्वोच्च अदालतले सुनाएको फैसलासँग विरोधाभासपूर्ण रहेको देखिन्छ ।[187] उक्त मुद्दामा सर्वोच्चले मानव बेचविखनसम्बन्धी ऐनमा शंकास्पद व्यक्तिको हकमा धरौटीको सम्भाव्यतालाई हटाउने प्रावधान असंवैधानिक रहेको निर्णय सुनायो ।[188] नेपालका अन्य कानुनको प्रावधानमा धरौटीको अधिकारलाई कानुनी रूपमा हटाउने कुरालाई यससँग तुलना गरेर हेर्ने हो भने त्यस्ता सबै प्रावधान असंवैधानिक हुन जान्छ र स्वेच्छाचारी थुनाको निषेध विरुद्ध हुन्छ ।

---

[185] Failure to do so within the period of seven days prompted the Human Rights Committee to establish violation of the detainee's rights under article 9 (2) and (3) of the ICCPR: HRCtee, Kurbanova v. Tajikistan, no. 1096/2002, CCPR/C/79/D/1096/2002 (6 November 2003), at para. 7.2.

[186] *Muluki Ain* 2020, Part 1, Section 118.

This is the pattern followed in the Criminal Procedure Code Bill (section 67) lodged with the Parliamentary Secretariat in January 2011, but not yet passed: see the Advocacy Forum/REDRESS submission on the draft, available at: http://www.redress.org/AFRedress_Report_on_Draft_Legislation.pdf. See also the State Cases Act 2049 (1992), Section 16(4).

[187] Supreme Court of Nepal (25 June 2009) Presiding justices: CJ Min Bahadur Rayamajhi and Justices Anup Raj Sharma and Sushila Karki.

[188] Human Trafficking and Transportation Control Act 2064 (2007), Section 8.

आइसिसिपिआरको धारा ९(३) ले "मुद्दाको सुनुवाइ पर्खेर बसेका व्यक्तिलाई हिरासतमा थुनेर राख्नु सामान्य नियम नहुने"[189] कुरा व्यक्त गरेको छ। मानवअधिकार समितिले "पूर्पक्षका लागि थुनामा राखिने कार्य अपवादात्मक र सकेसम्म छोटो हुनुपर्ने"[190] कुरा व्यक्त गरेको छ र धारा ९ अन्तर्गत अनुरूप हुने एकमात्र "पूर्पक्ष पूर्वको थुनामा राख्ने भनेको भाग्नबाट, प्रमाणहरूको हस्तक्षेप वा

[189] For the presumption of bail in domestic practice see, for instance, United Kingdom, Section 38(1) of the Police and Criminal Evidence Act (1984): once charged, a custody officer should release an individual on bail unless the custody officer reasonably believes that: there is doubt about the name and address given by the accused; the defendant will fail to appear in court to answer to bail; (in the case of an imprisonable offence) detention is necessary to prevent the accused from committing an offence; (in the case of a non-imprisonable offence), detention is necessary to prevent him from causing physical injury to any other person or damage/loss to property; the accused may interfere with the administration of justice or with the investigation; detention is necessary for protecting the accused. Canada: see Section 497 of the Criminal Procedure Code, which requires that an individual be released unless the peace officer reasonably believes "(a) that it is necessary in the public interest that the person be detained in custody or that the matter of their release from custody be dealt with under another provision of this Part, having regard to all the circumstances including the need to (i) establish the identity of the person, (ii) secure or preserve evidence of or relating to the offence, (iii) prevent the continuation or repetition of the offence or the commission of another offence, or (iv) ensure the safety and security of any victim of or witness to the offence; or (b) that if the person is released from custody, the person will fail to attend court in order to be dealt with according to law." United States of America, section 3142(e)(1) of the United States Code states that it is only where a judicial officer finds that no condition/combination of conditions can reasonably assure the appearance of the person and the safety of another person/community, that detention may be ordered.

[190] HRCtee, General Comment No. 8, Right to liberty and security of persons Article 9 (Sixteenth session, 1982), Compilation of General Comments and General Recommendations Adopted by Human Rights Treaty Bodies, U.N. Doc. HRI/GEN/1/Rev.6 at 130 (2003).

अपराधको पुनरावृत्ति हुनबाट रोक्न"[191] का लागि मात्र हुनुपर्ने निष्कर्ष समितिले निकालेको छ । राज्यले कसैलाई पूर्पक्ष पूर्वको थुनामा राख्नैपर्ने भएमा उल्लेखित कारणहरू शंका वा अनुमानको भरमा मात्र नभई वस्तुपरक रूपमा प्रमाणित गर्न सकिने तथ्यहरूमा आधारित हुनुपर्दछ ।[192]

**मुलुकी ऐन**, हाल संसद सचिवालयमा विचाराधीन रहेको **फौजदारी कार्यविधि संहिताको मस्यौदा,**[193] **हातहतियार तथा खरखजानासम्बन्धी ऐन**[194] र **वन ऐन**[195] लगायतका नेपालका कानुनमा रहेको थुनास्थलको पक्षमा कानुनी सम्भाव्यताको प्रावधानहरूलाई धरौटीको साटो सम्भाव्यता रहेको कुरा सुनिश्चित गर्नकालागि संशोधन गरिनुपर्दछ । यी उल्लेखित ऐनका बारेमा अनुसूची १ मा थप छलफल गरिएको छ ।

### ३. निवारक नजरबन्द

अस्पष्ट रूपमा व्याख्या गरिएको र व्यापक रूपले तयार पारिएका कानुनी प्रावधानमा दुरुपयोगका उल्लेख्य संभावना रहेका छन् जसअन्तर्गत कुनै पनि व्यक्तिलाई पक्राउ गरी "निवारक नजरबन्दमा" राख्न सकिन्छ ।

---

[191] HRCtee, Hugo van Alphen v. The Netherlands, no. 305/1988, CCPR/C/39/D/305/1988 (1990).

[192] HRCtee, Michael and Brian Hill v. Spain, no. 526/1993, CCPR/C/59/D/526/1993 (2 April 1997). In this case, Spain argued that the accused, who was a foreigner, would flee the jurisdiction, and thus bail was not granted. The Committee found a violation of Article 9(3): "it has provided no information on what this concern was based and why it could not be addressed by setting an appropriate sum of bail and other conditions of release. The mere conjecture of a State party that a foreigner might leave its jurisdiction if released on bail does not justify an exception to the rule laid down in article 9, paragraph 3, of the Covenant." Para. 12.3.

[193] Draft Criminal Procedure Code, Section 67.

[194] Arms and Ammunition Act 2019 (1962), Section 24(a).

[195] Forest Act 2049 (1993), Section 64.

यस्ता प्रावधान **सार्वजनिक सुरक्षा ऐन**[196] मा राखिएको छ । दफा ३.१ अन्तर्गत

> नेपालको सार्वजनिक शान्ति र सुव्यवस्था वा अखण्डता र सम्प्रभुतामा आँच आउने कार्य गरेको व्यक्तिलाई तत्काल रोक्नुपर्ने भन्ने मुनासिब र पर्याप्त आधार भेटिएमा स्थानीय अधिकारीले उक्त व्यक्तिलाई निश्चित समयका लागि निश्चित स्थानमा नजरबन्दमा राख्ने आदेश दिनसक्दछ ।[197]

*"नेपालको सार्वजनिक शान्ति र सुव्यवस्था वा अखण्डता र संप्रभुतामा आँच आउने कार्य"* भनेर कस्तो कार्यलाई इङ्गित गर्ने भन्नेबारे ऐनले केही व्याख्या गरेको छैन ।

विना अभियोग दर्ता गरी प्रजिअको आदेशमा ९० दिनसम्म कुनै पनि व्यक्तिलाई नजरबन्दमा राख्नसकिने प्रावधान ऐनले तोकेको छ । "सार्वजनिक शान्ति र सुव्यवस्था वा अखण्डता र सम्प्रभुता कायम राख्नका लागि" गृह मन्त्रालयको सहमतिमा यसलाई ६ महिनाको लागि बढाउन सकिन्छ र पछि यसलाई १२ महिनाका लागि थप गर्न पनि सम्भव हुन्छ ।[198] खराब नियतले गरिएको भन्ने प्रमाण रहेमा बाहेक ऐनअन्तर्गत दिइने यस्तो आदेशको विरुद्धमा कुनै पनि अदालतमा प्रश्न उठाउन पाइँदैन ।[199]

---

[196] Public Security Act 2046 (1989).

[197] Note also that Article 15 of the Interim Constitution 2063 (2007) provides that "No person shall be held under preventive detention unless there is a sufficient ground of existence of an immediate threat to the sovereignty, integrity or law and order situation of the Kingdom of Nepal".

[198] Public Security Act 2046 (1989), Section 5.

[199] *Ibid.*, Sections 11 and 12a.

उदाहरणका लागि यो प्रावधानको प्रयोग तिब्बतीहरूलाई प्रर्दशन गर्न र तिब्बती समारोहमा भाग लिन रोक्नका लागि प्रयोग गरिएको छ ।[200] थुनामा परेका कमैलाई मात्र कुनै अपराधमा अभियोग लगाइएको छ ।[201]

चाहे त्यो अदालतको आदेश नै किन नहोस्, नजरबन्द गर्न सकिने प्रावधानले कुनै पनि व्यक्तिको व्यक्तिगत स्वतन्त्रताको अधिकारमा गम्भीर आघात पुग्ने भएकोले मानवअधिकारको क्षेत्रमा यसले गम्भीर समस्या सिर्जना गरेको छ । यस्तो तवरले गरिने थुना अपवादात्मक हुनुपर्ने र यससन्दर्भमा कडा सुरक्षाका उपाय हुनुपर्दछ ।[202] यसको आदेश अदालतले नदिई प्रशासनिक संयन्त्रले दिएमा यसले झन् ठूलो समस्या सिर्जना गर्दछ । आतंकवादको प्रतिकार गर्दा मानवअधिकार र मौलिक स्वतन्त्रताको संरक्षण र प्रवर्द्धनका लागि विशेष प्रतिवेदकले (the Special Rapporteur on the Promotion and Protection of Human Rights and Fundamental Freedoms while Countering Terrorism) यस्ताखाले थुनाको वैधता र औचित्यको आवधिक र स्वतन्त्र समीक्षाविना नै रोकथामको नाममा कुनै पनि व्यक्तिलाई "*प्रशासनिक थुनामा*" राखिनु अन्तर्राष्ट्रिय मानवअधिकार कानुनसँग असङ्गत रहेको विशेष रूपले जोड दिएको छ ।[203]

---

[200] See, eg. Amnesty International (2011) 'Nepal: Respect Basic Freedoms during Tibetan Holiday Season' (9 March 2011), available at: http://www.amnesty.org/ en/library/asset/ASA31/002/2011/ne/66eebe71-49c5-46ae-a201-00fe0a274c34/asa310022011en.html; Human Rights Watch, 'Appeasing China Restricting the Rights of Tibetans in Nepal' (2008), available at: http://www.hrw. org/en/node/62105/section/7#_ftn73.

[201] *Ibid.*, Human Rights Watch 'Appeasing China Restricting the Rights of Tibetans in Nepal', Part IV.

[202] See,HRCtee, General Comment No. 8 (above n.190).

[203] Report of the UN Special Rapporteur on the Promotion and Protection of Human Rights and Fundamental Freedoms while Countering Terrorism to the Tenth Session of the UN Human Rights Council, A/HRC/10/3 (2008), at para. 38, available at: http://daccess-ods.un.org/TMP/6930503.html.

माथि व्याख्या गरिएजस्तो राष्ट्रिय कानुनअन्तर्गत वैध वा उचित मानिएको पक्राउ वा थुना अन्तर्राष्ट्रिय मापदण्डअन्तर्गत स्वेच्छाचारी हुनसक्दछ । यस्तो अवस्था त्यतिबेला हुन्छ जब कुनै व्यक्तिलाई पक्राउ गरिएको कानुन अस्पष्ट, अति व्यापक वा अन्य मौलिक अधिकारको उल्लंघनका लागि प्रयोग गरिएको हुन्छ (जस्तो कि विचार अभिव्यक्तिको स्वतन्त्रताको अधिकार) । सार्वजनिक सुरक्षा ऐनको दफा ३ यी श्रेणीमध्ये एउटामा पर्दछ ।

निवारक नजरबन्दको आदेशलाई कुनै पनि अदालतले समीक्षा नगर्ने भनी ऐनले उल्लेख गरेको भए तापनि अन्तरिम संविधानको धारा २५ ले केही संरक्षण प्रदान गरेको छ । यो धाराले "नेपाल राज्यको सार्वभौमसत्ता र अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिनेछैन" भन्ने कुरा व्यक्त गरेको छ । यसले सर्वोच्च अदालतलाई बन्दी प्रत्यक्षीकरणको निवेदनमार्फत यस्ता आदेशको पर्यवेक्षण गर्ने छुट दिएको छ जसले गर्दा यस्तो आदेशको प्रयोगले संवैधानिक आवश्यकता पूरा नगरेको अदालतले धेरै पटक भेटेको छ ।[204]

### ४. अभियोगविनाको थुना

नेपालका अन्य कानुनले कुनै औपचारिक अभियोग दर्ता नगरी अनुसन्धान भइरहँदा लामो समयसम्म व्यक्तिलाई थुनामा राख्न सकिने प्रावधान दिएको छ । **सरकारी मुद्दासम्बन्धी ऐन**[205] (जसअन्तर्गत ज्यानसम्बन्धी, जबर्जस्ती करणी, जासुसी, बेचबिखन, लागुऔषधसम्बन्धी अपराध र जालसाजी संलग्न रहेको) अन्तर्गतका अपराधमा आरोपितलाई अदालतको स्वीकृतिमा २५ दिनसम्म

[204] Sambhu Thapa on behalf of Rajendra Rai, v Tulsi Giri, the Vice Chairman of the Council of Ministers et. al, Habeas Corpus, 2062/2/6/6, Supreme Court Bulletin, Year 14, No. 3, Page 7, Nepal Law Magazine, 2062, No. 4, Decision No. 7521, page 425, and Raju Thapa on behalf of Gagan Kumar Thapa, v. Ministry of Home Affairs, 2062/2/10/3 et. al., Supreme Court Bulletin, Year 14, No. 3, Page 12.

[205] State Cases Act 2049 (1992).

अनुसन्धानका लागि थुनामा राख्नसकिन्छ ।[206] यो प्रावधान केही निश्चित परिस्थितिमा अन्य धेरै कानुनसँग बाझिएको छ । उदाहरणका लागि **लागुपदार्थ (नियन्त्रण) ऐन** (the Narcotic Drugs Control Act) ले तीन महिनासम्म थुनामा राख्न सकिने प्रावधान तोकेको छ ।[207] **सार्वजनिक अपराध ऐन**ले शान्तिमा खलल पुऱ्याउने, तोडफोड, दङ्गा मच्चाउने वा झैझगडा गर्नेजस्ता अपराधको व्याख्या गरेको छ जसअन्तर्गत व्यक्तिलाई (प्रजिअको स्वीकृतिमा) अनुसन्धानका लागि ३५ दिनसम्म थुनामा राख्नसकिन्छ ।[208] यसको विपरीत अन्य राष्ट्रको तुलनात्मक अभ्यासले के कुरा देखाउँदछ भने गैरआतंककारी अपराधमा विना अभियोग कुनै पनि व्यक्तिलाई सामान्यतया तीन दिन वा त्योभन्दा कममात्र थुनामा राख्न मिल्दछ ।[209]

---

[206] *Ibid.*, section 15(4), although the accused must be brought before the court within 24 hours of arrest, at which time the charge must be stated: section 15(2).

[207] Narcotic Drugs (Control) Act 2033 (1976), Section 22C.

[208] Public Offences (and Punishment) Act 2027 (1970), Section 4. Although the Courts have clarified that a Chief District Officer may not detain a person for more than seven days before filing the charge-sheet without "reasonable grounds": See Government of Nepal v Shanmbu Yadav, referred to in International Legal Foundation – Nepal, 'Case Notes – Fall 2010', p. 1, available at: http://theilf.org/wp-content/uploads/2011/07/ILF-Nepal-Case-Notes-Fall-2010.pdf.

[209] See, eg. United Kingdom: Police and Criminal Evidence Act 1984, sections 41-43 (normal period 24 hours, 36 hours for indictable offences, with an extension of a further 36 hours possible upon the order of a magistrate). See the comparative review of pre-trial detention periods conducted by Liberty which shows the following limitations for non-terrorism related offences: United States of America (48 hours); New Zealand (longer than 48 hours would not be considered 'prompt'); Germany (48 hours); France (24 hours, extension of further 24 hours possible with written authorisation of District Prosecutor); Italy (4 days); Spain (3 days); Denmark (3 days); Norway (3 days); Russia (5 days): Liberty, 'Terrorism Pre-Charge Detention Comparative Law Study', July 2010, available at: http://www.liberty-human-rights.org.uk/policy/reports/comparative-law-study-2010-pre-charge-detention.pdf.

अन्तरिम संविधानअन्तर्गत कुनै पनि व्यक्तिलाई उनीहरू तत्काल पक्राउ भएको कारणको सूचना दिई पक्राउ गरिएको २४ घण्टाभित्र (बाटोको म्याद बाहेक) मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्दछ।[210] यद्यपि यस्ता सुरक्षाका उपाय नियमित रूपमा पालना गरिँदैन[211] र पक्राउको पर्याप्त आधार रहेको अनियस्तो किसिमको थुनालाई चुनौती दिन थुनामा परेको व्यक्तिलाई आफू थुनामा पर्नुको पर्याप्त ज्ञान भएको व्यवहारमा सुनिश्चित गर्नका लागिशीघ्र औपचारिक अभियोग दर्ता गर्नुपर्दछ। प्रहरी हिरासतमा लामो समयसम्म कुनै पनि व्यक्तिलाई थुनेर राख्दा औपचारिक अभियोग दर्ताका लागि पर्याप्त प्रमाण प्राप्त गर्न थुनुवामाथि यातना हुने खतरा बढ्नसक्छ।

पूर्पक्षका लागि अत्यधिक लामो समयसम्म थुनामा राख्नसकिने प्रावधानहरू आइसिसिपिआरको धारा ९(२) अन्तर्गतका आवश्यकताको विरुद्धमा रहेका छन् जसअनुसार "पक्राउ गरिएको कुनै पनि व्यक्तिलाई पक्राउ परेको समयमा नै पक्राउ भएको कारणको सूचना दिने र निजविरुद्ध रहेको कुनै पनि अभियोगको बारेमा उसलाई सूचना दिइने छ"। "फौजदारी अभियोगमा शीघ्र सूचनाको प्रावधान राख्नुको एउटा प्रमुख कारण थुनामा राखिएको व्यक्तिले सक्षम न्यायिक

---

[210] Interim Constitution 2063 (2007), Article 24. As mentioned above, this is also required by some acts for crimes charged under them including the State Cases Act 2049 (1992), section 15, by which a person must be brought before the Court within 24 hours (at which the charge must be stated) in order to remain in detention pending investigation.

[211] Advocacy Forum and REDRESS, 'Review of the implementation of recommendations made by the Special Rapporteur on Torture, Manfred Nowak, after his visit to Nepal in 2005' (September 2010), available at: http://www.advocacyforum.org/downloads/pdf/publications/Submission-to-UN-Special-Rapporteur-on-Torture-2010.pdf. For an in-depth examination of these problems see also Advocacy Forum's forthcoming report on the right to a fair trial in Nepal. See also, eg. Government of Nepal v Sita Ram Yadav, referred to International Legal Foundation-Nepal, 'Case Notes – Spring 2011', p.3 available at: http://theilf.org/wp-content/uploads/2011/09/ILF-N_Case_Notes_Spring2011.pdf.

अधिकारीबाटआफ्नो थुनाको वैधताको शीघ्र निर्णयको अनुरोध गर्नसकोस् भन्नका लागि हो"[212] भनी मानवअधिकार समितिले जोड दिएको छ।

प्रहरीले पनि सार्वजनिक अपराध ऐनअन्तर्गतका अपराधमा नागरिकहरूलाई बारम्बार पक्राउ गरी अभियोगविना नै उनीहरूलाई छोटो समयका लागि थुन्ने गरेको छ।[213] यस्ता प्रावधानसँग विचार र अभिव्यक्तिको स्वतन्त्रता र विना हातहतियार शान्तिपूर्वक भेला हुनपाउने स्वतन्त्रता जस्ता वैधानिक अधिकारहरूको उपभोगलाई कुंठित गर्नसक्ने क्षमता रहेको हुन्छ। उदाहरणका लागि२०६५ वैशाखमा निर्वासित तिब्बतीहरूले निकालेको विरोधजुलुसका दौरान विभिन्न स्थानमा सयौंको संख्यामा तिब्बतीहरूलाई थुनामा राखियो जसमा धेरैलाई रातभर थुनियो। केहीलाई सार्वजनिक स्थानमा बाधा पुऱ्याएको कसुर लगाइयो भने अन्य केहीलाई विनाअभियोग नै रिहा गरियो।[214]

## ५. दमनकारी र व्यापक रूपले मस्यौदा तयार पारिएको फौजदारी कसुर

फौजदारी कसुरका तत्वहरू सम्भव भएसम्म स्पष्ट र सटीक हुनुपर्ने कुरा फौजदारी कानुनको विशेषता हो। न्यायका लागि यो कुरा अपरिहार्य छ जसको कारणले कानुनको पालना गर्नका लागि के गर्नुपर्दछ भन्ने कुरा जो कोहीले पनि बुझ्न सकून्। यो सिद्धान्तले स्वेच्छाचारी पक्राउ र थुनाविरुद्ध व्यक्तिलाई संरक्षण पनि गर्दछ किनकि विधेयकमा रहेका अपराधको अति व्यापक परिभाषालाई आधार बनाएर यस्ता अपराध भएको शंकाको आधारमा राज्यका निकायले व्यक्तिहरूको स्वतन्त्रताको अधिकार उल्लंघन गर्दै उनीहरूलाई स्वेच्छाचारी ढङ्गले थुन्न सक्दछ।

---

[212] HRCtee, Barrington Campbell v. Jamaica, no. 618/1995, CCPR/C/64/D/618/1995 (1998), para. 6.3.

[213] United States Bureau of Democracy, Human Rights and Labor, '2010 Human Rights Report: Nepal', 8 April 2011, available at: http://www.state.gov/g/drl/rls/hrrpt/2010/sca/154484.htm.

[214] Human Rights Watch, 'Nepal: Stop Illegally Detaining Tibetans', 20 April 2008, available at: http://www.hrw.org/news/2008/04/19/nepal-stop-illegally-detaining-tibetans.

अपराधको यस्तै अति व्यापक परिभाषाको उदाहरण **राज्यविरुद्धको अपराध तथा सजाय ऐन**[215] मा (Crime Against the State and Punishment Act) पाउन सकिन्छ। ऐनको दफा ३(१) ले "नेपालको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकतामा खलल पार्ने नियतले कुनै अव्यवस्था उत्पन्न गरेमा वा सो गर्ने उद्योग गर्ने" कुनै पनि व्यक्तिलाई जन्मकैद हुने प्रावधान तोकेको छ।

राज्यलाई संरक्षण गर्नका लागि तोकिएका फौजदारी अपराध अधिकांश फौजदारी कानुनका भाग हुन्। यद्यपि नेपाली कानुनमा यसको व्यापक सीमारा खिनुले यस्ता अपराध दुरुपयोग हुने शंकाको सिर्जना हुन्छ। दफा ३(१) को सीमा अत्यधिक फराकिलो छ किनकि यसले विचार र अभिव्यक्तिको स्वतन्त्रताबाट संरक्षित अल्पसंख्यकको अधिकारको माग वा व्यापक स्वायत्तताको मागजस्ता शान्तिपूर्वक गरिने कार्यलाई पनि ओगट्दछ। *"नेपालको सार्वभौमसत्ता, अखण्डता र राष्ट्रिय एकतामा खलल पार्ने"* भन्ने वाक्यांशले कस्तो प्रकारका कार्यलाई भन्न खोजिएको हो भन्ने पर्याप्त सूक्ष्मताका साथ इङ्गित गरेको छैन। यस्ता कार्यले हुने जन्मकैदलाई हेर्ने हो भने शान्तिपूर्वक गरिने राजनीतिक क्रियाकलापलाई यस प्रावधानले प्रतिरोध गर्ने जोखिम रहन्छ।

संविधानले राज्यलाई पर्याप्त आधार नभइकन कुनै पनि व्यक्तिलाई थुन्ने स्वतन्त्रता नदिएको तथ्यलाई हृदयंगम गरी यस्ता प्रावधानअन्तर्गत लगाइने आरोपलाई सीमित पारिनुपर्दछ भन्ने ठहर नेपालको सर्वोच्च अदालतले गरेको छ।[216]

यस्ता अपराधमा कुनै व्यक्तिलाई दोषी ठहर गरी उसलाई अभियोजन गरिएमा अपराधको रूपमा निर्धारण नगरिएको कार्यका लागि कुनै पनि व्यक्तिलाई सजाय नदिइने सिद्धान्तको छुट्टै उल्लंघन हुने देखिन्छ। फौजदारी कानुन विद्यमान नरहेको अवस्थामा अपराध हुँदैन, सजायसमेत हुँदैन ***(nullum crimen sine lege; nulla poena sine lege)*** भन्ने सिद्धान्त आइसिसिपिआरको धारा १५ मा

---

[215] Crime Against the State and Punishment Act 2046 (1989).

[216] Krishna Dhwaj Khadka vs. Law and Justice Ministry, Nepal Law Reporter 2055, p. 195, Verdict no. 6530; Rohini Prasad Devkota versus Home Ministry, Nepal Law Reporter 2057, p. 580, Verdict no. 6925.

प्रतिस्थापित गरिएको छ(र यसलाई **नागरिक अधिकार ऐन**को दफा १५ र **अन्तरिम संविधान**को धारा २४(४) द्वारा नेपालको विधेयकमा पनि प्रतिस्थापित गरिएको छ) ।यस्तै दायित्वको व्याख्या गर्ने सन्दर्भमा मानवअधिकारको अमेरिकी महासन्धि[217] (the American Convention of Human Rights) र मानवअधिकारसम्बन्धी अन्तरअमेरिकी अदालत (the Inter-American Court of Human Rights) ले "अपराधको वर्गीकरण र व्याख्या सटीक र स्पष्ट भाषामा गरिनुपर्दछ जसले दण्डनीय आपराधको व्याख्या होसियारीपूर्वक अत्यन्त नजिकबाट गरेको होस्"[218] भन्ने कुरा व्यक्त गारेको छ। दुईवटा कारणले गर्दा भाषागत स्पष्टता हुनु जरुरी छ : पहिलो, नागरिकहरूलाई उनीहरूको आचरण नियन्त्रण गर्न[219] र दोस्रो, मानवअधिकार उपभोगमा नकारात्मक असर नपरोस् भन्नका लागि राज्यले कानुनको दुरुपयोग गर्ने सम्भावना न्यूनीकरण गर्न। आइसिसिपिआरको धारा १५ सार्वजनिक संकटकालका बखत पनि अहरणीय हुन्छ।[220]

२०६३ सालभन्दा अगाडि राज्यविरुद्ध परेका अपराधका आरोप बारम्बार माओवादीको भ्रातृ संगठनका (जस्तै महिला, विद्यार्थी र बौद्धिक) सदस्यहरूलाई थुन्नका लागि केन्द्रित रह्यो। **आतंककारी तथा विध्वंसात्मक क्रियाकलाप (नियन्त्रण तथा सजाय) ऐन** (जुन हाल निष्क्रिय छ) अन्तर्गतका कुनै पनि

---

[217] American Convention on Human Rights, Article 9 - Freedom from Ex Post Facto Laws: No one shall be convicted of any act or omission that did not constitute a criminal offense, under the applicable law, at the time it was committed. A heavier penalty shall not be imposed than the one that was applicable at the time the criminal offense was committed. If subsequent to the commission of the offense the law provides for the imposition of a lighter punishment, the guilty person shall benefit therefrom. American Convention on Human Rights available at: http://www.cidh.oas.org/Basicos/English/Basic3.American Convention.htm.

[218] IACtHR, Castillo Petruzzi v Peru (Judgment of May 30th 1999), para. 121.

[219] European Commission of Human Rights, G v Federal Republic of Germany, 6 March 1989 (1989) 60 DR 256, 262 from UK Law Commission report entitled Legislating the Criminal Code: Corruption (LC248), published 03/03/1998. Available at: http://www.lawcom.gov.uk/lc_reports.htm.

[220] ICCPR, Article 4(2).

अभियोगविना सुरक्षाफौजले पक्राउ र थुन्ने कार्य बारम्बार गरेको थियो ।[221] **राज्यविरुद्धको अपराध तथा सजाय ऐन**अन्तर्गत अभियोजन गरिएका मुद्दालाई विभिन्न कार्यसँग जोडेर ल्याइयो जसमध्ये अधिकांश मुद्दा सोझै विचार र अभिव्यक्तिको स्वतन्त्रता र राजनीतिक संलग्नताको वैधानिक उपभोगअन्तर्गत पर्‍यो ।[222] दुरुपयोगका लागि खुल्ला रहेको र अन्तर्राष्ट्रिय मानवअधिकारको कानुनसँग असङ्गत रहेका यस्ता प्रावधानहरू लोकतान्त्रिक नेपालबाट हटाइनुपर्दछ ।

## ६. हिरासतसम्बन्धी अपूर्ण सुरक्षाका उपाय

नेपालको कानुनले आफू पक्राउ भएको कारणसहितको सूचना पक्राउ परेको व्यक्तिलाई तत्काल दिने,[223] २४ घण्टाभित्र उनीहरूलाई मुद्दा हेर्ने अधिकारी(चाहे ऊ प्रजिअ होस् वा न्यायाधीश) समक्ष उपस्थित गराइनुर्पे[224] र थुनामा राखिएका व्यक्तिको रेकर्ड राखिनुपर्ने[225] जस्ता स्वेच्छाचारी पक्राउ र थुनालाई निषेध गर्ने खालको सुरक्षाका उपाय प्रदान गरेको छ । यद्यपि एड्भोकेसी फोरमले आफ्नो

---

[221] Terrorism and Disruptive Activities (Control and Punishment) Act 2058 (2002).

[222] See Amnesty International, 'Nepal: A spiralling human rights crisis', (2002), pp. 35-36 (above n.7).

[223] Interim Constitution 2063 (2007), Article 24(1).

[224] *Ibid*. Article 24(3); See also eg. Forest Act 2049 (1993), Section 59; State Cases Act 2042 (1992), Section 15(2).

[225] Police Act 2021 (1955), Section 23.

[226] Advocacy Forum and REDRESS, 'Review of the implementation of recommendations made by the Special Rapporteur on Torture, Manfred Nowak, after his visit to Nepal in 2005' (2010) (above n.211). See also UNHRC 'Report of the Special Rapporteur on torture and other cruel, inhuman or degrading treatment or punishment, Manfred Nowak' (18 February 2008) A/HRC/7/3/Add.2 para. 458: "in practice many detainees do not have immediate access to lawyers, and the 24-hour period for presentation before a judge is often not respected".

पहिलाको प्रतिवेदनमा व्याख्या गरेजस्तो यी सुरक्षाका उपायको लगातार उपेक्षा गरिएको छ ।[226]

कार्यविधिगत कानुनसँग असङ्गत रहने प्रावधानले कानुनलाई "बंग्याउन" सक्ने, आरोपीमाथि यातना हुनसक्ने जोखिमलाई बढाउनसक्ने र कानुन कार्यान्वयनमा दण्डहीनताको संस्कृतिलाई टेवा दिनसक्दछ ।[227] यस्ता कार्यविधिगत सुरक्षाउपायको विस्तृत समीक्षा प्रस्तुत प्रतिवेदनको क्षेत्रभन्दा पर रहेको भए तापनि विधेयकमा रहेका अभ्यासरत सुरक्षाका उपायको समीक्षा गरी आवश्यक देखिएमा त्यसलाई मजबुत बनाइनु पर्दछ ।

यस सन्दर्भमा भएको एउटा महत्वपूर्ण र सकारात्मक विकास भनेको फौजदारी कार्यविधि संहिताको मस्यौदामा कानुनले तोकेबमोजिमको अवस्थामा बाहेक कुनै पनि व्यक्तिलाई थुनामा राखिने कार्यलाई अपराधको रूपमा स्थापित गरिएको प्रावधान समावेश गरिनु हो ।[228] कानुनले उल्लेख गरेको यो प्रावधानको पालना नगर्ने अधिकारीहरूलाई व्यवहारमा अभियोजन गर्न सकिने कुरालाई यसले पनि सबल पार्नुपर्दछ ।

## ग. न्यायिक र कार्यकारी शाखाहरूलाई पृथक गर्न असफल हुनु

नेपालको अधिकांश विधेयकले सरकारको निर्देशनमा प्रशासनिक अधिकारीहरूलाई थुनाको समीक्षा गर्ने र फौजदारी मुद्दाहरूको सुनुवाइ गर्ने अधिकार दिएको यथार्थता अर्को चिन्ताको विषय हो । विधेयकका यस्ता प्रावधानले स्वेच्छाचारी पक्राउ र थुनाविरुद्धको स्वतन्त्रता र स्वच्छ सुनुवाइको अधिकार दुवैलाई आघात

[227] See, inter alia, 'Indifference to Duty' (2010) (above n.4); Advocacy Forum and REDRESS, 'Review of the implementation of recommendations made by the Special Rapporteur on Torture, Manfred Nowak, after his visit to Nepal in 2005' (2010) (above n.211).

[228] Draft Criminal Code, Section 195.

[229] *Advocacy Forum v Ministry of Home Affairs, Secretariat of the Prime Minister and Ministry of Law and Justice*, Judgment of Supreme Court Justices Kalyan Shrestha, Girish Chandra Lal and Sushila Karki, 22 September 2011.

पुऱ्याउँदछ र हालसालै सर्वोच्च अदालतले यस्ता प्रावधानको पहिचान गरी यसलाई असंवैधानिक भनेको छ ।[229]

तल व्याख्या गरिएको अधिकार प्रजिअसँग सम्बन्धित भए तापनि वन ऐनअन्तर्गत जिल्ला वन अधिकारीलाई[230] र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनअन्तर्गत मुद्दा हेर्न तोकिएका कर्मचारीलाई[231] प्रदान गरिएको दोहोरो भूमिकाको सम्बन्धमा पनि यस्तैखाले मुद्दा उठ्न सक्दछ ।

प्रमुख जिल्ला अधिकारीहरू (प्रजिअ) प्रशासनिक अधिकारी हुन् जसको नियुक्ति गृह मन्त्रालयद्वारा हुन्छ र जसले प्रत्येक जिल्लाको प्रशासन सञ्चालनमा अग्रणी भूमिका निर्वाह गर्दछ । उनीहरूले "नेपाल सरकारले बेलाबखत जारी गर्ने आदेश वा दस्तावेज अनुसार कार्य गर्नुपर्दछ" ।[232] धेरै भूमिकामध्ये जिल्लामा शान्ति, सुव्यवस्था र सुरक्षा कायम राख्नु पनि प्रजिअको दायित्व हो ।[233] र फौजदारी

[230] Forest Act 2049 (1993), Sections 59 and 65.

[231] National Parks and Wildlife Conservation Act Act 2029 (1973), Sections 31 (the "court or Authority", prescribed by the government in regulations where the offence has been committed entirely within the National Park and Conservation Area is the forest warden, an administrative official. Where the offence was committed outside the area and is subject to a fine of less than Rs 10,000 and imprisonment it is heard by the District Forest Officer, also an administrative official. For an example of the problems of delay and violation of fair trial rights in a case heard by a forest warden see The Warden of Chitwan National Park v Sukram Kumal, referred to in International Legal Foundation - Nepal, 'Case Notes – Summer 2010), available at: http://theilf.org/wp-content/uploads/2011/07/ILF-Nepal-Case-Notes-Summer-2010.pdf.

[232] Local Administration Act 2028 (1971), Section 5.

[233] *Ibid.,* Section 5(5)(a).

[234] Police Act 2021 (1955), Section 8.

[235] CDOs have the duty to administer the jail in their jurisdiction; Section 16 of Prisons Act 2019 (1963). Each CDO is therefore the head of their district's jail.

न्याय प्रणालीको सम्बन्धमा पनि उनीहरूले उल्लेख्य रूपमा उत्तरदायित्वहरू वहन गर्नुपर्दछ। विशेषगरेर जिल्ला प्रहरी बल[234] र कारागार[235] प्रभावकारी रूपले उनीहरूको नियन्त्रणमा हुन्छन्।

राज्यप्रति जिम्मेवार र राज्यद्वारा नै निर्देशित प्रशासकीय अधिकृतको रूपमा प्रजिअहरूले कार्य गर्ने भए तापनि अधिकांश विधेयकले उनीहरूलाई न्यायिक कार्य पनि सुम्पेको छ। अधिकांश परिस्थितिमा पक्राउ र थुनामा प्रजिअको अधिकार रहन्छ; उदाहरणका लागि कुनै पनि व्यक्तिलाई पुर्जीविना नै पक्राउ गरिएको अवस्थामा निजलाई तोकिएको समयमा प्रजिअसमक्ष उपस्थित गराइनुपर्ने व्यवस्था विभिन्न ऐनमा रहेको छ। **हातहतियार तथा खरखजाना ऐन**[236] र **सार्वजनिक अपराध (तथा सजाय) ऐन**[237] लगायतका विभिन्न ऐनअन्तर्गत प्रजिअलाई फौजदारी मुद्दाहरूको सुनुवाइ गर्नसक्ने क्षेत्राधिकार छ। उल्लेखित ऐनअन्तर्गत प्रजिअले सामान्य जरिवानादेखि सात वर्षसम्मको सजाय तोक्नसक्दछ।[238]

---

[236] Arms and Ammunition Act 2019 (1962), Section 24 provides that the CDO shall hear the cases under this Act. As per this amended Act, a prison term up to 7 years may be imposed.

[237] Public Offenses (and Punishment) Act 2027 (1970), Section 6 of this Act provides that CDOs may sentence those convicted to a fine of up to Rs 10,000/- and prison term of up to 2 years. Other Acts providing jurisdiction to hear criminal matters include: Section 9 of The Essential Goods Protection Act 2012 (1955); Section 15 of The Black Marketing and Other Social Offences and Punishment Act 2032 (1975); Section 19 of The Social Practices (Reform) Act 2033 (1976); Section 11 of Aquatic Animals Protection Act 2017 (1960); Section 17 of Nepal Standards (Certification) Act 2037 (1980); Section 22 of Animal Health and Livestock Services Act 2055 (1999).

[238] See for example, the Arms and Ammunitions Act 2019 (1962), Sections 20 and 24.

[239] *Advocacy* Forum v Ministry of Home Affairs, Secretariat of the Prime Minister and Ministry of Law and Justice (above, n.229).

२०६७ वैशाखमा प्रजिअलाई अर्धन्यायिक अधिकार प्रदान गर्ने नेपालको कानुनी प्रावधानलाई चुनौती दिँदै एड्भोकसी फोरमले सर्वोच्च अदालतसमक्ष सार्वजनिक सरोकारको मुद्दा (PIL) ल्यायो । २०६८ आश्विन ५ गते यी प्रावधान अन्तरिम संविधानको धारा २४, १०० र १०१ को विरुद्धमा रहेको ठहर गर्दै असंवैधानिक भएको निर्णय सर्वोच्च अदालतले सुनायो ।[239] अप्रशिक्षित अर्धन्यायिक अधिकारीहरूले फौजदारी मुद्दाको सुनुवाइ गर्ने परिपाटीप्रति एड्भोकेसी फोरमले गहिरो आपत्ति व्यक्त गर्दै प्रजिअलाई फौजदारी मुद्दा हेर्ने कुनै पनि क्षेत्राधिकार दिइनु असंवैधानिक हुने धारणा व्यक्त गरे किनकि कार्यपालिकाको सदस्यका रूपमा यस्ता अधिकृत निष्पक्ष हुन नसक्ने मत एड्भोकेसी फोरमको रहेको थियो । कस्ता मुद्दा प्रशासनिक अधिकारीलाई दिने र कस्ता मुद्दा अदालत वा विशेष न्यायाधिकरणले सुनुवाइ गर्ने भन्ने कुरालाई पुनर्विचार गर्न सर्वोच्च अदालतले सरकारको नाममा आदेश जारी गऱ्यो । यसका लागि अदालतले सरकारलाई एउटा समिति गठन गर्न निर्देशन दिएको छ जसले प्रशासकीय अधिककारीले प्रयोग गरेको न्यायिक अधिकारको हदमा तुलनात्मक अभ्यासको समीक्षा गर्न र समिति गठन भएको ६ महिना भित्र आवश्यक परिवर्तनको सुझावसहित सिफारिस पेश गर्नसकोस् । यी सुधारका उपाय लागू नहोउञ्जेल अन्तरिम उपायको रूपमा सबै प्रजिअले अर्को वर्षभित्र कानुन विषयको प्रमाणपत्र पेश गर्नुपर्ने वा उनीहरूलाई तीन महिनाको कानुनी प्रशिक्षण दिइनुपर्ने आदेश जारी गऱ्यो ।

प्रजिअको भूमिकाको पुनर्विचार गर्ने सन्दर्भमा सरकारले स्वच्छ सुनुवाइको अधिकारको अन्तर्राष्ट्रिय मापदण्डलाई पनि ध्यान दिनुपर्दछ । तल उल्लेख गरिएजस्तो (र सर्वोच्च अदालतले पहिचान गरेजस्तो) यी मापदण्डअनुसार स्वतन्त्र, सक्षम र निष्पक्ष अदालतमा मात्र फौजदारी मुद्दाहरूको सुनुवाइ गर्ने क्षेत्राधिकार रहन्छ न कि प्रजिअ जस्तो प्रशासनिक अधिकारीमा । यस्तो क्षेत्राधिकार प्रदान गर्ने प्रावधानहरू हटाइनुपर्दछ ।

## *अन्तर्राष्ट्रिय मापदण्ड*

आइसिसिपिआरको धारा १४ मा स्वच्छ सुनुवाइको अधिकारलाई सुरक्षित गरिएको छ । अनुच्छेद(१) अन्तर्गत कुनै पनि अपराधमा संलग्न रहेको प्रत्येक व्यक्तिलाई राज्यले "कानुनद्वारा स्थापित सक्षम, स्वतन्त्र र निष्पक्ष अदालतद्वारा स्वच्छ तथा सार्वजनिक सुनुवाइ प्रदान गर्नुपर्दछ" ।

थुनाको समीक्षाको सन्दर्भमा आइसिसिपिआरले पक्राउ भएको कुनै पनि व्यक्तिलाई "तत्काल न्यायाधीश वा कानुनद्वारा न्यायिक अधिकार प्रयोग गर्न अख्तियार प्राप्त अन्य अधिकारीसमक्ष उपस्थित गराइनुपर्ने" भन्ने तोकेको छ । "न्यायिक अधिकारको उचित प्रयोगका लागि उठाइएका यस्ता मुद्दाका सम्बन्धमा यस्तो अधिकारको प्रयोग एक स्वतन्त्र, वस्तुपरक र निष्पक्ष अधिकारीले गर्नुपर्दछ" भन्ने ठहर मानवअधिकार समितिको रहेको छ ।[240]

**स्वतन्त्रता**

नेपालको अन्तरिम संविधानले शक्ति पृथकीकरणको सिद्धान्त र स्वतन्त्र न्यायापालिकाको अवधारणालाई प्रदर्शित गरेको छ जुन विधिको शासनका अत्यावश्यक अङ्गहरू हुन् ।[241]

संयुक्त राष्ट्रसंघीय मानवअधिकार समितिका अनुसार "धारा १४ को अनुच्छेद १ मा उल्लेखित न्यायाधिकरणको अवधारणाले एउटा यस्तो कर्तालाई तोकेको छ जसको उपाधि जे भए तापनि ऊ कानुनद्वारा स्थापित भएको हुनुपर्दछ र जो

---

[240] HRCtee, Vladimir Kulomin v. Hungary, no. 521/1992, CCPR/C/50/D/521/1992 (1996), para. 11.3. In that particular case, the Committee was "not satisfied that the public prosecutor could be regarded as having the institutional objectivity and impartiality necessary to be considered an 'officer authorized by law to exercise judicial power' within the meaning of" article 9(3) of the Covenant.

[241] Interim Constitution 2063 (2007), Articles 33 and 100.

[242] HRCtee, General Comment No. 32, Article 14: Right to equality before courts and tribunals and to a fair trial, U.N. Doc. CCPR/C/GC/32 (2007), Para. 18.

[243] *Ibid.*, para. 19. Independence, as defined by the Human Rights Committee, also refers to "the procedure and qualifications for the appointment of judges,

कार्यपालिका तथा सरकारका व्यवस्थापकीय शाखाहरूबाट स्वतन्त्र हुनुपर्दछ वा जसले केही न्यायिक प्रकृतिका विशेष मुद्दाको कारबाहीका दौरान निर्णय सुनाउँदा न्यायिक स्वतन्त्रता उपभोग गर्नुपर्दछ" ।[242]

स्वतन्त्रताका लागि आवश्यक पर्ने कुराअन्तर्गत "कार्यकारी अङ्ग र व्यवस्थापिकाद्वारा हुने राजनीतिक हस्तक्षेपबाट न्यायपालिकाको वास्तविक स्वतन्त्रता" हुनुपर्ने कुरा समावेश छ ।[243] कार्यपालिकाका प्रतिनिधिजस्ता अर्धन्यायिक व्यक्तिलाई न्यायिक कार्य सम्पादनका लागिसशक्त बनाइँदा यसले माथि उल्लेखित स्वतन्त्रताको आवश्यकताको स्पष्ट उल्लंघन हुने देखिन्छ ।

समितिका अनुसार "न्यायपालिका र कार्यपालिकाका कार्य र दक्षताको स्पष्ट रूपले फरक नछुट्टयाइएको परिस्थितिमा वा कार्यपालिकाले न्यायपलिकालाई नियन्त्रण वा निर्देशन गर्नसक्ने भएमा यस्तो परिस्थिति स्वतन्त्र न्यायाधिकरणको अवधारणासँग असङ्गत रहने देखिन्छ" ।[244]

केही शासकीय प्रणालीमा केही अर्धन्यायिक निकायले अर्धन्यायिक अधिकारको प्रयोग गर्नसक्ने भए तापनि यस्ता अधिकारलाई अत्यधिक मात्रामा सीमित पारिन्छ, निष्पक्षताको सुरक्षाउपाय आवश्यक रहन्छ र यस्ता निकायलाई फौजदारी मुद्दा हेर्ने क्षेत्राधिकार दिइँदैन (यदि दिइएमा पनि ६ महिना वा त्यो भन्दा कम कारावासको सजाय हुने अपराधका लागि मात्र सीमित पारिएको छ) ।[245]

---

and guarantees relating to their security of tenure until a mandatory retirement age or the expiry of their term of office, where such exist, the conditions governing promotion, transfer, suspension and cessation of their functions…".

[244] *Ibid.*

[245] See for example, United Kingdom: Magistrates Court Act 1980, section 31; United States: Constitution, Article III, Section 2, and Sixth Amendment.

[246] The African Commission for Human and Peoples' Rights has stated that "competent" (in relation to Article 7(1) of the Banjul Charter) includes the legal expertise of the judges: Amnesty International and Others v Sudan, Comm.48/90, 50/91, 89/93, para. 62. Available at: http://www.achpr.org/english/_info/List_Decision_Communications.html.

**दक्षता**

न्यायाधीशहरू पूर्ण रूपले योग्य हुनुपर्दछ[246] र आफ्नो अगाडि आएका सम्पूर्ण मुद्दामा उपयुक्त कानुनको आधारमा र प्रस्तुत गरिएका तर्कलाई होसियारीपूर्वक सुनेर र त्यसको मुल्याङ्कन गरेर मात्र निर्णय सुनाउनुपर्दछ। न्यायाधीशहरूको छनौट उनीहरूको कानुनी योग्यता र श्रेष्ठताको आधारमा गरिनुपर्दछ भन्ने कुरामा मानवअधिकार समितिले जोड दिएको छ। संयुक्त राष्ट्र अमेरिकाको आइसिसिपिआरको पालनामाथि समितिको आफ्नो छानबिनले "अमेरिकाको अधिकांश ग्रामीण भेगमा अयोग्य र अप्रशिक्षित व्यक्तिहरूद्वारा न्याय सम्पादनका कार्य भइरहेको पायो" र यससम्बन्धमा समितिले गहिरो चिन्ता व्यक्त गरेको छ।[247]

**निष्पक्षता**

मानवअधिकार समितिका अनुसार निष्पक्षताका दुईवटा पक्ष छन्। पहिलो, न्यायाधीशहरूले आफ्नो फैसलालाई कुनै व्यक्तिगत पूर्वाग्रहद्वारा प्रभावित हुन दिनुहुँदैन न त आफूसमक्ष आएको कुनै पनि विशेषखाले मुद्दामा पक्षपातपूर्ण सोच नै राख्नुहुन्छ। न्यायाधीशहरूले एउटा पक्षको हितलाई अनुचित तवरले प्रवर्द्धन गर्ने र अर्को पक्षलाई हानि पुऱ्याउने खालको कार्य पनि गर्नुहुँदैन। दोस्रो, निष्पक्ष हुनका लागि न्यायाधिकरण न्यायोचित पर्यवेक्षकको रूपमा प्रस्तुत हुनुपर्दछ।[248] यस्ता व्यक्तिले व्यवहारमा पर्याप्त रूपले न्याय सम्पादन गर्नसक्ने वा नसक्ने भन्ने विषय "न्याय प्रदान गरिनेमात्र नभई न्याय सम्पादन भएको देखिनुपर्ने" कुरासँग पनि जोडिएको छ।[249]

---

[247] HRCtee, Comments on United States of America, U.N. Doc. CCPR/C/79/Add 50 (7 April 1995), paras. 23 and 36.

[248] General Comment No. 32, (above n.242), para. 21.

[249] *R v Sussex Justi*ces, Ex Parte McCarthy [1924] 1 KB 256 per Hewart CJ (United Kingdom).

## *विधेयकमा रहेका समस्या*

अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र नेपालको अन्तरिम संविधानअनुसार प्रजिअसँग न्यायिक अधिकार प्रयोग गर्नका लागि आवश्यक पर्ने कुनै पनि विशेषता हुँदैन र विशेषगरेर फौजदारी मुद्दा हेर्ने क्षेत्राधिकार त कदापि हुँदैन ।

प्रजिअहरू स्पष्ट रूपले कार्यपालिकाबाट स्वतन्त्र रहँदैनन् किनकि उनीहरू साङ्गठनिक रूपले कार्यकारी संयन्त्रको एक अङ्ग भएकोले उनीहरूले त्यसको निर्देशनको पालना गर्नुपर्दछ । जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्ने उनीहरूको भूमिका तथा जिल्ला कारागार र प्रहरीमाथि उनीहरूको नियन्त्रणलाई हेर्ने हो भनेउनीहरू फौजदारी मुद्दाका सन्दर्भमा निष्पक्ष पनि हुनसक्दैनन् । कुनै पनि फौजदारी मुद्दामा (र थुनाको कुनै पनि समीक्षामा) उल्लेख्य मात्रामा प्रहरीका प्रमाण रहनसक्ने हुनाले प्रजिअलाई यसले असम्भव परिस्थितिमा राखिदिन्छ ।

प्रजिअहरू सक्षम हुन्छन् भन्ने कुराको प्रत्याभूति पनि गर्न सकिँदैन । आफ्नो अप्रकाशित प्रतिवेदनमा एड्भोकेसी फोरमले निम्नलिखित कुरा उल्लेख गरेको छ :

> लोकसेवा आयोगभित्र राजपत्राङ्कित अधिकृतको तहमा पुगिसकेका धेरै सरकारी कर्मचारीको माभ्कबाट गृह मन्त्रालयले प्रजिअहरूको नियुक्ति गर्दछ । यस्ता अधिकृतलाई कानुनी प्रशिक्षण लिनुपर्ने कुनै बाध्यता छैन । एड्भोकेसी फोरमले अन्तर्वार्ता लिएको एक न्यायाधीशलाई प्रजिअको न्यायिक अधिकारका बारेमा सोध्दा उहाँले यस्तो धारणा व्यक्त गर्नुभयो, “उनीहरूसँग कुनै कानुनी ज्ञान हुँदैन, कानुनको कुनै पृष्ठभूमि हुँदैन र प्रजिअ हुनका लागि वकिल नै हुनुपर्दैन” ।[250] केही प्रजिअहरू प्रशिक्षित कानुन व्यवसायी हुनसक्ने पूर्ण सम्भाव्यता रहे तापनि उनीहरूले औपचारिक कानुनी प्रशिक्षण प्राप्त गर्दछन् भन्ने कुराको प्रत्याभूति हुँदैन ।[251]

---

[250] Advocacy Forum interview with a district judge (21 July 2009), Kathmandu.

[251] Advocacy Forum, ‘The Right to Fair Trial’, forthcoming publication.

प्रजिअलाई दिइएको न्यायिक कार्यसम्पादनको प्रावधानले स्वेच्छाचारी थुनाविरुद्धको अधिकार र स्वच्छ सुनुवाइको अधिकारको उल्लंघन गर्दछ। यसले प्रहरी वा स्वेच्छाचारी ढङ्गले पक्राउ गर्ने वा थुनुवाहरूलाई दुर्व्यवहार गर्ने राज्यका अन्य अधिकारीले गर्ने अधिकारको दुरुपयोगमा हुने दण्डहीनतालाई बढावा दिन्छ। थुनामा रहेको व्यक्तिलाई शीघ्रन्यायाधीशसमक्ष उपस्थित गराइनुपर्ने लगायतका दुरुपयोगलाई रोक्ने कानुनी उपायहरू प्रजिअकै नियन्त्रणमा हुने हुदाँ यस्ता सुरक्षाका उपाय कम महत्वका हुन्छन्। यस्ता मुद्दालाई उचिततवरले हेर्न प्रजिअहरू प्रोत्साहित हुदैनन् किनकि उनीहरू नै प्रहरीलाई निर्देशन गर्न र जिल्लामा सुरक्षा कायम राख्न जिम्मेवार हुन्छन्।

प्रजिअ र अन्य प्रशासनिक अधिकारीहरूको क्षेत्राधिकारको समीक्षा र सुधारका लागि सर्वोच्च अदालतले जारी गरेको निर्देशन स्वागतयोग्य कदम हो जसले नेपालमा फौजदारी अभियोगमा थुनामा परेका व्यक्तिको अधिकारको सम्मानमा सुधार गर्ने संभाव्यता बोकेको छ। प्रशासनिक अधिकारीहरूलाई (अनुसूचीमा देखाइएको) अर्धन्यायिक अधिकार प्रदान गर्ने विधेयकको समीक्षा र सुधारका लागि सरकारले तत्काल अदालतको यो आदेशअनुरूप कार्य गर्दै यो महत्वपूर्ण परिवर्तन कार्यान्वयनमा अरु ढिलाइ नहुने कुराको सुनिश्चित गर्नका लागि आवश्यक प्रबन्धहरूमिलाउनुपर्दछ।

६

# यातना तथा जबर्जस्ती बेपत्ता फौजदारी अपराधको रूपमा स्थापित नहुनु

ऐतिहासिक कालदेखि नै नेपालमा हुनेगरेको यातना तथा जबर्जस्ती बेपत्ताका अपराधलाई कानुनमा पर्याप्त मात्रामा सम्बोधन गरिएको छैन। यसले अर्को तरिकाले दण्डहीनतालाई बढाइरहेको छ किनकि राष्ट्रिय कानुनले यिनलाई गम्भीर कसुर नमानेको अवस्थामा पीडकलाई जवाफदेही बनाउन असम्भव छ।

यस्ता कार्यलाई फौजदारी अपराधको रुपमा स्थापित नगर्दा यसको दण्डहीनतामाथि थप व्यवहारिक तथा प्रतीकात्मक असर रहन्छ। व्यवहारिक तहमा कुरा गर्दा फौजदारी प्रावधानका अभावमा यातना तथा बेपत्ताका अपराधमा पीडित वा पीडितको आफन्तले जाहेरी दर्खास्त दिन अप्ठ्यारो हुन्छ। यसको अर्थ सरकारी मुद्दासम्बन्धी ऐनका सामान्य प्रावधानअन्तर्गत अनुसन्धान सम्पन्न हुँदैनन् र यी अपराधउपर कारबाही हुँदैन। यसको अर्थ के पनि हुन्छ भने पीडितले परिपूरण पाउनका लागि अनियमित वा अस्तित्वमै नभएका प्रावधानमा भर पर्नुपर्ने हुन्छ। पीडकलाई जवाफदेही बनाउनुको साटो क्षतिपूर्ति (द्वन्द्वकालीन अपराधमा अन्तरिम राहतका रूपमा वा देवानी उपचारका रूपमा यातनाक्षतिपूर्ति ऐन[252] अन्तर्गत पाइने क्षतिपूर्ति) दिएर काम चलाइएको छ। यी सवाललाई अध्याय ८ मा विस्तृत चर्चा गरिएको छ।

[252] Compensation Relating to Torture Act 2053 (1996).

प्रतीकात्मक तहमा कुरा गर्दा यी कार्यलाई अपराधीकरण नगर्दा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत नेपालको प्रस्ट दायित्व यस्ता अपराध हुन नदिने तथा भएमा सजाय दिने भए तापनि यो सरकारको प्राथमिकतामा पर्दैन भन्ने सन्देश जान्छ। यसले गर्दा यस्ता कार्य जारी राख्नका लागि राज्यले मौन सम्मति दिएको ठहर्छ।

## *अन्तर्राष्ट्रिय मापदण्ड*

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (आइसिसिपिआर) को धारा २ अन्तर्गत पक्षराष्ट्रहरू *"आफ्ना इलाका तथा क्षेत्राधिकारभित्रका सबै व्यक्तिलाई जाति, वर्ण, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय वा सामाजिक उत्पत्ति, जन्म वा अन्य हैसियतका आधारमा कुनै प्रकारको भेदभाव विना यस प्रतिज्ञापत्रमा स्वीकृत अधिकारहरूको सम्मान तथा सुनिश्चितता प्रदान गर्न प्रतिज्ञा गर्दछन्"*।[253] माथि व्याख्या गरिएबमोजिम राज्यहरूले आफ्नो कानुनी दायित्व पूरा गर्नका लागि कानुनी, न्यायिक, प्रशासनिक, शैक्षिक तथा अन्य उपयुक्त उपाय अवलम्बन गर्नु आवश्यक हुन्छ।[254]

अनुबन्धका अधिकारको उल्लंघनलाई राष्ट्रिय कानुनमा समेत अपराधीकरण गर्नुपर्ने भनी आइसिसिपिआरले राज्यहरूलाई दायित्व सुम्पेको छ। राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनअन्तर्गत अपराध भनी चिनिएका उल्लंघनका सम्बन्धमा यी दायित्व विशेषगरी महत्वपूर्ण हुन्छन्, जस्तै यातना र अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार (धारा ७), गैरकानुनी तथा स्वेच्छाचारी हत्या (धारा ६) (Summary and Arbitrary Execution) अनि जबर्जस्ती बेपत्ता (धारा ७ र ९ तथा प्रायः गरी धारा ६)।[255]

अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको गम्भीर उल्लंघन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लंघनका पीडितको उपचार तथा परिपूरणको अधिकारसम्बन्धी

---

[253] ICCPR, Article 2(1).

[254] HRCtee, General Comment No. 31 (above n.78), para.7 .

[255] *Ibid.*, para.18.

आधारभूत सिद्धान्त तथा निर्देशिकाले पनि राज्यहरूलाई आह्वान गर्दै भनेको छ, *"आफ्ना राष्ट्रिय कानुनमा अन्तर्राष्ट्रिय मानवअधिकार कानुन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनका मूल्यमान्यतालाई समावेश गर्दै वा आफ्नो राष्ट्रिय कानुनी प्रणालीमा तिनलाई कार्यान्वयन गर्दै आफ्नो राष्ट्रिय कानुन अन्तर्राष्ट्रिय कानुनी दायित्वअनुकूल छ भनी राज्यहरूले सुनिश्चित गर्नुपर्छ"* अनि *"न्यायमा स्वच्छ, प्रभावकारी तथा शीघ्र पहुँच दिनका लागि उपयुक्त तथा प्रभावकारी कानुनी र प्रशासनिक कार्यविधि तथा अन्य उपयुक्त उपाय अवलम्बन गर्नुपर्दछ।"*[256]

## क. यातना

नेपालमा यातनाको प्रयोग सुनियोजित तवरले चलिरहेकै छ। सरकारी तथा अन्य निकायको व्यवस्थित अनुगमनको अभावमा एड्भोकेसी फोरमले देशका ७५ जिल्लामध्ये २० जिल्लामा थुनास्थल भ्रमणको कार्यक्रम सञ्चालन गर्दछ। २०६३ मा सशस्त्र द्वन्द्वको अन्त्य भएदेखि एड्भोकेसी फोरमले नियमित भ्रमण गर्ने २० वटा जिल्लामा रहेका ५७ वटा थुनाकेन्द्रमा यातना केही कम भएको पाएको छ (२०५८/५९ मा ५०% यातना पाइन्थ्यो भने २०६६/६७ मा घटेर २०% मा झरेको छ। तर २०६७/६८ मा यो आँकडामा परिवर्तन आई यातनाको संख्यामा वृद्धि भएको पाइन्छ : २०६६/६७ मा १५.८% रहेकोमा बढेर २०६७/६८ मा २२.५% देखि २५% सम्म पुगेको पाइन्छ।[257] देशभरिका थुनाकेन्द्रको अवस्था निरीक्षण गर्ने स्वतन्त्र संयन्त्र नभएकाले एड्भोकेसी फोरमले संकलन गरेका तथ्याङ्कले देशभरिका थुनाकेन्द्रको स्थितितर्फ संकेत गर्दछन् भन्न सकिन्छ।

---

[256] Basic Principles and Guidelines on the Right to a Remedy and Reparation for Victims of Gross Violations of International Human Rights Law and Serious Violations of International Humanitarian Law (Basic Principles on Remedy and Reparation), Adopted and proclaimed by General Assembly resolution 60/147 of 16 December 2005, Article 2.

[257] Advocacy Forum, 'Recent trends and patterns of torture in Nepal: July to December 2010' available at: http://www.advocacyforum.org/downloads/pdf/publications/Briefing-July-to-Dec-2010-final.pdf.

हातहतियार तथा खरखजाना मुद्दा अनि अपहरणको मुद्दामा पक्राउ परेका थुनुवा सबभन्दा धेरै यातना पाउनेमध्ये पर्दछन् । विशेषगरी जोखिममा परेका थुनुवामा नाबालक, तराई क्षेत्रका थुनुवा, विशेष जातजातिका सदस्य, शरणार्थी तथा महिला रहेका छन् ।[258]

यातना तथा अन्य दुर्व्यवहार प्रायः जसो प्रहरी, सशस्त्र प्रहरी, भन्सार अधिकृत, वनविभागका अधिकारी तथा राजनीतिक दलका भ्रातृसंगठनका सदस्यबाट गरिएको पाइन्छ ।[259] तराईमा सक्रिय रहेका सशस्त्र समूहले लगातार अपहरण तथा यातना र अन्य दुर्व्यवहारको परिभाषाभित्र पर्ने कार्यहरू गरेको पाइएको छ ।[260]

शक्तिको भयंकर दुरुपयोगका घटनालाई नियमित रूपमा एड्भोकेसी फोरमले सामना गर्दै आएको छ । उदाहरणका लागि, २८ असार २०६६ का दिन २३ वर्षीय सुसन लिम्बूलाई स्थानीय होटेलमा पैसा नतिरेको अभियोगमा पक्राउ गरी मोरङ जिल्लास्थित उर्लाबारी इलाका प्रहरी चौकीमा थुनिएको थियो । उनका साथी २४ वर्षीय भक्त राई उनको अवस्थाका बारेमा बुझ्नका लागि भोलिपल्ट प्रहरी चौकी पुगेका थिए । प्रहरीहरूले उनलाई समेत पक्राउ गरीदुवैलाई कुटपिट गरे । त्यही दिन बिहान ९ बजेतिर प्रहरीले ती दुईलाई बाहिर सडकमा ल्याए, कट्टुमात्र लाउन दिएर नङ्ग्याए र मानिसहरूकै अगाडि कुटपिट गरिरहे । त्यहाँ उपस्थित मानिसहरूका अनुसार प्रहरीले ती दुईलाई फलामे रडले हिर्काउने, लात्ताले गोद्ने अनि मुक्का हान्ने काम गरेका थिए । सुसन र भक्त दुवैलाई नाङ्गै

---

[258] Advocacy Forum, 'Torture Briefing: Prevention of Torture in Nepal: January to June 2011' available at: http://www.advocacyforum.org/downloads/pdf/publications/briefing-jan-to-june-2011.pdf. p. 7.

[259] Advocacy Forum and REDRESS Trust, 'Review of the implementation of recommendations made by the Special Rapporteur on Torture, Manfred Nowak, after his mission to Nepal in 2005', September 2010, available at: http://www.advocacyforum.org/downloads/pdf/publications/Submission-to-UN-Special-Rapporteur-on-Torture-2010.pdf.

[260] Advocacy Forum, 'Torture Briefing: Prevention of Torture in Nepal: January to June 2011', pp. 4-6, (above n.258).

पारेर ढुङ्गे जमिनमा एक घन्टासम्म घुँडा र पाखुराको भरमा घस्रन लगाइएको थियो ।

त्यहाँ जम्मा भएका सर्वसाधारणमध्ये एकजनाले यो यातनाको १५ मिनेट लामो भिडियो खिचेका थिए । प्रहरीले ती दुवै पीडितलाई त्यही साँझ अस्पताल पुऱ्याए । तर चिकित्सकले तिनीहरूको स्वास्थ्य जाँच गरेनन् । यसको साटो प्रहरीले चिकित्सकलाई पीडितहरूमा बाहिरी चोटपटक "नभएको" भन्ने बेहोराको कागजमा सही गर्न लगायो । सुसन लिम्बूलाई १ साउन २०६६ का दिनमात्र आफन्तसँग भेट्न दिइयो । दुवै पीडितलाई प्रमुख जिल्ला अधिकारीसमक्ष साउन १३ गतेका दिन उपस्थित गराइयो । भक्त राईलाई सार्वजनिक अपराध ऐनअन्तर्गत अभियोग लगाइयो र धरौटीमा रिहा गरियो । सुसन लिम्बूलाई हातहतियार तथा खरखजाना ऐनअन्तर्गत म्याद थप गरी हिरासतमा राखियो ।

त्यसैगरी प्रहरीले महिलालाई यातना, दुर्व्यवहार तथा यौन दुर्व्यवहार गरिनैरहेका छन् । उदाहरणका लागि, अनुसन्धानका दौरान महिलाले आफूहरूमाथि अश्लील भाषाको प्रयोग गरिने, नाङ्गै पारिने, पिटिने तथा करणीको धम्की दिने गरिएको भनी बताए । धेरैजसो मुद्दामा पुरुष प्रहरीले महिला थुनुवामाथियातना दिएको पाइयो ।

## *अन्तर्राष्ट्रिय मापदण्ड*

अन्तर्राष्ट्रिय कानुनले यातनालाई प्रस्ट तथा पूर्ण प्रतिबन्ध लगाएको छ चाहे शान्तिमा होस् चाहे युद्धका बेलामा होस् ।[261] यो प्रतिबन्ध अन्तर्राष्ट्रिय कानुनको

[261] Article 1(2) CAT; Article 7 ICCPR.

Article 1(1) of CAT defines torture as: "any act by which severe pain or suffering, whether physical or mental, is intentionally inflicted on a person for such purposes as obtaining from him or a third person information or a confession, punishing him for an act he or a third person has committed or is suspected of having committed, or intimidating or coercing him or a third person, or for any reason based on discrimination of any kind, when such pain or suffering is inflicted

अनुल्लंघनीय मापदण्ड हो र यसलाई *युस कगेन्स* ***(Jus Cogens)*** पनि भनेर चिनिन्छ । यसको मतलब सन्धि तथा प्रथा दुवैमा यसको उल्लंघनलाई निषेध गरिएको छ ।[262] अझ नेपाल यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहारविरुद्धको महासन्धिको पक्षराष्ट्र भएकाले आफ्नो क्षेत्राधिकारभित्र यातनाका घटनालाई रोकथाम गर्नका लागि प्रभावकारी कानुनी, प्रशासनिक, न्यायिक वा अन्य उपाय अपनाउनका लागि विशेषरूपमा प्रतिबद्ध छ ।[263]

यातनाविरुद्धको महासन्धिले राज्यलाई सुम्पेको दायित्वअनुसार "*आफ्नो फौजदारी कानुनअन्तर्गत यातनाका सबै कार्य कसुर ठहरिन्छन् भनी सुनिश्चित गर्नु आवश्यक छ । यही कुरा यातनाको उद्योगमा तथा यातनामा मतियार हुने वा सहभागी हुनेगरी गरेको कार्यका हकमा समेत लागू हुनेछ ।*"[264] यसका अलावा "*यस्ता कसुरका लागि तिनीहरूको गम्भीरतालाई मद्देनजर राख्दै उपयुक्त सजाय दिनेगरी दण्डनीय बनाउनुपर्ने*" दायित्व राज्यको हुन्छ भनी निर्धारण गरेको छ ।[265] नेपाली कानुनमा यातनाको परिभाषा सकेसम्म यातनाविरुद्धको महासन्धिमा उल्लेखित परिभाषाजत्तिकै व्यापक हुनुपर्दछ ।[266] यातनाको आदेश दिने वा यसमा मतियार हुनेलाई समेत कसुरले समेट्नुपर्दछ अनि उच्च अधिकारीको आदेशलाई प्रतिरक्षात्मक तर्कका रूपमा स्वीकार गर्नुहुँदैन ।[267]

---

by or at the instigation of or with the consent or acquiescence of a public official or other person acting in an official capacity. It does not include pain or suffering arising only from, inherent in or incidental to lawful sanctions".

[262] Article 2(2) CAT, Article 4 ICCPR and ICTY, Prosecutor v Furundzija, (Judgment of the Trial Court) IT-95-17/1-T (1998), 121 ILR 213, paras. 153-4.

[263] CAT, Article 2(1).

[264] CAT, Article 4(1).

[265] *Ibid.,* Article 4(2)

[266] As stipulated in Article 1(2), the definition is "without prejudice to any international instrument or national legislation which does or may contain provisions of wider application".

[267] CAT, Article 2(3).

## *रोकथामको कडी*

यातनाविरुद्धको महासन्धि तथा जबर्जस्ती बेपत्ताविरुद्धको महासन्धिले पक्षराष्ट्रमाथि सकारात्मक तथा नकारात्मक दुवै कर्तव्य निर्धारण गरेका छन्। यस्ता कार्य नगर्ने तथा यिनलाई अपराधीकरण गर्ने दायित्वका अलावा नेपाल सरकारले यस्ता कार्यलाई रोकथाम, अनुसन्धान तथा सजाय गर्नुपर्छ। पीडित र/वा तिनका परिवारका सदस्यलाई परिपूरणसमेत दिनुपर्छ। यससम्बन्धी विस्तृत चर्चा अध्याय ८ मा गरिएको छ। यीमध्ये धेरै कुरा यी कार्यको अपराधीकरणमै निर्भर रहन्छन्।

यातनालाई अपराधीकरण गर्ने कानुनले त्यसको रोकथाम गर्ने उपायलाई समेत सम्बोधन गर्नसक्छ। उदाहरणका लागि, यातनाविरुद्धको महासन्धिको नेपाल सरकारलाई धारा १० (१) ले पक्राउ, थुना वा कारागारमा परेका व्यक्तिलाई हिरासतमा लिने, सोधपूछ गर्ने र तिनीहरूसँग व्यवहार गर्ने कुनै पनि व्यक्तिलाई यातना निषेधित भएकोबारे शिक्षा तथा तालिम दिनुपर्ने भनी दायित्व सुम्पेको छ। यातनाविरुद्धको महासन्धिअनुकूल हुने सुनिश्चितताका लागि सोधपूछका नियमलाई समीक्षा गरिरहनु जरुरी हुन्छ। यातनाका बलले हासिल गरिएको सावितीे प्रमाणका रूपमा ग्राह्य हुँदैन भनी यातनाविरुद्धको महासन्धिले बताएको छ।[268] रोकथामका अन्य उपायले देहायलाई समावेश गर्नुपर्दछ[269] : पक्राउ, थुना वा हिरासतमा रहेका व्यक्तिमाथि यातना तथा क्रूर, अमानवीय वा अपमानजनक व्यवहारबाट सुरक्षित राख्नका लागि सुरक्षाउपाय,[270] राज्यका अधिकारीको संलग्नता/सहमतिमा हुने क्रूर, अमानवीय वा अपमानजनक व्यवहार

---

[268] *Ibid.*, Article 15.

[269] These measures have been identified by REDRESS in 'Bringing The International Prohibition of Torture Home '(January 2006), pp. 45-55, available at: http://www.redress.org/downloads/publications/CAT%20Implementation%20paper%2013%20Feb%202006%203.pdf. For a more detailed discussion of these measures please refer to the aforementioned pages.

[270] As recognised by the Committee Against Torture and other human rights bodies.

रोकथामका उपाय,[271] तथा थुनास्थलहरूको निरीक्षण भ्रमणका लागि स्वतन्त्र तथा प्रभावकारी निकायको स्थापना । यो पछिल्लो उपाय यातनाको रोकथामका लागि सबभन्दा प्रभावकारी रहेको भनी यातनासम्बन्धी संयुक्त राष्ट्र संघियविशेष प्रतिवेदकले औंल्याएका छन् ।[272]

यातनाविरुद्धको महासन्धिको ऐच्छिक आलेखले[273] यसको पूरकको काम गर्दछ र यो महासन्धिको "निरीक्षण गर्ने विभाग" का रूपमा रहेको छ । आलेखले यातना रोकथाम उपसमिति[274] को गठन गर्दछ र जसको कर्तव्यहरुमध्ये एक पक्षराष्ट्रको क्षेत्राधिकार तथा नियन्त्रणमा रहेका थुनास्थलको नियमित भ्रमण गर्नु रहेको छ । राष्ट्रिय स्तरमा यातना रोकथामका लागि आलेखले पक्षराष्ट्रलाई राष्ट्रिय रोकथाम संयन्त्र गठन गर्ने दायित्व सुम्पेको छ ।[275] उपसमितिले आफ्ना अन्य कार्य राष्ट्रिय संयन्त्रको सहकार्यमा पूरा गर्नुपर्ने हुन्छ र यसअन्तर्गत संयन्त्रको क्षमता अभिवृद्धि अनि यातना तथा क्रूर, अमानवीय वा अपमानजनक व्यवहार रोकथामको कार्यादेश पूरा गर्नका लागि सहयोग गर्ने काम पर्दछ ।[276]

यस्ता उपायको कार्यान्वयन र दण्डहीनताविरुद्धको युद्धका बीच एउटा प्रस्ट कडी पाइन्छ : रोकथाम तथा निरीक्षणलाई संस्थागत गर्ने संस्कृतिको विकास भएपछि

---

[271] See CAT, Article 16 – obligation on state parties to prevent the commission of cruel, inhuman or degrading treatment.

[272] Commission on Human Rights, 'Report of the Special Rapporteur on the question of torture, Theo van Boven, submitted pursuant to Commission resolution 2002/38' (27 February 2003) . E/CN.4/2003/68, available at: http://unispal.un.org/UNISPAL.NSF/0/7B874EAB39CFFE5D85256E6F004B90D3.

[273] Adopted on 18 December 2002 at the fifty-seventh session of the General Assembly of the United Nations by resolution A/RES/57/199. Entered into force on 22 June 2006. Nepal has so far not ratified it despite pressure from civil society to do so.

[274] Full Name: Subcommittee on Prevention of Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment.

[275] Protocol to CAT, Article 17.

[276] See Article 11(b) for a full list of the Subcommittee's duties in relation to the national preventive mechanisms.

उल्लंघनका घटनाहरू प्रकाशमा आउँछन् । यस्तो दुर्व्यवहारलाई सहने तथा अदण्डित रहन दिने संस्कृतिलाई निरुत्साहित गर्नुपर्छ । यी रोकथाममूलक उपायहरू तथा नेपाली कानुनमा यी प्रतिबिम्बित भएका छन् कि छैनन् भन्ने तथ्यलाई यो प्रतिवेदनले विस्तारका साथ सम्बोधन गर्दैन । यस्ता उपायलाई समावेश गरेको कानुन तर्जुमा गर्नु र ऐच्छिक आलेखको पक्षराष्ट्र हुनु भनेका अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका नेपालका दायित्व पालना गर्नका लागि चालिने दुई महत्वपूर्ण कदम हुन् भन्ने कुरा यहाँ उल्लेख गर्नु पर्याप्त हुन्छ ।

## विद्यमान कानुनमा रहेका समस्या

अन्तरिम संविधानको धारा २६ तथा ३३ (ड) ले यातनाको अपराधीकरण गर्ने कानुन तर्जुमा गर्ने आवश्यकता औंल्याएको छ । यसका अलावा सर्वोच्च अदालतको २ पुस २०६४ को फैसला अनुसार "*नेपाल सरकारले यातनालाई अपराधीकरण गरी मुद्दाका वादीले माग गरेबमोजिम यातना पीडकलाई सजाय दिने प्रावधान बनाउनुपर्दछ* ।"[277]

यसका बाबजुद यातना तथा दुर्व्यवहारलाई हालसम्म पनि कानुनमा अपराधीकरण गरिएको छैन । तर यससम्बन्धी केही प्रगति भने हालै भएको पाइन्छ । हालको अवस्थामा यातनालाई सम्बोधन गर्ने एउटै मात्र कानुन भनेको यातना क्षतिपूर्ति ऐन[278] हो र यसले क्षतिपूर्ति तथा विभागीय कारबाही मात्रको व्यवस्था गरेको छ तर यातनाको अपराधको गाम्भीर्य अनुरूपको फौजदारी कारबाही तथा सजायको अनुमति दिएको छैन ।[279] यसले पीडितलाई उपयुक्त उपचार नदिने मात्र नभई (यसका लागि थप रूपमा अध्याय ८ हेर्नुहोला) यातनाको गाम्भीर्यका सम्बन्धमा पूरै गलत सन्देश सम्प्रेषण गर्दछ । एड्भोकेसी फोरम संलग्न भएको हालैको एक मुद्दामा सशस्त्र प्रहरी बलबाट यातना पाएको एक व्यक्तिलाई क्षतिपूर्ति दिने

---

[277] *Rajendra Ghimire v. Council of Ministers et al.*, Supreme Court of Nepal, 17 December 2007.

[278] Compensation Relating to Torture Act 2053 (1996).

[279] This is discussed further below in Section VIII.

आदेश एउटा पुनरावेदन अदालतले सदर गऱ्यो तर प्रहरीको काममा अवरोध पुग्छ भन्ने तर्कका आधारमा पीडकका विरुद्ध विभागीय कारबाही गर्नुपर्ने आदेश भने बदर गऱ्यो ।[280]

यातनाको अपराधीकरणका सम्बन्धमा हालैका समयामा केही प्रगति भएका छन् । मस्यौदा दण्ड संहिताले यातना अपराधीकरणसम्बन्धी एउटा प्रावधान राखेको छ । दण्ड संहिता, फौजदारी कार्यविधि संहिता तथा सजायसम्बन्धी विधेयक संसद सचिवालयसमक्ष माघ २०६७ मा पेश गरिएको थियो । यो संहिता ग्रहणका लागि चालिएको पहिलो कदम थियो । तर यिनलाई संसदका सदस्यसमक्ष विचारविमर्शका लागि वितरण गरिएको छैन ।

सुरुको मस्यौदामा धेरै कमीकमजोरी थियो । त्यसमा यातनाको परिभाषा गरिएको थिएन र हदम्याद पनि एकदमै छोटो राखिएको थियो । राष्ट्रिय न्यायिक प्रतिष्ठान, एड्भोकेसी फोरम, एपिटि तथा रिड्रेसको संयुक्त आयोजनामा पुस २०६७ मा गरिएको राष्ट्रिय परामर्श बैठकमा यातनासम्बन्धी दफामा सुझाव गरिएका केही परिवर्तनलाई विधेयकमा समावेश गरिएको छ ।

विशेषगरी यातनाको परिभाषालाई समावेश गरिएको छ र उच्च पदाधिकारीको जवाफदेहितासम्बन्धी प्रावधानमा केही परिवर्तन ल्याइएको छ । नयाँ मस्यौदामा[281]

---

[280] Judgment of the Appellate Court, Biratnagar, 2 June 2011, on appeal from the order of the District Court, Morang, 29 March 2010.

[281] Draft Penal Code, Section 169 (2) Any person arrested, kept in control, put in custody, in prison or in house arrest or in security of an officer, or due to him another person, is knowingly provided physical or psychological pain or suffering or given cruel, inhuman or degrading treatment or punishment to fulfil the following objectives, this is deemed to be torture or cruel, inhuman and degrading treatment to that person: (a) To get information about any issue, (b) To ask the person to confess to an offense, (c) To punish the person for any act, (d) To show intimidation or threat, or (e) Any other act contrary to the law. ( unofficial translation)

राखिएको यातनाको परिभाषा धेरै हदसम्म यातनाविरुद्धको महासन्धिको धारा १ कै अनुकूल राखिएको छ ।[282]

उच्च पदाधिकारीको जवाफदेहिताको अनुच्छेद १६९(४) ले मुख्य पीडकले पाउने जत्तिनै सजाय यस्तो कार्य गर्न आदेश दिने वा यस्ता कार्यमा मतियार रहने व्यक्तिलाई तोकेको छ । नयाँ मस्यौदाले अनुच्छेद १६९(५) मा उच्च अधिकारीको आदेशलाई प्रतिरक्षाको जिकिरको रुपमा लिन नसकिने र यो कसुरका लागि कुनै पनि प्रकारको उन्मुक्ति नदिने भनी विशेष रूपमा उल्लेख गरेको छ ।

तर यो कसुरका लागि प्रस्ताव गरिएको अधिकतम पाँच वर्षको सजाय वा रु. ५०,००० सम्मको जरिवानालाई परिवर्तन गरिएको छैन र यो यातनाको अपराधको गाम्भीर्यअनुरूप उपयुक्त सजाय दिनुपर्ने भनी यातनाविरुद्धको महासन्धिले निर्धारण गरेको दायित्व अनुकूल छैन ।[283] मस्यौदा विधेयकलाई यातनाविरुद्धको महासन्धिले निर्धारण गरेको दायित्वअनुकूल बनाउनका लागि उपयुक्त सजाय निर्धारण गर्नु जरुरी छ । यसले यस्ता कार्यका विरुद्ध कानुनको शक्तिमा अभिवृद्धि गरी प्रतिरोधको काम गर्छ र पीडितलाई समेत उपयुक्त पुनर्लाभ प्रदान गर्छ ।

---

[282]Although it does not refer to discrimination as a prohibited purpose of torture, as required under Article 1 of CAT, and is restricted to situations of custody or control at the direction of a state official, which has the effect of excluding some types of non-state actor torture that would fall within the CAT definition.

[283] Following a review of the Committee Against Torture's concluding observations on state party reports, Chris Ingelse concluded that a custodial sentence of between six and twenty years best corresponds with the Committee's interpretation of the requirements in relation to an appropriate penalty: Ingelse, Chris (2000) 'The Committee Against Torture: One Step Forward, One Step Back' 18 Netherlands Quarterly of Human Rights 307-327 at 342, cited in Nowak and McArthur (2008), The United Nations Convention Against Torture: A Commentary', OUP: Oxford, p. 250.

## ख. जबर्जस्ती बेपत्ता

द्वन्द्वकालमा भन्दा अहिले सम्पर्कविहीन थुनामा कमी आएपनि गैरकानुनी थुना तथा थुनुवालाई रिहा गर्ने अदालतको आदेशको अवहेलना जारी नै छ । प्रायजसो एउटा व्यक्तिलाई सम्पर्कविहीन थुनामा कैयौं दिनसम्म राखेपछि प्रहरीले अदालतमा व्यक्तिलाई पेश गरेको दिनलाई मात्र पक्राउ मितिका रूपमा उल्लेख गर्ने गरेको पाइन्छ ।

सम्पर्कविहीन थुनाका दौरान महिलाहरूमाथि प्रायः यौन दुर्व्यवहार गरिन्छ र यसलाई बाहिर उजागर नगर्नु भनी धम्की दिइन्छ । उदाहरणका लागि, मोरङमा प्रहरीले सुमित्रा खवासलाई नाङ्गै पारेर यातना दिएको सम्बन्धमा एड्भोकेसी फोरमले अन्तर्राष्ट्रिय समुदायलाई सूचित गरेपछि उनलाई कानुन व्यवसायीसँग भेटघाट गर्न दिइएन तथा लगभग दुई हप्तासम्म सम्पर्कविहीन थुनामा राखियो ।[284] यो घटनाका बारेमा मानवअधिकार रक्षकहरूलाई केही पनि नभन्नु भनी खवासलाई बताइयो । यो मुद्दामा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतको चासो रहेको भएपनि केही अनुसन्धान भएको छैन । यसैगरी असार २०६७ मा हरकली पुन नाम गरेकी महिलालाई पक्राउ गरेपछि नौ दिनसम्म कानुन व्यवसायी तथा आफन्तसँग सम्पर्क गर्न दिइएको थिएन र यो अवधिमा उनलाई यातना दिइएको थियो ।[285]

व्यक्तिगत आवासलाई गोप्य थुनास्थलका रूपमा प्रयोग गर्ने क्रम जारी छ र यसमा वृद्धि भइरेको छ भन्ने संकेत पाइएका छन् । मंसिर महिनामा नेपाल साप्ताहिकमा[286] छापिएको विशेष समाचारका अनुसार प्रहरीले आरोपितलाई सोधपूछ गर्न तथा थुन्नका लागि व्यक्तिगत घरको प्रयोग गरिरहेको भनी उल्लेखित छ र यो अभ्यास द्वन्द्वको समयदेखि नै सुरु भएको हो । एडभोकेसी फोरमले

---

284 Urgent Appeal issued by Amnesty International: http://amnesty.org.uk/news_details.asp?NewsID=17883.

285 For details of Ms Pun's case, see Asian Human Rights Commission 'Police refuse to provide medical treatment to a woman whose hand was broken due to torture' (29 July 2011), available at: http://www.humanrights.asia/news/urgent-appeals/AHRC-UAC-125-2011.

286 http://www.ekantipur.com/nepal/article/?id=1768 (In Nepali only).

काठमाण्डौंमा नीजी निवासलाई गोप्य थुनाकेन्द्रको रुपमा प्रयोग गरिएका थुप्रै गुनासाहरु प्राप्त गरेको छ ।[287]

## *अन्तर्राष्ट्रिय मापदण्ड*

अन्तर्राष्ट्रिय कानुनले जबर्जस्ती बेपत्ता पार्ने कामलाई निषेध गरेको छ ।[288] यसलाई संयुक्त राष्ट्र संघीय साधारणसभाले सन् १९९२[289] मा पहिचान गरेको थियो र यसलाई हालै जबर्जस्ती बेपत्ताबाट सबै व्यक्तिको संरक्षणका लागि बनेको महासन्धि ("जबर्जस्ती बेपत्ता महासन्धि") मा विस्तारपूर्वक राखिएको छ ।[290] युद्धको अवस्था, युद्धको त्रासको अवस्था, आन्तरिक राजनीतिक अस्थिरता वा अन्य कुनै सार्वजनिक संकटकालजस्ता कुनै पनि विशेष परिस्थितिमा समेत जबर्जस्ती बेपत्तालाई तर्कसम्मत बनाउन सकिँदैन ।[291]

---

[287] Advocacy Forum, 'Recent trends and patterns of torture in Nepal: July to December 2010' (above n.257).

[288] The UN Convention defines enforced disappearance as follows: "the arrest, detention, abduction or any other form of deprivation of liberty by agents of the State or by persons or groups of persons acting with the authorization, support or acquiescence of the State, followed by a refusal to acknowledge the deprivation of liberty or by concealment of the fate or whereabouts of the disappeared person, which place such a person outside the protection of the law" (Article 2).

[289] Declaration on the Protection of All Persons from Enforced Disappearance, G.A. Res. 47/133, U.N. Doc. A/RES/47/133 (Dec. 18, 1992) (Enforced Disappearance Declaration); Inter-American Convention on Forced Disappearance of Persons Article 3, June 9, 1994, 33 I.L.M. 1429.

[290] The Convention was adopted on 20 December 2006 during the sixty-first session of the General Assembly by resolution A/RES/61/177. Entered into force on 23 December 2010, in accordance with article 39(1). Available at: http://www2.ohchr.org/english/law/disappearance-convention.htm. See alsoEnforced Disappearance Declaration (above n.289).

[291] Convention on Enforced Disappearances, Article 1(2).

कसैलाई जबर्जस्ती बेपत्ता बनाउँदा कानुनको संरक्षणबाट ऊ वञ्चित हुन्छ र यसले ऊ तथा उसको परिवारमा कठोर पीडा पुग्छ। कानुनको नजरमा एउटा व्यक्तिले पहिचान पाउने अधिकार, व्यक्तिको स्वतन्त्रता तथा सुरक्षाको अधिकार अनि यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहारविरुद्धको अधिकारको प्रत्याभूति गर्ने अन्तर्राष्ट्रिय कानुनका नियमको यसले उल्लंघन गरेको ठहरिन्छ। बाच्न पाउने अधिकारलाई समेत यसले उल्लंघन वा गम्भीर चुनौती दिन्छ।[292]

नेपाल जबर्जस्ती बेपत्ताविरुद्धको महासन्धिको पक्षराष्ट्र नभएपनि प्रथाजनित अन्तर्राष्ट्रिय कानुन तथा मानवअधिकारसम्बन्धी आफ्ना प्रतिबद्धताका कारण जबर्जस्ती बेपत्ताको अपराधलाई रोकथाम तथा यसमा सजाय गर्ने दायित्व नेपाल सरकारको हुन्छ भनी सर्वोच्च अदालतले बताएको छ र नेपालले पालना गर्नुपर्ने अन्तर्राष्ट्रिय कानुनका मापदण्डलाई बेपत्ता महासन्धिले निर्धारण गरेको छ।[293]

जबर्जस्ती बेपत्ताविरुद्धको महासन्धिका अनुसार "*आफ्नो फौजदारी कानुनअन्तर्गत जबर्जस्ती बेपत्ता कसुरका रूपमा रहन्छ भनी सुनिश्चित गर्नका लागि प्रत्येक पक्षराष्ट्रले आवश्यक उपाय अपनाउनुपर्नेछ*"[294] र यसलाई "*अपराधको गाम्भीर्यमाथि विचार गर्दै उपयुक्त सजायमार्फत दण्डनीय बनाउनुपर्छ*।"[295] जबर्जस्ती बेपत्ताको अपराध गर्ने, यस्तो गर्न आदेश दिने, उक्साउने वा यस्तो हुने वातावरण मिलाउने, यसको उद्योग गर्ने, मतियार हुने वा संलग्न हुने कुनै पनि

---

[292] Enforced Disappearance Declaration (above n.289), para. 1.

[293] Order rendered by Justice Khila Raj Regmi and Justice Kalyan Shrestha (regarding Supreme Court Writ No. 3775) issued on 18 Jestha 2063 (2006). For an unofficial translation of the judgment, see 1 National Judicial Academy Law Journal (2007), 301–339. For a full discussion of the judgment see Kishor Uprety (2008) 'Against Enforced Disappearance: the Political Detainees' Case before the Nepal Supreme Court' 2 Chinese Journal of International Law 429-457, full text available at: http://chinesejil.oxfordjournals.org/content/7/2/429.full.

[294] Convention on Enforced Disappearances, Article 4.

[295] *Ibid.*, Article 7(1).

व्यक्तिलाई फौजदारी जवाफदेहिता गराउनुपर्ने दायित्व महासन्धिले पक्षराष्ट्रमा सुम्पेको छ ।[296] जबर्जस्ती बेपत्ताको अपराधमा प्रतिरक्षाको लागि उच्च अधिकारीको आदेश थियो भन्ने जिकिर लिन पाइँदैन ।[297]

जबर्जस्ती बेपत्ताको रोकथामका लागि राज्यहरूले विशेष उपाय अपनाउनुपर्ने भनी जबर्जस्ती बेपत्ताविरुद्धको महासन्धिले बताएको छ : व्यक्तिलाई गोप्य थुनामा राख्नबाट यसले निषेध गर्छ[298] र थुनासम्बन्धी अधिकारका नियम राष्ट्रिय कानुनमा समावेश गर्नका लागि राज्यहरूलाई बाध्य गर्छ । थुना/कारागारमा रहेका व्यक्तिका सम्बन्धमा संरासं सिद्धान्तका जस्तै केही अन्तर्राष्ट्रिय मापदण्डलाई धारामा समावेश गरिएको छ जसअन्तर्गत थुनुवाले आफ्नो कानुनी प्रतिनिधि तथा परिवारसँग संवाद गर्न पाउने अधिकार[299] र सक्षम तथा कानुनी अधिकार प्राप्त अधिकारी/संस्थाको थुनास्थलमा पहुँच पर्दछन् ।[300] धारा १७ को अनुच्छेद (३) ले पक्षराष्ट्रलाई थुनुवाका अद्यावधिक गरिएका रजिस्टर र/वा अभिलेख राख्नुपर्ने कार्यादेश सुम्पेको छ ।[301] यो प्रतिवेदनले नेपाली कानुनमा यी

---

[296] *Ibid.,* Article 6(1)(a).

[297] *Ibid.,* Article 6(2).

[298] The need to keep individuals deprived of their liberty in officially recognised places of detention is expressed in Human Rights Committee, General Comment No. 20, Article 23 (Thirty-ninth session, 1990), Compilation of General Comments and General Recommendations Adopted by Human Rights Treaty Bodies, U.N. Doc. HRI/GEN/1/Rev.6 at 149 (2003), para. 11. See also Principle 10(1) of the Enforced Disappearance Declaration (above n.289) and Principle 6 of the Principles on extra-legal, arbitrary and summary executions.

[299] See Principle 15 of the Body of Principles on Detention (above n.64), for a similar obligation.

[300] See Principle 29(1) of the Body of Principles on Detention (above n.64), for a similar obligation.

[301] For a similar obligation, see Enforced Disappearance Declaration, (above n.289) para. 10(3); Body of Principles on Detention (above n.64), para. 12; Principle 6 of the Minnesota Protocol (above, n.158). See also HRCtee, General Comment No. 20 (above n.298), para. 11.

रोकथाममूलक उपाय समावेश गरिएका छन् कि छैनन् भन्ने बारेमा सम्बोधन गरेको छैन तर तिनको महत्वलाई कम आँक्न मिल्दैन ।

## विद्यमान कानुनमा रहेका समस्या

जबर्जस्ती बेपत्तालाई फौजदारी अपराधको रूपमा स्थापित गर्नु[302] भनी सर्वोच्च अदालतले २०६४ मा सरकारलाई आदेश दिएको भएपनि हालसम्म यसो गरिएको छैन ।

केही सकारात्मक प्रगति भने पक्कै भएका छन् । बेपत्ता आयोगसम्बन्धी मस्यौदा विधेयक संसदसमक्ष २०६६ को अन्त्यतिर पेश गरिएको छ । सुरुको मस्यौदा विधेयकमा रहेका धेरै कमीकमजोरीका[303] सम्बन्धमा नागरिक समाजका संगठनको चिन्तालाई संसदसमक्ष पेश गरिएको अन्तिम मस्यौदामा सम्बोधन गरिएको छ । तैपनि अझै यो विधेयक पूर्ण रूपमा अन्तर्राष्ट्रिय मापदण्डअनुकूल नरहेको भन्ने चिन्ता व्यक्त गरिएका छन् ।[304] वैशाख २०६७ देखि अहिलेसम्म पनि यो विधेयक संसदको कानुनी समितिसमक्ष समीक्षाका लागि विचाराधीन रहेको छ यद्यपि नोभेम्बर २०११ मा प्रमुख राजनीतिक दलका बीच भएको सहमतिपश्चात् यो विधेयक पारित हुने सम्भावना बढेको छ ।

---

[302] *Rajendra Dhakal and Others v. The Government of Nepal*, writ no.3575, registration date 21 January 1999: Order rendered by Hon. Justice Khila Raj Regmi and Hon. Justice Kalyan Shrestha issued on 18 Jestha 2063 (2007). For an unofficial translation of the judgment, see 1 National Judicial Academy Law Journal (2007), 301–339.

[303] See, eg. the joint memorandum of civil society organisations including Advocacy Forum, 'Nepal: Joint Memorandum on the Disappearances of Persons (Crime and Punishment) Bill', 30 August 2009, available at: http://www.advocacy forum.org/downloads/pdf/publications/disappearance-memo-english.pdf.

[304] Advocacy Forum, 'Review of implementation of the recommendations made by the UN Working Group on Enforced or Involuntary Disappearances after its visit to Nepal in 2004' (September 2010), available at: http://www.advocacy forum.org/downloads/pdf/publications/af-briefing-series-1-disappearance.pdf.

संसद सचिवालय समक्ष पेश गरिएको मस्यौदा दण्ड संहिताले पनि राज्य वा गैरराज्य समूह जोसुकैले गरेको जबर्जस्ती बेपत्तालाई अपराधीकरण गरेको छ ।[305] यो विधेयकले गैरकानुनी थुना तथा गोप्य थुनालाई पनि अपराधीकरण गरेको छ । स्वेच्छाचारी पक्राउ र थुना रोकथामका लागि कानुनमा विद्यमान सुरक्षाउपायलाई अधिकारीहरूले पालना नगरेको अवस्थालाई सम्बोधन गर्नका लागि यसले मद्दत गर्नेछ (अध्याय ६ हेर्नुहोस्) । यी स्वागतयोग्य कदम भए पनि मस्यौदामा अझै समस्या रहेका छन्, जस्तै जबर्जस्ती बेपत्ताको परिभाषा, जबर्जस्ती बेपत्ता बनाउने कार्यलाई मानवताविरुद्धको अपराधका रूपमा पहिचान नगरिनु तथा यसमा हदम्यादको व्यवस्था गर्नु । एड्भोकेसी फोरम तथा रिड्रेसले चैत २०६७ मा यससम्बन्धी सिफारिस कानुन तथा न्याय मन्त्रालय र गृह मन्त्रालयसमक्ष पेश गरेका छन् ।[306]

प्रत्येक विधेयकका आआफ्ना समस्याका अलावा जबर्जस्ती बेपत्ताको अपराधका सम्बन्धमा प्रत्येकमा उल्लेख्य विरोध रहेका छन् । प्रत्येक विधेयकले जबर्जस्ती बेपत्ताको फरक तर एकअर्कामा आरूढ गर्ने परिभाषा दिएका छन् र ती अपराधका बीच कुनै सामयिक भिन्नता राखिएको छैन । दुवै विधेयकले भिन्न भिन्न सजायको व्यवस्था गरेका छन् – बेपत्तासम्बन्धी विधेयकले सात वर्षसम्मको कारावास सजाय तोकेको छ भने मस्यौदा दण्ड संहितामा १५ वर्षको कारावास सजाय तोकिएको छ । फौजदारी कानुनमा आवश्यक हुने स्पष्टता र सुनिश्चिततालाई कायम राख्नका लागि यी समस्यालाई चाँडै हल गर्नुपर्दछ । एउटा उपाय के हुनसक्छ भने नयाँ दण्ड संहिता लागू हुनुअगाडि गरिएका अपराधमा बेपत्ता आयोग विधेयक लागू हुन्छ र मस्यौदा दण्ड संहिता त्यसपछि लागू हुन्छ भनी सुनिश्चित गरियोस् ।

---

305 Draft Penal Code, Sections 200 and 201.

306 See Advocacy Forum and REDRESS, 'Comment on Nepali Draft Criminal Code, Draft Criminal Procedure Code and Draft Sentencing Bill: Provisions relevant to a Fair Trial, Enforced Disappearance and Sexual Violence' (April 2011) available at: http://www.redress.org/AFRedress_Report_on_Draft_Legislation.pdf.

# ८

# अनुसन्धान, कारबाही तथा कानुनी उपचार र परिपूरणसम्बन्धी कानुन

मानवअधिकार उल्लंघनमा दण्डहीनता कायम रहेमा यसले उल्लंघनको निरन्तरता तथा अन्य थप प्रभाव पार्दछ । यस्तो अपराधका पीडितलाई अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानवअधिकार कानुनले प्रदान गर्ने अधिकार तथा अपराधमा प्रभावकारी कानुनी उपचार तथा परिपूरणबाट यसले वञ्चित गर्दछ । यसो भएपछि पीडितको पीडा संबोधन हुँदैन तथा उनीहरू क्षतिपूर्तिबाट वञ्चित हुन पुग्छ ।

यो प्रतिवेदनमा चर्चा गरिएअनुरूप मानवअधिकारको गम्भीर उल्लंघनमा दण्डहीनता नेपालको प्रमुख समस्याका रूपमा रहेको छ । कानुनी उपचार तथा परिपूरण हासिल गर्नका लागि महत्वपूर्ण साबित हुने नेपाली कानुनले स्थापना गरेका संयन्त्र तथा कार्यविधि अनि व्यवहारमा पीडितले सामना गरेका अप्ठ्यारालाई कानुनमा परिवर्तन ल्याएमा समाधान हुनसक्ने सम्बन्धमा यो अध्यायले चर्चा गरेको छ । दण्डहीनतालाई प्रवर्द्धन गर्ने तथा पीडितको न्यायमा पहुँचलाई बाधा पुर्‍याउने कानुनमा भएका विशेष अवरोधलाई समेत यसले विश्लेषण गर्दछ ।

## क. कानुनी उपचार तथा परिपूरणको अधिकार

अन्तर्राष्ट्रिय अपराध तथा मानवअधिकार उल्लंघनमा कानुनी उपचार तथा परिपूरणको अधिकारलाई बहुसंख्यक सन्धि,[307] संयुक्त राष्ट्रसंघका सन्धि निकाय,[308] क्षेत्रीय अदालत[309] र घोषणात्मक दस्तावेजका श्रृंखला[310] ले पुष्टि गरेका छन् । उदाहरणका लागि, आइसिसिपिआरको धारा २(३) ले पक्षराष्ट्रको दायित्व देहायको हुन्छ भनेको छ :

(क) सरकारी हैसियतमा कार्य गर्ने व्यक्तिहरूबाटै उल्लंघन भए तापनि यहाँ पहिचान गरिएका आफ्नो अधिकार एवं स्वतन्त्रताहरू उल्लंघन भएको कुनै पनि व्यक्तिले प्रभावकारी उपचार पाउने कुरा सुनिश्चित गर्ने,

(ख) त्यस्तो उपचार दावी गर्ने कुनै व्यक्तिको आफ्नो अधिकार सक्षम न्यायिक प्रशासनिक वा व्यवस्थापकीय अधिकारीहरू वा राष्ट्रका कानुनी प्रणालीबाट व्यवस्था गरिएका अन्य कुनै सक्षम अधिकारीद्वारा निर्धारित गरी पाउने कुरा सुनिश्चित गर्ने तथा न्यायिक उपचारका सम्भावनाहरू विकसित गर्ने,

(ग) त्यस्ता उपचारहरू प्रदान गरिएमा सक्षम अधिकारीहरूले ती उपचारहरू लागू गर्ने कुरा सुनिश्चित गर्ने ।

---

[307] For example, ICCPR, Articles 2(3), 9(5) and 14(6); CAT, Article 14; and Statute of the International Criminal Court (1988) Article 75.

[308] See, for example, HRCtee, General Comment No. 31 (above n.78), paras. 15-17; UN Committee against Torture, General Comment No. 2, Implementation of Article 2 by States Parties, (CAT/C/GC/2/CRP.1/Rev.4 (2007)), at para. 15.

[309] See for example, IACtHR, Velasquez Rodriguez v Honduras, (Judgment of 29 July 1988), para. 174. See also ECtHR, Papamichalopoulos v Greece, App. No. 14556/89, (1995) at para. 36.

[310] Basic Principles on Remedy and Reparation, (above n.256). See also the UN Declaration of Basic Principles of Justice for Victims of Crime and Abuse of Power, adopted by General Assembly resolution 40/34 of 29 November 1985; and the Universal Declaration of Human Rights (1948), Article 8.

यो प्रतिवेदन गैरन्यायिक हत्या, स्वेच्छाचारी पक्राउ तथा थुना, यातना, जबर्जस्ती बेपत्ता र करणीजस्ता गम्भीर अन्तर्राष्ट्रिय अपराध तथा मानवअधिकार उल्लंघनमा केन्द्रित रहेको छ। विशेषगरी गम्भीर उल्लंघनमा न्यायिक उपचार तथा गहकिलो परिपूरण दिनका लागि राज्यहरू विशिष्ट तथा व्यापक दायित्वमा प्रतिबद्ध हुन्छन्। अपराधसँग विशेष तादात्म्य राख्ने सन्धिमा यी दायित्व निर्धारण गरिएका छन् र प्रथाजनित अन्तर्राष्ट्रिय कानुनले यसको आवश्यकता औंल्याएको छ। यो कुरा "कानुनी उपचार तथा परिपूरणसम्बन्धी आधारभूत सिद्धान्त" मा प्रतिबिम्बित छ।[311]

एउटा "*सक्षम न्यायिक, प्रशासनिक वा अन्य अधिकारी*" ले निर्धारण गरेको उपचारको हक आइसिसिपिआरले स्थापना गरेको छ। तर अन्तर्राष्ट्रिय कानुनको गम्भीर उल्लंघनमा न्यायिक उपचारको विकल्प सधैँ खुल्ला राख्नुपर्दछ भनी

---

[311] Basic Principles on Remedy and Reparation, (above n.256). The Basic Principles on Right to a Remedy and Reparation do not define the terms "gross violations of international human rights" and "serious violations of international law" however the Special Rapporteur who drafted the text noted in relation to the initial text that "gross violations of human rights and fundamental freedoms" is not fixed and exhaustive. He made it clear that they "include at least the following: genocide; slavery and slavery-like practices; summary or arbitrary executions; torture and cruel, inhuman or degrading treatment or punishment; enforced disappearance; arbitrary and prolonged detention; deportation or forcible transfer of population; and systematic discrimination, in particular based on race or gender": Sub-Commission on Prevention of Discrimination and Protection of Minorities, Study concerning the right to restitution, compensation and rehabilitation for victims of gross violations of human rights and fundamental freedoms, Final report submitted by Mr. Theo van Boven, Special Rapporteur, E/CN.4/Sub.2/1993/8 (2 July 1993). Rape is also recognised as a serious criminal law offence, and – where it is carried out by a state official or where it can be said that the state has facilitated, acquiesced or enabled others to commit rape – is recognised as torture. Rape is also prohibited under international humanitarian law and can amount to an international crime: see REDRESS, 'Time for Change: Reforming Sudan's Legislation on Rape and Sexual Violence', November 2008, pp. 12-17, available at: http://www.redress.org/downloads/publications/Position%20Paper% 20Rape.pdf.

पहिचान गरिएको छ ।[312] मानवअधिकार समितिले समेत भनेको छ : *"मानवअधिकारको गम्भीर उल्लंघन भएको अवस्थामा दिइएका प्रशासनिक उपचारलाई पर्याप्त तथा प्रभावकारी उपचारका रूपमा लिन मिल्दैन।"*[313]

उपचार तथा परिपूरणका एकअर्कासँग अत्यन्त नजिकको सम्बन्ध रहेका कार्यविधिगत तथा गहकिला पक्ष रहेका छन्। उपचारमा सबैको समान पहुँच हुनुपर्छ : विशेष वर्गका व्यक्तिको विशेष जोखिमलाई ध्यानमा राख्दै उपयुक्त उपचारलाई ग्रहण गर्नुपर्दछ।[314] कारबाहीलगायतका कुनै पनि न्यायिक उपचारको आवश्यक सर्त भनेको शीघ्र, स्वतन्त्र तथा प्रभावकारी अनुसन्धानका लागि बन्ने संयन्त्र हुन्। पीडित तथा सर्वसाधारणको सत्य जान्नपाउने अधिकार पूरा गर्नका लागि यी अत्यन्त आवश्यक अंग हुन्। पीडकलाई जवाफदेही बनाउन तथा पीडितलाई गहकिलो परिपूरण दिनका लागि विश्वसनीय संस्था गठन गर्नुपर्दछ अनि उपचारमा आइपर्ने बाधा हटाउनुपर्दछ। राज्यका महत्वपूर्ण दायित्वका तीन प्रमुख पक्षलाई यो प्रतिवेदनले विश्लेषण गर्नेछ जसमा सत्य जान्न पाउने अधिकार, न्यायको अधिकार तथा परिपूरणको अधिकार रहेका छन्। यिनलाई पूरा नगरिने हो भने दण्डहीनता हुन जान्छ।

## ख. सत्य जान्न पाउने अधिकार तथा अनुसन्धानको दायित्व

### अ. अन्तर्राष्ट्रिय मापदण्ड

मानवअधिकार उल्लंघनका विश्वसनीय आरोपमाथि अनुसन्धान गर्ने दायित्व आइसिसिपिआरको धारा २ तथा मानवअधिकार उल्लंघनमा उपचार दिने सम्बन्धी अन्य अन्तर्राष्ट्रिय सन्धिअन्तर्गत रहेको नेपालको दायित्व पूरा गर्नका लागि केन्द्रीय तथ्यका रूपमा रहेको छ।[315] विस्तृत तथा प्रभावकारी अनुसन्धानको अभावमा पीडकलाई जवाफदेही बनाउन तथा पीडितले उपचार र परिपूरणमा

[312] Basic Principles on Remedy and Reparation, (above n.256), para. 12.

[313] HRCtee, Bautista de Arellana v Colombia, no. 563/1993, CCPR/C/55/D/563/1993 (1995), para. 8.2.

[314] General Comment No. 31 (above n.78), para. 15.

[315] See Basic Principles on Remedy and Reparation, (above n.256), paras. 3(b) and 4.

दाबी गर्न असम्भव हुन्छ। उपचारको हकलाई प्रभावकारी बनाउनका लागि मानवअधिकार समितिलगायतका अनेकौं मानवअधिकार निकायले उल्लंघनका उजुरीउपर "*स्वतन्त्र तथा निष्पक्ष निकायले शीघ्रतापूर्वक, साङ्गोपाङ्ग तथा प्रभावकारी रूपमा*" अनुसन्धान गर्नुपर्नेमा जोड दिएका छन्।[316] "*उल्लंघनका आरोपमा अनुसन्धान गर्नबाट पक्षराष्ट्र चुकेमा त्यो कार्य अनुबन्धको उल्लंघन ठहरिन्छ*" भनी मानवअधिकार समितिले अनेकौं अवसरमा प्रस्ट पारिसकेको छ।[317] निजी व्यक्ति तथा संस्थाले गर्ने मानवअधिकार उल्लंघनबाट व्यक्तिको संरक्षण गर्ने नेपालको दायित्वको अर्थ के लाग्छ भने मानवअधिकार उल्लंघनमा अनुसन्धान गर्ने दायित्वले निजी व्यक्तिका अलावा राज्यका अधिकारीलाई समेत समेट्दछ।[318]

गैरन्यायिक हत्या,[319] यातना,[320] तथा जबर्जस्ती बेपत्ता[321] लगायतका बाँच्न पाउने अधिकारको उल्लंघनको आशंका गरिएका मुद्दामा अनुसन्धान गर्ने विशिष्ट तथा कडा दायित्वलाई प्रस्टसँग पहिचान गरिएको छ।

---

[316] HRCtee, General Comment No. 31 (above n.78), para. 15. In relation to complaints of torture, see HRCtee, General Comment No. 20 (above n.298), para. 14.

[317] HRCtee, General Comment No. 31 (above n.78), para. 15.

[318] HRCtee, General Comment No. 31 (above n.78), para. 8.

[319] See,eg. HRCtee, Baboeram et al v Suriname, nos. 146/1983 and 148-154/1983, CCPR/C/21/D/146/I983 (1984). See also ECtHR, Finucane v United Kingdom, no. 29178/95 (1 July 2003). In finding a violation of Article 2 (right to life), the Court said: "[t]he obligation to protect the right to life under Article 2 of the Convention, read in conjunction with the State's general duty under Article 1 of the Convention to "secure to everyone within [its] jurisdiction the rights and freedoms defined in [the] Convention", requires by implication that there should be some form of effective official investigation when individuals have been killed as a result of the use of force..."; see also the UN Principles on the Effective Prevention and Investigation of Extra-legal, Arbitrary and Summary Executions, Recommended by Economic and Social Council resolution 1989/65 of 24 May 1989, Principle 9,http://www2.ohchr.org/english/law/executions.htm.

[320] CAT, Article 12.

[321] HRCtee, Herrera Rubio v Colombia, no. 161/1983, CCPR/C/OP/2, pp. 192-195 (1987), paras.10.3 and 11; HRCtee, Miango v Zaire no. 194/1985,

प्रभावकारी तथा मानवअधिकारअनुकूल हुने अनुसन्धानको आवश्यकता पूरा गर्नका लागि यो विधिशास्त्र तथा यी सन्धिले विस्तारमा चर्चा गरेका छन् । यातनाको पीडित भएको भनी दाबी गर्ने व्यक्तिले उजुरी गर्ने तथा आफूले लगाएका आरोपउपर सक्षम अधिकारीद्वारा शीघ्र अनि निष्पक्ष अनुसन्धानको अधिकार राख्दछ ।[322] तर औपचारिक उजुरी नपरेको भए पनि गम्भीर उल्लंघनका आरोपउपर अनुसन्धान गर्ने दायित्व चाहिँ रहन्छ ।[323] अनुसन्धानमा वा यसमा भएका प्रगतिका बारेमा पीडित वा तिनका आफन्तलाई सूचित गर्नुपर्दछ ।[324]

---

CCPR/C/OP/2, p. 219 (1990), paras.8.2, 10 and 11. In both of these cases the Committee found a violation of Article 6, in part, because there had been no investigation or no effective investigation; Enforced Disappearance Declaration (above n.289), Article 13; Convention on Enforced Disappearances, Article 12.

[322] Eg. CAT, Article 13; UN Standard Minimum Rules for the Treatment for Prisoners, adopted by the First United Nations Congress on the Prevention of Crime and the Treatment of Offenders and approved by the Economic and Social Council by its resolutions 663 C (XXIV) of 31 July 1957 and 2076 (LXII) (13 May 1977), rule 36(4); HRCtee, General Comment No. 20, (above n.298), para. 14. See also IACtHR, Maritza Urrutia v Guatemala, (Judgment of 27 November 2003), para. 119; and ECtHR, Mikheyev v Russia, no. 77617/01 (26 January 2006), para. 109; ECtHR, Ogur v Turkey, no. 21594/93 (15 December 1997), paras. 91-92.

[323] Eg. Convention on Enforced Disappearances, Article 12(2); Committee Against Torture, Henri Parot v Spain, no. 6/1990, U.N. Doc. A/50/44 at 62 (1995), para 10.4; Committee Against Torture, Blanco Abad v Spain, no. 59/1996, CAT/C/20/D/59/1996 (1998), para 8.6; General Recommendations of the Special Rapporteur on Torture, para.26 (k).

[324] See principle 4 of the Principles on the Effective Investigation and Documentation of Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment, (known as the 'Istanbul Protocol') annexed to General Assembly resolution 55/89 of 4 December 2000 and to Commission on Human Rights resolution 2000/43 of 20 April 2000, both adopted without a vote; Committee Against Torture, Hajrizi Dzemajl v Yugoslavia, no. 161/1999, CAT/C/29/D/161/2000 (2002).

अनुसन्धानद्वारा पत्ता लगाइएका कुरा सम्बन्धित अधिकारलाई उपलब्ध गराइनुपर्दछ ।[325] प्रभावकारी अनुसन्धानका लागि सक्षम अधिकारीलाई आवश्यक अधिकार तथा सान्दर्भिक अभिलेख तथा अन्य सूचनामा पहुँचलगायतका स्रोतसाधन उपलब्ध गराउनुपर्दछ ।[326] अनुसन्धानमा बाधाअवरोध ल्याउने कार्य रोकथामका लागि उपाय अपनाउने तथा यसो गर्न प्रतिबन्ध लगाउने कार्य पक्षराष्ट्रले गर्नुपर्दछ (अनुसन्धानको दायरामा परेको व्यक्तिले दबाब, धाकधम्की वा प्रतिशोधमार्फत अनुसन्धानमा प्रभाव पार्न आफ्नो पदको दुरुपयोग गर्न नसकोस् भनी सुनिश्चित गर्ने कामसमेत यसमा पर्दछ) ।[327] अनुसन्धानमा संलग्न व्यक्तिमाथि धाकधम्की, दुर्व्यवहार वा कारबाहीबाट समेत राज्यले संरक्षण गर्नुपर्ने हुन्छ ।[328]

उल्लंघनका आरोपको शीघ्र, विस्तृत तथा प्रभावकारी अनुसन्धान गर्ने राज्हरूको सामान्य दायित्वमा सकारात्मक प्रभावका लागि राष्ट्रिय मानवअधिकार संस्थानलगायतका स्वतन्त्र तथा निष्पक्ष प्रशासनिक संयन्त्रको उपयोगी भूमिका हुनसक्छ भनी मानवअधिकार समितिले जोड दिएको छ ।[329] तर माथि बताएसरि मानवअधिकारको गम्भीर उल्लंघनका मुद्दामा न्यायिक उपचारमा पहुँचको विकल्पलाई कहिलेपनि हटाउनुहुँदैन ।[330]

कानुनी उपचार तथा परिपूरणको प्रावधान अनि भविष्यमा हुनसक्ने उल्लंघनलाई रोकथाम गर्ने राज्यको दायित्वका लागि प्रभावकारी अनुसन्धान आवश्यक सर्त

---

[325] Article 10(2).

[326] eg. Enforced Disappearance Convention, Article 12(3)(a).

[327] eg. Ibid. Article 12(4); See also Article 22.

[328] eg. Ibid. Article 18(2); ECtHR, Assenov & others v Bulgaria, no. 24760/94 (22 September 1997), para 169; IACtHR, Velasquez Rodriguez v Honduras, (above n.309); para 39. The right to protection for victims and witnesses has also been increasingly recognised in statutes of international and internationalised courts: see Articles 43(6), 54(1)(b), 57(3)(c), 64(2)(6)(e), 68, 87, 93(l)(j) of the Rome Statute; and Articles 15,20 and 22 of the Statute of the International Criminal Tribunal for the Former Yugoslavia.

[329] HRCtee, General Comment No. 31 (above n.78), para.15.

[330] Basic Principles on Remedy and Reparation, (above n.256), para. 12.

हो । सत्य जान्न पाउने स्वायत्त तथा गहकिलो अधिकारको अंगका रूपमा समेत अनुसन्धान रहेको हुन्छ ।

मानवअधिकार निकाय तथा अन्तर्राष्ट्रिय फौजदारी अदालतको विधिशास्त्रमार्फत सत्य जान्न पाउने अधिकार विकसित भएको हो र यसमा देहायका सूचना खोज्ने तथा पाउने अधिकार रहेका छन् :

> एउटा व्यक्तिलाई पीडित बनाउनपछाडिका कारण, अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको घोर उल्लंघन तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लंघनतर्फ उन्मुख गराउने कारण तथा परिस्थिति, अनुसन्धानका प्रगति तथा परिणाम, अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका अपराध तथा मानवअधिकारका घोर उल्लंघनका परिस्थिति तथा कारण, उल्लंघन हुँदाका परिस्थिति, मृत्यु, हराएको वा बेपत्ता भएको स्थितिमा पीडितको अवस्था अनि पीडकको पहिचान ।[331]

यो व्यक्तिगतका साथै सामूहिक अधिकार पनि हो : उल्लंघनका सम्बन्धमा सत्य जान्नपाउने पीडितको अधिकारका साथै उल्लंघनको पुनरावृत्तिलाई रोकथाम गर्ने उद्देश्य लिएको समाजको अधिकार ।[332]

अद्यावधिक गरिएको “दण्डहीनता रोकथामका लागि मानवअधिकारको संरक्षण तथा प्रवर्द्धनसम्बन्धी सिद्धान्त” ले सत्य जान्नपाउने अधिकारलाई महत्व[333]

---

[331] See the 2006 study by the OHCHR: Commission on Human Rights, ‘Study on the right to the truth Report of the Office of the United Nations High Commissioner for Human Rights’, E/CN.4/2006/91, 8 February 2006 (Study on the Right to the Truth), para. 38.

[332] WGEID, General Comment on the Right to the Truth in Relation to Enforced Disappearances, 22 July 2010.

[333] Submitted to the United Nations Commission on Human Rights on 8 February 2005. Principle 2 provides "Every people has the inalienable right to know the truth about past events concerning the perpetration of heinous crimes and about the circumstances and reasons that led, through massive or systematic violations, to the perpetration of those crimes. Full and effective exercise of the right to the truth provides a vital safeguard against the recurrence of violations". Principle 4

दिएको छ अनि सत्य जान्नपाउने अधिकारलाई सम्मान तथा सुनिश्चित गर्नुको महत्वलाई भर्खरै संयुक्त राष्ट्र संघिय मानवअधिकार परिषद्ले अद्यावधिक गरेको छ ।[334] प्रभावकारी अनुसन्धान एउटा लक्ष्यको साधनमात्र नभएर आफैँमा एक लक्ष्य हो ।

## *आ. अनुसन्धानलाई सञ्चालन गर्ने राष्ट्रिय कानुनी संरचना*

अध्याय दुईमा बताइएअनुसार नेपालमा मानवअधिकारका गम्भीर उल्लंघनको अनुसन्धान गर्ने कार्यादेश विभिन्न कर्ता तथा निकायमा रहेको छ र यसमा प्रहरी, **मानवअधिकार आयोग** तथा (जाँचबुझ आयोग ऐनअन्तर्गत रही)[335] **तदर्थ छानवीन आयोगहरु**ले पाएका हुन्छन् ।[336]

यसका अलावा देहायका निकाय तथा अधिकारीसमेत मानवअधिकारका गम्भीर उल्लंघनको अनुसन्धानमा संलग्न रहन्छन् :

- **प्रहरी तथा सेनाको मानवअधिकार इकाइ** : यिनलाई द्वन्द्वका बेला गठन गरिएको थियो र यिनले आफ्ना अधिकारीले गरेका मानवअधिकार उल्लंघनसम्बन्धी उजुरी लिन्छन् । तर कमसेकम प्रहरीले दिएको यातनाका सम्बन्धमा प्राप्त उजुरीमा प्रहरीको मानवअधिकार इकाइले गर्ने “अनुसन्धान” सम्बन्धित जिल्बतला प्रहरी कार्यालयलाई उजुरीको विस्तृत विवरण पठाउने र उक्त कार्यालयलाई आरोपउपर प्रतिक्रिया जनाउनका लागि आग्रह गर्नेमै सीमित रहेको छ । यसले बढीभन्दा बढी आरोपित अधिकारीका विरुद्ध

---

states "Irrespective of any legal proceedings, victims and their families have the imprescriptible right to know the truth about the circumstances in which violations took place and, in the event of death or disappearance, the victims’ fate."

[334] UN Human Rights Council Resolution 12/12 of 12 October 2009 entitled "Right to the truth", para. 1. See also Study on the Right to the Truth (above n.331).

[335] Commissions of Inquiry Act 2026 (1969).

[336] See above, Section III. There are also ad hoc committees of inquiry set up by the Home Ministry.

अनुशासनात्मक कारबाही गराउनेसम्म गर्दछ र यो यातनाजस्तो मानवअधिकारको गम्भीर उल्लंघनका लागि अपर्याप्त सजाय हो ।[337]

- सरकारी मुद्दासम्बन्धी ऐनअन्तर्गत **सरकारी वकिल**को पनि प्रहरीले गर्ने अनुसन्धानलाई निरीक्षण गर्ने कर्तव्य रहन्छ । अनुसन्धान सुरु गर्नुअघि जिम्मेवार प्रहरी अधिकृतले अपराधसँग सम्बन्धित प्रारम्भिक प्रतिवेदन सरकारी वकिललाई पठाउनुपर्ने हुन्छ र यो प्रतिवेदन प्राप्त गरेपछि सरकारी वकिलले "*अनुसन्धान गरिरहेको प्रहरी अधिकारीलाई अपराध अनुसन्धानसँग सम्बन्धित आवश्यक निर्देशन*" दिनसक्छ ।[338] प्रहरी अनुसन्धानपश्चात् सम्बन्धित अधिकारीले अपराध भएको थिएन वा भएको भए पनि सबै वा केही आरोपितलाई कारबाही गर्नका लागि पर्याप्त प्रमाण छैन वा आरोपितलाई पहिचान गर्न सकिएन भने यो सबै जानकारी समेटिएको प्रतिवेदन सरकारी वकिललाई पठाउनुपर्दछ ।[339] सरकारी वकिलले यो प्रतिवेदनको समीक्षा गरी अनि थप प्रमाण संकलन गर्ने वा बयान लिनेसम्बन्धमा प्रहरीलाई निर्देशन दिनसक्दछ ।[340]

- **महान्यायाधिवक्ता**लाई प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले नियुक्त गर्दछन् । उनी नेपालभरि रहेका सरकारी वकिलका प्रमुख हुन् । कुनै पनि अदालत वा न्यायिक निकायमा नेपाल सरकारका तर्फबाट कुनै पनि किसिमका मुद्दामा कानुनी प्रक्रिया सुरु गर्नका लागि महान्यायाधिवक्तालाई अधिकार दिइएको छ[341] र हिरासतमा भएका दुर्व्यवहारलगायतका विशेष उल्लंघनको अनुसन्धान गर्ने जिम्मेवारी पनि सुम्पिएको छ ।[342]

---

[337] As is envisaged in the Compensation Relating to Torture Act 2053 (1996), Section 7.

[338] State Cases Act 2049 (1992), Section 6.

[339] *Ibid.,* Section 17.

[340] *Ibid.*

[341] Interim Constitution 2063 (2007), Section 135(2).

[342] Interim Constitution 2063 (2007), Section 135(3)(c).

माथि चर्चा गरिएजस्तै विस्तृत शान्ति सम्झौतामा प्रतिबद्धता गरेअनुसार सरकारले सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग गठन गर्नुपर्दछ । यी आयोगले द्वन्द्वकालमा भएका अपराधको अनुसन्धान गर्नेछन् । यी आयोग गठन गर्ने विधेयकहरू हालसम्म पनि पारित नभएको अवस्था छ तर शीघ्र पारित गर्नका लागि राजनीतिक सहमति कमसेकम बनेको छ ।

## *इ. कानुन तथा यसको कार्यान्वयनका समस्या*

मानवअधिकारका जघन्य उल्लंघनका घटनाको अनुसन्धान नहुनुमा एउटा पक्षलाई मात्र दोष दिन मिल्दैन । कानुन तथा यसको कार्यान्वयनमा विद्यमान अनेकौं सवालले गर्दा अपराध भएकै हो भन्ने बलियो प्रमाणका बाबजुद मुद्दाहरूमा पटक्कै अनुसन्धान नभएको पाइन्छ ।

कानुनमा जोड दिँदा तीन प्रमुख समस्या पहिचान गर्न सकिन्छ । पहिलो, कानुनले केही अनुसन्धानात्मक निकायका लागि आवश्यक स्वतन्त्रता प्रदान गर्दैन । दोस्रो, सेना तथा एनेकपा माओवादीलगायतका शक्तिशाली कर्ताले आफ्ना कर्मचारी/कार्यकर्ताले गरेका अपराधका बारेमा जानकारी राखे पनि अनुसन्धान कार्यविधिमा सहयोग गर्न अस्वीकार गर्दछन् । तेस्रो, अनुसन्धानका लागि नियुक्त प्रहरी तथा अभियोजन अधिकारी मानवअधिकारको गम्भीर उल्लंघनका मुद्दामा अनुसन्धान गर्नका लागि कानुनले तोकेका कार्यविधि अपनाउनका लागि हिचकिचाउँछन् ।

### क. अनुसन्धान संयन्त्रमा स्वतन्त्रताको अभाव तथा राजनीतिक वा अन्य हस्तक्षेपको खतरा

राज्यका अधिकारी संलग्न भएका गम्भीर उल्लंघनको अनुसन्धानका लागि बनाइएका संयन्त्रमा स्वतन्त्रताको अभाव हुनु एउटा ठूलो समस्या हो र (विशेषगरी द्वन्द्वकालका) अपराधमा शक्तिशाली कर्ताहरूउपर प्रभाव पर्नेजस्तो देखियो भने संयन्त्रमा हस्तक्षेप हुने खतरासमेत रहन्छ ।

सेना तथा प्रहरीको मानवअधिकार इकाइले आफैँ कर्मचारीले गरेका दुर्व्यवहारको अनुसन्धान गर्दा यो समस्या टड्कारो रूपमा देखिन्छ । अपराधका आरोपितकै

सहकर्मी यी इकाइमा रहेकाले प्रस्ट रूपमा तिनीहरू आरोपित पीडकबाट स्वतन्त्र रहन सक्दैनन् र उल्लंघनको जघन्यतालाई न्यूनीकरण गर्ने वा पूरै ढाकछोप गर्ने सम्भावना जीवितै रहन्छन् ।[343] सार्वजनिक अधिकारीउपर गरिएका केही अनुशासनात्मक कारबाहीमा समेत अपराधको गाम्भीर्यअनुरूपको सजाय दिइएको पाइँदैन ।[344] यसका अलावा अधिकांश पीडित सेना वा प्रहरीको मानवअधिकार इकाइमा उजुरी गर्न डराउँछन् किनकि उनीहरूलाई यी इकाइको स्वतन्त्रतामा विश्वास छैन तथा प्रतिशोधको समेत खतरा छ ।

प्रहरी (वा सेना) ले गरेका भनिएका उल्लंघनका सम्बन्धमा प्रहरी आफैँ पनि स्वतन्त्र छैनन् र (माथि अध्याय दुईमा चर्चा गरिएझैँ) उनीहरूले अनि सरकारी वकिलले समेत मुद्दामा शक्तिशाली कर्ताको चासो रहेको भन्ने थाहा पाएमा राजनीतिक हस्तक्षेपमा पर्नसक्ने समस्या रहन्छ । यसले गर्दा अनुसन्धानमा बाधा तथा ढिलाइ हुन्छ अनि पीडित तथा तिनका परिवारलाई उजुरी फिर्ता लिनका लागि त्रास तथा दबाब पर्दछ ।[345]

---

[343] This is supported by the findings of a previous UN Special Rapporteur on extrajudicial, summary or arbitrary executions, who expressed her concern that military trials allowed the accused to evade punishment because of "an ill-conceived esprit de corps which generally results in impunity" A/51/457, 7 October 1996, at para. 125. See, for example, the cases of Reena Rasaili, Subhadra Chaulagain and Tasi Lama, where it was accepted even by the court martial that investigations involved falsification of the facts (copy of court martial decision on file with the author).

[344] For instance, in the case of the torture and murder of Maina Sunuwar, three soldiers were only charged with minor offences and sentenced to six months' imprisonment, temporary suspensions of promotions and a paltry monetary fine. See , Advocacy Forum, 'Separating Fact from Fiction. Maina Sunuwar'(above n.38), pp. 16-17. http://www.advocacyforum.org/downloads/pdf/publications/maina-english.pdf.

[345] 'Waiting for Justice' (2008), (above n.4), pp. 30, 42, 105 (case of Chandra Bahadur Basnet alias "Manoj Basnet"); 'Still Waiting for Justice', (2009) (above n.4), pp. 1 and 35; 'Indifference to Duty' (2010) (above n.4), p. 15.

तदर्थ आयोगहरू गठन भएको अवस्थामा समेत आयुक्तहरूको स्वतन्त्रता तथा निष्पक्षताका बारेमा सवाल उठ्ने गरेका छन् ।[346] तल उल्लेख गरिएका सीमित अधिकार तथा आफ्ना सिफारिसलाई कार्यान्वयन गराउन बारम्बार चुकेको अवस्थालगायतका अन्य समस्याले गदासामान्य बुझाईमा भने सरकारले ठोस कदम नचालिकन त्यो मामलाबाट पन्छिनका लागि अपनाउने उपायका रूपमातदर्थ आयोगहरूलाई हेरिन्छ ।

राष्ट्रिय मानवअधिकार आयोग सञ्चालनका लागि नयाँ मस्यौदा कानुन प्रक्रियामा रहेकै कैयौं वर्ष बितिसकेको छ र यसको स्वतन्त्रता तथा स्वायत्तताको प्रत्याभूति गर्ने शब्दावलि मस्यौदाबाट हालै हटाइएका बारेमा चिन्ता व्यक्त गरिएका छन् ।[347] अझ, विद्यमान मानवअधिकार ऐनको दफा १० ले व्यवस्था गरेअनुसार "कुनै अपराधको कानुनबमोजिम अनुसन्धान र तहकिकात गर्ने वा अपराध वा अपराधी पत्ता लगाउने कार्यमा प्रतिकूल असर पर्नसक्दछ भनी महान्यायाधिवक्ताले प्रमाणित गरेको विषय" मा अनुसन्धान गर्नका लागि आयोगको अधिकार क्षेत्र हुँदैन । महान्यायाधिवक्ताले कुनै मुद्दा राष्ट्रिय मानवअधिकार आयोगको क्षमताभन्दा बाहिरको मामला हो भनी निर्णय लिँदा राजनीतिक हस्तक्षेपको सम्भावना रहन्छ ।

अझ, विद्यमान मानवअधिकार आयोग ऐनको दफा १० ले सैनिक ऐनअन्तर्गतका कुनै पनि मुद्दामा कारबाही गर्नबाट वञ्चित गरेको छ यद्यपि त्यहीँ "संविधान र प्रचलित कानुन बमोजिम अदालतले मुद्दा हेर्नसक्ने विषयमा यो ऐनबमोजिमको काम गर्न आयोगलाई कुनै बाधा पर्ने छैन" भनी लेखिएको छ । माथि अध्याय ५ मा देखाइएबमोजिम सैनिक ऐनका केही प्रावधानले आन्तरिक, सैनिक प्रकृतिका बाहेक अन्य कसुरमा नागरिक अदालतको क्षेत्राधिकारको व्यवस्था गरेका छन् । यस्ता मामलामा राष्ट्रिय मानवअधिकार आयोगको समेत पहुँच हुनुपर्छ ।

मानवअधिकार उल्लंघनका घटनामा अनुसन्धान गर्ने कार्यादेश पाएको स्वतन्त्र संवैधानिक निकायका रूपमा रहेको राष्ट्रिय मानवअधिकार आयोगको भूमिकालाई

---

[346] See 'Waiting for Justice' (2008), (above n.4), pp. 17-21.

[347] National Human Rights Commission-Nepal and OHCHR-Nepal Observations on the National Human Rights Commission Bill – 2009, available at: http://nepal.ohchr.org/en/resources/publications/ODS-2_E.pdf.

कार्यपालिकाबाट भएको हस्तक्षेपले थप कमजोर बनाएको छ । जुलाइ २०११ मा रक्षा मन्त्रालयले राष्ट्रिय मानवअधिकार आयोगलाई द्वन्द्वकालका मुद्दामा अनुसन्धान गर्नबाट रोक्नका लागि पठाएको पत्र यस्ता प्रयत्नका श्रृंखलाको पछिल्लो कडी हो । यस्तो कर्मचारीतन्त्रको हस्तक्षेपले वस्तुगत दण्डहीनतालाई प्रोत्साहन गर्दछ ।

## *सिफारिस*

- मानवअधिकारको गम्भीर उल्लंघनका लागि जिम्मेवार भनिएका संस्थाभित्रका इकाइले गर्ने अनुसन्धानलाई खारेज गर्ने ।
- प्रहरी अनुसन्धानमा राजनीतिक हस्तक्षेपसम्बन्धी समस्यालाई सम्बोधन गर्नका लागि **सरकारी मुद्दासम्बन्धी ऐन** र/वा मस्यौदा **फौजदारी कार्यविधि संहिता**मा संशोधन गरी कुनै पनि उजुरी गरिएका मानवअधिकारको गम्भीर उल्लंघनका हदमा पुग्ने अपराधमा स्वतन्त्र वरिष्ठ अधिकृत संलग्न भएका विशेष प्रहरी अनुसन्धान इकाइ गठनको व्यवस्था गराउने वा स्वार्थहरूको द्वन्द्व हुने अवस्था आएमा यस्तो अनुसन्धान राष्ट्रिय मानवअधिकार आयोग र/वा पीडितको तर्फबाट प्रतिनिधित्व गर्ने अरुकोहीको भए पनि निकट निगरानीमा गराउने ।[348]
- **राष्ट्रिय मानवअधिकार आयोग विधेयक**लाई संशोधन गरी अन्तर्राष्ट्रिय रूपमा स्वीकार गरिएको पेरिस सिद्धान्तअनुसार आयोगको स्वतन्त्रता तथा स्वायत्तताको प्रत्याभूति गराउने तथा नागरिकको मानवअधिकार उल्लंघनको तहमा पुग्नसक्ने अपराधमा राष्ट्रिय मानवअधिकार आयोगको क्षेत्राधिकारलाई सीमित गर्ने कुनै पनि प्रावधानलाई खारेज गर्ने ।

---

[348] The current draft Criminal Procedure Code does make provision for special investigative units, but gives the Inspector-General of Police and the Superior Authority above him the power to determine which cases should be staffed by such a unit: Draft CPC, Section 11.

## ख. राज्यका सुरक्षानिकाय तथा राजनीतिक दलबाट पाइने सहयोगको अभाव तथा अनुसन्धान निकायका अपर्याप्त अधिकार

माथि अध्याय दुईमा बताइएसरि नेपाली सेना तथा एनेकपा (माओवादी) ले धेरै अवसरमा राष्ट्रिय मानवअधिकार आयोगलगायतका प्रशासनिक निकायले चाल्ने अनुसन्धान प्रक्रिया[349] तथा प्रहरीले गर्ने अनुसन्धानमा[350] असहयोग गर्ने गरेका छन् ।

विद्यमान ऐनअन्तर्गत राष्ट्रिय मानवअधिकार आयोगको व्यापक अधिकार रहेको छ । यसले साक्षीलाई बाध्य पार्ने तथा मिसिल र भौतिक प्रमाण पेश गर्ने आदेश दिने अनि कसैले आदेशको पालना नगरेमा सम्बन्धित अधिकारीलाई आदेश गराउनका लागि सिफारिस गर्ने अधिकार राख्दछ ।[351] तर यसले आदेश पालना नभएमा कारबाही गर्ने अधिकार राख्दैन ।

यी निकायले प्रहरी अनुसन्धानमा सहयोग नगरेकामा विभिन्न अदालतले केही अवसरमा सहयोग गर्ने आदेश समेत दिएका छन् ।[352] यस्ता केही मुद्दामा

---

[349] See also statement by Justice Ram Nagina Singh in NHRC, 'Summary Report of NHRC Recommendations upon Complaints in a Decade (2000-2010)' (November 2010), pp. 4-5, available at: http://www.nhrcnepal.org///publication/doc/reports/Sum-Report-NHRC-Recommendation.pdf.

[350] See 'Indifference to Duty' (2010) (above n.4), p. 10 [Arjun Lama case]; Advocacy Forum, 'AF raises concern to AG about lacklustre investigation into Reena murder case', available at: http://www.advocacyforum.org/news/2011/07/af-raises-concern-to-ag-over-lackluster-investigation-in-reena-murder-case.php (see also the letter to the Attorney General of 5 July 2011 on Reena's case: http://www.advocacyforum.org/downloads/pdf/press-statement/letter-to-attorney-general-reena-english.pdf) [Reena Rasaili case].

[351] Human Rights Commission Act 2053 (1997), Sections 11 and 13(5).

[352] For example, in the Maina Sunuwar case both the Supreme Court and the Kavre District Court ordered the Army to provide copies of the court martial file to the police, but they have still not done so: see Advocacy Forum, 'Separating Fact from Fiction. Maina Sunuwar'(above n.38), pp. 17-18. In the Sapkota case (see above, pp.13 and 56) the Court stated that Sapkota had a moral and legal responsibility to cooperate with the police investigation: Nepal Supreme Court in Writ No. 1094/2068 concerning stay order, 21 June 2011.

वर्तमान कानुनबमोजिम सर्वोच्च अदालतले आदेश पालना नगरेकामा अदालतको अवहेलना भएको भनी केही व्यक्तिलाई दोषी ठहर गर्ने अधिकार रहेको छ र त्यस्ता दोषीलाई रु. १०,००० सम्म जरिवाना गराउने र/वा अधिकतम एक वर्षसम्म कारावास सजाय तोक्ने समेत अधिकार राख्दछ।[353] तर मानवअधिकारको गम्भीर उल्लंघन भएका मुद्दामा हुने अनुसन्धानलाई सहयोग गर्ने आदेश पालना नभएकामा हालसम्म यी सजाय नदिइएको अवस्था छ।

## *सिफारिस*

- आफ्ना आदेशको अवहेलना भएमा कारबाही गर्नसक्ने अधिकार राष्ट्रिय मानवअधिकार आयोगलाई दिने गरी कानुन बनाउने (फौजदारी कानुनमा हुने कारबाहीको प्रकृतिजस्तो होइन)। **राष्ट्रिय मानवअधिकार आयोगसम्बन्धी विधेयक**ले राष्ट्रिय मानवअधिकार आयोगका अनुसन्धानमा सहयोग गर्ने कर्तव्य सरकार तथा राज्यका अधिकारीको हुने अनि यसो नगरेमा कारबाही गर्ने र साथसाथै सैनिक अधिकृत तथा कर्मचारीले गरेका भनिएका मानवअधिकार उल्लंघनका आरोपउपर पूर्ण अनुसन्धान गर्ने क्षेत्राधिकार निर्धारण गर्नुपर्दछ।
- **सैनिक ऐन**, **प्रहरी ऐन** तथा **सशस्त्र प्रहरी बल ऐन**मा संशोधन गरी नागरिक निकायका अधिकारीले गर्ने अनुसन्धानमा सहयोग गर्ने अनिवार्यता तथा सहयोग नगरेमा अनुशासनात्मक कारबाही गर्नेसम्बन्धी विशिष्ट प्रावधान समावेश गर्ने।
- **सर्वोच्च अदालत ऐन २०४८** मा रहेका अदालतको अवहेलनासम्बन्धी प्रावधानलाई सुदृढीकरण गर्ने ताकि निश्चयपूर्वक अदालतका आदेशको पालना होस्। यसैगरी **मुलुकी ऐन** वा यसको विकल्पलाई संशोधन गरी सेना तथा प्रहरीका अधिकारीलगायतका राज्यका कर्मचारीउपर झूटो बयान

[353] Supreme Court Act 2048 (1991), Section 7(1); See also Interim Constitution 2063 (2007), Article 102(3).

तथा अदालतको अवहेलनामा अभियोग लगाउनसकिने सुनिश्चित गर्ने। अनुसन्धानमा सहयोग गर्नू भनी अदालतले दिएका आदेशको बेवास्ता गर्नेहरूलाई कानुनअन्तर्गत अवहेलनाको अभियोग लगाउनुपर्दछ।

## ग. फौजदारी उजुरीउपर अनुसन्धान गर्ने कार्यविधि पालना गर्नका लागि अधिकारीहरूको हिचकिचाहट वा अस्वीकार

प्रहरीले **सरकारी मुद्दासम्बन्धी ऐन**को प्रावधानलाई पालना गर्दै जाहेरी दर्खास्त दर्ता गर्ने तथा शीघ्रतापूर्वक अनुसन्धान गर्ने दायित्व पूरा नगर्नाले ठूलो समस्या निम्त्याएको छ।[354] अदालतहरूले अनेकौं अवसरमा यसलाई भर्त्सना गरेका छन्[355] र आइसिसिपिआरअन्तर्गत कानुनी उपचारको उल्लंघन भएको भनी मानवअधिकार समितिले दुईवटा दृष्टान्त पाएकाले दर्ता तथा अनुसन्धान नगर्नु ठूलो समस्याका रूपमा रहेको छ।[356]

सरकारी मुद्दासम्बन्धी ऐनले निर्धारण गरेअनुरूप प्रहरीले पठाउनुपर्ने प्रारम्भिक प्रतिवेदन नपठाउँदा समेत अनि ऐनले अनुमति दिएसम्म अनुसन्धानका लागि निर्देशन दिनसमेत सरकारी वकिल निष्क्रिय रहेका छन्।[357] सरकारी मुद्दासम्बन्धी

---

[354] These issues are discussed in detail in Advocacy Forum and Human Rights Watch reports 'Waiting for Justice' (2008), (above n.4), pp. 25-29; 'Still Waiting for Justice', (2009) (above n.4), pp. 3-6; and 'Indifference to Duty' (2010) (above n.4), pp. 6-10. The State Cases Act does provide that if police fail to register an FIR the informer may complain to the CDO, who may decide to file the FIR. In many cases this has not happened, however, and informers have had to obtain court orders mandating the filing of the FIR.

[355] See a recent example in the case of Arjun Lama: Decision of the Nepal Supreme Court in Writ No. 1094/2068 concerning stay order, 21 June 2011, referred to above at n.31.

[356] HRCtee, Sharma v Nepal, no. 1469/2006, CCPR/C/94/D/1469/2006 (28 October 2008); HRCtee, Giri v Nepal, no. 1761/2008, CCPR/C/101/D/1761/2008 (27 April 2011).

[357] See 'Waiting for Justice' (2008), (above n.4), pp. 34-35.

ऐनअन्तर्गत प्रहरीले आरोपितको पहिचान गरेको तर ऊ फरार रहेको अवस्थामा प्रहरीले हदम्याद गुज्रिनु १५ दिनअगाडिसम्म प्रतिवेदन पठाउनु नपर्ने व्यवस्थाका कारण समेत यो निष्क्रियतालाई बढाउँछ ।[358]

द्वन्द्वकालमा तथा द्वन्द्वपश्चात् राज्यका अधिकारीले गरेका अपराध तथा सशस्त्र समूह अनि निजी व्यक्तिलगायतका कर्ताले गरेका अपराध दुवैका सन्दर्भमा यी चिन्ता सान्दर्भिक रहेका छन् । उदाहरणका लागि, १४ असोज २०६७ मा सिराहा जिल्लाकी गौरी यादवलाई उनका गाउँलेले सामूहिक बलात्कार गरेका थिए । उनीमाथि हिंसा तथा त्रास भइरहेकाले पाँच महिनापछि उनी गाउँघर छोडेर भाग्न बाध्य भइन् । उनले आफूलाई कुटपिट गरिएको र सामूहिक बलात्कार गरिएको भनी प्रहरीसमक्ष स्वास्थ्य जाँच प्रतिवेदनलगायतका बलिया प्रमाण पेश गरेपनि उनको मुद्दामा अनुसन्धान गर्न वा उनलाई बलात्कार गर्ने व्यक्तिबाट भएका हिंसा तथा त्रासबाट सुरक्षित गर्नका लागि अधिकारीहरूले कुनै पनि कारबाही अघि बढाएका छैनन् ।[359]

मस्यौदा फौजदारी कार्यविधि संहिताले यसमा केही सुधार ल्याएको छ । जाहेरी दर्ता गर्न अस्वीकार गरिएमा सरकारी वकिल वा प्रहरीकै उच्च अधिकृतलाई अपिल गर्न सकिने व्यवस्था यसमा छ[360] (हाल यस्तो अपिल प्रमुख जिल्ला अधिकारीलाई मात्र गर्न सकिन्छ) । यसका अलावा जाहेरी दर्ता भएपछि एउटा अधिकृतले "तत्काल" प्रारम्भिक छानबिन गर्नुपर्दछ तथा त्यो छानबिनको तीन दिनमा सरकारी वकिलसमक्ष प्रारम्भिक प्रतिवेदन पठाउनुपर्दछ ।[361] गलत उजुरीलाई दण्ड दिने व्यवस्था भएको सन्दर्भमा मस्यौदामा परिवर्तन गरी *सबै* जाहेरी प्रहरीले दर्ता गर्ने र अनुसन्धान गर्ने नगर्ने निर्णय गर्ने जिम्मेवारी सरकारी वकिलमा मात्र रहने व्यवस्था गर्नुपर्छ ।

---

[358] State Cases Act 2049 (1992), Section 17.

[359] Human Rights Watch, '*Nepal: No Justice for gang-rape Victim 5 months on threats an*d attacks displace a Woman in Siraha' (15 March 2011), available at: http://www.hrw.org/en/news/2011/03/15/nepal-no-justice-gang-rape-victim.

[360] Draft Criminal Procedure Code, Section 5.

[361] *Ibid*. Section 6.

समयावधि तथा निर्देशनको पालना गर्नबाट प्रहरी तथा सरकारी वकिल चुकेको खण्डमा कारबाही गर्ने व्यवस्था अनि जाहेरी दर्ता भएको तर आरोपित पक्राउ नपरेको अनुसन्धानको अवस्थामा प्रहरीले तोकिएका समयमा नियमित रूपले सरकारी वकिलसमक्ष प्रतिवेदन पठाउनुपर्ने अनिवार्यतालगायतका उपाय अपनाउनुपर्दछ । सान्दर्भिक ऐन वा यसका नियमावलिले जाहेरी दिने व्यक्तिलाई अनुसन्धानमा भएका प्रगतिका बारेमा नियमित जानकारी दिने प्रावधानसमेत राख्नुपर्दछ ।

अध्याय तीनमा बताइएअनुरूप द्वन्द्वकालमा भएका गम्भीर अपराधलाई नियमित न्यायिक प्रणालीले हेर्न नसक्ने किनकि ती भविष्यमा गठन हुने संक्रमणकालीन न्यायका संयन्त्रको दायरामा पर्ने भन्ने तर्क दिएर अनुसन्धान नगरेको पाइन्छ । उदाहरणका लागि, मानवअधिकार समितिसमक्ष पेश भएको *शर्मा विरुद्ध नेपाल* मुद्दाको अनुगमन प्रक्रियामा नेपाल सरकारको भनाइअनुसार (अनुसन्धानलगायतका) कानुनी उपचार प्रदान गर्नका लागि फौजदारी न्याय प्रणालीलाई प्रयोग गर्न सकिन्न किनकि "*यो घटना द्वन्द्वकालमा भएको हो र त्यो विशेष परिस्थिति थियो । सशस्त्र द्वन्द्वको विशेष परिस्थितिमा भएका मुद्दालाई सम्बोधन गर्न सत्यनिरूपण तथा मेलमिलाप आयोग गठन गर्ने प्रक्रिया विश्वभरि नै प्रचलित रहेको छ*।" ओएचसिएचआर र (माथि अध्याय तीनमा वर्णन गरिएअनुसार) सर्वोच्च अदालतले सरकार तथा केही अधिकारीको यस्तो किसिमको रवैयालाई कडा शब्दमा भर्त्सना गरेका छन् ।[362] ओएचसिएचआरका अनुसार :

"सत्य आयोगलाई न्यायिक प्रक्रियाको परिपूरकका रूपमा हेरिनुहुँदैन" अनि नियमित न्यायिक प्रणालीलाई विस्थापित गर्ने वा दमन गर्ने रूपमा समेत लिनुहुँदैन । संक्रमणकालीन न्यायका संयन्त्र गठन गर्ने प्रतिबद्धता गरिएको वा वास्तवमै गठन गरिसकिएको अनि सञ्चालन नै हुन सुरु भएको भन्दैमा नियमित न्यायिक प्रणालीलाई निलम्बन गर्न मिल्दैन । द्वन्द्वका दौरान मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लंघन भएका मुद्दामा अनुसन्धान तथा कारबाही

[362] See, eg., the decision of the Nepal Supreme Court in Writ No. 1094/2068 concerning stay order, 21 June 2011, referred to above at p.56.

संक्रमणकालीन न्यायका संयन्त्रले मात्र गर्ने भन्ने कानुनी अडान नेपालको विद्यमान कानुनी संरचनाका साथै आइसिसिपिआरलगायतका अन्तर्राष्ट्रिय कानुन तथा प्रथाजनित अन्तर्राष्ट्रिय कानुनअन्तर्गत रहेका नेपालका दायित्वसँग बाझिन पुग्छन् ।[363]

यसका अलावा अग्नि सापकोटालाई पूर्ववर्ती सरकारमा मन्त्री नियुक्त गरेकामा त्यसलाई चुनौती दिँदै परेको सार्वजनिक सरोकार मुद्दाउपर फैसला गर्दै सर्वोच्च अदालतले प्रस्ट रूपमा सामान्य फौजदारी न्याय कार्यविधि पालना गर्नुपर्ने भनी बतायो ।[364] यस्ता सवाललाई छुट्टै संयन्त्रले सम्बोधन गर्ने भन्ने जिकिर लिँदै प्रहरीले अनुसन्धान अस्वीकार गर्न मिल्दैन ।

अनुसन्धान गर्ने कर्तव्यको पालना प्रहरी तथा सरकारी वकिलले मात्र नगरेका होइनन् । अन्तरिम संविधानको धारा १३५ (३) (ग) बमोजिम हिरासतमा भएको दुर्व्यवहारमा अनुसन्धान गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयलाई जिम्मेवारी सुम्पिएको छ । तर उक्त कार्यालयले यो जिम्मेवारी पूरा गर्न अत्तिनै हिचकिचाउने गरेको अवस्था छ । चैत २०६७ मा भूतपूर्व महान्यायाधिवक्ता भरतबहादुर कार्कीसँगको बैठकमा एड्भोकेसी फोरमले उक्त कार्यालयबाट प्रतिक्रिया नआउने गरेको कुरा उठायो । महान्यायाधिवक्ता कार्कीले कुनै संघसंस्थालाई प्रतिक्रिया पठाउने कार्यादेश नभएको तथा महान्यायाधिवक्ताको कार्यालय अनुसन्धान निकाय नभएको बरु आफ्नो जानकारीमा आएका मुद्दामा प्रहरीले गरेका अनुसन्धानलाई निरीक्षण गर्ने अधिकार यसको हुन्छ भनी तर्क गरे । नेपाल प्रहरीको मानवअधिकार इकाइ तथा राष्ट्रिय मानवअधिकार आयोग अनुसन्धान निकाय भएकाले तिनलाई एड्भोकेसी फोरमले अनुसन्धानका लागि मुद्दा पठाउन उनले सिफारिस गरे ।

---

[363] OHCHR Nepal, 'The relationship between Transitional Justice mechanisms and the Criminal Justice system: Can conflict-related human rights and humanitarian law violations and abuses be deferred or suspended on the basis of commitments to establish a Truth and Reconciliation Commission?' (March 2011), available at: http://nepal.ohchr.org/en/resources/Documents/English/other/2011/2011_03_29_Legal_Opinion_E.pdf.

[364] Writ No. 1094 in Sushil Pyakhurel v Prime Minister, 21 June 2011.

आजका मितिसम्म एड्भोकेसी फोरमले महान्यायधिवक्ताको कार्यालयबाट एउटा मात्र प्रतिक्रिया प्राप्त गरेको छ। धनराज कार्कीको यो मुद्दालाई एड्भोकेसी फोरमले नेपाल प्रहरी तथा महान्यायाधिवक्ताको कार्यालय दुवैलाई पठाएको थियो। नेपाल प्रहरीले यसमा अनुसन्धान गरी आफ्नो प्रतिवेदन महान्यायाधिवक्ताको कार्यालयलाई पठायो तर एड्भोकेसी फोरमलाई पठाउनु जरुरी ठानेन। महान्यायाधिवक्ताको कार्यालयले प्रहरी अनुसन्धानको प्रतिवेदन पछि गएर एड्भोकेसी फोरमलाई पठायो।

कानुनबमोजिम अनुसन्धान गर्नुपर्ने आफ्नो दायित्वलाई सार्वजनिक अधिकारीहरूले पूरा नगर्दा एउटा पीडितले प्रभावकारी कानुनी उपचारका लागि अदालतको शरण पर्नुपर्ने हुन्छ र कानुनबमोजिम राज्यका अधिकारीले काम गरून् भन्ने आदेश दिने अनुरोध अदालतलाई गर्नुपर्दछ। यसका बाबजुद अदालतले प्रहरी तथा अधिकारीलाई काम गर्ने आदेश दिएपनि उनीहरूले एकदमै ढिलासुस्ती गर्ने गरेका छन्।[365] अदालतको अवहेलनामा कारबाही गर्नबाट चुक्दा अधिकारीहरूले गर्ने यस्तो अवज्ञाको प्रवृत्तिलाई मलजल गर्नेगरेको छ।[366]

## *सिफारिस*

- **सरकारी मुद्दासम्बन्धी ऐन** (र भविष्यमा महत्वपूर्ण रुपमा लागू हुने सम्भावना रहेको मस्यौदा **फौजदारी कार्यविधि संहिता**)[367] का प्रावधानलाई संशोधन गर्ने ताकि अपराधका अनुसन्धानमा देहायका कुरा आवश्यक रहून् :

[365] See eg. above, p.13.

[366] Supreme Court Act 2048 (1991), Section 7(1).

[367] The draft Criminal Procedure Code makes some improvements: it provides that a failure to register an FIR may be appealed to the public prosecutor or higher police authority (currently it can only be referred to the CDO), and upon registration of an FIR an officer must make an "immediate" preliminary inquiry, and send a preliminary report to the public prosecutor within three days of that inquiry: Draft Criminal Procedure Code, Sections 5 and 6.

- ☞ आएका सबै जाहेरी प्रहरीले दर्ता गर्ने र अनुसन्धान नगर्नका लागि मनासिब कारण छैन भने अन्तिम निर्णयका लागि प्रहरीले सरकारी वकिललाई जानकारी गराउने ।
- ☞ अनुसन्धानमा भएका प्रगतिका सम्बन्धमा अनुसन्धानमा खटिएका प्रहरीले सरकारी वकिललाई नियमित जानकारी गराउने ।
- ☞ अनुसन्धानमा भएका प्रगतिका सम्बन्धमा जाहेरीकर्तालाई नियमित जानकारी गराउने ।
- ☞ कानुनले निर्धारण गरेका आवश्यकता पालना नगर्ने प्रहरी तथा सरकारी वकिललाई अनुशासनात्मक कारबाही गर्ने ।

- हिरासतमा हुने दुर्व्यवहारलाई अनुसन्धान गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयमा विशेष इकाइ गठन गर्ने वा यो संवैधानिक दायित्वलाई मानवअधिकारको गम्भीर उल्लंघन अनुसन्धान गर्नका लागि गठन गरिने एउटा विस्तृत खालको विशेष प्रहरी इकाइको जिम्मामा सुम्पिने ।
- प्रहरीको अनुसन्धानलाई निरीक्षण गर्ने तथा मानवअधिकारको गम्भीर उल्लंघनको तहमा पुग्ने भनिएका अपराधका सम्बन्धमा अभियोग लगाउने निर्णय गर्ने वा स्वार्थको द्वन्द्व भएको अवस्थामा त्यसलाई व्यवस्थापन गर्ने लक्ष्य लिई महान्यायाधिवक्ताको कार्यालयमा विशेष इकाइ वा इकाइहरू गठन गर्ने ।
- संक्रमणकालीन न्यायका संयन्त्र गठन गर्ने कानुन तर्जुमा गर्नु स्वागतयोग्य छ तर यस्ता संयन्त्रले सामान्य फौजदारी न्याय प्रणालीलाई विस्थापन गर्न सक्दैनन् । यी संयन्त्र गठन गर्ने कुनै पनि विधेयकले यी सामान्य फौजदारी प्रक्रियाकै परिपूरक हुन् भन्ने व्यवस्था समावेश गर्नुपर्दछ । गम्भीर उल्लंघनका विश्वसनीय प्रमाण पाइएका अवस्थामा राज्यका अधिकारीले यी संयन्त्रको हवाला दिँदै अनुसन्धानमा ढिलाइ गर्नुहुँदैन ।

**घ. थप सवाल**

राज्यका सुरक्षाकर्मीले व्यक्तिको ज्यान जानेगरी बल प्रयोग गरेकोमा तत्काल अनुसन्धानको कार्यादेशसम्बन्धी प्रावधानको अभाव

अध्याय ६ मा बताइएजस्तै राज्यका सुरक्षाकर्मीले गोलीगट्ठाको प्रयोग गरेको अवस्थामा त्यसलाई स्वतन्त्र रूपमा समीक्षा गर्नुपर्ने आवश्यकता अन्तर्राष्ट्रिय मापदण्डले निर्धारित गरेका छन् । मृत्यु तथा गम्भीर चोटपटक वा अन्य गम्भीर परिणाम भएका मुद्दामा प्रशासनिक समीक्षा तथा न्यायिक नियन्त्रणका लागि जिम्मेवार सक्षम अधिकारीसमक्ष एउटा विस्तृत प्रतिवेदन तत्काल पठाउनुपर्दछ ।[368] पीडितका आफन्तले गरेका उजुरी तथा विश्वसनीय प्रतिवेदनलगायतमा उल्लेखित गैरन्यायिक हत्या भनिएका सबै मुद्दालाई *"विस्तृत , शीघ्र तथा निष्पक्ष रूपमा"* अनुसन्धान गर्नुपर्दछ ।[369] यी आवश्यकता कार्यान्वयन गर्न विशिष्ट प्रावधान तर्जुमा गर्नुपर्दछ ।

उजुरी दिने साक्षीलाई धाक धम्की र प्रतिशोधबाट संरक्षण नगर्नु

पीडितलाई उजुरी फिर्ता लिनका दबाब दिन तथा अनुसन्धान र कारबाही रोक्नका लागि *धाक धम्की* र प्रतिशोध निरन्तर हुनेगरेका छन् ।[370] राज्यका कर्ताले गर्ने *धाक धम्की* मुद्दामा मात्र नभई सबै मुद्दामा पीडितको सुरक्षा सुनिश्चित गर्न तथा उनीहरूलाई कानुनी उपचार र परिपूरणको अधिकार उपयोग गर्ने अनुमति दिन अधिकारीहरूले पर्याप्त तदारुकता अपनाउनुपर्ने हुन्छ ।[371] दण्डहीनतालाई सम्बोधन गर्न तथा अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका

---

[368] Basic Principles on Use of Force and Firearms (above n.151), para. 22.

[369] *Ibid*. para. 9.

[370] See, eg. the case of Umesh Lama, whose family was intimidated and harassed to withdraw a complaint of torture: Asian Human Rights Commission, 'Torture victim under pressure to withdraw the case', (29 April 2008), available at: http://www.humanrights.asia/news/urgent-appeals/AHRC-UAU-027-2008.

[371] See REDRESS, 'A Call to Action: Ending Threats and Reprisals Against Victims of Torture and Related International Crimes' (December 2009), available at: http://www.redress.org/downloads/publications/Victim%20Protection%20Report%20Final%2010%20Dec%2009.pdf.

आफ्ना दायित्व पूरा गर्न नेपालले कानुनको तर्जुमा गरी विस्तृत पीडित तथा साक्षी सुरक्षा कार्यक्रम ल्याउनुपर्दछ ।

## ग. कारबाही गर्ने दायित्व

### अ. अन्तर्राष्ट्रिय मापदण्ड

अन्तर्राष्ट्रिय मानवअधिकार कानुन वा अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर उल्लंघन भएको भनिएका मुद्दामा राज्यले अनुसन्धान गर्दा आरोपित पीडकको पहिचान भयो र पर्याप्त प्रमाण पुग्यो भने आरोपितलाई कारबाहीका लागि प्रस्तुत गर्नु राज्यको दायित्व हुन्छ । उक्त व्यक्ति दोषी पाइएमा उसलाई दण्ड दिनु राज्यको कर्तव्य हुन्छ ।[372]

यो कर्तव्यलाई अध्याय दुईमा छोटो व्याख्या गरिएको छ : पीडितलाई दिने उपचारको अंग (अपराधका लागि जिम्मेवार व्यक्तिको पहिचान भएर सजाय भयो भने त्यसबाट पीडितलाई हुने सन्तुष्टि)[373] र उल्लंघन दोहोरिँदैनन् भन्ने सुनिश्चितताका लागि रोकथाममूलक उपाय दुवैमा यो कर्तव्यको पालना आवश्यक हुन्छ ।

फौजदारी अनुसन्धान तथा त्यसको परिणामस्वरूप गरिने कारबाही अधिकांश आधारभूत मानवअधिकार उल्लंघनका आवश्यक उपचारका रूपमा रहेका हुन्छन् । मानवअधिकारको उल्लंघन हुने फौजदारी अपराध भनी राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानुनमा चिनिएका कसुरका पीडकलाई न्यायको कठघरामा ल्याउनका लागि चुक्ने काम आइसिसिपिआरको उल्लंघनमा दरिन आउँछ भनी मानवअधिकार समितिले बारम्बार जोड दिएको छ । जस्तै, यातना तथा यस्तै प्रकृतिका क्रूर, अमानवीय वा अपमानजनक व्यवहार (धारा ७), संक्षिप्त तथा स्वेच्छाचारी हत्या (धारा छ) तथा जबर्जस्ती बेपत्ता (धारा ७ र ९ अनि प्रायःजसो धारा ६) ।[374]

---

[372] Basic Principles on Remedy and Reparation, (above n.256), para. 4.

[373] See HRCtee, General Comment No. 31 (above n.78), para. 16.

[374] *Ibid.* HRCtee, General Comment No. 31, para.18. See also HRCtee, General Comment No. 6 (above n.150), para.3; HRCtee, General Comment No. 20 (above n.298), paras. 8 and 13.

आफ्नो क्षेत्राधिकारमा वा आफ्नो क्षेत्राधिकारमा उपस्थित जोसुकैले पनि (युद्ध अपराध, मानवताविरुद्धको अपराध, जातिहत्या,[375] यातना,[376] तथा जबर्जस्ती बेपत्तालगायतका) विशेष अन्तर्राष्ट्रिय अपराध गरेको भनिएको पाइएमा त्यसलाई अनुसन्धान तथा कारबाही गर्नुपर्ने भनी उल्लेख भएका विशिष्ट प्रावधानलाई समेत अन्तर्राष्ट्रिय सन्धिहरूले समावेश गरेका छन् ।

**अभियोजन तथा गैरराज्य कर्ताले गर्ने उल्लंघन रोकथामका लागि पर्याप्त तदारुकता अपनाउनुपर्ने दायित्व**

मानवअधिकारको उपयोगमा दखल पुऱ्याउने निजी संस्था वा व्यक्तिलाई कारबाही तथा सजाय गर्ने आवश्यकतासमेत आफ्नो क्षेत्राधिकारमा रहेका सबैको मानवअधिकार सुनिश्चित गर्ने राज्यको सकारात्मक दायित्वअन्तर्गत पर्दछ । मानवअधिकार समितिले जोड दिएअनुसार :

> पक्षराष्ट्रले अधिकार उल्लंघनलाई अनुमति दिने वा यसलाई रोक्नका लागि उपयुक्त कदम नचाल्ने वा निजी व्यक्ति वा संस्थाले गरेका यस्ता कार्यबाट उत्पन्न हानिलाई रोकथाम, सजाय, अनुसन्धान गर्न वा पुनर्लाभ दिनका लागि पर्याप्त तदारुकता देखाउनबाट चुक्ने गरेमा त्यसको परिणामस्वरूप यी अधिकारको उल्लंघन पक्षराष्ट्रले गरेको ठहरिन्छ र धारा २ ले निर्धारण गरेअनुसार अनुबन्धमा उल्लेखित अधिकारलाई सुनिश्चित गराउनबाट चुक्ने परिस्थितिले अधिकार उल्लंघन भएको हुनसक्छ ।[377]

गाउँलेको समूहले गौरी यादवमाथि गरेको सामूहिक करणीलाई कारबाही गर्न पर्याप्त तदारुकता नदेखाउँदा नेपालले आफ्नो दायित्वको उल्लंघन गरेको ठहरिन्छ (माथि हेर्नुहोस्) ।

---

[375] As to which see the Rome Statute.; see also the Genocide Convention and the Geneva Conventions.

[376] CAT, Articles 5-7.

[377] HRCtee, General Comment No. 31 (above n.78), para. 8.

**मानवअधिकारको गम्भीर उल्लंघन तथा अन्तर्राष्ट्रिय अपराधलाई नागरिक अदालतमा मुद्दा चलाउने दायित्व**

मानवअधिकारको गम्भीर उल्लंघन तथा अन्तर्राष्ट्रिय अपराध सैनिक अधिकारीले गरेको भएपनि नागरिक अदालतमा मुद्दा चलाउनुपर्दछ भन्ने कुरालाई अन्तर्राष्ट्रिय मानवअधिकार कानुनले प्रस्ट पारेको छ । सैनिक अदालतको क्षेत्राधिकार आन्तरिक तथा सैन्य अधिकारीले गरेका सैन्य प्रकृतिका कसुरमा मात्र सीमित हुनुपर्दछ र यी भनेका सामान्य रूपमा आन्तरिक अनुशासनात्मक उपाय हुन् ।[378] गैरन्यायिक हत्या, जबर्जस्ती बेपत्ता तथा यातनालगायतका मानवअधिकारका गम्भीर उल्लंघनमा नागरिक अदालतको क्षेत्राधिकारलाई प्राथमिकता दिँदै सैन्य अदालतको क्षेत्राधिकारलाई थाती राख्नुपर्दछ र यस्ता अपराधमा आरोपित सबैलाई कारबाही तथा सजाय गर्नुपर्दछ ।[379]

गम्भीर अन्तर्राष्ट्रिय अपराधलाई सैन्य अदालतमा पूर्पक्ष गराउनु अनुपयुक्त हुन्छ भन्नेमा क्षेत्रीय मानवअधिकार अदालतले समेत जोड दिएका छन् । उदाहरणका लागि, जबर्जस्ती बेपत्तासम्बन्धी हालसालैको एउटा मुद्दामा मानवअधिकारसम्बन्धी अन्तर अमेरिकी अदालतले देहायका कुरा दोहो¥यायो :

> अपराधको प्रकृति र न्यायिक अधिकारमा पुगेको क्षतिलाई विचार गर्दा सैन्य अदालतको फौजदारी क्षेत्राधिकार यस्ता मुद्दाको अनुसन्धानमा सक्षम ठहरिँदैन अनि यो मुद्दाको सन्दर्भमा मानवअधिकारका उल्लंघनकर्तालाई कारबाही तथा

---

[378] Principle No. 7, Draft Principles Governing the Administration of Justice through Military Tribunals (the "Draft Military Justice Principles"), adopted by the United Nations Sub-Commission on Human Rights and forwarded to the Human Rights Council, E/CN.4/2006/58. See also, for example, HRCtee, Sarma v. Sri Lanka, no. 950/2000, CCPR/C/78/D/950/2000 (2003) at paras. 2.1-2.4, 10 and 11; HRCtee, Wilson v. The Philippines, no. 868/1999, CCPR/C/79/D/868/1999 (2003), para. 9.

[379] Draft Military Justice Principles (above n.378), para. 9. Draft Impunity Principles, Principle 29, (above n.86).

सजायका लागि सक्षम मान्न सकिन्न बरु त्यसको साटो त्यस्ता उल्लंघनकर्तालाई साधारण न्यायिक प्रणालीअन्तर्गत प्रक्रिया चलाउनुपर्दछ ।[380]

सैन्य अदालतका पूर्पक्ष प्राकृतिक रूपमा नै स्वतन्त्र र निष्पक्ष हुँदैनन् भन्ने कुरालाई मानवअधिकार समितिले प्रस्ट पारेको छ ।[381] अनुसन्धान गर्ने तथा फैसला गर्ने अधिकारी स्वतन्त्र नहुने समस्या[382] तथा उल्लंघनलाई न्यूनीकरण गर्ने वा ढाकछोप गर्ने प्रयत्नमात्र नभई[383] पीडित र/वा उसका परिवारसमेत प्रक्रियामा संलग्न नहुनाले निष्पक्षताको समस्या निम्त्याउँछ । संयुक्त राष्ट्र संघिय मानवअधिकारसम्बन्धी उपआयोगले सन् २००६ मा ग्रहण गरेको मस्यौदा सैनिक न्याय सिद्धान्तमा पहिचान गरिएअनुसार कारबाहीको उपयुक्ततामाथि प्रश्न उठाउँदै, कुनै कदम नउठाई मुद्दा दर्ता गर्दै वा पीडितलाई हानि पुग्नेगरी "दोष स्वीकार" लाई तोडमरोड गर्दै अधिकार उल्लंघनका मुद्दालाई ढाकछोप गर्नका लागि सैन्य अधिकारीहरू तत्पर हुनसक्छन् । त्यसैले सुरुदेखिनै नागरिक अदालतले यस्ता

---

[380] IACtHR, Radilla Pacheco v Mexico, (Preliminary Objections, Merits, Reparations, and Costs) (Judgment of 23November 2009), para. 273 (citations omitted).

[381] See also HRCtee, General Comment No. 8 (above n.190), para. 22,where the Committee noted its concerns that "the trial of civilians in military or special courts may raise serious problems as far as the equitable, impartial and independent administration of justice is concerned"; similar concerns must apply where victims' right to a remedy are at issue. On the same issue see the Individual Opinion of six members of the Committee in the case of Akwanga v Cameroon, no. 1813/2008, CCPR/C/101/D/1813/2008 (2011); HRCtee, Coronel et al v Colombia, no. 778/1997, CCPR/C/76/D/778/1997 (2002), para. 6.2; Committee's Concluding Observations on Peru, CCPR/C/79/Add.8, 25 September 1992, para. 8.

[382] As recently noted in the Individual Opinion of six members of the Committee in the case of Akwanga v Cameroon, ibid.

[383] This is supported by the findings of a previous UN Special Rapporteur on extrajudicial, summary or arbitrary executions, who expressed his concern that military trials allowed the accused to evade punishment because of "an ill-conceived espirit de corps which generally results in impunity": A/51/457, at para. 125, 7 October 1996.

उल्लंघनको आरोप लागेका व्यक्तिउपर तहकिकात, कारबाही तथा सजाय गर्नुपर्दछ । एउटा नागरिक अदालतको न्यायाधीशले प्रारम्भिक सुनुवाइको पहलकदमी गर्दा सबै किसिमका दण्डहीनतालाई निर्मूल गर्न निर्णायक कदमका रूपमा त्यसको महत्व हुन्छ । नागरिक अदालतको न्यायाधीशको अधिकारले कानुनका सबै प्रक्रियामा पीडितका अधिकारलाई सुदृढ बनाउनुपर्दछ ।[384]

## *कानुनी जिम्मेवारीको स्थापनामा आउने अवरोधको निराकरण*

अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको गम्भीर उल्लंघनको आरोप लागेका व्यक्तिलाई कारबाही गर्ने सुनिश्चितताले कानुनी जिम्मेवारीको स्थापनामा आउने अवरोधको निराकरणलाई समेत समेट्दछ ।[385] यसमा देहायका कुरा समावेश हुनसक्छन् :

- *उन्मुक्ति तथा आममाफी*[386]

उन्मुक्ति भनेका सामान्य नियम हुन् र यिनले कुनै निश्चित वर्ग वा समूहका व्यक्तिलाई पहिलेदेखिनै कुनै कामका लागि फौजदारी वा देवानी कारबाहीबाट बचाउँछन् (उदाहरणका लागि, कर्तव्यपालनको सिलसिलामा गरिएका कार्यका लागि कुनै व्यक्तिलाई कारबाही गर्न मिल्दैन) । आममाफीले देहायका उपायलाई संलग्न गर्नसक्छ : (अ) आममाफी ग्रहण गर्नुअगाडि गरिएका विशिष्ट अपराधमा निश्चित व्यक्ति वा व्यक्तिको समूहका विरुद्ध भविष्यमा फौजदारी तथा देवानी कारबाही गर्नबाट रोक्ने, र (आ) कानुनी उल्लंघनका रूपमा स्थापित भएको अपराधलाई पश्चात्‌दर्शी तवरले बदर गरिदिने ।[387]

---

[384] Principle No. 9, Draft Military Justice Principles (above n.378).

[385] HRCtee, General Comment No. 31 (above n.78), para. 18.

[386] See further, Advocacy Forum, 'Evading Accountability by Hook or by Crook' (2011), (above n.1).

[387] OHCHR, 'Rule-of-Law Tools for Post Conflict States: Amnesties', HR/PUB/09/1 (2009), p.5, available at: http://www.ohchr.org/Documents/Publications/Amnesties_en.pdf.

गम्भीर उल्लंघनका घटनामा समेत आममाफी दिने वा उन्मुक्तिको अनुमति दिने राज्यहरूको प्रयासलाई मानवअधिकार समितिले आलोचना गरेको छ ।[388] आफ्नो सामान्य टिप्पणी नं. ३१ मा समितिले "*यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार, संक्षिप्त तथा स्वेच्छाचारी हत्या र जबर्जस्ती बेपत्ता*" लगायतका उल्लंघनमा संलग्न पीडकलाई कानुनको दायरामा ल्याउन तथा अनुसन्धान गर्ने दायित्व राज्यको हुन्छ भन्नेमा यसले जोड दियो । "*यी उल्लंघनमा दण्डहीनताको समस्या समितिका लागि दीर्घकालीन चिन्ताका विषय हुन् र यी उल्लंघन दोहोरिनुमा यसले महत्वपूर्ण योगदान दिएको हुनसक्छ*" र राज्यहरूले आपराधिक उल्लंघनमा संलग्न सार्वजनिक अधिकारी वा राज्यका कर्तालाई "*व्यक्तिगत जिम्मेवारीबाट उन्मुक्ति दिनुहुँदैन जस्तो कि विशेष आममाफी र कानुनी उन्मुक्ति तथा सुरक्षाका सन्दर्भमा भएका छन्*" भनी समितिले पहिचान गऱ्यो ।[389]

आममाफी तथा उन्मुक्ति पीडकलाई सजाय गर्ने तथा पीडितलाई उपचार दिने विशिष्ट सन्धिजनित दायित्वको समेत विपरीत छन् ।[390]

---

[388] For example: Comments on Uruguay, CCPR/C/79/Add.19 (1993); Concluding Observations on El Salvador, CCPR/C/79/Add.34 (1994); Nineteenth Annual report of the Human Rights Committee A/50/40 (1995); Preliminary Observations of the Human Rights Committee: Peru CCPR/C/79/Add.67 (1996); Concluding Observations on France, CCPR/C/79/Add.80 (1997); Concluding Observations on Lebanon, CCPR/C/79/Add.78 (1997) and Concluding Observations on Chile, CCPR/C/79/Add.104 (1999); Concluding observations on Argentina, CCPR/CO/70/ARG (2000); Concluding Observations on Congo, CCPR/C/79/Add.118 (2000).

[389] HRCtee, General Comment No. 31 (above n.78), para. 18.

[390] According to the Committee Against Torture, amnesties which result in the impunity of torturers are "incompatible with the spirit and purpose of the Convention": O.R., M.M. and M.S. v. Argentina, nos. 1/1988, 2/1988, and 3/1988, A/45/44, Annex V, p.108, at p. 112, para. 9 (1990); see also Committee against Torture, General Comment No. 2, U.N. Doc. CAT/C/GC/2 (24 January 2008), para. 5. See also, in relation to amnesties for enforced disappearances, Report of the Working Group on Enforced or Involuntary Disappearances, U.N. Doc. E/CN.4/2006/56, p. 17, para.1 (2005).

- *उच्च अधिकारीको आदेशको जिकिर लिन नपाइने*

मानवअधिकारको गम्भीर उल्लंघनका घटनामा उच्च अधिकारीको आदेशको पालना गरेको भन्ने जिकिर लिन पाइँदैन भनी मानवअधिकार समितिले जोड दिएको छ किनकि "*यस्ता उल्लंघनको आरोप लाग्नसक्ने व्यक्तिलाई कानुनी जिम्मेवारीबाट उन्मुक्ति दिनका लागि कुनै पनि आधिकारिक हैसियतले तर्कसम्मत ठहऱ्याउँदैन।*"[391] युद्धअपराध, मानवताविरुद्धको अपराध, आमसंहार, यातना तथा जबर्जस्ती बेपत्तासम्बन्धी सन्धिले उच्च अधिकारीको आदेशको जिकिरलाई विशेष रूपमा गैरकानुनी ठहर गरेको छ।[392]

- *हदम्याद*

युद्ध अपराध तथा मानवताविरुद्धको अपराधमा हदम्याद लागू नहुनेसम्बन्धी महासन्धिले ती अपराधमा हदम्यादलाई निषेध गरेको छ।[393] तथापि दण्डहीनताका सिद्धान्तलाई अद्यावधिक गर्ने जिम्मेवारी पाएका संयुक्त राष्ट्र संघियं विज्ञले पहिचान गरेअनुसार "*मानवताविरुद्धको अपराध तथा युद्ध अपराध मात्र नभई यातनाजस्ता मानवअधिकारका गम्भीर उल्लंघनमा समेत (हदम्याद लागू हुँदैन भन्ने नियम)सान्दर्भिक हुन्छ भनी स्वीकार गर्नेतर्फ अन्तर्राष्ट्रिय विधिशास्त्रको झुकाव बढिरहेको छ।*"[394]

---

[391] HRCtee, General Comment No. 31 (above n.78), para.18.

[392] Geneva Conventions, Genocide Convention, Rome Statute, CAT, Article 2(3); Enforced Disappearances Convention, Article 6(2).

[393] Convention on the Non-Applicability of Statutory Limitations to War Crimes and Crimes Against Humanity, Adopted and opened for signature, ratification and accession by General Assembly resolution 2391 (XXIII) of 26 November 1968, Entry into force: 11 November 1970, Article I.

[394] 'Report of Diane Orentlicher to update the Set of Principles to combat impunity', E/CN.4/2005/102, para. 47. Basic Principles on Remedy and

जबर्जस्ती बेपत्ताविरुद्धको महासन्धिका अनुसार "*जबर्जस्ती बेपत्ताको मुद्दामा हदम्याद लगाउने पक्षराष्ट्रले फौजदारी प्रक्रियामा हदम्यादसम्बन्धी देहायको मापदण्ड पूरा गर्नका लागि आवश्यक उपाय अपनाउनुपर्दछ :(क) हदम्याद लामो अवधिको हुन्छ र यो अपराधको गाम्भीर्यलाई ध्यानमा राख्ने खालको हुन्छ र (ख) जबर्जस्ती बेपत्ताको कसुर अन्त्य भएको क्षणदेखि नै सुरु हुन्छ र यो निरन्तर प्रकृतिको अपराध हो भन्ने कुरालाई ध्यानमा राख्छ।*"[395]

यसका अलावा अन्तर्राष्ट्रिय कानुनमा अपराधको रूपमा नदरिने उल्लंघनका लागि राष्ट्रिय कानुनमा हदम्याद पनि धेरै कम अवधिको हुनुहुँदैन ।[396]

### बालसैनिकको विशेष अवस्था

विशेषगरी गम्भीर अपराधका लागि कारबाही तथा सजायमाथि विचार गर्दा नेपालमा द्वन्द्वकालमा (तथा त्यसपछिका समयमा) व्यापक रूपमा बालसैनिकको भर्ती तथा संलग्नता विशेष ध्यान पुऱ्याउनुपर्ने सवालका रूपमा रहेको छ ।[397]

---

Reparation, (above n.256), para. 6. The Human Rights Committee has also highlighted unreasonably short limitation periods for criminal prosecutions of perpetrators of serious violations of human rights as an impediment to establishing legal responsibility which should be removed: HRCtee, General Comment No. 31 (above n.78), para.18.

[395] Convention on Enforced Disappearance , Article 8(1).

[396] Basic Principles on Remedy and Reparation, (above n.256), para.7.

[397] Widespread reports indicate that the Unified Communist Party of Nepal-Maoist (UCPN-M) recruited or used children for military activities during the conflict, and continued to recruit children following the 2006 ceasefire agreement. They were recruited in various ways, including kidnapping and abduction, often from schools or at mass rallies that they were forced to attend, as well as through the use of propaganda campaigns to attract children as "volunteers". Children served as messengers, spies, porters and medical assistants, as well as being used as sentries, bodyguards and combatants: Human Rights Watch, Children in the Ranks: The Maoists' Use of Child Soldiers in Nepal, February 2007, available at: http://www.hrw.org/sites/default/files/reports/nepal0207webwcover.pdf. In

प्रथाजनित अन्तर्राष्ट्रिय कानुनअन्तर्गत पन्ध्र वर्षभन्दा मुनिका बालबालिकालाई सशस्त्र बल वा समूहमा भर्ती वा सूचीकृत गर्ने वा द्वन्द्वमा सक्रिय रूपमा प्रयोग गर्ने काम अपराध हो र अन्तर्राष्ट्रिय कानुनअन्तर्गत यसले व्यक्तिगत फौजदारी जिम्मेवारीलाई समेट्दछ ।[398] बालबालिकासम्बन्धी महासन्धिको ऐच्छिक आलेख[399] अन्तर्गत अझ विस्तृत रूपमा यसलाई विकसित गरिएको छ (नेपाल यो महासन्धिको पक्षराष्ट्र रहेको छ) । विशेष रूपमा यसका अनुसार राज्यका सशस्त्र बलभन्दा पृथक् रहेका सशस्त्र समूहले द्वन्द्वमा १८ वर्षभन्दा मुनिका बालबालिकालाई भर्ती वा प्रयोग गर्न पूर्णतया प्रतिबन्ध लगाइएको छ ।[400]

सबभन्दा पहिला त बालसैनिकलाई पीडितका रूपमा लिनुपर्दछ भन्ने कुरामा सामान्यतया दुईमत छैन ।[401] अन्तर्राष्ट्रिय कानुनमा १८ वर्षमुनिका बालसैनिकको

---

2009, the Government of Nepal, the UCPN-M and the United Nations signed an Action Plan for the discharge of Maoist army personnel disqualified as children in the United Nations-led verification process in 2007: UNICEF Press Release, United Nations, Government of Nepal and UCPN-M sign Action Plan for discharge of minors disqualified from the Maoist army, 16 December 2009, available at: http://www.unicef.org/infobycountry/media_52169.html.

[398] See Article 4(c) of the draft Statute of the Special Court for Sierra Leone, Annexed to the letter dated 22 December 1996 from the President of the Security Council addressed to the Secretary-General, S/2000/1234.

[399] Optional Protocol to the Convention on the Rights of the Child on the involvement of children in armed conflict, adopted and opened for signature, ratification and accession by General Assembly resolution A/RES/54/263 of 25 May 2000, entered into force 12 February 2002.

[400] *Ibid.*, Article 4.

[401] *Annual report of the Special Representative of the Secretary-General for children and armed conflict*, Radhika Coomaraswamy, 18th Session of the Human Rights Council, 21 July 2011 (A/HRC/18/38). Available at: http://www2.ohchr.org/english/bodies/hrcouncil/docs/18session/A.HRC.18.38_en.pdf; Amnesty International, Child soldiers: Criminals or victims? 22 December 2000. Available at: http://www.amnesty.org/en/library/asset/IOR50/002/2000/en/049a91ec-dc61-11dd-bce7-11be3666d687/ior500022000en.html.

फौजदारी दायित्व रहनसक्दैन[402] भन्ने कुनै मान्यता रहेकाले कारबाही विशिष्ट अवस्थामा मात्र हुनुपर्छ र खास जोड चाहिँ उनीहरूको समाजमा पुनःस्थापना तथा समायोजनमा दिनुपर्छ ।[403]

## *आ. कारबाहीसम्बन्धी राष्ट्रिय कानुनी संरचना*

### नियमित फौजदारी कार्यविधि

**सरकारी मुद्दासम्बन्धी ऐन**ले सरकार वादी हुने (यहाँ विचार गरिएका सबै अपराध संलग्न हुने) अपराध वा सरकार प्रतिवादी हुने अपराधमा कारबाहीसम्बन्धी कार्यविधिनिर्धारण गरेको छ ।[404]

अनुसन्धानपश्चात् प्रहरी अधिकृतले सरकारी वकिललाई एउटा प्रतिवेदन पठाउनुपर्ने हुन्छ अनि त्यसमा आरोपितको पहिचान भएको र उसलाई कारबाहीका लागि पर्याप्त प्रमाण रहेको वा कारबाहीका लागि अपर्याप्त प्रमाण रहेको वा आरोपित पहिचान नभएको (वा अपराध नभएको) भन्ने कुराको उल्लेख गर्नुपर्दछ । आरोपित हिरासतमा छ भने सरकारी वकिललाई एउटा निश्चित अवधिभित्र प्रतिवेदन दिनुपर्दछ र यसकै आधारमा त्यो अपराधका लागि एउटा अभियोगपत्र दायर गर्नुपर्दछ ।[405] कुनै पनि व्यक्तिलाई पक्राउ गरिएको छैन भने अपराधको हदम्याद

---

[402] The Statues of the ICTY and ICTR are silent on the matter, while the Statute of the Special Court for Sierra Leone prohibits the prosecution of anyone under the age of 15 and details specific provisions regarding those aged 15-18, and the Statue of the ICC excludes prosecution of anyone younger than 18: Statute of the Special Court for Sierra Leone, Art. 7; the Rome Statute of the International Criminal Court, Art.29.

[403] *Annual report of the Special Representative of the Secretary-General for children and armed conflict*, Radhika Coomaraswamy, 18th Session of the Human Rights Council, 21 July 2011 (A/HRC/18/38). Available at: http://www2.ohchr.org/english/bodies/hrcouncil/docs/18session/A.HRC.18.38_en.pdf at para. 29.

[404] State Cases Act 2049 (1992), Section 3 and Schedule 1.

[405] For example, under the State Cases Act(which includes homicide, rape, espionage, trafficking, drug offences and forgery) charges must be brought within 25 days.

गुज्रिनुभन्दा १५ दिनअगाडिसम्म एउटा प्रतिवेदन पठाउनुपर्ने कुनै आवश्यकता छैन ।[406]

यसै प्रतिवेदनका आधारमा सरकारी वकिलले प्रहरीलाई थप अनुसन्धान गर्ने निर्देशन दिनसक्छ वा पहिचान गरिएको आरोपितका विरुद्ध मुद्दा चल्ने नचल्नेसम्बन्धमा निर्णय गर्नसक्छ ।[407] अभियोग दाखिला गर्नेसम्बन्धमा निर्णय लिने अधिकार सामान्यतया सरकारी वकिलको भएको देखिन्छ र यसलाई अदालतमा प्रायः चुनौती दिइएको छैन । तथापि, सुन्तली धामीको सामूहिक करणीसम्बन्धी हालसालैको मुद्दामा सरकारी वकिलले प्रमाणको अभाव भएको भन्दै ६ मध्ये तीन आरोपितउपर मात्र अभियोगपत्र दाखिल गरेका थिए । यसलाई चुनौती दिँदै सर्वोच्च अदालतमा मुद्दा दायर गर्दा अदालतले बाँकी तीन आरोपित पीडकउपरसमेत अभियोगपत्र दाखिल गर्ने आदेश दियो यद्यपि सरकारी वकिलको निर्णयउपर समीक्षा हुनुपर्छ भन्ने सम्बन्धमा उसले प्रस्ट रूपमा केही पनि बोलेन ।[408]

## सैनिक कसुर

अध्याय पाँचमा उल्लेख गरिएबमोजिम **सैनिक ऐन**ले आरोपित सैनिक अधिकृतलाई (गैरकानुनी पक्राउ वा हिरासतलगायतका) धेरै कसुरमा सैन्य अदालतले र (यातना तथा जबर्जस्ती बेपत्तालगायतका) अन्य कसुरलाई विशेष समितिले कारबाही गर्ने व्यवस्था गरेको छ ।[409] ज्यान मार्ने तथा करणीको कसुरमा भने नागरिक अदालतले मुद्दा चलाउनुपर्ने हुन्छ ।[410]

---

[406] *Ibid.*, Section 17.

[407] *Ibid.*

[408] Decision dated 1 December 2010 of Supreme Court Justices Balram KC and Bharatraj Uprety: see News in Nepal, 'SC orders govt lawyers to file cases against all accused in Suntali Dhami case' (1 December 2010), available at: http://newsinnepal.com/page_options.php?id=2614.

[409] Army Act 2063 (2006), Section 68 and 62.

[410] *Ibid.*, Section 66 and 68.

### प्रहरी विशेष अदालत

**प्रहरी ऐन**ले समेत ऐनले गैरकानुनी मानेका कसुरमा प्रहरी अधिकृत संलग्न छन् भने कारबाहीका लागि प्रहरी विशेष अदालत गठन गर्नुपर्ने व्यवस्था गरेको छ । यी कसुर मुख्य रूपमा आन्तरिक प्रहरी मामलासँग सम्बन्धित छन् यद्यपि तिनमा रोबरवाफ वा जोरजुलुम गरी अन्यायपूर्वक व्यक्तिलाई सताएको कसुरसमेत समावेश छन् ।[411]

**प्रहरी ऐन**को महल तीनले समेत अनुचित व्यवहारलगायतका अनुशासनात्मक कसुरका लागि सजायको व्यवस्था गरेको छ ।

## *ङ. कानुन तथा यसको कार्यान्वयनमा भएका समस्या*

फेरि पनि अन्तर्राष्ट्रिय कानुनअन्तर्गत नेपालका दायित्वअनुकूल हुनेगरी मानवअधिकारको गम्भीर उल्लंघनका लागि जिम्मेवार व्यक्तिलाई कारबाही गर्नुपर्नेमा त्यसो नहुनुमा विभिन्न तत्त्वको अन्तर्क्रियाले भूमिका खेलेको हुन्छ । विशेषगरी कानुनको प्रभावमा जोड दिँदा यस्ता तत्त्वले तीन केन्द्रीय सवाललाई समावेश गर्दछन् : कसुरको अपराधीकरणमा रहेका अन्तर, कारबाहीमा तेर्सिने कानुनी अवरोध तथा व्यक्तिले अपराध गरेको हो भन्ने दह्रो सबुत भए पनि अधिकारीहरूले कारबाही नथाल्नु ।

### क. कसुरको अपराधीकरणमा रहेका अन्तर

(अध्याय सातमा चर्चा गरिएअनुरूप) यातना तथा जबर्जस्ती बेपत्तालाई अपराधीकरण नगरिएकाले नेपालको सन्धिजन्य दायित्व तथा प्रथाजनित अन्तर्राष्ट्रिय कानुनअन्तर्गतको दायित्वअनुकूल हुनेगरी कसुरदारलाई कारबाही गर्न असम्भव छ । उदाहरणका लागि, प्रहरी अधिकारीले गरेका यातनाका सम्बन्धमा राज्यले उठाउने कदम भनेको **प्रहरी ऐन**अन्तर्गतको विभागीय कारबाही वा सम्भवतया **सरकारी मुद्दासम्बन्धी ऐन**अन्तर्गत कुटपिटको अभियोग लगाउने हो (यी परिस्थितिमा प्रहरी अधिकारीका विरुद्ध यस्ता कुनै खालका पनि अभियोग लगाइएको

---

[411] Police Act 2012 (1955), Section 34.

जानकारी पाइएको छैन) । यसका अलावा **यातना क्षतिपूर्ति ऐन**अन्तर्गत पीडितले क्षतिपूर्तिका लागि देवानी मुद्दा हाल्ने विकल्प रहेको छ ।

माथि अध्याय ६ मा चर्चा गरिएअनुसार प्रहरीले दिने यातना यथावतै छ । सजायका रूपमा विभागीय कारबाहीको दह्रो निवारक असर हुँदैन भन्ने एड्भोकेसी फोरमको अनुभव रहेको छ । कारबाही भएपनि गोप्य प्रक्रियामा गरिएको हुन्छ र फैसलालाई प्रकाशित गरिँदैन । कानुनमा प्रस्ट तथा गम्भीर सजाय निर्धारण नगरिएको र सर्वसाधारणले उल्लंघनका बारेमा थाहा पाएर त्यसको निवारक असर रहेको हुने परिस्थिति नरहेकोले प्रहरी (तथा अन्य कर्ता) लाई परिणामको केही डर हुँदैन र तिनले यातना दिइनैरहन्छन् ।[412]

## ख. नागरिक अदालतमा कारबाहीका लागि कानुनी अवरोध

### हदम्याद

नेपाली कानुनका धेरै व्यवस्थाले जाहेरी दर्ता हुनका लागि एउटा व्यक्तिले अपराधको सूचना एकदमै छोटो अवधिभित्र दिइसक्नुपर्ने व्यवस्था गरेका छन् ।

उदाहरणका लागि, **मुलुकी ऐन**अन्तर्गत करणीको सूचना अपराध भएको ३५ दिनभित्र गरिसक्नुपर्दछ ।[413] यो हदम्याद गुज्रेपछि सूचना दिएमा प्रहरीले जाहेरी दर्ता गर्न अस्वीकार गर्नेछ । यसको ठीकविपरीत धेरैजसो देशमा करणीको मुद्दा हाल्नका लागि कुनै किसिमको हदम्याद लगाइँदैन र यस्तो हदम्यादको व्यवस्था

---

[412] The 2008 addendum report of the Special Rapporteur on Torture found that "the torture and arbitrary detention of criminal suspects by police has persisted": UNHRC 'Report by the Special Rapporteur on torture and other cruel, inhuman or degrading treatment or punishment, Mission to Nepal', U.N. Doc. E/CN.4/2006/6/Add.5 (9 January 2006), para. 20 available at <http://www2.ohchr.org/english/issues/torture/rapporteur/visits.htm>.

[413] *Muluki Ain*, Chapter 14, section 11. Note that in 2008 the Supreme Court ordered the government to extend the 35 day limit: Advocate Sapana Pradhan Malla v. Government of Nepal Ministry of Law and Parliamentary Affairs et al. Writ No. 3393. 2065. In the draft Criminal Code this limit is extended to one year.

छ भने पनि १० देखि १५ वर्षसम्मको अवधि निर्धारण गरिएको हुन्छ ।[414] संसद सचिवालयसमक्ष विधेयकका रूपमा पेश गरिएको नयाँ मस्यौदा अपराध संहिताले हदम्यादको अवधि एक वर्षको बनाउने प्रस्ताव गरेको छ र यो अझै पनि अन्तर्राष्ट्रिय मापदण्डभन्दा निकै कम हो ।

## उन्मुक्ति

आफ्नो कर्तव्य पालनका सिलसिलामा गरेका कार्यका लागि राज्यका अधिकारीलाई प्रदान गरिने विशिष्ट तथा सामान्य उन्मुक्तिको प्रावधानले मानवअधिकारको उल्लंघनका दोषीलाई जवाफदेही बनाउनका लागि साँच्चैको बाधा तेर्स्याउँछन् । यस्ता उन्मुक्तिलाई अदालतमा प्रायः परीक्षण गर्ने गरिएको छैन । बरु कारबाही नै अघि नबढाइएको अवस्था छ ।

**सैनिक ऐन**,[415] **प्रहरी ऐन**,[416] **सशस्त्र प्रहरी बल ऐन**[417] तथा **सार्वजनिक सुरक्षा ऐन**[418] जस्ता कानुनमा सामान्य उन्मुक्तिको व्यवस्था गरिएको छ । यिनले सुरक्षाबल तथा निजामती कर्मचारीका सदस्यलाई उनीहरूले गरेका गम्भीर मानवअधिकार उल्लंघनलगायतका सबै कार्य उनीहरूले आफ्नो कर्तव्य पालनका सिलसिलामा "*असल नियत*"का साथ गरेका हुनसक्ने भएका भनी उन्मुक्ति दिएको छ ।

आवश्यक बलको प्रयोगलाई अनुमति दिने **आवश्यक वस्तु सुरक्षा ऐन**[419] तथा **राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन**[420] जस्ता कानुनमा विशिष्ट उन्मुक्तिसमेत दिइएको छ ।

---

[414] OHCHR-Nepal Representative urges end to 35-day limit for filing rape charges, to mark International Women's Day (8 March), available at: http://reliefweb.int/node/259645.

[415] Army Act 2063 (2006), Section 22.

[416] Police Act 2012 (1955), Section 37.

[417] Armed Police Force Act 2058 (2001), Section 26.

[418] Public Security Act 2046 (1989), Section 22.

[419] Essential Goods Protection Act 2012 (1955), Section 6.

[420] National Parks and Wildlife Act Section 2029 (1973), Section 24(2).

गैरन्यायिक हत्यालगायतका मानवअधिकारका गम्भीर उल्लंघनका घटनाका सन्दर्भमा यस्ता उन्मुक्ति अन्तर्राष्ट्रिय मानवअधिकार कानुनको अनुकूल छैनन् र यिनलाई खारेज गर्नुपर्दछ ।

**आममाफी**

द्वन्द्वकाल तथा त्यसपछिको अवधिमा भएका गम्भीर अपराधको आरोप लागेका व्यक्तिविरुद्धको मुद्दा फिर्ता लिनका लागि आममाफीका प्रावधानको दुरुपयोग गर्नु अर्को ठूलो समस्याका रूपमा रहेको छ । **सरकारी मुद्दासम्बन्धी ऐन**को दफा २९ का अनुसार सरकारले आफू वादी भएका फौजदारी मुद्दा फिर्ता लिन दुवै पक्षका बीच भएको सम्झौताको कागज बनाउनसक्ने वा अदालतको सहमतिमा आदेश दिनसक्ने व्यवस्था गरेको छ। यसो गर्दा मुद्दा नचल्ने, अभियुक्त छुट्ने तथा भविष्यमा कारबाही गर्न नसकिने हुनपुग्छ । अन्तरिम संविधानको धारा १५१ ले राष्ट्रपतिलाई मन्त्रिपरिषद्को सिफारिसमा "जुनसुकै अदालत, विशेष अदालत, सैनिक अदालत वा अन्य कुनै न्यायिक, अर्ध न्यायिक वा प्रशासकीय पदाधिकारी वा निकायले गरेको सजायलाई माफी, मुलतवी, परिवर्तन वा कम गर्न सक्ने" अधिकार दिएको छ ।

असोज २०६५ मा माओवादीको नेतृत्वमा रहेको सरकारले ३४९ वटा फौजदारी मुद्दा (अनुसन्धान, अभियोग तथा सजाय) तथाकथित रूपमा "*राजनीतिक प्रकृति*" का भएकाले फिर्ता लिनका लागि सिफारिस गऱ्यो । यसमा (हत्या, ज्यान मार्ने उद्योग तथा करणीजस्ता) मानवअधिकारका गम्भीर उल्लंघनका मुद्दा समावेश थिए र अधिकांश द्वन्द्वकालका थिए। धेरैजसो मुद्दा एनेकपा (माओवादी) का सदस्यका विरुद्ध थिए र यीमध्ये केही तत्कालीन सरकारका वरिष्ठ सदस्य थिए । चैत २०६६ मा माओवादी सरकारले कपिलवस्तुमा सेप्टेम्बर २००७ मा भएको (माथि हेर्नुहोस्) साम्प्रदायिक हिंसामा संलग्न भएका भनी आरोप लगाइएका धेरै व्यक्तिविरुद्धका मुद्दा फिर्ता लिने थप निर्णय गऱ्यो र यो मधेशी राजनीतिक दलको दबाबमा गरिएको थियो ।[421] अन्य धेरै मुद्दा फिर्ता लिइएका छन् तर

[421] See Advocacy Forum, 'Torture and Extrajudicial Executions amid widespread violence in the Terai', (above n.136), p. 7.

ठ्याक्कै संख्या बताउन असम्भव छ ।[422] माथि अध्याय तीनमा बताइएअनुरूप झलनाथ खनाल नेतृत्वको सरकारले वैशाख २०६८ मा द्वन्द्वकालका दौरान ठूला पदका व्यक्ति संलग्न भएका मुद्दा फिर्ता लिने मनसुबा लिएको थियो । तत्कालीन सूचना तथा सञ्चार मन्त्री अग्नि सापकोटाविरुद्धका मुद्दालगायत अन्य धेरै मुद्दा फिर्ता लिनका लागि तत्कालीन सरकारले प्रक्रिया भने अघि बढाउनसकेन किनकि यसको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा धेरै निन्दा भयो । अगस्ट २०११ मा गठन भएको सरकार माओवादी तथा अन्यका विरुद्ध लागेका ठूलो संख्याका मुद्दा फिर्ता लिने सहमतिमा गठन भएको हो । द्वन्द्वकालको अपराधमा अभियुक्त ठहर भएका एकमात्र व्यक्ति माओवादीका तर्फबाट संविधानसभा सदस्य बालकृष्ण ढुंगेललाई अन्तरिम संविधानको धारा १५१ प्रयोग गरी आममाफी दिन मन्त्रिपरिषद्ले राष्ट्रपतिसमक्ष सिफारिस गरेको छ ।[423]

## सैन्य अदालतको क्षेत्राधिकार तथा दोहोरो खतराको प्रावधान

यातना तथा जबर्जस्ती बेपत्ताका कसुर (कानुनले परिभाषित गरेअनुसार) लाई विशेष समितिमार्फत अनुसन्धान तथा पूर्पक्ष गर्ने **सैनिक ऐन**को प्रावधान साधारण कोर्टमार्सल[424] ले गर्ने पूपर्क्षका तुलनामा सुधार हो तर यसले अझै पनि दुरुपयोग हुने सम्भावना बोकेको तथा यो निष्पक्षता र स्वतन्त्रतामाथिको गम्भीर चुनौतीका रूपमा रहेको छ ।[425] यस्ता कसुरलाई नागरिक अदालतमा कारबाही गराउने दायित्वसँग यो प्रतिकूल छ त्यसैले यसलाई खारेज गर्नुपर्दछ ।

---

[422] Advocacy Forum, 'Evading Accountability by Hook or by Crook' (2011), (above n.1), p. 10.

[423] Ekantipur, 'Govt to recommend for amnesty to Dhungel', 8 November 2011, http://www.ekantipur.com/2011/11/08/top-story/govt-to-recommend-for-amnesty-to-dhungel/343462/.

[424] Army Act 2063 (2006), Section 62.

[425] *Ibid.,* The Special Commission is to be made up of the Deputy Attorney General as designated by the Government of Nepal, the Chief of the legal section of the Ministry of Defence, and a Representative of the Judge Advocate General Department of the Army.

जवाफदेहिताबाट बच्नका लागि ऐनका अन्य प्रावधानलाई दुरुपयोग वा बेवास्ता गरिएको छ । दफा ७० को दोहोरो खतरासम्बन्धी प्रावधानले निर्धारण गरेअनुसार "*कुनै कसुरको सम्बन्धमा सैनिक अदालतबाट मुद्दाको पूर्पक्ष, सुनुवाइ, कारबाही र किनारा भइसकेपछि वा विभागीय सजाय दिइसकेपछि सोही व्यक्तिउपर सोही कसुरमा पुनः कारबाही हुने छैन*" । यो ऐनमा बताएबमोजिम नागरिक अदालतमा मुद्दा चल्नुपर्ने कसुर (ज्यान मार्ने तथा करणी) मा दोषी पाइएको व्यक्तिलाई विभागीय कारबाही गरियो भने उसको मुद्दा नागरिक अदालतमा चल्नसक्दैन भन्ने अर्थ निस्कनेगरी यसलाई पढ्नसकिन्छ ।

अध्याय दुईमा व्याख्या गरिएअनुरूप सेनाले दोहोरो खतराको सिद्धान्तलाई आफूअनुकूल प्रयोग गर्नेगरेको छ । आरोपितलाई त्यही कसुरका लागि सजाय दिइसकेको छ भन्ने तर्क गर्दै अदालतले आरोपित सैनिकलाई पक्राउ गर्न जारी गरेका वारेन्टअनुसार सैनिकलाई अदालतसमक्ष बुझाउनबाट रोक्ने सेनाको दाउका रूपमा यसको प्रयोग भएको छ । (तिनीहरूलाई उही "तथ्य"का सन्दर्भमा एकदमै कम सजाय दिइएको हुनसक्छ तर तिनलाई उही "कसुर"का लागि सजाय दिइएको भने हुँदैन भन्ने कुरा विचारणीय छ ।)[426] पहिले नै विभागीय कारबाही वा कोर्टमार्सल गरिएको भए पनि आरोपित सैनिक अधिकृतका विरुद्ध नागरिक अदालतको क्षेत्राधिकारअन्तर्गत मुद्दा चल्नबाट रोक्न मिल्दैन भन्ने कुरा प्रस्ट हुनेगरी यो प्रावधानलाई संशोधन गर्नुपर्दछ । दोहोरो खतराको कुनै पनि मामलालाई अदालतले विचार गर्नेछ ।

कोर्टमार्सल प्रक्रिया पारदर्शी नहुनु थप समस्याका रूपमा रहेको छ । कोर्टमार्सलमा कुनै पनि उल्लंघनउपर विचार गर्दा पीडित वा तिनका परिवार तथा सम्बन्धित नागरिक अधिकारीलाई सोधपूछका बखत पेश भएका प्रमाण, सुनुवाइका लिखित प्रति तथा अदालतको फैसलाको प्रति दिने सुनिश्चित गर्नका लागि नयाँ प्रावधान ल्याउनुपर्दछ । यस्तो पारदर्शिताको अभावमा पीडितलाई आफ्नो चासोका विषयको संरक्षण गर्न वा अपराधमा आवश्यक कदम चालिसकिएको छ भनी सेनाले दिने बयानलाई चुनौती दिन गाह्रो हुन्छ ।

---

[426] See above n.40.

**सिफारिस**

- नागरिक अदालतमा कारबाही चलाउनका लागि आउने अवरोध हटाउन कानुन संशोधन गर्ने, गम्भीर अपराधमा हदम्याद तथा राज्यका कर्ताले असल नियतले गरिएको भनिएका कार्यमा दिइने उन्मुक्तिलगायतका व्यवस्था हटाउने ।
- मुद्दा फिर्ता लिनका लागि अनुमति दिने **सरकारी मुद्दासम्बन्धी ऐन**का प्रावधानलाई संशोधन गरी फौजदारी अभियोग फिर्ता, आममाफी, क्षमादान वा अन्तर्राष्ट्रिय कानुन तथा मानवअधिकारको गम्भीर उल्लंघनमा दिइने सबैखाले उन्मुक्तिलाई निषेध गर्ने प्रावधान समावेश गर्ने र नयाँ बन्ने संविधानमा समेत यस्तैखालको प्रावधान राख्नलाई सुनिश्चित गर्ने ।
- विशेष रूपमा आन्तरिक तथा सैन्य प्रकृतिका मुद्दाबाहेक अन्य सबैमा नागरिक अदालतले कारबाही गर्ने अनुमतिका लागि **सैनिक ऐन** संशोधन गर्ने ।

## ग. व्यक्तिले अपराध गरेको हो भन्ने बलियो प्रमाणका बाबजुद अधिकारीहरूद्वारा कारबाही नगर्नु

मानवअधिकारको गम्भीर उल्लंघनमा अधिकारीहरूले अनुसन्धान नगर्नुसँगै कारबाही नथाल्नुको समस्या जोडिएको छ । यो समस्या राज्यका कर्ताले गर्ने अपराध वा द्वन्द्वकालमा भएका अपराधमा मात्र सीमित नभई व्यापक समस्याकै रूपमा रहेको छ । कस्ता अपराध पूपर्क्षमा लैजाने अनि कस्तालाई नलैजाने भनी अधिकारीले छनोट गर्नेगरेका छन् ।

राष्ट्रिय मानवअधिकार आयोग तथा ओएचसिएचआरजस्ता निकायले अनुसन्धान गरी एउटा अपराधमा कुनै व्यक्ति संलग्न थियो भन्ने बलियो प्रमाण पेश गरेपनि कारबाही थाल्ने गरिएको छैन । राष्ट्रिय मानवअधिकार आयोगले अनेकौं अवसरमा विशेष व्यक्तिका विरुद्ध कारबाही चलाउनु भनी अधिकारीहरूलाई सिफारिस गरेको भएपनि[427] हालसम्म एउटा पनि कारबाही भएको छैन । यो तथ्य राष्ट्रिय

[427] See, for example, the decision recommending prosecution of four police personnel for the intentional killing of Ramchandra Yadav and Dayaram Pariyar, dated 2 April 2006 available at: http://www.nhrcnepal.org/decision_detail.php?id=1.

मानवअधिकार आयोगका फैसलालाई लागू नगर्नुसँग जोडिएको छ । नोभेम्बर २०१० सम्म गरिएका ३६६ सिफारिसमध्ये ३४ वटा मात्र पूर्णतया कार्यान्वयन भएका छन्, १३८ वटा आंशिक रूपमा कार्यान्वयन भएका छन् तथा २१४ वटामा कुनै कार्यान्वयन गरिएको छैन ।[428] आयोगका एक सदस्यले आफ्नो तिक्तता यसरी अभिव्यक्त गरे :

> राष्ट्रिय मानवअधिकार आयोगजस्तो राष्ट्रिय संस्थाको सिफारिस कार्यान्वयनको अवस्था नाजुक छ । यसो हुनुमा दण्डहीनताको संस्कृतिले सुरक्षित आश्रय पाएर हो । राजनीतिमा अपराध र अपराधमा राजनीति खतरनाक रूपमा बढेका छन् । सिफारिसलाई यसरी नै थन्क्याएर कुहिनका लागि छोडिरहने हो भने अन्ततोगत्वा सरकारका लागि नै प्रत्युत्पादक हुनपुग्छ । यसको परिणामस्वरूप अहिले गम्भीर सवाल खडा भएका छन् किनकि सिफारिस कार्यान्वयन नभएकाले गर्दा पीडितहरू थप मर्कामा परेका छन् । त्यसैले आयोग एक्लैको प्रयास पर्याप्त छैन । राष्ट्रिय मानवअधिकार आयोगका सिफारिस कार्यान्वयनका लागि राजनीतिक दल, नागरिक समाज, मानवअधिकारकर्मी, सञ्चारकर्मी तथा धेरै व्यवसायकर्मीहरूको प्रयास हुनु समयको माग हो ।[429]

**जाँचबुझ आयोग ऐन**अन्तर्गत गठन भएका आयोगका सम्बन्धमा यस्तै खालका सवाल पैदा हुन्छन् । धेरैजसो अवस्थामा आयोगले दिएका सिफारिस सार्वजनिक गरिँदैनन् र यसले गर्दा सत्य के भएको हो भन्ने कुरा थाहा पाउन वा आयोगका सिफारिस लागू भएका छन् कि छैनन् भन्ने कुराको अनुगमन गर्न असम्भव हुन्छ ।

---

[428] NHRC, 'Summary Report of NHRC Recommendations upon Complaints in a Decade (2000-2010)', (November 2010), pp. 4-5, available at: http://www.nhrcnepal.org///publication/doc/reports/Sum-Report-NHRC-Recommendation.pdf.

[429] Justice Ram Nagina Singh, member of the NHRC, writing in NHRC, 'Summary Report of NHRC Recommendations upon Complaints in a Decade (2000-2010)', November 2010, available at: http://www.nhrcnepal.org///publication/doc/reports/Sum-Report-NHRC-Recommendation.pdf.

अपराधमा कारबाही नगर्ने प्रवृत्ति निजी व्यक्तिले गरेका निश्चित अपराधमा समेत रहेको छ। उदाहरणका लागि, ओएचसिएचआर,[430] एड्भोकेसी फोरम र महिला पुन:स्थापना केन्द्र[431] ले अभिलेखीकरण गरेका करणीका मुद्दामा अनुसन्धान तथा कारबाही गर्नबाट प्रहरी लगातार चुकेको छ। करणी तथा महिलाविरुद्ध हुने अन्य खालका हिंसालाई औपचारिक न्यायिक संयन्त्रबाहिर रही मिलाउने प्रवृत्तिको विकासलाई एड्भोकेसी फोरमले पहिचान गरेको छ। उदाहरणका लागि, समुदायको मध्यस्थतामा पीडितले आर्थिक क्षतिपूर्तिका रूपमा अत्यन्त सानो रकम पाउँछन् र पीडकलाई प्राय: सजाय दिँइदैन।[432]

करणी तथा महिलाविरुद्धको अन्य हिंसामा कारबाही नगर्नुले अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअन्तर्गत नेपालको दायित्व उल्लंघन भएको ठहर्छ र यो यातनाको तहमा पुग्नसक्छ। संयुक्त राष्ट्र संघियं महिलाविरुद्धको हिंसाको निर्मूलीकरणसम्बन्धी घोषणाले जोड दिएअनुसार राज्यको *"महिलाविरुद्धको हिंसा राज्यले वा निजी व्यक्ति जसले गरेको भएपनि त्यसलाई रोकथाम गर्न, अनुसन्धान गर्न तथा राष्ट्रिय कानुनबमोजिम सजाय गर्नका लागि पर्याप्त तदारुकता देखाउनुपर्ने"* दायित्व रहन्छ।[433]

---

[430] General Assembly, 'Report of the United Nations High Commissioner for Human Rights on the human rights situation and the activities of her office, including technical cooperation, in Nepal', A/HRC/16/23 (16 February 2011).

[431] Human Rights Watch, '*Nepal: No Justice for gang-rape Victim 5 months on threats and attacks displace a Woman in Siraha*' (15 March 2011), available at: http://www.hrw.org/en/news/2011/03/15/nepal-no-justice-gang-rape-victim.

[432] Advocacy Forum and ICTJ, 'Across the Lines: The Impact of Nepal's Conflict on Women', (2010), p. 82, available at: http://www.advocacyforum.org/publications/Acrossthelines.pdf.

[433] United Nations Declaration on the Elimination of Violence against Women, A/RES/48/104, adopted at the 85th plenary meeting, 20 December 1993, Article 4(c). The General Assembly Resolution on Eliminating rape and other forms of sexual violence also urges States to investigate, prosecute and punish any person responsible for rape and other forms of sexual violence, whether or not committed by State or non-State actors: UNGA/RES 62/134, Article 1(b).

यातनाविरुद्धको समितिले उल्लेख गरेअनुसार राज्यले *"यातना वा दुर्व्यवहारका कार्य गैरराज्य अधिकारी वा निजी व्यक्तिले गरेको थाहा पाएको वा यसो भएको भन्ने विश्वास गर्नका लागि तर्कसम्मत आधार रहेको अनि यसलाई रोक्न, अनुसन्धान गर्न तथा यस्ता गैरराज्य अधिकारी वा निजी कर्तालाई कारबाही र सजाय गर्नका लागि पर्याप्त तदारुकता नदेखाएमा"* राज्य नै यातनाका लागि *"कर्ता, मतियार वा सहमति वा सम्मति दिएकाले महासन्धिअन्तर्गत जिम्मेवार ठहरिन"* सक्छ ।[434] *"राज्यले पर्याप्त तदारुकता नदेखाएमा महासन्धिअन्तर्गत अनुमतिविहीन भनिएका कार्य दण्डहीनताका साथ गर्नका लागि गैरराज्य कर्तालाई सक्षम बनाउँछ। राज्यको उदासीनता वा निष्क्रियताले एक प्रकारको प्रोत्साहन र/वा वस्तुगत अनुमति दिन्छ"* भन्ने सिद्धान्तका आधारमा यो अगाडि बढेको हो ।[435]

## सिफारिस

- फौजदारी कसुरको तहमा पुग्ने उल्लंघनका मुद्दामा समुदायको मध्यस्थता प्रयोग नगर्ने सुनिश्चित गर्नका लागि कानुन र/वा नीतिमार्फत कदम चाल्ने ।
- देहायबमोजिम अपराधमा कारबाही गर्ने **सरकारी मुद्दासम्बन्धी ऐन**का (र मस्यौदा **फौजदारी कार्यविधि संहिता**[436] मा सम्भवत: दह्रो रूपमा राखिने) प्रावधानलाई संशोधन गर्ने :

  ☞ मानवअधिकारको गम्भीर उल्लंघनमा पर्याप्त प्रमाण भेटिएमा कारबाही बढाउनका लागि सरकारी वकिलको कर्तव्य निर्धारण गर्नुपर्ने, र

---

[434] Committee Against Torture, General Comment No.2 (above n.308), para.18

[435] *Ibid.*

[436] The draft Criminal Procedure Code makes some improvements: it provides that a failure to register an FIR may be appealed to the public prosecutor or higher police authority (currently it can only be referred to the CDO), and upon registration of an FIR an officer must make an "immediate" preliminary inquiry, and send a preliminary report to the public prosecutor within three days of that inquiry: Draft Criminal Procedure Code, Sections 5 and 6.

☞ प्रहरी अनुसन्धानका आधारमा वा कारबाहीका लागि सिफारिससहितको राष्ट्रिय मानवअधिकार आयोगको अनुसन्धानका आधारमा कारबाही अघि नबढाउने सरकारी वकिलको निर्णयका विरुद्ध पीडित तथा तिनका परिवारले अदालतमा अपिल गर्न पाउने अनुमति दिने ।

- राष्ट्रिय मानवअधिकार आयोगले अनुसन्धान गरी कारबाहीका लागि सिफारिस गरेको मुद्दामा कारबाही सुरु गर्नका लागि सरकारी वकिललाई बाध्य पार्ने सुनिश्चितताका लागि कानुन संशोधन गर्ने । राष्ट्रिय मानवअधिकार आयोगलाई सञ्चालन गर्ने विद्यमान ऐनलाई संशोधन गरेर, राष्ट्रिय मानवअधिकार आयोग सञ्चालन गर्नका लागि बनाइएको नयाँ ऐनमा समावेश गरेर वा पारित भएपछि फौजदारी कार्यविधि संहितामा समावेश गरेर यसो गर्न सकिन्छ ।
- **जाँचबुझ आयोग ऐन**लाई संशोधन गरी आयोगको पूर्ण निष्कर्ष सार्वजनिक गर्नुपर्ने प्रावधान राख्ने तथा यस्ता आयोगले सिफारिस गरेका कारबाही अगाडि बढाउनका लागि सरकारी वकिललाई बाध्य बनाउने । निष्कर्ष सार्वजनिक गर्दा यसले पीडित वा प्रक्रियासँग जोडिएका पक्षलाई खतरा नपर्ने वा भविष्यमा हुने फौजदारी प्रक्रियामा पूर्वाग्रह नहुने हदसम्म मात्र सार्वजनिक गर्नुपर्दछ ।

## *घ. न्याय तथा परिपूरणको अधिकार*

### *अ. अन्तर्राष्ट्रिय मापदण्ड*

तर पीडकलाई कारबाही अघि बढाउँदैमा पीडितको उपचार तथा परिपूरणको अधिकार अन्त्य (वा सुरु) हुँदैन । थप रूपमा र यस्ता कुनै कारबाहीमा मात्र भर नपर्दा मानवअधिकारको गम्भीर उल्लंघनको पीडितले न्यायिक उपचारलगायतका उपचारमा समान तथा प्रभावकारी पहुँच पाउनुपर्छ अनि पुनर्भरण, क्षतिपूर्ति,

सन्तुष्टि,[437] पुनरावृत्ति नहुने प्रत्याभूति[438] तथा पुनःस्थापना[439] का रूपमा पर्याप्त र प्रभावकारी परिपूरणको सुविधा पाउनुपर्छ ।

उपचारको व्यवस्था अदालतले विकास गर्नेमात्र नभई कानुनमै उल्लेख गर्नुपर्दछ ।[440] मानवअधिकारको गम्भीर उल्लंघन पारिभाषिक रूपमै राज्यको जिम्मेवारीमा पर्ने भएकाले पीडितले पाउने उपचार राज्यबाट भराउनुपर्दछ र एउटा कुनै पीडकबाट मात्र भराउनुहुँदैन (तेस्रो पक्षले गरेको उल्लंघन रोकथाम गर्नका लागि पर्याप्त तदारुकता नअपनाउँदा राज्यमाथि आइपर्ने जिम्मेवारीमा समेत यो लागू हुन्छ) ।[441] राज्यको दायित्वलाई समेत संकुचित बनाउनुहुँदैन । उदाहरणका लागि, राज्यविरुद्ध मुद्दा दायर गर्न राज्यको अनुमति आवश्यक हुनुहुँदैन ।

पीडितको उपचारमा समान तथा प्रभावकारी पहुँच सुनिश्चित गर्ने निश्चयात्मक कर्तव्य राज्यहरूको हुन्छ । जस्तै, कानुनी सहायता र (माथि उल्लेख भएबमोजिम दफा (ख) सँग जोडिएको) अनुसन्धान यस्तो कर्तव्यमा पर्दछ । कार्यविधिहरूले पीडितलाई पुनराघात नपुग्ने सुनिश्चितता तथा धम्की र प्रतिशोधको सामना गर्नका लागि संयन्त्र गठन गर्नका लागि राज्यहरूले ध्यान पुऱ्याउनुपर्दछ ।

राज्यले पीडितलाई परिपूरण दिँदा पर्याप्त, उपयुक्त तथा अपराधको गाम्भीर्य अनि पीडितले भोग्नुपरेको शारीरिक तथा मानसिक क्षतिकै अनुपातको परिपूरण

[437] Satisfaction includes measures such as verification of the facts and full and public disclosure, public apologies, commemorations and tributes to the victims. Prosecution of perpetrators is one form of satisfaction: Basic Principles on Remedy and Reparation, (above n.256), para. 22.

[438] That is, measures to prevent the violation recurring in the future, such as reviewing laws that contribute to the violation and implementing monitoring measures, and ensuring effective control of the military and security services. See Basic Principles on Remedy and Reparation, (above n.256), para.23.

[439] See HRCtee, General Comment No. 31 (above n.78), para. 16; Basic Principles on Remedy and Reparation, (above n.256), para. 18.

[440] See in relation to remedies for torture: Brazil, A/56/44, paras. 115-120; Cameroon, A/56/44, paras. 60-66; Luxembourg, CAT/C/CR/28/2, para. 6(c).

[441] Basic Principles on Remedy and Reparation, (above n.256), para. 15.

दिनुपर्छ ।[442] मानवअधिकारका गम्भीर उल्लंघनमा साधारण क्षतिपूर्ति दिँदा त्यसले पर्याप्त परिपूरण दिनुपर्ने कर्तव्यलाई पूर्ति गर्नसक्दैन ।

परिपूरण पाउने पीडितको अधिकार सुनिश्चित गर्ने दायित्व संक्रमणकालका बखतसमेत लागू हुन्छन् यद्यपि त्यसबेलो दाबी गर्नेको ठूलो संख्या तथा संस्था र संरचनाको कमजोरीले पर्याप्त तथा प्रभावकारी परिपूरण दिनु चुनौतीपूर्ण नै हुन्छ । धेरै अवस्थामा यस्ता चुनौतीको सामना गर्न प्रशासनिक परिपूरणका कार्यक्रम विकसित गरिएका छन् तर यस्ता संयन्त्रले अदालतमा पहुँचलाई विस्थापनभन्दा पूरकका रूपमा काम गर्दछन् । आदर्श रूपमा भन्दा प्रशासनिक परिपूरणका कार्यक्रम पर्याप्त मात्रामा समावेशी, पीडितका इच्छा तथा आवश्यकताप्रति जिम्मेवार, पारदर्शी, प्रयोग गर्न सजिला, कार्यदक्ष तथा न्यायपूर्ण देखिन्छन् । यो कार्यक्रम लागू गर्दा अदालत वा अन्य स्थापित संयन्त्रमार्फत परिपूरण पाउने सम्भावनाभन्दा बढी फाइदाजनक हुन्छ ।[443]

परिपूरण तथा पुनःस्थापनाका कार्यक्रम सबै चरणमा समावेशी तथा सहभागिमूलक हुनुपर्छ ।[444] महिलाले न्याय पाउन विशिष्ट तथा थप अवरोधको सामना गर्नुपर्दछ र उनीहरूलाई फरक खालको परिपूरण आवश्यक हुनसक्छ भनी राज्यले पहिचान गर्नुपर्दछ । "*महिलाले भोग्ने हिंसाको मूल कारणका रूपमा रहेका पूर्ववर्ती संरचनागत असमानतालाई सुदृढ गर्नुको साटो ध्वस्त गर्नु*"परिपूरणको लक्ष्य हुन्छ भन्ने कुरा महत्वपूर्ण छ ।[445] पीडकलाई न्यायको कठघरामा ल्याउने तथा हिंसा नदोहोरिने

---

[442] Basic Principles on Remedy and Reparation, (above n.256), para.15.

[443] See REDRESS, 'Bringing the International Prohibition of Torture Home: National implementation guide for the UN Convention Against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment' (January 2006), p. 87.

[444] Human Rights Council, 'Report of the Special Rapporteur on torture and other cruel, inhuman or degrading treatment or punishment, Manfred Nowak', A/HRC/7/3 (15 January 2008), par. 75; Nairobi Declaration on Women's and Girls' Right to a Remedy and Reparation, adopted by women's rights advocates and activists, as well as survivors of sexual violence in situations of conflict, from Africa, Asia, Europe, Central, North and South America (March 2007), principle 2.

[445] Human Rights Council, Report of the Special Rapporteur on violence against women, its causes and consequences, A/HRC/14/2, (2010), para. 31.

सुनिश्चितता गर्ने प्रावधानले महिलाविरुद्ध हुने हिंसालाई कायम राख्ने र सहने कानुनी व्यवस्था अनि प्रथाजनित अभ्यासलाई संशोधन गरिनुपर्दछ भन्ने अर्थ लाग्न सक्छ ।[446]

## *आ. परिपूरणसम्बन्धी राष्ट्रिय कानुनी संरचना*

द्वन्द्वकालदेखिका समेत मानवअधिकारका गम्भीर उल्लंघनका पीडितलाई उपचार तथा परिपूरणको प्रावधानलाई नियमन गर्ने नेपालको कानुनी संरचना टालटुले तथा अविकसित छ ।

- केही **संवैधानिक प्रावधान**ले क्षतिपूर्तिको अधिकार सुनिश्चित गरेका छन् : विशेषगरी *("कानुनविपरीत वा खराब नियतका साथ)*[447] निवारक थुनामा राखिएका व्यक्तिका सम्बन्धमा बनेको धारा २५.२; (यातना तथा अन्य अमानवीय वा अपमानजनक व्यवहारका सम्बन्धमा) धारा २६.२ र (संकटकालका बखत कुनै अधिकारीले कानुनविपरीत वा खराब नियत लिएर गरेको कार्यले कुनै व्यक्तिलाई पुग्न गएको क्षतिका सम्बन्धमा) धारा १४३.९ ।
- *"अन्य कुनै कानुनी अधिकारका लागि अर्को उपचार नपुऱ्याइएको वा उपचार पुऱ्याइएको भएपनि त्यो अपर्याप्त वा अप्रभावकारी भएको"* पाएमा सर्वोच्च अदालतले *"आवश्यक तथा उपयुक्त आदेश"* जारी गर्न पाउने अधिकार **अन्तरिम संविधान**ले दिएको छ । अदालतले यो अधिकार कहिलेकाहीँ मात्र प्रयोग गरेको छ र यसअन्तर्गत जबर्जस्ती बेपत्ताका पीडित परिवारलाई

---

[446] Report of the Special Rapporteur on Torture, (above n.444), para. 67.

[447] *Rajendra Dhakal and Others v. The Government of Nepal*, writ no.3575, registration date Jan 21, 1999: Order rendered by Honourable Justice Khila Raj Regmi and Honourable Justice Kalyan Shrestha issued on 18 Jestha 2063 (2007). For an unofficial translation of the judgment, see 1 National Judicial Academy Law Journal (2007), 301–339.

"*अन्तरिम प्रकृतिको राहत तत्काल*" दिनका लागि सरकारलाई आदेश दिएको छ ।[448]

- यातनाका पीडितले यातना पाएको वा हिरासतमुक्त भएको ३५ दिनभित्र उजुरी दायर गर्नसक्ने तथा अधिकतम रु. १००,००० सम्मको क्षतिपूर्ति दाबी गर्नसक्ने व्यवस्था **यातना क्षतिपूर्ति ऐन**ले गरेको छ ।
- क्षतिपूर्तिका लागि केही अन्य कानुनी प्रावधानले जिल्ला अदालतमा देवानी मुद्दा हाल्ने व्यवस्था गरेका छन् (यसमा **सार्वजनिक सुरक्षा ऐन** पनि पर्दछ र यसले खराब नियतका साथ थुनामा राखिएका जोकोहीलाई पनि तर्कसम्मत क्षतिपूर्तिको व्यवस्था गरेको छ) ।
- **नागरिक अधिकार ऐन**ले पनि ऐनअन्तर्गतको अधिकार कुनै व्यक्तिले उल्लंघन गरेको छ भने पुनरावेदन अदालतले पीडितलाई क्षतिपूर्तिको आदेश दिने व्यवस्था गरेको छ। यसअन्तर्गत समेटिएका अधिकारमा जीवन तथा स्वतन्त्रताको अधिकार,[449] स्वेच्छाचारी पक्राउ तथा थुनाबाट मुक्त हुने अधिकार[450] र अभिव्यक्ति स्वतन्त्रताको अधिकार[451] पर्दछन् ।
- **विस्तृत शान्ति सम्झौता**ले द्वन्द्वपीडितलाई परिपूरण दिनुपर्ने व्यवस्था गरेको छ। द्वन्द्वकालमा भएका अपराध अनुसन्धानका लागि गठन गर्ने भनी सोचिएका दुईवटा निकाय, सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग, ले परिपूरणका प्रावधानका सम्बन्धमा सिफारिस गर्ने अधिकारसमेत पाउनेछन् । यी संयन्त्रको अभावमा द्वन्द्वकालमा भएका अपराधका पीडितलाई "अन्तरिम राहत" का रूपमा केही "अन्तरिम उपाय" मार्फत सम्बोधन गरिएको छ । यसलाई **द्वन्द्वपीडितका लागि आर्थिक सहायता तथा राहत मापदण्ड, २०६५** मार्फत लागू गरिएको छ ।मन्त्रिपरिषद्बाट ग्रहण गरी

---

[448] Civil Rights Act 2012 (1955), Section 17.

[449] *Ibid.*, Section 12.

[450] *Ibid.*, Section 15.

[451] *Ibid.*, Section 6.

नीतिगत दस्तावेजमार्फत यसलाई थप विकसित गरिएको छ।[452] मानवअधिकार उच्चायुक्तको कार्यालय, आइओएम र शान्ति तथा पुनर्निर्माण मन्त्रालयको संलग्नतामा व्यापक परिपूरण नीति विकास गर्न एउटा कार्यक्रम सञ्चालन भइरहेको छ।

- राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो अनुसन्धानको निष्कर्षका आधारमा पीडितलाई क्षतिपूर्ति दिने सिफारिस प्रायः गर्छ तर माथि बताएबमोजिम यी सिफारिस प्रायः लागू हुँदैनन्।
- केही अवसरमा सरकारले सद्भाव देखाउने हिसाबले राहत प्रदान गरेको छ अनि संसदीय जाँच समितिले गरेका अनुसन्धानका आधारमा संसदले केही मुद्दामा क्षतिपूर्ति दिएको छ।[453]

## *ङ. कानुन तथा यसको कार्यान्वयनमा भएका समस्या*

नेपालको सन्दर्भमा मानवअधिकारको गम्भीर उल्लंघनमा उपचार तथा परिपूरणमा पहुँचको सम्बन्धमा दुईवटा मूलभूत सवाल उठ्दछन्। पहिलो, परिपूरण दाबी गर्नका लागि निर्धारण गरिएका उल्लंघन र प्रदान गरिने परिपूरणका प्रकार टालटुले प्रकृतिका छन्। दोस्रो, कार्यविधिगत तथा व्यवहारिक अवरोधले यिनै उपचारमा पहुँचलाई समेत गाह्रो वा असम्भव बनाउँछन्।

### क. परिपूरणको अधिकारमा भएका कमीकमजोरी

विभिन्न कानुनलाई जोडजाड गरेर परिपूरण पाउनका लागि तिनको प्रयोग गर्नसकिन्छ भन्ने कुरालाई माथि उल्लेख गरिएको राष्ट्रिय कानुनको संरचनाले

---

[452] For further details see Advocacy Forum, 'Discrimination and Irregularities: The Painful Tale of Interim Relief in Nepal', 2010, pp. 7-12, available at: http://www.advocacyforum.org/downloads/pdf/publications/Discriminations_and_Irregularities_A_painful_tale_of_Interim_Relief_in_Nepal.pdf.

[453] *Ibid.*, p. 7.

देखाउँछ । तिनले केही अधिकारका उल्लंघनलाई समेट्छन् भने अन्यलाई समेट्दैनन् (यद्यपि संविधानको बचावयुक्त प्रावधान त छँदैछ) । अत्यन्त कम हदम्यादका कारण यीमध्ये अधिकांश अप्रभावकारी छन् । कुनैले सिधै राज्यका विरुद्ध मुद्दा हाल्ने अनुमति दिन्छन् (जस्तै, **यातना क्षतिपूर्ति ऐन**अन्तर्गत) भने कुनैले एउटा पीडकका विरुद्धमा मुद्दा चलाउन पाउने अनुमति दिन्छन् (जस्तै, **नागरिक अधिकार ऐन**अन्तर्गत) ।

यसैगरी अन्तरिम संविधानअन्तर्गत पीडितलाई उपचार दिनका लागि सर्वोच्च अदालतको व्यापक अधिकारबाहेक पीडितलाई दिइने परिपूरण भनेको क्षतिपूर्ति मात्र हो भन्ने धारणा धेरै कानुनको रहेको छ । सन्तुष्टि, पुनरावृत्ति नहुने प्रत्याभूति, समायोजन तथा पुनःस्थापनालगायतका परिपूरणका अन्य महत्वपूर्ण लक्ष्यलाई सम्बोधन गरिएको छैन ।

क्षतिपूर्ति मात्र पर्याप्त उपचार होइन । *"तिनीहरूले मेरी छोरीलाई मारेर रु. २५,००० तिरेको भरमा न्यायबाट भाग्न खोज्छन् भने मलाई पनि मेरी छोरी मार्ने पीडकलाई मारेर २५,००० तिर्ने अनुमति दिनुपर्दछ,"* द्वन्द्वका बेला मारिएकी मैना सुनुवारकी आमा देवी सुनुवार भन्छिन् ।[454]

उदाहरणका लागि, यो सवाल यातना क्षतिपूर्ति ऐनका सन्दर्भमा उठ्ने गरेको छ । ऐनले पीडकका विरुद्ध विभागीय कारबाही तथा पीडकलाई आर्थिक क्षतिपूर्ति दिने व्यवस्थाबाहेक परिपूरणको अन्य केही पनि व्यवस्था गरेको छैन ।[455] सन् २००५ मा नेपाल भ्रमण गरेपछि संयुक्त राष्ट्र संघिययातनासम्बन्धी विशेष प्रतिवेदकले नेपालमा सुनियोजित तवरले यातना दिने गरिएको निष्कर्ष निकाले अनि *"यातनामा दण्डहीनताको संस्कृति व्याप्त रहेको, अझ विशेषगरी यातनाको कार्यमा पीडकलाई फौजदारी कारबाही गर्ने विकल्पमा आर्थिक क्षतिपूर्ति दिने*

[454] Quote from 2007 documentary Sari Soldiers, in report by Advocacy Forum and ICTJ, 'Nepali Voices Victims' perceptions of justice, truth, reparations, reconciliation, and the transition in Nepal' (2008), p vii, available at: http://ictj.org/publication/nepali-voices-perceptions-truth-justice-reconciliation-reparations-and-transition-nepal.

[455] Compensation Relating to Torture Act 2053 (1996) Sections 6 and 7.

*गरिएको"* भनी चिन्ता प्रकट गरे ।[456] त्यो समयदेखि हालसम्म पनि केही परिवर्तन भएको छैन । यातना क्षतिपूर्ति ऐनको अपर्याप्तता तथा पीडकलाई मुद्दा चलाउने अनि कारबाही गर्ने प्रणालीको अभावमा यातनाको अभ्यास नेपालमा बढिनैरहेको छ किनकि यातनाका लागि जिम्मेवार व्यक्तिले दण्डहीनताको संस्कृतिका कारण उन्मुक्ति पाइनैरहेका छन् ।

द्वन्द्वकालमा भएका उल्लंघनका पीडितलाई "अन्तरिम राहत" दिने सरकारी प्रावधान केवल आर्थिक सहायताको प्रावधानमा मात्र केन्द्रित रह्यो जुन न्यायको विस्तृत प्रक्रियाले संबोधन गर्ने बृहत्तर परिपूरणका उद्दश्यभन्दा बाहिर थिए । अझ, यसमा व्यापक अनियमितता समेत पाइएका छन् ।[457] केन्द्रीय सरकार (अर्थात् मन्त्रिपरिषद्) ले रकम निर्धारण गरेको थियो तर प्रत्येक व्यक्तिले पाउने "अन्तरिम राहत" का बारेमा स्थानीय सरकारी कार्यालयले निर्णय लिन्छन् । उदाहरणका लागि, सन् २००८ को अन्त्यतिर निश्चित वर्गका द्वन्द्वपीडित वा तिनका नातेदारलाई आर्थिक सहायता प्रदान गर्नका लागि प्रमुख जिल्ला अधिकारीले नाम दर्ता गर्न थाले । यी वर्गमा यातनापीडित तथा करणीलगायतका लैङ्गिक हिंसाका पीडित समेटिन सकेनन् तर केही स्थानीय सरकारी अधिकारीले यातनापीडितलाई उनीहरूको नाम "अर्को चरण" मा दर्ता हुनेछ भनी जानकारी दिए । २०६६ को असार मसान्तसम्म सरकारले करिब २६,००० द्वन्द्वपीडितलाई आर्थिक राहतका नाममा जम्मा १३ करोड ४० लाख वितरण गऱ्यो । यसमध्येको ठूलो रकम द्वन्द्वमा मारिएकाहरूका परिवारले लिएका छन् । तर यो तदर्थवादमा आधारित भएर गरिएको छ र "*सरकारी अधिकारीका अनुसार कार्यविधिगत तत्वका कारण सबै परिवार, विशेष गरेर द्वन्द्वमा मारिएका वा बेपत्ता भएका व्यक्तिका परिवारले छुट्ट्याएको रकम नपाएका हुनसक्छन्* ।"[458] त्यसमाथि अझ

---

[456] Human Rights Council, 'Report by the Special Rapporteur on torture and other cruel, inhuman and degrading treatment or punishment, Manfred Nowak, Mission to Nepal', E/CN.4/2006/6/Add.5, (9 January 2006).

[457] For further detail see Advocacy Forum, 'Discrimination and Irregularities' (above n.452), pp. 7-12.

[458] *Ibid.*

"अन्तरिम राहत" का रूपमा दिइएको रकम छोटो अवधिको हिसाबमा समेत अपर्याप्त छन् ।[459]

## सिफारिस

- मानवअधिकार उल्लंघनमा परिपूरणसम्बन्धी व्यापक कानुनी प्रावधान बनाएर सबै मानवअधिकारलाई समेट्ने सुनिश्चितता गर्ने । उपचारका सम्बन्धमा अदालतमा भर पर्दा असंगत अभ्यास हुनपुग्छ । यस्ता कानुनले क्षतिपूर्ति मात्र नभएर अन्तर्राष्ट्रिय कानुनअन्तर्गतका पूर्ण परिपूरण पीडितले पाउने व्यवस्था मिलाउनुपर्छ ।
- माथि उल्लेखित अन्तर्राष्ट्रिय मापदण्डअनुकूल हुने र विशेषगरी तिनलाई प्रतिबिम्बित गर्ने गरी प्रस्तावित संक्रमणकालीन न्यायका संयन्त्र तथा व्यापक परिपूरण नीतिलाई राष्ट्रिय कानुनमार्फत यथाशक्य चाँडो लागू गर्ने । तर यस्ता संयन्त्र तथा कार्यक्रम अदालतले दिने उपचार तथा परिपूरणका प्रावधानको पूरकका रूपमा रहेका हुन्छन् र यिनले तिनको ठाउँ ओगट्दैनन् भन्ने कुरा कानुनले प्रस्ट रूपमा बताउनुपर्दछ ।
- सत्तामा रहेका व्यक्तिले मानवअधिकारको गम्भीर उल्लंघनमा आममाफी दिन निषेध गर्ने कानुन तर्जुमा गर्ने तथा यसलाई नयाँ बन्ने संविधानमा समावेश गर्ने ।

## ख. कार्यविधिगत अवरोध

विशेष उल्लंघनका पीडितलाई क्षतिपूर्तिका लागि मुद्दा दर्ता गर्ने अनुमति दिने विशिष्ट कानुनी प्रावधान सबैमा अत्यन्त कम अवधिको हदम्याद राखिएको छ । **यातना क्षतिपूर्ति ऐन** तथा **सार्वजनिक सुरक्षा ऐन**अन्तर्गत घटना भएको ३५ दिनभित्र मुद्दा दायर गर्नुपर्दछ ।[460] **नागरिक अधिकार ऐन**अन्तर्गत भने आठ महिनाभित्र मुद्दा दायर गरिसक्नुपर्ने व्यवस्था छ ।[461]

[459] See Advocacy Forum and ICTJ, 'Across the Lines' (above n.432), p. 92.

[460] Compensation Relating to Torture Act 2053 (1996), Section 5; Public Security Act 2046 (1989), Section 12A.

[461] Civil Rights Act 2012 (1955), Section 20.

उल्लंघनका पीडितलाई क्षतिपूर्तिबाट वञ्चित गर्नमा यी हदम्यादको महत्वपूर्ण भूमिका थियो । द्वन्द्वकालमा गरिएका सबै उल्लंघनमा हदम्याद गुज्रिसकेको छ । द्वन्द्वपश्चात् गरिएका उल्लंघनमा समेत हदम्याद पीडितको न्यायप्राप्तिमा ठूलो अवरोधका रूपमा रहेका छन् । विशेषगरी राज्यका कर्ताले गरेका उल्लंघनका पीडित हदम्यादभित्रै मुद्दा दायर गर्न प्रायः डराउँछन् ।

मानवअधिकार उल्लंघनका पीडितले परिपूरणमा दाबी गर्न ढिलाइ गर्नुमा अनेकौं कारण दिनसक्छन् । उनीहरूलाई घटनाले आघात पुऱ्याएको तथा उनीहरूलाई प्रतिशोधको खतरा रहेको तथ्यसमेत यहाँ महत्वपूर्ण छ । यसलाई विचार गर्नका लागि परिपूरणको मुद्दामा हदम्यादको अवधि बढाउनुपर्छ अनि उपयुक्त परिस्थितिमा हदम्याद बढाउनका लागि अदालतले सधैं स्वविवेक प्रयोग गर्नुपर्छ ।

विभिन्न मुद्दामा सुनुवाइ गर्न विभिन्न अदालतको अधिकारलाई सीमित गर्ने कानुनी प्रावधानले समेत पीडितको न्यायमा पहुँचलाई व्यवहारिक बाधा पुऱ्याउँछन् । एउटा व्यवधान भनेको पीडितले न्यायिक उपचारका लागि अदालतमा मुद्दा हाल्न दुर्गम बाटोको यात्रा गर्नुपर्ने हुनसक्छ । यस्तो समस्या विशेषगरी उच्च अदालतले मात्र उपचार दिनसक्ने मुद्दामा देखिन्छ ।

बन्दीप्रत्यक्षीकरणको मुद्दा दायर गर्ने सम्बन्धमा यो अवरोधलाई सम्बोधन गर्नेतर्फ एउटा सकारात्मक कदम चालिएको थियो । वैशाख २०६८ मा **न्याय प्रशासन ऐन**[462] लाई संशोधन गरी जिल्ला अदालतले बन्दीप्रत्यक्षीकरणका मुद्दामा सुनुवाइ गर्ने अधिकार दिइएको थियो । योभन्दा पहिले सर्वोच्च अदालत तथा पुनरावेदन अदालतले मात्र यस्तो मुद्दा हेर्न पाउँथे ।[463] कानुनमा यस्तो परिवर्तन स्वागतयोग्य छ र यसले स्वेच्छाचारी पक्राउ तथा थुना रोकथामका लागि सहयोग पुग्नेछ । विशेषगरी दुर्गम इलाकाका मानिसका लागि पुनरावेदन अदालत वा सर्वोच्च अदालतमा अपिल गर्न गाह्रो हुनसक्ने भएकाले कानुनको यो परिवर्तनले मद्दत पुग्नेछ ।

[462] Administration of Justice Act 2048 (1991).

[463] Republica, 'District courts can now take up habeas corpus' (16 April 2011), available at http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=30354.

## ग. महिलाले सामना गर्नुपर्ने विशेष सवाल

नेपालमा भएका लैङ्गिक हिंसाका बारेमा एड्भोकेसी फोरम तथा आइसिटिजेले गरेको अनुसन्धानले न्यायप्राप्तिमा महिलाले भोग्नुपरेका महत्वपूर्ण अवरोधलाई पहिचान गरेको छ । यस्ता अवरोधमा न्यायमा पहुँचसम्बन्धी सूचनाको अभाव, (चिकित्सक तथा प्रहरीलगायत) सम्बन्धित अधिकारीबाट सहयोगको अभाव अनि वास्तविक र तत्कालीन सुरक्षाका सवाल पर्दछन् ।[464]

द्वन्द्वका दौरान महत्वपूर्ण तथा प्रायः विशिष्ट लैङ्गिक क्षति भोग्नुपरेका महिलाका अनुभवलाई संक्रमणकालीन न्यायका संयन्त्र गठन गर्ने क्रममा पर्याप्त मात्रामा विचार गरिएको छैन भन्ने सवालसमेत उठिरहेका छन् । २०६७ मा एड्भोकेसी फोरम र आइसिटिजेले बताएअनुसार :

> शान्ति तथा पुनर्निर्माण मन्त्रालयले महिलामाझ सञ्चालन गरेका "विषयगत परामर्श" जस्ता केही तदर्थ प्रकृतिका प्रयत्नबाहेक सत्यनिरूपण तथा मेलमिलाप आयोगसम्बन्धी विधेयकको निर्माणमा महिलाको सक्रिय सहभागिता सुनिश्चित गर्न दिगो र प्रभावकारी उपाय अवलम्बन गरिएका छैनन् ।[465]

सत्यनिरूपण तथा मेलमिलाप आयोगको मस्यौदा विधेयकमा महिलाका लागि केही सकारात्मक पक्ष समेटिएका छन् । करणी तथा यौन हिंसालाई *"मानवअधिकारको गम्भीर उल्लंघन"* को वर्गमा समावेश गरिएको छ र करणीलाई आममाफी दिन नमिल्ने अपराधको श्रेणीमा राखिएको छ । यसका बाबजुद विधेयकमा केही समस्याग्रस्त प्रावधान विद्यमान छन् । जस्तै, यौन हिंसालगायतका अपराधमा " *मेलमिलाप गराउने*" अधिकार सत्यनिरूपण तथा मेलमिलाप आयोगलाई दिइएको छ । यदि पीडक र पीडितका बीच मध्यस्थता गर्ने आयोगको प्रक्रिया यसमा सामेल भएमा त्यसले महिलालाई पुनराघात गर्नसक्छ ।[466]

---

[464] For further detail see Advocacy Forum and ICTJ, 'Across the Lines' (above n.432), pp. 78-84.

[465] *Ibid.*, p. 95.

[466] *Ibid.*, p. 96.

# ९

# सिफारिस

## *क. सरकारलाई*

*कानुनमा सुधार*

- पर्याप्त स्रोत प्रदान गरी विद्यमान कानुनको व्यापक समीक्षाको आदेश दिने र मानवअधिकारको गम्भीर उल्लंघनमा हुने दण्डहीनतालाई योगदान पुऱ्याउने प्रावधान पहिचान गरी तिनलाई खारेज वा संशोधन गर्ने। अनुसूचीले यीमध्येका केही समस्याग्रस्त प्रावधानको पहिचान गरी सुधारको सुझाव दिएको छ।

- सैनिक न्याय प्रणालीमा सुधार गर्न तथा अर्धन्यायिक अधिकारीको फौजदारी क्षेत्राधिकारको प्रावधान हटाउन सर्वोच्च अदालतले दिएको फैसला तत्काल लागू गर्ने।

- अपराधको अनुसन्धान तथा कारबाहीका बारेमा उल्लेखित **सरकारी मुद्दासम्बन्धी ऐन**का (तथा मस्यौदा फौजदारी कार्यविधि संहितामा दह्रो गरी लागू हुने सम्भावना रहेको) प्रावधानलाई संशोधन गरी यसलाई कार्यविधिअनुकूल बनाउने गरी सुधार गर्ने तथा अनुसन्धानको अवस्थाका बारेमा नियमित जानकारी गराउने। मानवअधिकारको गम्भीर उल्लंघनको तहमा पुग्ने अपराधमा कुनै उजुरी आएमा वा स्वार्थको द्वन्द्वको स्थिति

आएमा त्यसउपर कामकारबाही गर्न वरिष्ठ अधिकारीसम्मिलित विशेष अनुसन्धान तथा कारबाही इकाइ गठन गर्ने प्रावधान समावेश गर्ने ।

- **सैनिक ऐन**, **प्रहरी ऐन** तथा **सशस्त्र प्रहरी बल ऐन**लाई संशोधन गरी नागरिक अधिकारीले गर्ने अनुसन्धान तथा अदालतले दिने फैसलामा कुनै पनि अधिकारीले सहयोग पुऱ्याउनुपर्ने अनि नपुऱ्याएमा अनुशासनात्मक कारबाही हुने प्रावधान समावेश गर्नुपर्ने ।

- अदालतका आदेश कडाइका साथ पालना गराउनका लागि **सर्वोच्च अदालत ऐन** २०४८ मा रहेका अदालतको अवहेलनासम्बन्धी प्रावधानलाई बलियो बनाउने तथा सेना र प्रहरीका सदस्यलगायतका राज्यका अधिकारीले झूटो गवाही दिएमा अनि अदालतको अवहेलनामा अभियोग लगाउन सकिने सुनिश्चितता गर्न **मुलुकी ऐन** संशोधन गर्ने ।

- राष्ट्रिय मानवअधिकार आयोग तथा जाँचबुझ आयोगका अधिकार र स्वतन्त्रतालाई बलियो बनाउने अनि यस्ता निकायले गरेका कारबाहीको सिफारिसअनुसार सरकारी वकिलले प्रक्रिया अगाडि बढाउनु आवश्यक हुने ।

- परिपूरणको दाबी गर्नका लागि बनेका विद्यमान संयन्त्रको औपचारिक समीक्षा गर्ने तथा सबै मानवअधिकार उल्लंघनमा परिपूरण दाबी गर्न मिल्ने गरी व्यापक तथा सुसंगत प्रावधान लागू गर्ने । यस्ता प्रावधानमा पीडितले पाउने अन्तर्राष्ट्रिय कानुनअन्तर्गत उल्लेखित सबैखाले परिपूरण समेटिनुपर्दछ र क्षतिपूर्तिमा मात्र सीमित हुनुहुँदैन ।

## कानुन तर्जुमा

- सत्यनिरूपण तथा मेलमिलाप आयोग र बेपत्ता आयोग तत्काल गठन गर्ने र तिनका कार्यादेश अन्तर्राष्ट्रिय मापदण्ड तथा असल अभ्यासकै स्तरको हुन्छ भन्ने कुरा सुनिश्चित गर्ने, अझ विशेषगरी सामान्य फौजदारी प्रक्रियाका पूरकका रूपमा तिनीहरूलाई राख्ने ।

- उच्च अधिकारीको जवाफदेहितासम्बन्धी सिद्धान्तलाई समावेश गर्ने ।
- यो प्रतिवेदनमा चर्चा गरिएका सबै विचाराधीन विधेयकलाई संशोधन गरी तिनलाई अन्तर्राष्ट्रिय मापदण्डकै स्तरको बनाउने तथा अन्तर्राष्ट्रिय अपराधलाई पूर्ण रूपमा अपराधीकरण गर्ने ।
- प्रहरीउपरको उजुरी सुन्ने एउटा स्वतन्त्र निकाय तथा प्रहरी अधिकारीको नियुक्ति, बढुवा र सरुवाको जिम्मेवारी पाएको प्रहरी सेवा आयोग गठन गर्ने कानुन ल्याउने ।
- गैरन्यायिक हत्या भनी आशंका गरिएका सबै मुद्दा, पीडितका आफन्तले गरेका उजुरी तथा विश्वसनीय प्रतिवेदनले औंल्याएका मुद्दासमेत "विस्तृत, शीघ्र तथा निष्पक्ष" रूपमा अनुसन्धान गर्ने सुनिश्चितताका लागि कानुन ल्याउने ।
- कानुन तथा नीतिमार्फत पीडित र साक्षी सुरक्षासम्बन्धी विस्तृत कार्यक्रम तर्जुमा गर्ने र साक्षी तथा पीडितमाथि जोरजुलुम गर्ने जोकोहीलाई पनि उपयुक्त दण्डको व्यवस्था ल्याउने ।
- यथाशक्य चाँडो द्वन्द्वकालका अपराधका लागि मानवअधिकारअनुकूल हुने विस्तृत परिपूरण नीतिलाई कानुनमार्फत कार्यान्वयन गर्ने ।

## *कानुनको पालनालाई सुनिश्चित गर्ने*

- यो प्रतिवेदन/एड्भोकेसी फोरमले विगतमा प्रकाशित गरेका प्रतिवेदनमा अभिलेखीकरण गरेका गैरन्यायिक हत्या, जबर्जस्ती बेपत्ता तथा अन्य गम्भीर मानवअधिकार उल्लंघनका घटनामा शीघ्र, स्वतन्त्र तथा निष्पक्ष अनुसन्धानका लागि आदेश दिने, द्वन्द्वकालमा भएका अपराधका सम्बन्धमा आएका जाहेरी दर्ता गरी तत्काल अनुसन्धान हुनुपर्छ र भविष्यमा गठन हुने संक्रमणकालीन न्यायका संयन्त्रको मुख ताकेर मात्र बस्नुहुन्न भनी प्रहरी र सरकारी वकिललाई प्रस्ट सन्देश दिने ।

- मानवअधिकारका गम्भीर उल्लंघनका आरोपउपर पहिचान भएका आरोपितको कारबाहीका लागि राष्ट्रिय मानवअधिकार आयोग तथा सरकारले गठन गरेका अन्य आयोगका सिफारिसलाई कार्यान्वयन गर्न प्रहरी तथा सरकारी वकिललाई निर्देशन दिने ।

- प्रहरी अनुसन्धान तथा अदालतका फैसला कार्यान्वयनमा नेपाली सेना तथा सशस्त्र प्रहरी बलको पूर्ण सहयोग सुनिश्चित गर्ने । यस्तो सहयोग नपाइएमा जिम्मेवार तहका वरिष्ठ अधिकारीलाई जवाफदेही बनाउने र यसका लागि पदनिलम्बन, पदमुक्त वा पदच्यूत गर्ने कदमसमेत समावेश हुन्छ ।

### *संस्थालाई सुदृढ बनाउने*

- सेनामाथि प्रभावकारी नियन्त्रण तथा निरीक्षणका लागि नागरिक प्रतिनिधिको नेतृत्वमा रहेको रक्षा मन्त्रालयको स्रोतसाधनमा सुधार तथा क्षमतामा अभिवृद्धि गर्ने ।

- अन्तर्राष्ट्रिय मापदण्डअनुकूल हुने गरी सेनामाथि नागरिक नियन्त्रण तथा निरीक्षणलाई प्रोत्साहन गर्नका लागि राष्ट्रिय सुरक्षा परिषद्मार्फत तत्काल नेपाली सेनाको लोकतान्त्रीकरणसम्बन्धी विस्तृत कार्ययोजनाको समीक्षा गर्ने र यसमा विशेषगरी हाल रहेको दण्डहीनताको अवस्थालाई सम्बोधन गर्ने कदम पर्दछ ।

- मानवअधिकार उल्लंघनकर्ताको पहिचान सुनिश्चित गर्नका लागि समायोजन, बढुवा, विदेशमा संयुक्त राष्ट्र संघिय शान्ति मिसनका लागि सिफारिस भएका वा विदेशमा विशेष तालिम लिन जान लागेका सेना, सशस्त्र प्रहरी बल तथा प्रहरी बलका सदस्यको छँटनीसम्बन्धी कार्यविधिलाई परिशोधन गर्ने ।

- नियमित सुरक्षाबलमा समायोजनका लागि प्रस्ताव गरिएका माओवादी जनमुक्ति सेनाका सदस्यको छँटनी कार्यविधि ल्याउने । मानवअधिकारको

गम्भीर उल्लंघनका लागि फौजदारी अनुसन्धान चलिरहेको कुनै पनि व्यक्तिलाई पदबाट निलम्बन गर्ने र विदेशभ्रमण गर्नबाट प्रतिबन्ध लगाउने ।

### *अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रसँगको सम्बन्ध*

- अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान, जबर्जस्ती बेपत्तासम्बन्धी महासन्धि तथा यातनाविरुद्धको महासन्धिको ऐच्छिक आलेखको पक्षराष्ट्र बन्ने ।
- संयुक्त राष्ट्र संघियं विशेष कार्यविधिलाई स्थायी निमन्त्रणा दिने ।
- व्यक्तिगत उजुरीउपर मानवअधिकार समितिले गरेका सबै फैसला पूर्ण तथा शीघ्र रूपमा कार्यान्वयन गर्ने ।

## *ख. राजनीतिक दललाई*

### *कानुनमा सुधार तथा कानुन तर्जुमा*

- मानवअधिकार उल्लंघनमा दण्डहीनतालाई योगदान पुऱ्याउने कानुनमा सुधारका लागि सहयोग गर्ने

### *कानुनको पालना सुनिश्चित गर्ने*

- दलका सदस्यले साक्षीमाथि धाकधम्की दिएको भन्ने आरोप आएमा साङ्गोपाङ्ग अनुसन्धान गर्ने, आरोप विश्वसनीय छन् भने आरोपितलाई पार्टी सदस्यताबाट निलम्बन गर्ने तथा प्रहरीलाई खबर गर्ने ।
- विगतमा भएका मानवअधिकार उल्लंघनमा अनुसन्धानका लागि प्रहरीलाई पूर्ण सहयोग गर्ने, प्रहरीले आरोपित तथा सम्बन्धित कागजातमा पहुँचको अनुरोध गरेमा त्यसको पालना गरेर सहयोग गर्ने ।

*संस्थालाई सुदृढ बनाउने*

- सरकारी कार्यालयको लागि उम्मेदवारी दिएका व्यक्तिउपर मानवअधिकार उल्लंघनमा भएका फौजदारी अनुसन्धान चलिरहेको छैन भन्ने सुनिश्चितता गर्न आन्तरिक छँटनी कार्यविधि ल्याउने ।
- सेना तथा अन्य सुरक्षाबलमा समायोजनका लागि प्रस्तुत भएका व्यक्तिको छँटनी कार्यविधि विकासका लागि सहयोग पुऱ्याउने ।

## ग. न्यायपालिकालाई

*कानुनको पालना सुनिश्चित गराउने*

- कुनै मुद्दामा अदालतको आदेश तोकिएको अवधिभित्र पूरा नभएको अवस्थामा नेपाल प्रहरी, महान्यायाधिवक्ताको कार्यालय तथा नेपाली सेनालाई जवाफदेही बनाउनका लागि पहलकदमी गर्ने ।
- उल्लंघनका लागि जिम्मेवार अधिकारीलाई जवाफदेही बनाउन विधिशास्त्रमा एकरुपता ल्याउनु आवश्यक हुनेहुँदा यसका लागि सक्दो प्रयास गर्ने ।त्यसका लागि फैसला तथा आदेशको जानकारी सबैलाई गराउने अझ प्रभावकारी प्रणालीउपर विचार गर्ने ।
- फैसलामा मानवअधिकार सन्धिजन्य दायित्व तथा विधिशास्त्रलाई सन्दर्भ बनाउने र लागू गर्ने ।

## घ. राष्ट्रिय मानवअधिकार आयोगलाई

*कानुन तर्जुमा*

- **राष्ट्रिय मानवअधिकार आयोग विधेयक**मा राष्ट्रिय मानवअधिकार आयोगको स्वतन्त्रता तथा पर्याप्त रूपमा गहकिला अधिकार समावेश हुन्छन् भन्ने सुनिश्चित गर्नका लागि सरकारसँग दह्रो पैरवी गरिरहने ।

### *कानुनको पालना सुनिश्चित गराउने*

- आफूले अनुसन्धान गरी सरकारसमक्ष अनुसन्धान तथा कारबाहीका लागि सिफारिस गरेका पीडकको तालिका सार्वजनिक गर्ने तथा आरोपमा सफाइ नपाउन्जेलसम्मका लागि तिनलाई बढुवा नगर्न सरकार तथा सुरक्षाबललाई दबाब दिने ।

## ङ. सेना तथा सशस्त्र प्रहरी बललाई

### *कानुनको पालना सुनिश्चित गराउने*

- विगतमा भएका मानवअधिकार उल्लंघनमा अनुसन्धानका लागि प्रहरीलाई पूर्ण सहयोग गर्ने, प्रहरीले आरोपित तथा सम्बन्धित कागजातमा पहुँचको अनुरोध गरेमा त्यसको पालना गरेर सहयोग गर्ने ।

- अदालतका आदेशको पूर्ण पालना गर्ने र यसमा कागजात बुझाउने प्रावधान तथा पक्राउ पूर्जी जारी भएका आरोपितलाई अदालतसमक्ष पेश गर्ने व्यवस्थासमेत पर्दछन् ।

- आफ्ना सदस्यले गरेका मानवअधिकार उल्लंघनमा प्रहरीले अनुसन्धानका लागि गरेका सबै अनुरोध तथा अदालतले दिएका आदेश बुझिलिन तथा तिनलाई पालना गराउन मानवअधिकार उल्लंघनको आरोप नलागेको एउटा वरिष्ठ अधिकारी नियुक्त गर्ने तथा उसको निर्देशन पालना नगरिएमा अनुशासनात्मक कारबाहीको व्यवस्था गर्ने ।

## च. प्रहरी, सरकारी वकिल तथा महान्यायाधिवक्ताको कार्यालयलाई

### *कानुनको पालना सुनिश्चित गराउने*

- तत्काल जाहेरी दर्ता गर्ने र गैरन्यायिक हत्या, जबर्जस्ती बेपत्ता, यातना, करणी वा मानवअधिकार उल्लंघनका अन्य गम्भीर अपराधका सबै मुद्दामा

विश्वसनीयतापूर्वक अनुसन्धान तथा कारबाही गर्ने । यसअन्तर्गत सेना, प्रहरी वा एनेकपा (माओवादी) का सदस्य रहेका आरोपितलाई सोधपूछ गर्ने ।

- जाहेरी दर्ता गर्न नमान्ने प्रहरीका विरुद्ध तथा अदालतको आदेश पालना गर्न अनि मुद्दामा विश्वसनीयतापूर्वक अनुसन्धान गर्नबाट चुक्ने प्रहरी वा सरकारी वकिलका विरुद्ध अनुशासनात्मक कारबाही गर्ने ।
- द्वन्द्वकालका घटनासँग सम्बन्धित जाहेरी दर्ता गरी शीघ्र अनुसन्धान गर्ने अनि सर्वोच्च अदालतको आदेशबमोजिम एउटा प्रतिवेदन अदालतसमक्ष तीन महिनाभित्र पठाउनका लागि सबै जिल्ला प्रहरी कार्यालय तथा सरकारी वकिललाई प्रस्ट निर्देशन दिने ।
- शीघ्र अनुसन्धान गर्ने तथा सरकारी वकिलसमक्ष प्रतिवेदन बुझाउने आफ्नो दायित्व निर्वाह नगर्ने अनुसन्धानका लागि खटिएका प्रहरीलाई उनीहरूको उच्च अधिकारीसमक्ष उजुरी गर्ने ।
- हिरासतमा हुने दुर्व्यवहारको अनुसन्धानका लागि संविधानले दिएको जिम्मेवारीअनुरूप महान्यायाधिवक्ताको कार्यालयमा एउटा विशेष इकाइ गठन गर्ने ।
- कानुन व्यवसायीलाई थुनुवासँग भेटघाट गर्नका लागि अवरोध नगर्न प्रहरीलाई निर्देशन दिने ।
- यातनाको आरोप लागेको प्रहरी अधिकारीको मुद्दालाई आन्तरिक अनुशासनात्मक मामलाका रूपमा व्यवहार नगरी नागरिक न्याय प्रणालीअन्तर्गत फौजदारी प्रक्रिया चलाउनका लागि सिफारिस गर्ने ।
- करणीका उजुरीलाई अनौपचारिक न्यायका संयन्त्रमार्फत प्रक्रिया चलाउनुभन्दा फौजदारी न्याय प्रणालीअन्तर्गत रही अनुसन्धान तथा कारबाहीको सुनिश्चितता गर्ने कार्यविधि ल्याउने ।

## छ. नेपालका दातृनिकाय तथा अन्तर्राष्ट्रिय समुदायलाई

### कानुनमा सुधार

- अन्तर्राष्ट्रिय मापदण्डअनुकूल नेपाली कानुनलाई ल्याउन तथा दण्डहीनता रोकथामका लागि कानुनमा सुधारलाई प्रवर्द्धन तथा सहयोग गर्ने ।

### कानुनको पालना सुनिश्चित गराउने

- न्याय, परिपूरण र सत्यनिरूपण तथा मेलमिलापमा भएका प्रगति अनि विगतमा भएका अपराधमा आममाफी नदिने सुनिश्चिततालाई दातृनिकायद्वारा रकम निकासाका लागि सर्त बनाउने ।
- काम गर्नेखालको साक्षीसुरक्षा कार्यक्रमका लागि आर्थिक सहयोग गर्ने ।
- नेपालमा भएका अपराधमा संलग्न भनी आरोप लागेका पीडक अन्य देशमा भेटिए तिनलाई विश्वव्यापी क्षेत्राधिकार कानुनअन्तर्गत अन्तर्राष्ट्रिय अपराधका लागि कारबाही गर्ने ।

### संस्थालाई सुदृढ बनाउने

- सुरक्षा क्षेत्रको सुधारलाई प्रवर्द्धन गर्ने । यसमा रक्षा मन्त्रालयको क्षमता अभिवृद्धि विकास, सेना तथा प्रहरीमाथि प्रभावकारी निरीक्षण र तिनको जवाफदेहितासम्बन्धी संयन्त्रको स्थापना अनि छँटनी कार्यविधि पर्दछन् ।
- गम्भीर अपराध गरेको भनी विश्वसनीय प्रमाण पाइएका व्यक्तिलाई प्रवेशाज्ञा नदिने ।
- नेपाल प्रहरीको विधिविज्ञानमा दक्षता विकासका लागि सहयोग गर्ने । घटनास्थलको अनुसन्धान गर्नका लागि, डिएनएका नमुनाको विश्लेषण गर्नका लागि तथा हातहतियार परीक्षण गर्नका लागि प्रहरीको क्षमता अभिवृद्धि गर्ने कार्यक्रममार्फत यसो गर्न सकिन्छ ।

- प्रतिशोधको खतरा भएका मानवअधिकार रक्षक तथा कानुन व्यवसायीको सुरक्षाका लागि आवश्यक भएसम्म सहयोग गर्ने ।
- नेपालको शान्ति प्रक्रियाको केन्द्रमा जवाफदेहिता तथा संक्रमणकालीन न्यायलाई सुनिश्चित गर्ने ।

# आभार

अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डसँग बाभिmएका राष्ट्रिय कानुनको समीक्षा तथा विश्लेषणमा आधारित भएर यो प्रतिवेदन तयार पारिएको हो। उक्त समीक्षा तथा विश्लेषण एड्भोकेसी फोरमका हरि फुँयाल, नवराज थपलिया, नरेन्द्र घिमिरे, टंक दुलाल तथा धिरज पोखेलले संयुक्त रूपमा गर्नुभएको हो। रिड्रेसकी साराह फुल्टोन र एड्भोकेसी फोरमकी इन्ग्रिड मसाजेले प्रारम्भिक खाका तयार पार्नुभएको हो भने एड्भोकेसी फोरमकी मन्दिरा शर्मा तथा रिड्रेसका लुट्ज ओएट र कार्ला फेर्स्टम्यानले सम्पादन गर्नुभएको हो। प्रिसिला दुधिया, मेलानी होर्न तथा जेनी कार्लसनले अनुसन्धानमा सहयोग पुऱ्यानुभएको हो। प्रतिवेदनलाई ध्रुवकुमार श्रेष्ठ तथा विन्देश दहालले नेपालीमा अनुवाद गर्नुभएको हो। एड्भोकेसी फोरमले तयार पारेका नेपालमा भएको दण्डहीनतासम्बन्धी विगतका प्रतिवेदनलाई यसले अगाडि बढाएको हो। विगतका ती प्रतिवेदन अन्य मानवअधिकारवादी संस्थासँग मिलेर तयार गरिएको हो र यसलाई प्रतिवेदनमा विभिन्न सन्दर्भमा उल्लेख गरिएको छ। प्रारम्भिक अनुसन्धानका लागि आर्थिक सहयोग गरेकोमा नेपालस्थित ब्रिटिस दुतावासलाई तथा प्रतिवेदन तयार गर्नका लागि आर्थिक सहयोग गरेकोमा युरोपेली आयोग तथा प्रो भिक्टिम्स फाउन्डेसनलाई एड्भोकेसी फोरम र रिड्रेसका तर्फबाट धन्यवाद।

# अनुसूची : छनोट गरिएका कानुनमा सान्दर्भिक रहेका सवालको विश्लेषण

१. सशस्त्र प्रहरी बल ऐन २०५८

२. हातहतियार तथा खरखजाना ऐन २०१९

३. सैनिक ऐन २०६३

४. कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२

५. नागरिक अधिकार ऐन २०१२

६. यातना सम्बन्धी क्षतिपूर्ति ऐन २०५३

७. राज्यविरुद्धको अपराध र सजाय ऐन २०४६

८. घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६

९. आवश्यक वस्तु संरक्षण ऐन २०१२

१०. प्रमाण ऐन २०३१

११. विस्फोटक पदार्थ ऐन २०१८

१२. वन ऐन २०४९

१३. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४

१४. स्थानीय प्रशासन ऐन २०२८

१५. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु निकुञ्ज संरक्षण ऐन, २०२९

१६. प्रहरी ऐन २०१२

१७. कारागार ऐन २०१९

१८. केही सार्वजनिक (अपराध र सजाय) ऐन २०२७

१९. सार्वजनिक सुरक्षा ऐन २०४६

२०. सरकारी मुद्दासम्बन्धी ऐन २०४९

अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्ड तथा नेपालको संवैधानिक कानुनलाई उल्लंघन गर्ने र यसैकारण विगत र हालमा भएका मानवअधिकारका गम्भीर उल्लंघनमा दण्डहीनतालाई योगदान पुऱ्याउने हाल कार्यान्वयनमा रहेका नेपाली कानुनका प्रावधान तल उल्लेख गरिएका छन् । मुलुकी ऐनमा रहेका कमीकमजोरीको विश्लेषणलाई यहाँ समावेश गरिएको छैन किनकि त्यसका धेरै प्रावधान हाल संसदमा विचारार्थ प्रस्तुत मस्यौदा अपराध संहिता, फौजदारी कार्यविधि संहिता तथा दण्ड ऐनले स्थानापन्न गर्ने सम्भावना देखिन्छ ।[467]

## १. सशस्त्र प्रहरी बल ऐन २०५८

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| २६ | सशस्त्र प्रहरीले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमबमोजिम गर्नु पर्ने कर्तव्य पालन गर्दा वा पाएको अख्तियार प्रयोग गर्दा असल नियतले गरेकोमा सजायको भागी हुने छैन । | उन्मुक्ति | ८.ग | खारेजी |

[467] For comments on the three draft pieces of legislation in relation to concerns regarding sexual violence, disappearances and fair trial, see Advocacy Forum and REDRESS, 'Comment on Nepali Draft Criminal Code, Draft Criminal Procedure Code and Draft Sentencing Bill: Provisions relevant to a Fair Trial, Enforced Disappearance and Sexual Violence', April 2011, http://www.redress.org/downloads/publications/AFRedress_Report_on_Draft_Legislation.pdf.

## २. हातहतियार खरखजाना ऐन २०१९

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| ५.२ | (२) लाइसेन्स बेगर वा यस ऐनका विरुद्ध हातहतियार लिएर हिँड्ने कुनै व्यक्तिलाई सहायक निरीक्षक दर्जा वा सो भन्दा माथिल्लो दर्जाका प्रहरी अधिकृत वा प्रमुख जिल्ला अधिकारी वा निजले खटाएको व्यक्तिले विना वारेण्ट गिरफ्तार गर्न र निजले साथमा लिएको हातहतियार कब्जा समेत गर्न सक्नेछ । त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्ने वा हातहतियार कब्जा गर्ने प्रहरी अधिकृत वा प्रमुख जिल्ला अधिकारीबाट खटिएको व्यक्तिले सो गिरफ्तार गरिएको व्यक्ति र कब्जा गरिएको हातहतियारलाई बाटोको म्याद बाहेक २४ घण्टा भित्र प्रमुख जिल्ला अधिकारी छेउ बुझाई दिनुपर्छ । | पुर्जी नदिई पक्राउ गर्ने | ६.ख. | "मनासीब" शंकाका आधारमा पुर्जीविना पक्राउ गरेको भनी अनिवार्य रूपमा देखाउनुपर्ने तथा पक्राउको कारणका बारेमा अनिवार्य जानकारी गराउनुपर्ने |
| ६.१ | **शंका लागेमा हातहतियार, खरखजाना, ल्याउने लैजाने व्यक्तिहरूको खानतलासी लिई पक्राउ गर्ने** : (१) लाइसेन्स बेगर वा लाइसेन्स भए तापनि कुनै गैरकानुनी काम गर्ने हेतुले कुनै व्यक्तिले हातहतियार वा खरखजाना नेपालबाट विदेशमा | पुर्जी नदिई पक्राउ गर्ने | ६.ख. | "मनासीब" शंकाका आधारमा पुर्जीविना पक्राउ गरेको भनी अनिवार्य रूपमा देखाउनुपर्ने तथा पक्राउको कारणका बारेमा अनिवार्य |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| | वा विदेशबाट नेपालभित्र वा नेपालको एक जिल्लाबाट अर्को जिल्लामा ओसार पसार गरेको शंका लागेमा सहायक निरीक्षक दर्जा वा सो भन्दा माथिल्लो दर्जाका प्रहरी अधिकृतले त्यस्तो व्यक्तिको जीउ र त्यस्तो वस्तु भएको शंका लागेको गाडी, पोका, भारी, बोक्ने जवानहरू र वसार पसार गर्दाको बाकसहरूलाई रोकी खानतलासी गर्न र त्यस्तो वस्तु फेला परेमा निजलाई विना वारेन्ट गिरफ्तार गर्न र त्यस्तो हातहतियार वा खरखजाना कब्जा समेत गर्न सक्नेछ । | | | जानकारी गराउनुपर्ने |
| २० | **दण्ड सजाय** : (१) देहायको कुनै कसूर गर्ने व्यक्तिलाई ३ वर्षदेखि ७ वर्षसम्म कैदै वा साठी हजारदेखि एक लाख चालीस हजार रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ :-<br>(क) दफा ३ को उपदफा (१) को बर्खिलाप तोप वा मेशिनगन तयार गर्ने वा मरमत गर्ने, आफूसाथ राख्ने वा अन्य स्थानमा राख्ने वा राख्न लगाउने, एक रूपबाट अर्को रूपमा परिणत गर्ने, बेच्ने वा | कार्यपालिकाले प्रयोग गर्ने न्यायिक अधिकार | ६.ग. | अदालतलाई क्षेत्राधिकार दिनुपर्ने अन्तर्राष्ट्रिय मान्यताअनुकूल हुनेगरी संशोधन गर्ने |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
| --- | --- | --- | --- | --- |
| | बिक्रीको लागि दिने वा राख्ने, वा (ख) दफा ४ को उपदफा (१) बर्खिलाप जनुसुकै तोप वा मेशिनगन ल्याउने वा लैजाने ।<br>(२) देहायको कुनै कसूर गर्ने व्यक्तिलाई ३ वर्षदेखि ५ वर्षसम्म कैदै वा साठी हजारदेखि एक लाख रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ :-<br>(क) दफा ३ को उपदफा (२) को बर्खिलाप हातहतियार तयार गर्ने वा मरमत गर्ने, आफूसाथ राख्ने वा अन्य स्थानमा राख्ने वा राख्न लगाउने, एक रूपबाट अर्को रूपमा परिणत गर्ने, बेच्ने वा बिक्रीको लागि दिने वा राख्ने, वा (ख) दफा ४ को उपदफा (२) को बर्खिलाप हातहतियार ल्याउने वा लैजाने, वा (ग) दफा ५ को बर्खिलाप हातहतियार लिएर हिड्ने, वा (घ) दफा ८ को बर्खिलाप जुनसुकै हातहतियार आफनो साथमा राख्ने वा आफ्नो नियन्त्रणमा राख्ने, वा (ङ) दफा ९ बमोजिम हातहतियार नबुझाउने ।<br>(३) देहायको कुनै कसूर गर्ने व्यक्तिलाई १ वर्षदेखि | | | |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| | ३ वर्षसम्म कैदै वा बीसहजारदेखि साठी हजार रुपैयाँसम्म जरिबाना वा दुबै सजाय हुनेछ :- (क) दफा ३ को उपदफा (२) को बर्खिलाप खरखजाना तयार गर्ने वा मरमत गर्ने, आफूसाथ राख्ने वा अन्य स्थानमा राख्ने वा राख्न लगाउने, एक रूपबाट अर्को रूपमा परिणत गर्ने, बेच्ने वा बिक्रीको लागि दिने वा राख्ने, वा (ख) दफा ४ को उपदफा (२) को बर्खिलाप खरखजाना ल्याउने वा लैजाने, वा (ग) दफा ८ को बर्खिलाप खरखजाना आफनो साथमा राख्ने वा आफनो नियन्त्रणमा राख्ने, वा (घ) दफा ९ बमोजिम खरखजाना नबुझाउने । | | | |
| २४.१ | यो ऐन अन्तर्गत सजाय हुने अपराधसम्बन्धी मुद्दा मामिला हेरी शुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ । | कार्यपालिकाले प्रयोग गर्ने न्यायिक अधिकार | ६.ग. | अदालतलाई क्षेत्राधिकार दिनुपर्ने अन्तर्राष्ट्रिय मान्यताअनुकूल हुनेगरी संशोधन गर्ने |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| २४.क. | प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अर्न्तगतको मुद्दाका अभियुक्तलाई तत्काल प्राप्त प्रमाणका आधारमा थुनामा राखी कारबाही गर्नु पर्नेछ । | निर्दोषिताको अनुमान नगरी धरौटीलाई प्राथमिकता दिएको | ६.ख.आ. | अन्तर्राष्ट्रिय मान्यताअनुकूल हुनेगरी संशोधन गर्ने |

## ३. सैनिक ऐन २०६३

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| २२ | यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्तिले आफ्नो कर्तव्य पालनको सिलसिलामा असल नियतले गरेको कुनै कार्यबाट कसैको मृत्यु भएमा वा कसैलाई क्षति हुन गएमा त्यस्तो व्यक्ति उपर कुनै पनिअदालतमा मुद्दा चलाउन सकिने छैन । तर दफा ६२ र ६६ मा उल्लिखित कसुरहरुलाई कर्तव्य पालनको सिलसिलामा असल नियतले गरिएको कार्य मानिने छैन ।<br>स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि | उन्मुक्ति | ८.ग. | खारेजी गर्ने |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| | "कर्तव्यपालनको सिलसिलामा असल नियतले गरिएको कुनै कार्य" भन्नाले कर्तव्यपालना गर्दा गरिने कार्यका साथै आन्तरिक सुरक्षा वा आत्म रक्षाको लागि गरिने कार्य, फ्ल्यागमार्च, पेट्रोलिङ्ग, चपटे ड्युटी समेतलाई जनाउँछ । | | | |
| **६१ लाई १०१ सँग पढ्दा** | अनियमित गिरफ्तार वा थुनछेकको कसुर : देहायको कुनै कार्य गरेमा अनियमित गिरफ्तार वा थुनछेकको कसुर गरेको मानिनेछ :- (क) कुनै व्यक्तिलाई गिरफ्तार गरी वा थुनामा राखी तहकिकातको निमित्त सम्बद्ध अधिकारी समक्ष मुद्दा पेश नगरेमा वा विना कारण मुद्दाको पुर्पक्ष नगरी ढिलो गरेमा, (ख) कुनै व्यक्तिलाई सैनिक हिरासतमा राख्न लगाउने व्यक्तिले सैनिक हिरासतमा राख्न पाउने अधिकार भएको अधिकारी तथा प्राड विवाकलाई मनासिब माफिकको कारणले बाहेक उसै बखत वा सकेसम्म चाँडो र जुनसुकै अवस्थामा पनि चौबीस घण्टाभित्र हिरासतमा राख्नु पर्नाको उचित कारण खोली विवरण पेश नगरेमा । | सैन्य अदालतको क्षेत्राधिकार | ५.क. ८.ग. | नागरिकको गैरकानुनी पक्राउ तथा थुनाको कसुरमा नागरिक अदालतसमक्ष जवाफदेहिता सुनिश्चित गर्ने गरी संशोधन गर्ने |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| **६२ लाई १०१ सँग पढ्दा** | (१) प्रचलित कानुन बमोजिम भ्रष्टाचार, चोरी, यातना र बेपत्ता गरेको ठहरिने कार्य गरेमा भ्रष्टाचार, चोरी, यातना र बेपत्ता सम्बन्धी कसुर गरेको मानिनेछ । (२) उपदफा (१) अन्तर्गतका कसुरको अनुसन्धान तथा तहकीकात गरी मुद्दा दायर गर्ने प्रयोजनका लागि देहाय बमोजिमको समिति रहनेछ :- (क) नेपाल सरकारले तोकेको नायव महान्यायाधिवक्ता - अध्यक्ष (ख) रक्षा मन्त्रालयको कानुन शाखा प्रमुख - सदस्य (ग) प्राड विवाकको कम्तीमा सेनानीस्तरको प्रतिनिधि - सदस्य (३) उपदफा (२) को खण्ड (ग) मा उल्लिखित प्रतिनिधि सम्बन्धित मुद्दाको सैनिक अदालतसँग सम्बद्ध नभएको व्यक्ति हुनु पर्नेछ । (४) उपदफा (१) अन्तर्गतका मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार दफा ११९ को उपदफा (१) | नागरिकका विरुद्ध भएका अपराधमा सैन्य अदालतको क्षेत्राधिकार रहने | ५.क. ८.ग. | यसलाई खारेज गर्ने तथा दफा ६६ लाई संशोधन गरी यातना र जबर्जस्ती बेपत्ताका अपराधको मुद्दा अन्य अदालतमा चलाउनुपर्ने प्रावधान समावेश गर्ने |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| | बमोजिम गठित सैनिक विशेष अदालतलाई हुनेछ । (५) उपदफा (२) बमोजिमको समितिलाई प्रचलित कानुन बमोजिम तत् तत् मुद्दाको सम्बन्धमा अनुसन्धान तथा तहकीकात गर्ने अधिकारीलाई भएसरहको अधिकार हुनेछ । | | | |
| ७० | यस ऐनको क्षेत्राधिकारभित्र पर्ने कुनै व्यक्ति उपर यस ऐनको दफा ३८ देखि ६५ सम्मका कुनै कसुरको सम्बन्धमा सैनिक अदालतबाट मुद्दाको पुर्पक्ष, सुनुवाइ, कारबाही र किनारा भइसकेपछि वा विभागीय सजाय दिइसकेपछि सोही व्यक्ति उपर सोही कसुरमा पुन: कारबाही हुने छैन । | दोहोरो खतरा तथा सम्भाव्य वस्तुगत उन्मुक्ति | ८.ग. | यातना, जबर्जस्ती बेपत्ता, बलात्कार तथा ज्यान मार्ने लगायतका गम्भीर अपराधमा भएको कोर्टमार्सल वा विभागीय कारबाहीले अन्य अदालतमा हुने फौजदारी प्रक्रियालाई रोक्नसक्ने छैन । |

## ४. कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| १५.१ | यस ऐन अन्तर्गत सजाय हुने कसुरसम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकारी नेपाल सरकाले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको अदालत वा अधिकारीलाई हुनेछ र त्यसरी नतोकिएकोमा प्रमुख जिल्ला अधिकारीलाई हुनेछ । | न्यायपालिका तथा कार्यपालिकाका शाखालाई नछुट्टयाइएको | ६.ग. | अदालतलाई क्षेत्राधिकार दिनुपर्ने अन्तर्राष्ट्रिय मान्यताअनुकूल हुनेगरी संशोधन गर्ने |

## ५. नागरिक अधिकार ऐन २०१२

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| २० | दफा १७ र १८ मा लेखिएका कलमहरूमा मुद्दा चलाउनु पर्ने कारण भएको मितिले आठ महिना भित्र उजुर नगरे कुनै अदालतमा त्यस्तो मुद्दा चल्न सक्ने छैन । | छोटो हदम्याद | ८.घ.इ. | हदम्यादको अवधि बढाउनेगरी संशोधन गर्ने |

## ६. यातना सम्बन्धी क्षतिपूर्ति ऐन २०५३

*यो ऐनलाई पूरै खारेज गरी यसको ठाउँमा अन्तर्राष्ट्रिय मापदण्डअनुकूल हुनेगरी यातनासम्बन्धी नयाँ ऐन ल्याउने भनी सामान्य सिफारिस गरिएको छ ।*

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| २क | **परिभाषा** : "यातना" भन्नाले अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको व्यक्तिलाई दिएको शारीरिक वा मानसिक यातना सम्झनु पर्छ र सो शब्दले निजसँग गरिएको निर्मम, अमानवीय वा अपमानजनक व्यवहारलाई समेत जनाउँछ । | अन्तर्राष्ट्रिय मान्यता अनुकूलको परिभाषा नरहेको | ७.क. | अन्तर्राष्ट्रिय मान्यता अनुकूल बनाउने |
| ३.१ | यातना दिन नहुने : (१) अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरु कुनै किसिमले थुनामा रहेको कुनै पनि व्यक्तिलाई यातना दिनु हुँदैन । | सजाय परिभाषित नगरिएको | ७.क. | उपयुक्त सजाय परिभाषित गर्ने |
| ५.१ | **उजूरी दिन सक्ने** : (१) पीडित व्यक्तिले आफूलाई यातना दिएको मितिले वा थुनाबाट मुक्त भएको मितिले ३५ दिनभित्र क्षतिपूर्तिको माग दावी गरी आफू थुनामा रहेको जिल्लाको जिल्ला अदालतमा उजूरी दिन सक्नेछ । | अत्यन्त कम हदम्याद | ७.क.<br>८.घ.इ | हदम्याद बढाउनका लागि संशोधन गर्ने |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| ७. | **यातना दिने कार्यमा संलग्न व्यक्ति उपर कारबाही** : यस ऐन बमोजिम यातना दिएको ठहरिएमा जिल्ला अदालतले त्यस्तो यातना दिने सरकारी कर्मचारीलाई प्रचलित कानुन बमोजिम विभागीय कारबाही गर्न सम्बन्धित निकायलाई आदेश दिनेछ । | कारबाही गर्ने दायित्व | ७.क.<br>८.ग. | यातनाको अपराधमा उपयुक्त अवधिको कारावाससहितको फौजदारी सजाय दिने |
| १०. | दफा ५ बमोजिम परेको उजुरीको सम्बन्धमा सम्बन्धित कार्यालय प्रमुखले अनुरोध गरेमा सरकारी वकिलले त्यस्तो कर्मचारीको तर्फबाट अदालतमा उपस्थित भई प्रतिरक्षा गरिदिनेछ । | कारबाही गर्ने दायित्व | ७.क.<br>८.ग. | खारेज गर्ने |

## ७. राज्यविरुद्धको अपराध र सजाय ऐन २०४६

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| ३ | **राष्ट्र विप्लव** :<br>३.१ कसैले नेपालको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा खलल पार्ने नियतले कुनै अव्यवस्था उत्पन्न गरेमा वा सो गर्ने उद्योग गरेमा निजलाई जन्म कैद हुनेछ ।<br>३.२ कसैले आपराधिक बलको प्रदर्शन वा प्रयोग गरी नेपाल सरकारलाई पल्टाउने नियतले कुनै अव्यवस्था उत्पन्न गरेमा वा सो गर्ने उद्योग गरेमा निजलाई जन्म कैद वा दश वर्ष कैद हुनेछ ।<br>३.३ कसैले नेपालको सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकतामा आघात पर्न सक्ने गरी कुनै विदेशी राज्य वा संगठित शक्तिसंग मिली कुनै प्रकारको षड्यन्त्र गरेमा निजलाई जन्म कैद वा दश वर्षसम्म कैद हुनेछ ।<br>३.४ कसैले उपदफा ३.१ वा ३.२ अन्तर्गतको अपराध गर्ने षड्यन्त्र रचेमा वा सो गर्ने नियतले मानिस, हातहतियार वा खरखजाना जम्मा गरेमा वा सो गर्न दुरुत्साहन दिएमा निजलाई दश वर्षसम्म कैद हुनेछ । | दमनकारी तथा व्यापक अर्थ लाग्नेगरी मस्यौदा गरिएका फौजदारी कानुन | ६.ख.६. | खारेज गर्ने वा अन्तर्राष्ट्रिय मान्यताअनुकूल हुनेगरी संशोधन गर्ने |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| ४ | **राजद्रोह** :<br>४.२ कसैले स्वतन्त्र एवं अविभाज्य नेपालको सर्वभौमसत्ता वा अखण्डतामा खलल पर्न सक्ने गरी वर्गीय, जातीय, धार्मिक, क्षेत्रीय वा यस्तै अरु कुनै आधारमा घृणा, द्वेष वा अवहेलना उत्पन्न हुने कुनै काम कारवाही गरे गराएमा वा सो गर्ने उद्योग गरेमा वा दुरुत्साहन दिएमा तीन वर्षसम्म कैद वा तीनहजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।<br>४.३ कसैले लेखेर वा वचनले वा आकार र चिन्हद्वारा वा अरु कुनै किसिमबाट नेपाल सरकारको काम कारवाहीको उल्लेख गरी निराधार अप्रमाणित कुरा देखाई नेपाल सरकार प्रति घृणा, द्वेष वा अवहेलना गरे गराएमा वा सो गर्ने उद्योग गरेमा दुई वर्षसम्म कैद वा दुईहजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । तर यस उपदफामा लेखिएको कुनै कुराले नेपाल सरकारको आलोचना गरेकोलाई यो उपदफा अन्तर्गत अपराध गरेको मानिने छैन । | दमनकारी तथा व्यापक अर्थ लाग्नेगरी मस्यौदा गरिएका फौजदारी कानुन | ६.ख.६. | खारेज गर्ने वा अन्तर्राष्ट्रिय मान्यताअनुकूल हुनेगरी संशोधन गर्ने |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| ५ | मित्रराष्ट्र प्रति विद्रोह : कसैले नेपालको भूमिबाट कुनै मित्रराष्ट्रको विरुद्ध हातहतियार उठाई विद्रोह गरेमा वा सो गर्न उद्योग गरेमा वा दुरुत्साहन दिएमा सात वर्षसम्म कैद वा पाँचहजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । | दमनकारी तथा व्यापक अर्थ लाग्नेगरी मस्यौदा गरिएका फौजदारी कानुन | ६.ख.६. | खारेज गर्ने वा अन्तर्राष्ट्रिय मान्यताअनुकूल हुनेगरी संशोधन गर्ने |

## ८. घरेलु हिंसा (कसुर र सजाय) ऐन २०६६

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| ४, उपदफा ८ | उपदफा (४) वा (५) बमोजिमको बयान समेतबाट घरेलु हिंसा भएको देखिएमा र पीडितले चाहेमा प्रहरी कार्यालय र स्थानीय निकायले उजुरी परेको मितिले तीस दिनभित्र दुवै पक्षबीच मेलमिलाप गराइदिनु पर्नेछ । | कारबाही गर्ने दायित्व | ८.ग. | गम्भीर फौजदारी कसुरमा मेलमिलाप गराउनुहुँदैन भन्ने सुनिश्चित गर्नका लागि संशोधन गर्ने |
| १४ | **हदम्याद** : यस ऐन बमोजिमको कसूरमा भए गरेको मितिले नब्बे दिनभित्र उजुरी दिनु पर्नेछ । | छोटो हदम्याद | ८.ग.इ.ख.<br>८.घ.इ.ख. | अन्तर्राष्ट्रिय मान्यताअनुकूल हुनेगरी संशोधन गर्ने |

## ९. आवश्यक वस्तु संरक्षण ऐन २०१२

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| ६ | कसूरदार उपर मनासिव माफिकको शक्ति प्रयोग गर्ने अधिकार : कसूरदारलाई वारदात भएको ठाउँमा पक्राउ गर्न खोज्दा जबरजस्ती हुल हुज्जत गरी वा त्यसै भाग्न उम्कन खोज्यो भने त्यस्तालाई भाग्न उम्कन दिनु हुँदैन । सो गर्दा हातहतियार नचलाई नहुने भएमा प्रहरी फोर्सको हेडकन्स्टेवल र सोभन्दा माथिका कुनै अधिकृतले वा नेपाली सेनाका पति र सोभन्दा माथिका कुनै अधिकृतले अन्य फोर्सका सो सरहका कुनै पति वा अधिकृतले आफै वा आफ्ना मातहतका अरूलाई अर्डर दिई भरसक घुँडामुनि हातहतियार चलाई वा गोली हानी पक्राउ गर्नुपर्छ । लेखिएबमोजिम पक्राउ गर्न खोज्दा मानिस मर्न गएमा समेत सम्बन्धित सरकारी कर्मचारीलाई बात लाग्ने छैन । | घातक हतियार प्रयोग गर्ने अधिकार<br><br>उन्मुक्ति | ६.क.<br><br>८.ग. | मनासिबको ठाउँमा “तर्कसम्मत” बल भनी संशोधन गर्ने तथा सुरक्षाउपाय ल्याउने<br><br>खारेज गर्ने |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| ९ | मुद्दा हेर्ने अधिकार र पुनरावेदन : यो ऐन अन्तर्गतको मुद्दा प्रमुख जिल्ला अधिकारीले हेर्नेछ र त्यस उपरको पुनरावेदन पुनरावेदन अदालतमा लाग्नेछ । | कार्यपालिकाद्वारा प्रयोग गरिएको न्यायिक अधिकार | ६.ग. | अन्तर्राष्ट्रिय मान्यताअनुकूल हुनेगरी अदालतलाई क्षेत्राधिकार दिने किसिमले संशोधन गर्ने |

## १०. प्रमाण ऐन २०३१

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| ४४ | **सरकारी कर्मचारीलाई प्राप्त भएको जानकारी प्रकट गर्न कर नलाग्ने** : कुनै सरकारी कर्मचारीले पदीय विश्वासमा थाहा पाएको जानकारी प्रकट गर्दा जनहित बिरुद्ध हुन्छ भन्ने निजलाई लागेमा सो जानकारी प्रकट गर्न निजलाई कर लाग्ने छैन । | राज्यका सुरक्षाकर्मीद्वारा सहयोगको अभाव | ३<br>८.ख.३.ख. | अन्तर्राष्ट्रिय मान्यताअनुकूल हुनेगरी संशोधन गर्ने । कुनै पनि अपराधका सम्बन्धमा सरकारी कर्मचारीसँग भएको सूचना अनुसन्धानका दौरान सम्बन्धित अनुसन्धान निकायलाई दिन आवश्यक हुने भनी विशिष्ट प्रावधान तर्जुमा गर्ने । |

## ११. विस्फोटक पदार्थ ऐन २०१८

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| ७ | **गिरफ्तार गर्ने अधिकार** : यो ऐन वा यस ऐन अन्तर्गत सजाय हुने कुनै कसूर कुनै व्यक्तिले गर्न लागेको फेला परेमा र निजको सो कामले गर्दा कुनै विष्फोटक पदार्थ उत्पादन हुने वा थन्क्याइने कुनै ठाउँ वा कुनै रेल्वे लाइन वा कुनै हवाई अड्डा वा कुनै बोझ बाहकमा वा त्यसको आसपासमा विष्फोटक हुने वा आगलागी हुने सम्भव देखिएमा कुनै प्रहरी कर्मचारीले अवस्था अनुसार सो ठाउँको भोग चलन गर्ने व्यक्तिले वा निजको प्रतिनिधि वा नोकर वा निजबाट अधिकार पाएको अरु व्यक्तिले रेल्वे प्रशासन वा हवाई अड्डाका कुनै कर्मचारीले बिना वारेण्ट त्यस्तो व्यक्तिलाई गिरफतार गर्न सक्नेछ र त्यसरी गिरफतार गरिएको व्यक्तिलाई बाटाका म्याद बाहेक २४ घण्टा भित्र प्रमुख जिल्ला अधिकारीको जिम्मामा बुझाई दिनु पर्दछ । | निजी कर्ताले समेत प्रयोग गर्नसक्ने पक्राउ र थुनाको व्यापक अधिकार<br><br>पक्राउ परेको व्यक्तिलाई अदालतमा पेश गर्नुपर्ने, कार्यपालिकाको अधिकारी समक्ष होइन | ६.ख. | अन्तर्राष्ट्रिय मापदण्डअनुकूल हुनेगरी संशोधन गर्ने ।<br><br>अन्तर्राष्ट्रिय मापदण्डअनुकूल हुनेगरी संशोधन गर्ने । |

## १२. वन ऐन २०४९

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| १५ | **बल प्रयोग गर्न सक्ने** : जिल्ला वन अधिकृतले यस परिच्छेद बमोजिम कारबाही गर्दा वा घर वा जग्गा कब्जामा लिँदा कसैले बाधा विरोध गरेमा आवश्यक बल प्रयोग गरी कारवाही गर्न र घर जग्गा कब्जामा लिन सक्नेछ । | घातक हतियार प्रयोग गर्ने अधिकार | ६.क. | "तर्कसम्मत" बलको प्रयोग भनी संशोधन गर्ने ।<br><br>सुरक्षाउपाय ल्याउने । |
| ५५ | **कसूर रोक्न आवश्यक कारवाही गर्ने** : कसैले यो ऐन बमोजिम सजाय हुने कसूर गर्न लागेको छ भन्ने शंका लागेमा वा कसूर गर्दैको अवस्थामा फेला पारेमा वनसम्बन्धी काम गर्ने कर्मचारी वा प्रहरी कर्मचारीले सो अपराध हुन नपाउने प्रबन्ध गर्नु पर्नेछ र सो कामको लागि चाहिंदो बल प्रयोग गरी आवश्यक कारवाही गर्न सक्नेछ । | घातक हतियार प्रयोग गर्ने अधिकार | ६.क. | "तर्कसम्मत" बलको प्रयोग भनी संशोधन गर्ने ।<br><br>सुरक्षाउपाय ल्याउने । |
| ५६ | **विशेष अधिकार** : (१) यस ऐन अन्तर्गतको वन सम्बन्धी कसूरमा संलग्न कसूरदार वन क्षेत्रभित्र वा बाहिर पक्रन लाग्दा पक्रन नदिने वा पक्रिसकेपछि पनि निजलाई छुटाई लैजान कसैले हूलहुज्जत गरी कसूरदारलाई भगाई लैजाने अवस्था परी पक्रनेकै | प्रशासनिक अधिकारीले सानतिना कसुरमा समेत घातक हतियार प्रयोग गर्ने अधिकार | ६.क. | "तर्कसम्मत" बलको प्रयोग भनी संशोधन गर्ने ।<br><br>सुरक्षाउपाय ल्याउने । |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| | ज्यान जोखिम हुने परिस्थिति भई हतियार नचलाई नहुने अवस्था पर्न आएमा वन सुरक्षाको लागि खटिएका कर्मचारीले घूँडा मुनी लाग्ने गरी गोली चलाउन सक्नेछ । | | | |
| ५९ | **विना वारेन्ट गिरफ्तार गर्ने अधिकार** : (१) कुनै व्यक्तिले यस ऐन बमोजिम सजाय हुने कसूर गरेको वा गर्न लागेको छ र निजलाई गिरफ्तार नगरेमा निज भागी जाने सम्भावना छ भन्ने लागेमा वन सम्बन्धी काम गर्ने कर्मचारी वा प्रहरी कर्मचारीले निजलाई विना वारेन्ट गिरफतार गर्न सक्नेछ । | पुर्जीविना पक्राउ | ६.ख.१. | पुर्जीविना पक्राउका लागि “तर्कसम्मत” आधारको आवश्यकता अनिवार्य गर्ने तथा पक्राउको कारणका बारेमा जानकारी दिन आवश्यक बनाउने । |
| | (२) उपदफा (१) बमोजिम गिरफतार गरिएको व्यक्तिलाई सो गिरफतार गर्ने कर्मचारीले बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ । | अभियोग नलगाई थुनामा राख्ने | ६.ख.४. | अभियोग नलगाई थुनामा राख्ने अवधिलाई घटाउने । |
| | (३) कुनै कसूरको सिलसिलामा गिरफतार गरिएको व्यक्तिको सम्बन्धमा चौवीस घण्टाभित्र तहकिकात पूरा नहुने भई निजलाई थुनामा राखी तहकिकात जारी राख्नु पर्ने देखिएमा तहकिकात गर्ने कर्मचारीले | | | |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| | निजलाई मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई सो मुद्दा हेर्ने अधिकारीको अनुमति लिएर मात्र थुनामा राख्नु पर्नेछ । सो बमोजिम अनुमती माग्दा थुनामा परेको व्यक्ति उपरको अभियोग, त्यसको आधार, निजलाई थुनामै राखी तहकिकात गर्नु पर्ने कारण र निजको बयान कागज भै सकेको भए बयान कागजको व्यहोरा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।<br>(४) उपदफा (३) बमोजिम थुनामा राख्ने अनुमति मागेमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरु हेरी तहकिकात सन्तोषजनक रुपमा भए वा नभएको विचार गरी सन्तोषजनक रुपमा तहकिकात भैरहेको देखिएमा पटक पटक गरी बढीमा पच्चीस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ । | | | |
| ६४ | **पूर्पक्षसम्बन्धी व्यवस्था** : (१) यस ऐन बमोजिम गिरफ्तार गरिएको व्यक्तिलाई एक वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने वनसम्बन्धी मुद्दाको अभियोगमा तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिएमा वा त्यस्तो प्रमाणबाट कसूरदार | धरौटीलाई महत्व दिएर निर्दोषिताको अनुमानलाई बेवास्ता गर्ने | ६.ख.२. | अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुनेगरी संशोधन गर्ने । |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| | देखिने मनासिव माफिकको आधार देखिएमा त्यस्तो अभियुक्तलाई पूर्पक्षको लागि थुनामा राखी कारवाही गर्नु पर्नेछ ।<br>(२) उपदफा (१) मा लेखिएदेखि बाहेकका अरु कसूरदारलाई निजलाई हुन सक्ने कैद वा जरिवानाको उपल्लो हदसम्मको नगद धरौट वा जेथा जमानी दिए तारेखमा र दिन नसकेमा थुनामा राखी मुद्दाको पूर्पक्ष गर्नु पर्छ । तर पटके कसूरदारलाई धरौटीमा छाड्न पाइने छैन ।<br>(३) उपदफा (१) वा (२) बमोजिम अभियुक्तलाई थुनामा राखी कारवाही गर्दा थुनामा रहेका दिनहरुलाई कैदमा गणना गरी कसूरदारलाई हुनसक्ने सजायको हदभन्दा बढी दिन थुनामा राख्न पाइने छैन । | | | |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| ६५ | **मुद्दा हेर्ने अधिकारी** : (१) यस ऐन अन्तर्गत दश हजार रुपैयाँसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुबै सजाय हुने मुद्दा जिल्ला वन अधिकृतले कारवाही र किनारा गर्नेछ ।<br>(२) उपदफा (१) बमोजिम जिल्ला वन अधिकृतले मुद्दाको कारवाही र किनारा गर्दा विशेष अदालत ऐन, २०३१ बमोजिमको कार्यविधि र अधिकारको प्रयोग गर्नेछ ।<br>(३) उपदफा (१) बमोजिम जिल्ला वन अधिकृतले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णयको सूचना पाएको मितिले पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ । | न्यायपालिका तथा कार्यपालिकाका शाखालाई नछुट्टयाइएको | ६.ग. | अदालतलाई क्षेत्राधिकार दिने अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुनेगरी संशोधन गर्ने । |

## १३. मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| ७ | **पक्राउ गर्न वा खानतलासी लिन सकिने** :<br>(१) यस ऐन अन्तर्गत कसूर मानिने कुनै कार्य कुनै घर, जग्गा, स्थान वा सवारी साधनमा भएको वा भइरहेको वा हुन लागेको जानकारी पाई तुरुन्त कारबाही नगरेमा कसूरदार भाग्ने उम्कने वा त्यस्तो कसूरसँग सम्बन्धित कुनै प्रमाण लोप वा नष्ट हुने सम्भावना देखिएमा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा प्रहरी सहायक निरीक्षक स्तरको प्रहरी कर्मचारीले पर्चा खडा गरी जुनसुकै बखत देहायको कार्य गर्न सक्नेछ :-<br>(क) त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा प्रवेश गर्न, खानतलासी लिन वा आफ्नो कब्जामा राख्न,<br>(ख) त्यस्तो कार्य गर्न लाग्दा कसैले बाधा विरोध गरेमा आवश्यकता अनुसार झ्याल, ढोका खोली वा फोरी आवश्यक कारबाही गर्न, | पुर्जीविना पक्राउ | ६.ख. | पुर्जीविना पक्राउका लागि “मनासीब ” आधारको आवश्यकता अनिवार्य गर्ने तथा पक्राउको कारणका बारेमा जानकारी दिन आवश्यक बनाउने । |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| | (ग) त्यस्तो कार्य गर्ने व्यक्तिलाई बिना पक्राउ पूर्जी गिरफ्तार गर्न वा निजको खानतलासी लिन,<br>(घ) त्यस्तो घर, जग्गा, स्थान वा सवारी साधनमा भेटिएका सबै दसी, प्रमाण बरामद गर्न वा कब्जामा लिन । | | | |
| ८ | **थुनामा राखी कारबाही गर्नु पर्ने** : प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनको दफा ४ को उपदफा (१) को खण्ड (घ) बाहेक सो दफाका अन्य कसूर सम्बन्धी मुद्दामा कारबाही गर्दा अदालतले अभियुक्तलाई थुनामा राखी कारबाही गर्नु पर्नेछ । | धरौटीलाई महत्व दिएर निर्दोषिताको अनुमानलाई बेवास्ता गर्ने | ६.ख.२. | अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुनेगरी संशोधन गर्ने । |

## १४. स्थानीय प्रशासन ऐन २०२८

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| ६(१) | **शान्ति सुरक्षा कायम गर्ने** : (१) प्रमुख जिल्ला अधिकारीले कुनै हिंसात्मक काम कारबाही हुने वा हुलदङ्गा हुने आशंका भएको कार्यलाई रोक्न देहाय बमोजिम गर्नु पर्दछ :<br>(क) कुनै सभा जुलुस वा भीडले हिंसात्मक वा ध्वंसात्मक प्रवृत्ति लिई त्यसको कुनै काम कारबाहीबाट शान्ति भंग हुने संभावना देखिएमा प्रहरीद्वारा रोक्न लगाउने र प्रहरीले नियन्त्रण गर्न नसकेकोमा सम्बन्धित ठाउँमा तुरून्तै आफैं गई वा आफू मातहतका अधिकृतलाई पठाई सकेसम्म सम्झाइ शान्ति कायम गराउने र नसकेमा प्रहरीको मद्दतले लाठी चार्ज, अश्रुग्याँस, फोहरा र हवाई फायर समेत आवश्यकता र परिस्थिति अनुसार जो गर्नु पर्ने बल प्रयोग गरी शान्ति कायम गर्ने गराउने,<br>(ख) खण्ड (क) अनुसार शान्ति कायम गर्न नसकिने देखिएमा र गोली चलाउनु पर्ने आवश्यकता | घातक बल प्रयोग गर्ने अधिकार | ६.क. | "तर्कसम्मत" बल प्रयोग गर्ने भनी संशोधन गर्ने ।<br><br>थप सुरक्षाउपाय ल्याउने । |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| | परेमा सो गर्नुभन्दा अगाडि भीडलाई हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टसँग सो भीडले बुझ्ने गरी चेतावनी दिने र त्यति गर्दा पनि भीड हटेन र गोली चलाउनु पर्ने नै भयो भने घुँडा मुनि पारी गोली चलाउनको निमित्त आदेश लेखी सही गरी दिने, | | | |
| **६ ख (१)(क)** | त्यस्तो क्षेत्रमा शंकास्पद व्यक्तिहरूलाई पक्राउ पूर्जी बिना पक्राउ गर्ने र सार्वजनिक सुरक्षा ऐन, २०४६ बमोजिम नजरबन्दमा राख्ने | पुर्जीविना पक्राउ गर्ने<br><br>निवारक नजरबन्द | ६.ख.१.<br><br>६.ख.३. | पुर्जीविना पक्राउका लागि “तर्कसम्मत” आधारको आवश्यकता अनिवार्य गर्ने तथा पक्राउको कारणका बारेमा जानकारी दिन आवश्यक बनाउने ।<br><br>खारेज गर्ने । |
| **६ ख (१)(ख)** | त्यस्तो क्षेत्रमा लुटपीट गर्ने तथा घर वा पसलमा आगो लगाउने, सार्वजनिक सम्पत्ति तोडफोड गर्ने वा अन्य किसिमका हिंसात्मक वा विध्वंसात्मक कार्य गर्ने व्यक्तिलाई देख्ने बित्तिकै गोली प्रहार गर्ने। | घातक बल प्रयोग गर्ने अधिकार | ६.क. | देख्ने बित्तिकै गोली प्रहारको अनुमति दिने प्रावधान हटाउने र त्यसको ठाउँमा “मनासीब” बलको प्रयोग भनी राख्ने ।<br><br>सुरक्षाउपाय ल्याउने । |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| ६(३क) | कुनै ठाउँमा हुलदङ्गा वा अशान्ति भएमा वा हुन सक्ने पर्याप्त आधार भएमा सो परिस्थितिलाई दृष्टिगत गरी प्रमुख जिल्ला अधिकारीले क्षेत्र र समय तोकी सो क्षेत्र र समयमा हुलदङ्गा वा अशान्ति गर्ने उद्देश्यले एकै ठाउँमा पाँचजनाभन्दा बढी मानिस जम्मा हुन नपाउने गरी आदेश जारी गर्न सक्नेछ । त्यस्तो आदेश उल्लंघन गर्ने व्यक्तिलाई प्रमुख जिल्ला अधिकारीले पाँच सय रूपैयाँसम्म जरिवाना वा एक महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ । | भेला हुनपाउने स्वतन्त्रतामा नियन्त्रण<br><br>कार्यपालिकाले प्रयोग गरेका न्यायिक अधिकार | ६.ख.५.<br><br>६.ग. | अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुनेगरी "तर्कसम्मत" नियन्त्रणको प्रावधान ल्याउने<br><br>अदालतलाई क्षेत्राधिकार दिने अन्तर्राष्ट्रिय मापदण्डअनुकूल हुनेगरी संशोधन गर्ने । |
| ६क | (३) कर्फ्यूको आदेश उल्लंघन गर्ने व्यक्तिलाई प्रहरीले गिरफ्तार गर्नेछ र त्यसरी गिरफ्तार गरिएका व्यक्तिलाई तुरून्त प्रहरीले प्रमुख जिल्ला अधिकारी समक्ष पेश गर्नु पर्नेछ । त्यसरी गिरफ्तार गरिएका व्यक्तिलाई )प्रमुख जिल्ला अधिकारीले उपयुक्त सम्झेको संक्षित कार्यविधि अपनाई एक महिनासम्म कैद वा एक हजार रूपैयाँसम्म जरिबाना वा दुवै सजाय गर्न सक्नेछ र उक्त | कार्यपालिकाले प्रयोग गरेका न्यायिक अधिकार | ६.ग. | अदालतलाई क्षेत्राधिकार दिने अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुनेगरी संशोधन गर्ने । |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| | सजायको आदेश उपर )पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ । | | | |
| ६क४ | कर्फ्यूको आदेश दिंदा )प्रमुख जिल्ला अधिकारीले कर्फ्यूको स्थितिलाई नियन्त्रणमा राख्न कर्फ्यू तोड्ने व्यक्ति वा जमातलाई गोली चलाउन प्रहरीलाई आदेश समेत दिन सक्नेछ। त्यस्तो स्थितिमा प्रहरीले गोली चलाउनु आवश्यक परेमा गोली चलाउनुभन्दा अगाडि कर्फ्यू तोड्ने व्यक्ति वा जमातलाई प्रहरीले परिस्थिति अनुसार लाठी चार्ज, अश्रुग्यास, फोहरा वा हवाई फायर गर्नु पर्ने छ र त्यति गर्दा पनि कर्फ्यू तोड्ने व्यक्ति वा जमात हटेन भने त्यस्तो व्यक्ति वा जमातलाई हट्दैनौ भने गोली चलाइनेछ भनी स्पष्टसँग बुझिने गरी चेतावनी दिनु पर्नेछ । त्यसरी चेतावनी दिंदा पनि कर्फ्यू तोड्ने व्यक्ति वा जमात हटेन भने प्रहरीले गोली चलाउन सक्ने छ । | घातक बल प्रयोगको अधिकार | ६.क | "तर्कसम्मत" बल भनी संशोधन गर्ने ।<br><br>थप सुरक्षाउपाय अपनाउने ।<br><br>देख्ने बित्तिकै गोली प्रहारको अनुमति दिने प्रावधान खारेज गर्ने । |
| ७(१)(घ) | प्रहरी कर्मचारीले आफ्नो कर्तव्य पालन गर्दा कानुन विपरीत कार्य गरेको आधारमा कसैले उजुर गरेमा आवश्यक छानविन गरी आफ्नो सिफारिस एवं राय सहित आवश्यक कारबाहीको लागि क्षेत्रीय प्रशासक र गृह मन्त्रालयमा प्रतिवेदन प्रस्तुत गर्नु पर्नेछ । | उजुरीउपर अनुसन्धानका लागि स्वतन्त्रताको अभाव | ५.ख<br><br>८.ख.३.क | अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुनेगरी संशोधन गर्ने । |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| ८ | **मुद्दा मामिला र पुनरावेदन सम्बन्धी अधिकार**[468] :<br>(१) देहायका मुद्दाहरूमा शुरू कारवाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीको हुनेछ :<br>(क) पाँचसय रूपैयाँसम्म बिगो भएको साधारण चोरी मुद्दा,<br>(ख) बगलीमारा मुद्दा,<br>(ग) .. ... ... ... ...<br>(घ) नपुग नापतौल प्रयोग गरी ठगेको मुद्दा,<br>(ङ) चली आएको देवी देवताको स्थानमा बाहेक स्त्रीजाति चौपाया मारेको सम्बन्धी मुद्दा,<br>(२) उपदफा (१) अन्तर्गतका पटके नजनिने मुद्दामा बढीमा पाँचसय रूपैयाँसम्म जरिवाना गरी छिनेको | कार्यपालिकाका सदस्यले न्यायिक अधिकारको प्रयोग गरेको | ६.ग | अदालतलाई क्षेत्राधिकार दिने अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुनेगरी संशोधन गर्ने । |

[468] See also Section 6(3a) (power to impose imprisonment of up to one month for violation of order to prevent hooliganism), Section 6(A(3) (power to impose imprisonment of up to one month for violation of a curfew order), Section 6B(5) (power to impose imprisonment of up to three months for certain violations of riot affected area orders), Section 6C (power to impose imprisonment of up to six months for blockading a public road or destroying a house or vehicle), Section 9(5) (power to impose imprisonment of up to three months for making undue profits through sale of goods), Section 10A(3) (power to impose imprisonment of up to three months for unauthorised reclamation of land).

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| | प्रमुख जिल्ला अधिकारीको निर्णय अन्तिम हुनेछ र निजको निर्णय उपर पुनरावेदन लाग्नेछैन । पाँचसय रूपैयाँभन्दा बढी जरिवाना गरी छिनेको वा पटके जनिने मुद्दामा निजको निर्णय उपर पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ । | | | |
| ९(५) | **प्रमुखजिल्ला अधिकारीको अन्य काम, कर्तव्य र अधिकार** : कसैले कुनै मालसामान बिक्री गर्दा अनुचित नाफा खाई नाजायज फाइदा उठाएमा त्यस्तो विक्रेतालाई खरीद बिक्री भएको मालसामानको परिमाण र मोलको विचार गरी प्रमुख जिल्ला अधिकारीले एक हजार रूपैयाँसम्म जरिवाना वा तीन महिनासम्म कैद गर्न वा दुबै सजाय गर्न सक्नेछ । प्रमुख जिल्ला अधिकारीले दिएको सजायमा चित्त नबुभ्ने व्यक्तिले पैंतीस दिनभित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ । | कार्यपालिकाका सदस्यले न्यायिक अधिकारको प्रयोग गरेको | ६.ग | अदालतलाई क्षेत्राधिकार दिनेअन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुनेगरी संशोधन गर्ने । |

## १५. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु निकुञ्ज संरक्षण ऐन, २०२९

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| २४.१ | यस ऐन बमोजिमको कुनै कसूरदार भाग्छ भन्ने विश्वास पर्ने कारणहरु भएमा अधिकार प्राप्त अधिकारीले त्यस्तो व्यक्तिलाई गिरफ्तार गर्न सक्नेछ । उक्त गिरफ्तार गरिएको व्यक्तिलाई बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र कानुनी कारबाहीको निमित्त मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्छ । | पुर्जीविना पक्राउ गर्ने अधिकार | ६.ख.१ | पुर्जीविना पक्राउका लागि "तर्कसम्मत" आधारको आवश्यकता अनिवार्य गर्ने तथा पक्राउको कारणका बारेमा जानकारी दिन आवश्यक बनाउने । |
| २४.२ | उपदफा (१) बमोजिम अधिकार प्राप्त अधिकारीले गिरफ्तार गर्न लाग्दा वा गिरफ्तार गरिसकेपछि पनि छुटाई लैजान वा पक्रन नदिन कसूरदार वा निजको मद्दतगार कसैले हुलहुज्जत गरी भागी जाने वा भगाई लैजाने अवस्था परेमा वा पक्रनेकै ज्यान जोखिम हुने सम्भावना देखिन आएमा वा हतियार नचलाई नहुने अवस्था पर्न आएमा भरसक घुंडादेखि मुनि लाग्ने गरी सो पक्रन जाने कर्मचारीले गोली चलाउन सक्छ । सो बमोजिम गोली चलाउँदा कसूरदार वा उसको मद्दतगार मर्न गएमा बात लाग्ने छैन । | घातक बल प्रयोगको अधिकार<br><br>उन्मुक्ति | ६.क<br><br>८.ग | "मनासीब" बल भनी संशोधन गर्ने ।<br><br>सुरक्षाउपाय ल्याउने ।<br><br>उन्मुक्तिको प्रावधान खारेज गर्ने । |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| ३१.१ | यो ऐन अन्तर्गतको मुद्दाको कारबाही र किनारा गर्ने अधिकार तोकिएको अदालत वा अधिकारीलाई हुनेछ। (राष्ट्रिय निकुञ्ज संरक्षण क्षेत्रमा घटना घटेको हो भने सम्पूर्ण मुद्दा उक्त क्षेत्रको को सुनुवाइ संरक्षकले गर्ने भनी नेपाल सरकारले निर्देशन दिएको छ। राष्ट्रिय निकुञ्ज संरक्षण क्षेत्रभन्दा बाहिर घटना घटेको हो र रु. १०,००० भन्दा कम जरिवानाको कसुर हो भने यसको सुनुवाइ जिल्ला वन अधिकारीले गर्नेछ। राष्ट्रिय निकुञ्ज क्षेत्रभन्दा बाहिर घटना घटेको हो र रु. १०,००० भन्दा बढी जरिवानाको कसुर हो भने यसलाई जिल्ला अदालतले सुनुवाइ गर्नेछ।) | कार्यपालिकाका सदस्यले न्यायिक अधिकारको प्रयोग गरेको | ६.ग | अदालतलाई क्षेत्राधिकार दिनेअन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुनेगरी संशोधन गर्ने। |

## १६. प्रहरी ऐन २०१२

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| ८ | जिल्लास्तरीय प्रहरी कर्मचारीहरू शान्ति सुरक्षा र सो सम्बन्धी प्रशासनका सम्बन्धमा प्रमुख जिल्ला अधिकारीको नियन्त्रण र निर्देशनमा रहनेछन् र सो सम्बन्धमा प्रमुख जिल्ला अधिकारीले दिएको आदेश तथा निर्देशनको पालना गर्नु प्रहरी कर्मचारीहरूको कर्तव्य हुनेछ । कानुनबमोजिम प्रमुख जिल्ला अधिकारीले गर्नु पर्ने अन्य काममा निजलाई सहयोग गर्नु जिल्ला प्रहरी कर्मचारीहरूको कर्तव्य हुनेछ । | कार्यपालिकाबाट स्वतन्त्रताको अभाव | ६.ख | अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुनेगरी संशोधन गर्ने । |
| १७ | **प्रहरी कर्मचारीले बिना वारेण्ट गिरफ्तार गर्न पाउने अधिकार** : प्रहरी कर्मचारीले बिना वारेण्ट जुनसुकै सार्वजनिक ठाउँमा देहायका व्यक्तिलाई गिरफ्तार गर्न हुन्छ :-<br>(क) कानुनले ३ वर्ष वा त्यसभन्दा बढी कैदको सजाय हुने अपराध गरेको वा गर्न आँटेको छ भन्ने थाहा भएको व्यक्ति,<br>(ख) फरार घोषित गरिएको पक्रनु पर्ने अपराधी,<br>(ग) कर्फ्यू लागेको टायममा शंका पर्ने गरी हिड्डुल | पुर्जीविना पक्राउको अधिकार | ६.ख.१ | पुर्जीविना पक्राउका लागि “मनासीब” आधारको आवश्यकता अनिवार्य गर्ने तथा पक्राउको कारणका बारेमा जानकारी दिन आवश्यक बनाउने । |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| | गरी रहेका व्यक्ति, (घ) मनासिब कारण नभै रातमा हात हतियार खरखजाना वा रातमा घर फोर्ने औजार साथमा भएको व्यक्ति,<br>(ङ) कानुन अनुसार थुनिएका ठाउँबाट भागेको वा भाग्न उद्योग गर्ने व्यक्ति,<br>(च) नेपाल सेना वा प्रहरी फोर्स छाडी भागेको भन्ने मनासिब शंका परेका व्यक्ति,<br>(छ) यस ऐनको परिच्छेद (६) मा लेखिएबमोजिम हुने अराध गरेको छ भन्ने मनासिब शंका भएको व्यक्ति । | | | |
| ३७ | **कर्तव्य पालन गर्दा असल नियतले काम गरेमा कर्मचारी दोषी नहुने** : प्रमुख जिल्ला अधिकारी वा प्रहरी कर्मचारीले यस ऐन वा अरू प्रचलित ऐनबमोजिम गर्नुपर्ने कर्तव्य पालन गर्दा वा पाएको अख्तियार प्रयोग गर्दा वा अदालतले दिएको वा जारी गरेको आज्ञप्ति, आदेश वा वारेण्ट तामेल गर्दा असल नियतले गरेकोमा सजायको र हर्जाना तिर्ने भागी हुँदैन । | उन्मुक्ति | ८.ग | खारेज गर्ने |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| ३८ | **मुद्दा चलाउने हदम्याद** : यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वा विनियम अनुसार वा उक्त ऐन, नियम वा विनियमले अधिकार दिएको भन्ने सम्झी कुनै काम गरेका वा सो गर्ने आशयले गरेको कुनै कामको सम्बन्धमा प्रमुख जिल्ला अधिकारी वा प्रहरी कर्मचारी उपर देहायमा लेखिएबमोजिम नभै मुद्दा चल्न सक्दैन । ... (ख) मुद्दा चलाउने कारण भएको ८ महिनाभित्र मुद्दा दायर नभई । | हदम्याद | ८.घ.३.ख | खारेज गर्ने वा समयावधि बढाउने । |

## १७. कारागार ऐन २०१९

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| २२ | (२) कुनै थुनुवा वा कैदीले निम्नलिखित कुनै काम कुरा गरेमा निजलाई चेतावनी दिन वा असल चालचलन बापत दण्ड सजायबाट कुनै छुटको सहुलियतबाट बञ्चित गर्न वा पन्ध्र दिनमा नबढाई एकान्त ठाउँ वा कोठामा थुन्न वा स्वास्नीमानिस र रोगी बाहेक अरू थुनुवा वा कैदीको हकमा एक महिनामा नबढाई पहिले नेल नपरेकोमा नेल ठोक्न, नेल परी सकेकोमा हतकडी हाल्न र नेल हतकडी परिसकेकोमा जञ्जीर हाल्न सकिनेछ :-<br>(क) कुनै व्यक्ति उपर कुनै किसिमले अपराधिक बल प्रयोग गरेमा,<br>(ख) कुनै व्यक्ति उपर अपमानजनक वा धम्कीपूर्ण भाषा प्रयोग गरेमा,<br>(ग) अनैतिक वा अभद्र वा अनुशासनहीन आचरण गरेमा,<br>(घ) विना अधिकार नेल वा हतकडी खोले वा भाँचेमा, | यातना वा अमानवीय वा अपमानजनक व्यवहारको तहमा पुग्नसक्ने सजाय | ८.क | अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुनेगरी संशोधन गर्ने । |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| | (ङ) कारागारको कुनै सम्पत्ति जानी जानी बिगारे वा नासेमा, (च) कुनै मिसिल वा कागजात नासे, बिगारे, वा च्यातेमा,<br>(छ) निषेध गरिएको कुनै चीज वा मालसामान लिए राखे वा पठाएमा,<br>(ज) कुनै कर्मचारी वा थुनुवा वा कैदी उपर जानी जानी झुठो अभियोग लाग्ने कुरा गरेमा,<br>(झ) बिरामी भएको बहाना गरेमा,<br>(ञ) आगलागी भएको वा कुनै षडयन्त्र गरिएको वा कुनै थुनुवा वा कैदी भागेको वा भाग्न उद्योग गरेको वा कारागारको कर्मचारी वा कुनै थुनुवा वा कैदी उपर आक्रमण भएको वा हुने तयारी भैरहेको कुरा थाहा पाउना साथ जाहेर नगरेमा वा जाहेर गर्न इन्कार गरेमा,<br>(ट) कुनै कैदी वा थुनुवालाई भगाएमा वा भगाउने उद्योग गरेमा,<br>(ठ) यस ऐन अन्तर्गत बनेका नियमको बर्खिलाप अन्य कुनै काम कुरा गराएमा । | | | |

## १८. केही सार्वजनिक (अपराध र सजाय) ऐन २०२७

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| **३.१** | कुनै व्यक्तिले दफा २ अन्तर्गतको कसुर घटनास्थलमा फेला परेमा निजलाई प्रहरी कर्मचारीले विना वारेन्ट पक्राउ गर्न सक्नेछ । | पक्राउ पुर्जीविना पक्राउ गर्ने | ६.ख. | पुर्जीविना पक्राउका लागि “मनासीब” आधारको आवश्यकता अनिवार्य गर्ने तथा पक्राउको कारणका बारेमा जानकारी दिन आवश्यक बनाउने । |
| **४** | **मुद्दा दायर गर्ने हदम्याद :** (१) यस ऐनअन्तर्गतको मुद्दा वारदात भएको सात दिनभित्र दायर गरिसक्नुपर्नेछ ।<br>...<br>वारदात भएको सात दिनभित्र मुद्दा दायर गर्न नसकिने मनासिब माफिकको कारण देखेमा मुद्दा हेर्ने अधिकारीले वारदात भएको पैंतीस दिनभित्र मुद्दा दायर गर्ने गरी म्याद थप गरी दिनसक्नेछ । | अभियोग लगाउनु अघिको थुना | ६.ख.४ | प्रस्ट गर्ने तथा अभियोग लगाउनु अगाडिको थुनाको अवधि हटाउने । |
| **५.१** | यस ऐनअन्तर्गतको मुद्दामा सुरु कारबाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई हुनेछ । | कार्यपालिकाका सदस्यले न्यायिक अधिकार प्रयोग गरेको | ६.ग | अदालतलाई क्षेत्राधिकार दिनेअन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुनेगरी संशोधन गर्ने । |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| ६.१ | यस ऐनबमोजिम कारबाही भएको मुद्दामा प्रमुख जिल्ला अधिकारीले कसुरको मात्रा अनुसार दस हजार रुपैँयासम्म जरिवाना गर्न र पीडित पक्षलाई कसुरदारबाट बिगोबमोजिम क्षतिपूर्ति भराइदिन सक्नेछ तथा अनुसन्धानको सिलसिलामा मनासिब कारण देखिएमा थुन्नुपर्ने कारण खोली पर्चा खडा गरी बढीमा पैंतीस दिनसम्म थुनामा राख्ने आदेश दिनसक्नेछ । यस्तो मुद्दा तीन महिनाभित्र फैसला गरिसक्नुपर्नेछ । | कार्यपालिकाका सदस्यले न्यायिक अधिकार प्रयोग गरेको<br><br>अभियोग लगाउनु अघिको थुना | ६.ग<br><br>६.ख.४ | अदालतलाई क्षेत्राधिकार दिने अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुनेगरी संशोधन गर्ने । |

## १९. सार्वजनिक सुरक्षा ऐन २०४६

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| ३ | **आदेश जारी गर्ने अधिकार** :<br>(१) नेपालको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्न सक्ने कुनै काम कुरा गर्नबाट कुनै व्यक्तिलाई रोक्नु पर्ने उचित र पर्याप्त आधार भएमा स्थानीय अधिकारीले निजलाई कुनै खास अवधिसम्म कुनै खास ठाउँमा | निवारक नजरबन्द<br><br>दमनकारी तथा व्यापक रूपमा मस्यौदा गरिएका फौजदारी कानुन | ६.ख.३<br><br>६.ग | खारेज गर्ने |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| | नजरबन्द राख्ने आदेश जारी गर्न सक्नेछ ।<br>(२.१.३ “स्थानीय अधिकारी” भन्नाले प्रमुख जिल्ला अधिकारी सम्झनु पर्छ र सो शब्दले निजको अनुपस्थितिमा निजको निमित्त भई काम गर्ने अधिकारी समेतलाई जनाउँछ ।) | न्यायपालिका तथा कार्यपालिकाका शाखालाई नछुट्टयाइएको | | |
| **५** | **नजरबन्दको आदेश लागू रहने अवधि :**<br>५.१. )उपदफा ३.१ बमोजिम कसैलाई नजरबन्दमा राख्ने गरी जारी गरिएको आदेश अगावै खारेज भएमा बाहेक जारी भएको मितिले नब्बे दिनसम्म कायम रहनेछ ।<br>५.२ उपदफा ५.१ मा जुनसुकै कुरा लेखिएको भएता पनि देहायको अवस्थामा नजरबन्दको आदेशको अवधि देहाय बमोजिम हुनेछ :-<br>५.२.१ यस ऐन बमोजिम नजरबन्द रहेको कुनै व्यक्तिलाई नब्बे दिन भन्दा बढी अवधिको लागि नजरबन्द राख्न आवश्यक देखिएमा त्यसको कारण र आधार सहित स्थानीय अधिकारीले नेपाल सरकार, गृह मन्त्रालयमा लेखी पठाउनु पर्नेछ । नेपाल सरकार, | निवारक नजरबन्द | ६.ख.३ | खारेज गर्ने |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| | गृह मन्त्रालयले स्थानीय अधिकारीको सुझाव उचित ठहऱ्याई अनुमोदन गरेमा त्यस्तो आदेश जारी भएको मितिले छ महिना सम्म कायम रहनेछ ।<br>५.२.२ यस ऐन बमोजिम नजरबन्दमा रहेको कुनै व्यक्तिलाई छ महिनाभन्दा बढी अवधिको लागि नजरबन्द राख्नु पर्ने देखिएमा नेपाल सरकार, गृह मन्त्रालयले दफा ७ बमोजिमको सल्लाहकार समितिसँग राय लिनेछ ।<br>सल्लाहकार समितिले नजरबन्दको अवधि बढाउन उचित छ भनी राय दिएमा नजरबन्दको आदेशको अवधि त्यस्तो आदेश जारी भएको मितिले बाह्र महिनासम्म कायम रहनेछ । | | | |
| ८ | **सल्लाहकार समितिको कार्यविधि :**<br>८.१ नजरबन्दमा रहेको कुनै व्यक्तिको नजरबन्दको आदेशको अवधि छ महिनाभन्दा बढी समयसम्म कायम राख्न आवश्यक छ भन्ने लागेमा नेपाल सरकार, गृह मन्त्रालयले त्यसको कारण र आधार तथा स्थानीय अधिकारीले त्यस सम्बन्धमा कुनै | निवारक नजरबन्द | ६.ख.३ | खारेज गर्ने |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| | सुझाव दिएको भए सो सुझाव र नजरबन्दमा रहेको व्यक्तिको तर्फबाट नेपाल सरकार समक्ष कुनै उजूर परेको भए सो उजूरी सहितको प्रतिवेदन सल्लाहकार समितिसमक्ष पेश गर्नुपर्छ ।<br>८.२ उपदफा ८.१ बमोजिम प्राप्त प्रतिवेदन तथा अन्य कागजात र नजरबन्द राखिएको व्यक्तिसँग उपदफा ८.३ बमोजिम सोधपुछ गरिएको वा स्पष्टीकरण मागिएको भए निजको जवाफ वा स्पष्टीकरण समेत उपर विचार गरी सल्लाहकार समितिले नजरबन्दको अवधि बढाउनु आवश्यक छ वा छैन भन्ने राय नेपाल सरकारसमक्ष पठाउनेछ ।<br>८.३ सल्लाहकार समितिले आवश्यक देखेमा नजरबन्दमा रहेको व्यक्तिसित कुनै कुरा सोधपुछ गर्न वा स्पष्टीकरण माग गर्न सक्नेछ । | | | |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| १० | **दण्ड सजाय** :<br>१०.१ )उपदफा ३.२ बमोजिमको आदेशको बर्खिलाप गर्ने व्यक्तिलाई स्थानीय अधिकारीले छ महिनासम्म कैद वा एकहजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।<br>१०.२ उपदफा १०.१ बमोजिमको सजायको आदेश उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ ।<br>१०.३ उपदफा १०.२ बमोजिम परेको पुनरावेदनमा पुनरावेदन अदालतले आदेशको बर्खिलाप भएको छ छैन भन्ने विषयमा सीमित रही पुनरावेदनको किनारा गर्नेछ । | न्यायपालिका तथा कार्यपालिकाका शाखालाई नछुट्टयाइएको | ६.ग | अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुनेगरी संशोधन गर्ने । |
| ११ | **कुनै अदालतमा प्रश्न उठाउन नसकिने** : यस ऐन अन्तर्गत जारी भएको आदेश उपर कुनै अदालतमा प्रश्न उठाउन सकिने छैन । | निवारक नजरबन्द<br><br>उन्मुक्ति | ६.ख.३<br><br>८.ग | खारेज गर्ने |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| १२क | **बदनियतपूर्वक नजरबन्दमा राखेकोमा क्षतिपूर्ति पाउन सक्ने** :<br>१२क.१ यस ऐन बमोजिम नजरबन्दमा राखिएको व्यक्तिले आफूलाई यस ऐनको विपरीत वा बदनियतपूर्वक नजरबन्दमा राखेको लागेमा दफा ११ मा जुनसुकै कुरा लेखिएको भए तापनि नजरबन्दमा छँदै वा नजरबन्दबाट मुक्त भएको पैंतीस दिन भित्र त्यस्तो नजरबन्दको आदेश जारी गर्ने स्थानीय अधिकारीबाट क्षतिपूर्ति भराई दिनको लागि जिल्ला अदालतमा उजुरी दिन सक्नेछ ।<br>१२क.२ उपदफा १२क. १ बमोजिम गरेको उजूरीको व्यहोरा प्रमाणित भएमा जिल्ला अदालतले नजरबन्द राखिएको अवधि, नजरबन्दमा राखिएको व्यक्तिको उमेर, निजको सामाजिक प्रतिष्ठा, नजरबन्द रहेबाट निजलाई परेको आर्थिक हानी इत्यादि कुराहरुको विचार गरी नेपाल सरकारबाट उजूरवालालाई मनासिव क्षतिपूर्ति भराई दिने निर्णय गर्नेछ ।<br>१२क.३ उपदफा १२क. १ बमोजिम परेको उजुरीको | परिपूरण : छोटो समयको हदम्याद<br><br>परिपूरण : समानता सुनिश्चित नगरेको | ८.घ.३. | अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुनेगरी संशोधन गर्ने । |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
| --- | --- | --- | --- | --- |
| | सम्बन्धमा प्रतिरक्षा गर्न स्थानीय अधिकारीले सरकारी वकिलको कार्यालयलाई अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध गरेमा अदालतमा सरकारी वकिलले निजको प्रतिरक्षा गरी दिनु पर्नेछ । | | | |
| **१३** | **विभागीय कारवाही हुने** : यो ऐन अन्तर्गत स्थानीय अधिकारीले जारी गरेको आदेश बदनियत साथ जारी गरेको ठहरिएमा त्यस्तो अधिकारीलाई विभागीय कारवाही भई सजाय हुनेछ । | कारबाही गर्ने दायित्व | ८.ग | यसलाई हटाएर नागरिक अदालत प्रणालीमा कारबाही गर्नुपर्ने व्यवस्था राख्ने । |

## २०. सरकारी मुद्दासम्बन्धी ऐन २०४९

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| १४.३ | उपदफा (१) बमोजिम कुनै व्यक्तिलाई पक्राउ गर्नु पर्दा निजलाई पक्राउ गर्नु पर्ने कारण खोली सम्झाई आत्मसमर्पण गर्ने आदेश दिनु पर्नेछ । कुनै व्यक्तिले आत्मसमर्पण नगरी पक्राउबाट बच्ने वा भाग्ने उम्कने प्रयत्न गरेमा निजलाई पक्रन प्रहरी कर्मचारीले आवश्यक बल प्रयोग सक्नेछ । | बल प्रयोग | ६.क | अन्तर्राष्ट्रिय मापदण्ड अनुकूल हुनेगरी संशोधन गर्ने ।<br><br>सुरक्षाउपाय ल्याउने । |
| १५.४ | उपदफा (२) बमोजिम थुनामा राख्ने अनुमति मागेमा अदालतले सम्वन्धित कागजातहरू हेरी तहकिकात सन्तोषजनक रूपमा भए वा नभएको बिचार गरी सन्तोषजनक रूपमा तहकिकात भैरहेको देखिएमा एकै पटक वा पटक पटक गरी बढीमा पच्चीस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्नेछ । | अभियोग लगाउनुअगाडि थुनामा राख्ने | ६.ख.४ | अभियोग लगाउनुअगाडि थुनामा राख्ने अवधिलाई घटाउने । |

| दफा | प्रावधान | उठाइएको सवाल | सन्दर्भ | सामान्य सिफारिस |
|---|---|---|---|---|
| २९.१ | **सरकारी मुद्दा फिर्ता लिने वा मिलापत्र गर्ने:** (१) प्रचलित कानुन बमोजिम नेपाल सरकार वादी भै हेरिने वा नेपाल सरकारको तर्फबाट चलाइएको वा नेपाल सरकार उपर परेको मुद्दा मालिला नेपाल सरकारको आदेश भएमा सरकारी वकीलले अरु पक्षको सहमतिले त्यस्तो मुद्दा मिलापत्र गर्ने वा अदालतको मन्जूरीले त्यस्तो मुद्दा मध्ये नेपाल सरकार वादी भएको फौज्दारी मुद्दा फिर्ता लिन हुन्छ र सो भएमा देहायका कुरामा देहाय बमोजिम हुनेछ :<br>(क) मुद्दा मिलापत्र गरेकोमा कसैलाई बक्सौनी लाग्ने छैन ।<br>(ख) मुद्दामा फिर्ता लिएकोमा फौज्दारी अभियोग वा सरकारी दावी समाप्त भई प्रतिवादीले फुर्सत पाउँछ । | आममाफी | ८.ग | फौजदारी अभियोग लागेको तथा त्यसमा परिपूरणका दाबी गरिएका मानव अधिकारको गम्भीर उल्लंघनसम्बन्धी मुद्दालाई सरकारले फिर्ता लिन नसक्ने सुनिश्चित गर्नका लागि संशोधन गर्ने । |